# माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता

नगेन्द्रप्रसाद आचार्य

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ प्रस्तुत

शोधप्रबन्ध

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८३/२०२६

Scanned with CamScanner

# माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता

नगेन्द्रप्रसाद आचार्य

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ प्रस्तुत
शोधप्रबन्ध

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय
ग्राजुएट स्कुल अफ एजुकेसन
कीर्तिपुर, काठमाडौं

२०८३/2026

# माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता

नगेन्द्रप्रसाद आचार्य

नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ प्रस्तुत

शोधप्रबन्ध

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८३/2026

Scanned with CamScanner

# माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता


नगेन्द्रप्रसाद आचार्य

क्रमाङ्क: ४०/२०८२

त्रि.वि. दर्ता नम्बर : ९-२-४१३-१५९-२००६


नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ प्रस्तुत

शोधप्रबन्ध

शोधनिर्देशक

डा. राजेन्द्र खनाल

त्रिभुवन विश्वविद्यालय


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८३/2026



CS Scanned with CamScanner

## शोधार्थीको प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनबाट नेपाली शिक्षा विषयअर्न्तगत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ प्रस्तुत माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता शीर्षकको शोधप्रबन्ध अनुसन्धान शोधनिर्देशकको कुशल निर्देशनमा तयार गरिएका नितान्त मौलिक कार्य हो । यस शोधप्रबन्धमा प्राथमिक स्रोतका सामग्रीहरू अध्ययनको परिसीमाबाट प्राप्त गरिएका छन् भने द्वितीय स्रोतका सामग्रीहरूलाई विषय सन्दर्भको आवश्यकताअनुसार स्रोत खुलाइएको छ । प्राज्ञिक लेखनको आधारमा प्रस्तुत शोधप्रबन्धमा रहेका प्रमुख अंशहरू कुनै पनि निकायले अहिलेसम्म अन्य प्रयोजनका लागि उपयोग र प्रकाशन नगरिएको प्रतिबद्धता व्यक्त गर्दछु । तसर्थ प्रस्तुत शोधप्रबन्ध मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु । शोधप्रबन्धमा प्रस्तुत गरिएका प्रतिबद्धता विरुद्धमा कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु ।

..........................

नगेन्द्रप्रसाद आचार्य

(शोधार्थी)

मिति: २०८३/२/२२

Jun 05, 2026

CS Scanned with CamScanner

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ नगेन्द्रप्रसाद आचार्यद्वारा तयार पारिएको प्रस्तुत 'खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता' शीर्षकको यो शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । अनुसन्धान चेत प्रतिबिम्बित गर्दै परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................................

डा. राजेन्द्र खनाल

मितिः २०८३/२/२२

Jun 05, 2026

CS Scanned with CamScanner

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेशनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ नगेन्द्रप्रसाद आचार्यद्वारा तयार पारिएको प्रस्तुत 'माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता' शीर्षकको यो शोधप्रबन्ध नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिका लागि उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

### शोधप्रबन्ध मूल्याङ्कन समिति

| क्र.स. | नाम थर | हस्ताक्षर |
|---|---|---|
| १. | उपप्रा डा. राजेन्द्र खनाल (शोधनिर्देशक) | ............ |
| २. | प्रा.डा. रामप्रसाद भट्टराई (बाह्य परीक्षक) | ............ |
| ३. | प्रा.डा. पारसमणि भण्डारी (बाह्य परीक्षक) | ............ |
| ४. | सहप्रा. डा. रविन्द्र सिवाकोटी (निर्देशक : ग्राजुएट स्कुल अफ एजुकेसन) | ............ |
| ५. | प्रा. डा. वेदराज आचार्य (डिन तथा अध्यक्ष अनुसन्धान समिति) शिक्षाशास्त्र सङ्काय | ............ |

शिक्षा शास्त्र सङ्काय
डीनको कार्यालय
ग्राजुएट स्कुल अफ एजुकेशन
कीर्तिपुर

मितिः २०८३/२/२७

Jun 10, 2026

Scanned with CamScanner

# सङ्क्षेपीकरण सूची

| | |
|---|---|
| आ.वि. | आधारभूत विद्यालय |
| औं. | औसत |
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| प. | परीक्षण |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि. | विद्यार्थी |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| सं. | सङ्ख्या |
| स्व. | स्वतन्त्र |
| स्त. | स्तर |
| सि. | सिग्निफिकेन्ड |

## कृतज्ञताज्ञापन

प्रस्तुत अनुसन्धान कार्यको सिलसिलामा शोधप्रस्ताव लेखनदेखि शोधप्रबन्ध तयार गर्दासम्म उपयुक्त मार्गनिर्देशन दिँदै अनुसन्धान तथा लेखन कार्यलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु उपप्रा.डा. राजेन्द्र खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको प्रेरणा, प्राज्ञिक मार्गदर्शनबिना मेरो शोधप्रबन्धले पूर्णता पाउने थिएन । उहाँको समय, दिशानिर्देश र प्राज्ञिकता नै अनुसन्धान सफलताको प्रमुख आधार हो ।

शोधप्रबन्धलाई प्राज्ञिक बनाउन अमूल्य सुझाव प्रदान गर्नुका साथै मूल्याङ्कन गरी उचितताको निर्णय गर्नुहुने त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायका डिन आदरणीय व्यक्तित्त्व प्रा. डा. वेदराज आचार्यप्रति विशेष कृतज्ञता प्रकट गर्दछु । 'खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता' शीर्षकको शोधकार्य गर्न स्वीकृति प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनका निर्देशक सहप्रा.डा. रविन्द्र सिवाकोटीज्यूप्रति विशेष आभारी छु । शोधप्रबन्धको अलमललाई किनारा लगाउनुका साथै शोधप्रबन्धलाई प्राज्ञिक योग्य बनाउन महत्त्वपूर्ण सुझाव, सल्लाह र मार्गनिर्देशन गर्नुहुने प्रा.डा. रामप्रसाद भट्टराई र प्रा.डा. पारसमणि भण्डारीप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधप्रबन्ध लेखनमा आइपरेका अन्योललाई परिष्कृत र परिमार्जन गर्न सुझाव दिनुहुने आन्तरिक मूल्याङ्कनकर्ता सहप्रा.डा. हर्कबहादुर शाही, सहप्रा. डा. दावा शेर्पा र अनुसन्धान समिति सदस्य डा. हरिमाया शर्माप्रति अनुकम्पित छु ।

अनुसन्धान कार्यका लागि मलाई आवश्यक समय व्यवस्थापन गरिदिने मोतीराम माध्यमिक विद्यालय सेराचौर, सिपखानाका प्रधानाध्यापक अमरराजनाथ योगी, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष डब्बलनाथ योगी र वि.व्य.स अध्यक्ष नरध्वज खड्का तथा सम्पूर्ण सहपाठी शिक्षकहरूमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अनुसन्धानका निम्ति नमुना छनोट गरिएका विद्यालयहरू श्री बडिमालिका मा.वि. रास्कोट, जनजागृति मा.वि. फुकोट, मोतीराम मा.वि. सेराचौर, सिपखाना, कालासिल्ला मा.वि. गोर्खाली गाउँका प्रधानाध्यापक र परीक्षामा सहभागी भई लिखित प्रश्नावलीमार्फत परीक्षा दिने विद्यार्थीलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । नमुना सङ्कलनमा सहयोग गर्ने बडिमालिका मा.वि. रास्कोटका शिक्षक कृष्णप्रसाद बराल, अर्जुन बराल, धर्म बराल, प्रमोद

शाही, जनजागृति मा.वि.का शिक्षक, कृतराज विष्ट, अनिल बराल, कालासिल्ला मा.वि.का शिक्षक महावीर चौधरी र मोतीराम माध्यमिक विद्यालयका शिक्षक ऋषिराज उपाध्यायले गर्नु भएको आर्थिक र शैक्षिक सहयोगप्रति आभारी छु । गणितीय समस्यालाई समाधान गरिदिने मोतीराम मा.वि.का शिक्षक उपेन्द्र सिम्खाडालाई धन्यवाद दिन चाहन्छु ।

दर्शानाचार्यसम्मको अध्ययन गर्न प्रेरित गर्ने पूज्य पिता विष्णुप्रसाद आचार्य र माता कोइला आचार्यको माया, ममता, हौसला र आशीर्वाद पाएकोमा आफैँलाई सौभाग्यशाली ठान्दछु । अध्ययन तथा अनुसन्धानमा सदा हौसला तथा सहयोग प्रदान गर्ने मेरी जीवनसङ्गिनी सरिता आचार्य, भाइ लक्ष्मीप्रसाद आचार्य, अध्ययनलाई सहज बनाउने उमेश बराल, दत्त बराल, लोकराज बराल, सतल टमट्टाका साथै विशेष भूमिका निर्वाह गर्नुहुने व्यक्तित्त्व, राजबहादुर कुँवर, जगत्राज उपाध्याय (वाशिष्ठ), रणबहादुर रावत, मोतीराज बम, कृतराज विष्ट, परेकराज सन्ज्याल, वसन्त सिम्खाडाप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधप्रबन्धलाई अर्थपूर्ण बनाउन आफ्नो अमूल्य समय दिएर आवश्यक सूचना तथा तथ्य उपलब्ध गराउने व्यक्ति, संस्था, सहभागी विद्यार्थी र आफन्तजन शुभचिन्तकप्रति आभार व्यक्त गर्दछु ।

नगेन्द्रप्रसाद आचार्य

(शोधार्थी)

मितिः २०८३/२/२२

Jun 05, 2026

## शोधसार

प्रस्तुत शोधप्रबन्ध माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता शीर्षकमा केन्द्रित रही तयार पारिएको छ । खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता पहिचान गर्नु र खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको तुलनात्मक विश्लेषण गर्नु उद्देश्यमा केन्द्रित रहेको छ । अनुसन्धानलाई पूर्णता दिनका लागि खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा प्रभाव पार्ने पक्षहरू के के हुन् ? वाक्यनिर्माण, पत्ररचना र स्वतन्त्र लेखन कसरी गरिरहेका छन् ? अभिभावकको पेसा र शैक्षिक स्थितिले विद्यार्थीको लिखित क्षमतामा के असर गरेको छ ? लिखित अभिव्यक्तिमा विद्यार्थीको उमेरको सम्बन्ध के हुन्छ ? जस्ता अनुसन्धान प्रश्नहरूमा केन्द्रित रही शोधप्रबन्धमा खस मातृभाषी विद्यार्थीको लिखित क्षमताको तुलनात्मक औसत भिन्नता पहिचान गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा परिमाणात्मक विधिको प्रयोग गरिएको छ । जनसङ्ख्या नमुनाको छनोट गरी तथ्याङ्क सङ्कलन गरी प्रश्नावलीका माध्यमबाट नतिजा विश्लेषण गरिएको छ । यसका लागि कालिकोट जिल्ला रास्कोट नगरपालिकामा रहेका चारओटा सामुदायिक माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीबाट सम्भावनायुक्त नमुना छनोट विधिअनुसार ४०० जनामध्ये ०.५ प्रतिशत गल्ती मानी योम्यान सूत्रबमोजिम २०० जनाको जनसङ्ख्या निर्धारण गरिएको छ । शोधमा आश्रित चर र स्वतन्त्र चरबिचमा नामाङ्कित, क्रमागत, आनुपातिक र अन्तरालको माध्यमबाट मान, मध्यमान, औसत निकाली विश्लेषण गरिएको छ ।

स्वतन्त्र चरहरू लिङ्ग, उमेर, पारिवारिक आर्थिक अवस्था, दुरी, समयअनुसार टि-टेस्ट परीक्षण गर्दा विद्यार्थीमा लिङ्ग, वचन र कालसम्बन्धी भिन्नता खासै नरहे पनि पुरुष र आदरमा मानक विचलनको अन्तर रहेको देखिन्छ । विद्यार्थीको लिङ्गअनुसार प्राप्ताङ्कको विचलन उस्तै रहेको पाइन्छ भने लिङ्गअनुसार छात्र र छात्रामा समानताको स्तर फरक रहेको छ । पत्ररचना, स्वतन्त्र लेखन, जटिल वाक्यगठनमा समेत केही समातनता र केही भिन्नता रहेको छ । विषयगत शिक्षकको धारणाअनुसार घरायसी काम, अभ्यास, अवसर, शैक्षिक सामग्रीको अभाव, अभिभावकको कम निगरानी र विद्यार्थीले देखासिकी गर्नुले टि-टेस्ट परीक्षणबाट भिन्नता आएको हो ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| प्रतिबद्धतापत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| सङ्क्षेपीकरण सूची | घ |
| कृतज्ञताज्ञापन | ङ |
| शोधसार | छ |
| विषयसूची | ज |
| **अध्याय एक** | |
| **शोध परिचय** | |
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्या कथन | ७ |
| प्राक्कल्पना | ८ |
| अध्ययन उद्देश्य | ११ |
| अनुसन्धान प्रश्न | ११ |
| शोधको औचित्य | ११ |
| शोधको परिसीमा | १३ |
| शोधप्रबन्धको रूपरेखा | १४ |
| **अध्याय दुई** | |
| **पूर्वकार्यको पुनरावलोकन** | |
| सैद्धान्तिक पुनरावलोकन | १६ |
| प्रयोगात्मक पुनरावलोकन | १७ |
| वाक्य संरचना | १८ |
| पत्ररचना | १९ |
| स्वतन्त्र लेखन | २२ |
| भाषिक सुझ निर्माणमा संस्कृति | २३ |
| भाषिक विकासमा सामाजिक पक्ष | २७ |
| वर्ग | २७ |

शैक्षिक स्तर २८

क्षेत्र २९

पेसागत क्षमता ३१

पारिवारिक संरचना र भाषा ३२

नेपाली भाषाप्रतिको दृष्टिकोण ३७

विद्यार्थीको लेखन क्षमतासम्बन्धी गरिएका अध्ययन ३९

अनुसन्धान रिक्तता ४०

सैद्धान्तिक अवधारणा ४३

अवधारणात्मक ढाँचा ४४

दोस्रो भाषाको अवधारणा ४६

**अध्याय तीन**

**अनुसन्धान विधि र प्रक्रिया**

दार्शनिक आधार ४७

सत्यशास्त्र ४७

ज्ञानशास्त्र ४८

मूल्यशास्त्र ४९

अनुसन्धान ढाँचा ५०

विधिशास्त्र ५१

जनसङ्ख्या ५२

जनसङ्ख्या नमुना छनोट ५२

त्रुटि नमुना ५३

स्तरीकृत नमुना छनोट ५४

तथ्याङ्कको स्रोत ५५

प्राथमिक स्रोत ५५

द्वितीय स्रोत ५५

तथ्य सङ्कलनका साधन ५५

प्रश्नावली ५६

लिखित परीक्षा ५६

अन्तर्वार्ता ५७

तथ्याङ्क सङ्कलन प्रक्रिया ५७
विश्लेषण ५८
तथ्याङ्कको कोडिङ ५८
टि-टेस्ट ५८

**अध्याय चार**

**खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता**

स्वतन्त्र चरका आधारमा लेखन क्षमता ५९
लिङ्ग र पारिवारिक आर्थिक अवस्था ६०
उमेरका आधारमा विद्यार्थीको औसत ६१
अभिभावकको शैक्षिक अवस्था ६३
अभिभावकको पेसा ६७
अभिभावकको पेसाअनुसारको विद्यार्थीको औसत क्षमता ६८
अध्ययन कोठा र घरको बनोटका आधारमा विद्यार्थीको आवृत्ति र प्रतिशत ६९
समयका आधारमा विद्यार्थीको आवृत्ति ७१
समयको आधारमा विद्यार्थीको औसत क्षमता ७२
दुरीका हिसाबले विद्यार्थीको आवृत्ति र औसत क्षमता ७३
वाक्य निर्माणगत विद्यार्थीको क्षमता ७५
लिङ्ग र पुरुष ७५
वचन, आदर र काल ७७
वचन ७७
आदर ७९
काल ७९
पत्ररचनामा विद्यार्थीको आवृत्ति र औसत क्षमता ८१
स्वतन्त्र लेखनमा आवृत्ति र औसत क्षमता ८३

**अध्याय पाँच**

**लेखन तत्त्वका आधारमा विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता**

भाषिक संरचना ८६
लिङ्ग ८७
पुरुष ८७

आदर ८७
वचन ८७
काल ८८
सामाजिक विषयवस्तुका आधारमा पत्ररचना ८८
स्वतन्त्र निबन्ध लेखन ८८
जटिल वाक्य संरचना ८८
लेखनका तत्त्वमा स्वतन्त्र समूह टि-टेस्ट ८९
लिङ्गका आधारमा वाक्य रचनाको टि-टेस्ट ८९
पारिवारिक आधारमा स्वतन्त्र टि-टेस्ट ९१
पत्ररचनासम्बन्धी टि-टेस्ट ९५
आश्रित नमुना टि-टेस्ट १०४
लिखित अभिव्यक्तिमा क्षमताबारे शिक्षकको धारणा ११०

**अध्याय छ**

**विश्लेषण**

सार्थक भिन्नता पहिचानमा टि-टेस्ट ११७
चरका आधारमा विद्यार्थी लिखित अभिव्यक्ति क्षमता ११८
पत्ररचना तथा स्वतन्त्र लेखन १२१

**अध्याय सात**

**निष्कर्ष र उपादेयता**

उपादेयता १२५
विद्यार्थीको लिखित कार्यमा निगरानी १२६
सुझाव १२६
सन्दर्भ सामग्री १२८
परिशिष्ट १ प्रश्नावली
परिशिष्ट २ प्रश्नावली परीक्षणको अङ्कन मापदण्ड
परिशिष्ट ३ संरचित अन्तर्वार्ता सूची

# अध्याय एक

# शोध परिचय

## अध्ययनको पृष्ठभूमि

मानिसले आफ्ना विचार, भावना, अनुभव र सूचना व्यक्त गर्ने माध्यम भाषालाई बनाएको हुन्छ । भाषाबिना मानिसले आफ्ना कुरा अरूसमक्ष राख्न सक्दैन । त्यसैले, भाषा मान्छेको अभिव्यक्ति हो । मानिसले बोलेर वा लेखेर अभिव्यक्ति गर्छन् । नेपाली भाषाको बोल्ने पक्षसँग लेख्ने पक्ष पनि जोडिएको हुन्छ ।

इतिहासको कालखण्डदेखि नेपाली भाषा बोलीको रूपमा विकसित हुँदै आएको छ । आज नेपाली भाषी वक्ता नेपाल हुँदै भारत, भुटान, बर्मालगायत विश्वभरि फैलिँदै गएका छन् । हाल नेपाली भाषालाई स्तरीय नेपाली, मानक नेपाली, सरकारी कामकाजको लागि नेपाली, पठनपाठनमा नेपाली, सञ्चारको माध्यममा नेपाली भाषाको प्रयोग गरिँदै आइएको छ । नेपालको भाषिक इतिहासमा नेपाली भाषाको विकास खस भाषाबाट भएको पाइन्छ । "नेपाली भाषाको पूर्वनाम खस कुरा वा खस भाषा हो " (श्रेष्ठ र शर्मा (२०६१) पृ.३) । खसहरूका कुरा भएकाले खस भाषा भनिएको छ । त्यसैले खसान प्रदेशमा बोलिने भाषा नै खस नेपाली हो ।

भाषा आयोगको प्रतिवेदन (२०७८) अनुसार नेपालमा कुल जनसङ्ख्याको ४४.८६ प्रतिशत वक्ताले मातृभाषाको रूपमा नेपाली भाषा बोल्दछन् (पृ.१४९) । त्यसैले वक्ता सङ्ख्याका आधारले नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने सङ्ख्या नेपालमा धेरै रहेको छ । नेपालको संविधान (२०७२) को भाग एक धारा ३ मा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, विशेषतायुक्त भौगोलिक विविधताको राष्ट्र हो (पृ.३) । यसकारण बहुभाषिक देशमा सबै भाषालाई समान किसिमले राखिएको पाइन्छ । राष्ट्रिय जनगणना (२०७८) अनुसार नेपालमा बोलिने मातृभाषाहरूको सङ्ख्या १२४ ओटा उल्लेख गरिएको छ । ती मातृभाषामध्ये कर्णालीमा बोलिने खस पनि एउटा भाषा हो । भाषा आयोगको सातौँ प्रतिवेदन (२०७८) ले खस भाषा पुर्खाको भाषाअनुसार १.१२ प्रतिशतले बोल्ने गर्छन् (पृ.३२) । कर्णाली प्रदेशको कुल जनसङ्ख्याको खसभाषी वक्ता ६.३४ प्रतिशत रहेका छन् । एक लाखभन्दा बढी वक्ता सङ्ख्या अर्थात् १,१७,५११ कर्णाली प्रदेशको कुल जनसङ्ख्याको ०.४ प्रतिशत रहेको छ (पृ.२३) । तसर्थ कर्णाली प्रदेशका जिल्लाहरूमा अध्ययन गर्ने

विद्यार्थीमा मानक नेपालीअनुसारको स्तरीय लिखित अभिव्यक्ति क्षमतामा वाक्यगठन, स्वतन्त्र लेखनमा मातृभाषाको प्रभावलाई अध्ययन गर्न आवश्यक देखिन्छ ।

खस भाषा दोस्रो भाषाका रूपमा कोशी, बागमती, लुम्बिनी प्रदेशमा ०.०१ प्रतिशत, गण्डकीमा ०.०२ र कर्णालीमा ०.०४ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी राष्ट्रिय जनगणना (२०७८) अनुसार कर्णाली प्रदेशका जिल्लामा खसभाषाको अवस्था हेर्दा मुगु जिल्लामा ६.६८ प्रतिशत, हुम्लामा ५.७३ प्रतिशत, जुम्लामा ५१.५ प्रतिशत, कालिकोटमा २६.१७ प्रतिशत, दैलेखमा ०.१५ प्रतिशत, जाजरकोटमा ०.०२ प्रतिशत, सल्यानमा ०.०१ प्रतिशत, सुर्खेतमा ०.१४ प्रतिशत रहेको छ । त्यसैले खस प्रदेशअन्तर्गत जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट, सल्यान तथा सुदूरपश्चिम प्रदेशका बाजुरा, अछाम आदि जिल्लाहरू पर्दछन् । कर्णाली प्रदेशको कालिकोट जिल्ला पनि प्राचीन खसान प्रदेशमा पर्ने भएकाले खस मातृभाषी वक्ता रहेको पाइन्छ । यहाँका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको मातृभाषा खस रहेको छ । कालिकोटका स्थानीय तहमा राष्ट्रिय जनगणना २०७८ बमोजिम पलाता गाउँपालिकामा ८.३५ प्रतिशत, रास्कोट नगरपालिकामा ३०.१९ प्रतिशत, सान्नी त्रिवेणीमा ८६.२४ प्रतिशत, नरहरिनाथमा ०.१२ प्रतिशत, खाँडाचक्रमा ४.९२ प्रतिशत, तिलागुफामा ९८.४१ प्रतिशत, महावै गाउँपालिकामा ६८.०४ प्रतिशत र शुभकालिकामा ०.१३ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कअनुसार खसभाषाको अत्यधिक वक्ता रहेका पालिका र थोरै वक्ता भएका पालिकाभन्दा पनि छेसमिसे खस मातृभाषी वक्ता भएकाको रास्कोट नगरपालिकाका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीमा अनुसन्धान केन्द्रित गरिएको छ । रास्कोटको कुल जनसङ्ख्याको ३०.१९ प्रतिशत खस मातृभाषी रहेकाले नेपाली स्तरीय लिखित अभिव्यक्ति क्षमतालाई अनुसन्धानको रोजाइ गरिएको छ ।

प्रज्ञा नेपाली शब्दकोश (२०८०) ले प्राचीन नेपाली भाषाले गोर्खाली भाषाको रूप पाउनुभन्दा पूर्वको रूप; खस प्रदेशमा बोलिने भाषा; प्राचीन नेपाली भाषा; सिंजाली भाषा; खस कुरालाई खसभाषा मानेको छ । राष्ट्रिय जनगणना (२०७८) र भाषा आयोगको सातौं प्रतिवेदन (२०७८) ले नेपालमा बोलिने १२४ ओटा मातृभाषाहरू उल्लेख गरेको छ । यसैको धरातलमा रहेर कालिकोट, जुम्ला, मुगु, दैलेख, सुर्खेत, बाजुरा, अछाम, हुम्ला, सल्यान र जाजरकोटलाई मुख्य खसभाषी क्षेत्र मान्न सकिन्छ । यही क्षेत्रका मानिसले बोल्ने मातृभाषा मध्यको एक खस भाषा पनि हो । मातृभाषा भनेको “बालक काखमा हुँदै आमाबाट सिकिएको भाषा, आमाको भाषा मातृभाषा हो” (अधिकारी र भट्टराई, २०६८, पृ.७९६) ।

आमाको काखमा सिकेको पहिलो भाषालाई मातृमाषा भनिन्छ । त्यसैले खसभाषी क्षेत्रमा बसोबास गर्ने बालबालिका पनि खस मातृभाषी रहेका छन् । खस बसोबासी भएका क्षेत्रका विद्यालयमा अध्ययन गर्ने उमेर समूहका विद्यार्थीलाई खस मातृभाषी विद्यार्थी मानिन्छ । विद्यालयमा अध्ययन गर्दा मातृमाषाले प्रभाव पारेको पाइन्छ । त्यसैले विद्यार्थीको लिखित अभिव्यक्तिमा मातृभाषाले प्रभाव पारेको हुन्छ । माध्यमिक तहमा अध्ययन गर्ने खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्तिमा उमेर, लिङ्ग, धर्म, क्षेत्र, पेसा, परिवारको आर्थिक अवस्था, शैक्षिक अवस्था आदिको स्थितिलाई प्रभावको रूपमा लिन सकिन्छ ।

आफ्ना कथ्य अभिव्यक्तिलाई कागजमा लेखर उतार गर्नु लिखित अभिव्यक्ति हो । लिखित अभिव्यक्ति लेखिएको, लिपिबद्ध, लिखित भाषा, लिखित रचना, लिखित कागज, लेखिएको कागजात, लेखोट, लिखत हो । नेपालको संविधान २०७२ को धारा ६ मा “नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रको सम्पत्ति हुन् । धारा ३१ (५) अनुसार “प्रत्येक नागरिकलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुने छ ।” यी व्यवस्थाले स्पष्ट गर्छन् कि बहुभाषिकता केवल भाषिक सहिष्णुताको कुरा नभई संवैधानिक अधिकार पनि हो । त्यसैले बालबालिकाले मौखिक धारणालाई लिपि.बद्ध लेख्न सक्नुपर्छ । लिखित अभिव्यक्तिका विविध तौर तरिकाहरू निदृष्टि गरिएका कार्यबाट लेखाइ गर्न सकिन्छ । माध्यमिक विद्यालय तहका बालबालिकालाई उनीहरूको रुचि, आवश्यकता, क्षमता, स्तरतालाई शिक्षणका माध्यमबाट लिखित अभिव्यक्तिमा जोड्न सक्नुपर्दछ । हाम्रो देशमा नेपाली विषयको लेखाइ कम हुनुको कारण खोजी गर्दै (बन्जारा, सन् २०२४) ले “नेपाली विषयमा विषयगत उपलब्धि वृद्धिका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा प्रशासन चारै पक्षमा कमजोरी देखिएको छ” (पृ.८८) । त्यसकारण विद्यार्थीको लेखाइ उपलब्धि गर्नका लागि चारै पक्ष सक्रिय हुनुपर्ने तथ्यलाई औँल्याएको पाइन्छ । विद्यार्थीको लिखित अभिव्यक्तिमा समाजको प्रभाव रहेको हुन्छ । विद्यार्थीको सिकाइ उपलब्धिमा बहुल समाजमा सामाजिक अन्तर्क्रिया आवश्यक र अपरिहार्य मानिन्छ । विविधतामा एकता भएको  समाजमा सामाजिक, धार्मिक, सांस्कृतिक, रहनसहन, आर्थिक तथा भौगोलिक प्रभाव रहन्छ (अधिकारी, २०८१, पृ.११८) । नेपालका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीको लिखित अभिव्यक्तिमा सामाजिक पक्षको प्रभाव रहेको पाइन्छ । समाजमा सबै खाले मानिसको बसाइ भएको हुन्छ । समाजअनुसारको सिकाइ हुने भएकाले विद्यार्थीको लिखित अभिव्यक्तिमा समाजले प्रभाव पारेको पाइन्छ । समाजमा भाषाको भूमिका रहन्छ । नेपालमा नेपाली भाषा मातृभाषा हुनेका लागि नेपाली

विषयको लिखित अभिव्यक्ति सहजता होला तर नेपालीबाहेकका अन्य मातृभाषा भएका विद्यार्थीलाई नेपाली लिखित अभिव्यक्तिमा समस्या रहेको हुन सक्छ ।

माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता पहिचान गर्न उनीहरूको सामाजिक पक्ष, सांस्कृतिक अवस्था, धार्मिक आस्था, भौगोलिक स्थिति, पारिवारिक, शैक्षिक अवस्थालाई महत्त्वका साथ हेरिएको छ । त्यस्तै खसभाषाको शब्दकोश खसिया आखरमा लिखत शब्दको अर्थ जग्गा सुक्री बिक्री आदि गर्दा कानुनबमोजिम हुने गरी लेखिएको कागत, तमसुक, राजिनामा, बकसपत्र, कुनै दुई पक्षबिचको सहमति, सर्त वा सम्झौता, शीला, धातुपत्र, ताडपत्र, भुजपत्र आदिमा लेखिएको कुनै अभिलेख हो (आचार्य, २०८२, पृ. १०६७) । कागजपत्रमा लिपिबद्ध लेखिएका सामग्रीलाई लिखत भनिन्छ । लिखत गरिएका प्रमाणपत्रका लिपिएका अक्षरको समूह नै लिखित पक्ष हो । बालबालिकाले भाषिक सिप विकासका लागि लिखित क्षमता राम्रो गर्न आवश्यक छ । लिखित क्षमता राम्रो लेख्य अभिव्यक्तिमार्फत विचारलाई लिपिबद्ध गर्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको नेपाली विषयको लिखित क्षमतामा जोड दिन अपरिहार्य रहेको छ ।

नेपालको शिक्षा नीति (२०७६) ले "नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकताअनुसार मातृभाषाका अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा, नेपाली र अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा व्यवस्थापन गर्ने " नीति राखेको देखिन्छ । यस नीतिअनुसार माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी भाषिक विविधताका कारणले उनीहरूको रुचि र आवश्यकतामा तालमेल नमिलेमा भाषिक अभिव्यक्तिमा प्रयोग गरेको पाइन्छ । यसका लागि विद्यार्थीको लिखित कार्य सरल, सजिलो, स्पष्टता भएको हुनुपर्छ । अनावश्यक वाक्य, जटिल शब्दको प्रयोग गरिनु राम्रो मानिँदैन । विचारको शृङ्खला, सिलसिला हिज्जे, वर्णविन्यास, वाक्य संरचनाका साथ आफ्नो सिर्जनशीलता आवश्यक रहन्छ । यस्तो खालको लेखन नभएमा विद्यार्थीको लिखित अभिव्यक्ति कमजोर रहेका मानिन्छ । मातृभाषामा शिक्षा दिइँदा बालबालिकाको सिकाइ प्रभावकारी हुने, बिचैमा विद्यालय छोड्ने, विद्यार्थी सङ्ख्या नियन्त्रण हुने, भाषा संस्कृति संरक्षणमा सहयोग पुग्न सक्ने हुन्छ (लम्साल, २०७१, ८४) । मातृभाषाको पठनपाठनबाट विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि हुन्छ, विद्यालय छोड्ने सङ्ख्यामा कमी आउँछ । भाषा र संस्कृतिको संरणणमा समेत मातृभाषा शिक्षाले फाइदा पुऱ्याउँछ ।

मातृभाषाको प्रभाव लिखित अभिव्यक्तिमा पर्न सक्छ । त्यसैले विद्यार्थीको भाषिक पृष्ठभूमिअनुसारको लिखित क्षमता निर्माण भएको पाइन्छ । विद्यार्थीको दिमागले दीर्घकालीन स्मृतिमा भण्डारणका लागि लिखित अभिव्यक्ति आवश्यक रहन्छ । लेखन श्रवण विधिको प्रयोग गर्न सकिन्छ । भाव, विचार, अनुभव, स्मृतिको सम्बन्धहरूको लागि प्रमाणित गर्न, लेखन क्षमता आवश्यक छ । सङ्क्षेपमा भन्नुपर्दा  लेखन एक अत्यन्तै जटिल प्रक्रिया हो । जसले स्नायु प्रणाली; मष्तिष्कको भाषा ग्रहण र अभिव्यक्तिले संज्ञानात्मक विकास गर्दछ । लेखन भनेको हस्तलेखनभन्दा बढी हो । यसमा विचारहरू कसरी व्यवस्थित गर्ने; सामग्रीको विश्लेषण गर्ने र आवश्यक पाठको प्रकारमा निर्भर गर्दै सामग्रीहरूलाई फरक तरिकाले क्रमबद्ध गर्ने सिकाउनु समावेश छ । त्यसैले लेखनका लागि लिखित तत्त्व आवश्यक रहन्छ । लिखित तत्त्वहरूमा “वर्ण, व्याकरण, वाक्यरचना, पत्ररचना, निबन्ध लेखन आदि पर्छन्” (मिरा, सन् २०२०, पृ. २०) । तसर्थ शोधप्रबन्धमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताका लागि ललिखित तत्त्वका रूपमा व्याकरणिक तत्त्वहरू लिङ्ग, वचन, पुरुष, आदर र काललाई मानिएको छ भने लेखन विधाहरू चिठी, पत्र, निबन्ध, अनुच्छेदलाई समावेश गरिएको छ । विद्यार्थीको सामाजिक र शैक्षिक पक्षको अध्ययन गर्न विद्यार्थीहरूको सामाजिक परिवेश, जैविक भिन्नता (लिङ्ग), जात (दलित र गैरदलित) उमेर, अभिभावकको शैक्षिक स्तर र आर्थिक अवस्थालाई समेत शोधप्रबन्धमा समेटिएको छ ।

खस मातृभाषी विद्यार्थीले मानक नेपालीमा स्तरीय चिठी लेखनमा गल्ती गर्ने गरेको पाइन्छ । चिठीको ढाँचा, सम्बोधन र विषयवस्तुमा कठिनाइ भोग्ने गरेको पाइन्छ । जुम्लामा माध्यमिक तहको अध्ययन गर्ने विद्यार्थीको चिठी लेखन क्षमतामा “शब्दभण्डारमा मौलिक शब्दको प्रयोग रहेको छ । पाल्लो, चुक्तानी गदछु” (आचार्य, सन् २०२५, पृ.२५२) । यस भनाइबाट खस मातृभाषी रहेका जुम्ला जिल्लाका माध्यमिक तहका विद्यार्थीका भाषिक, व्याकरणिक जटिलता रहेको पाइन्छ । खस मातृभाषी विद्यार्थीको मानक नेपाली भाषा र खस भाषामा नाम, सर्वनाम, विशेषण जस्ता शब्दमा फरक उच्चारण गरेको पाइन्छ । छोटेटो, छोट्टी तम्मो, तमी, लल्को, ठुल्को खस भाषीले भन्छन् भने मानक नेपालीमा केटो, केटी, तँ, तिमी, अग्लो, ठुलो लेखिन्छ । त्यसैले मानक नेपाली भाषी विद्यार्थीहरू खस मातृभाषी विद्यार्थीको लिखित तरिकामा फरक रहेको हुनाले मानक नेपाली भाषा प्रयोगमा देखिएका कठिनाइहरू रहेको पाइन्छ । त्यसैले यस अध्ययनको आवश्यकता रहेको छ ।

निरौला (२०७२) ले नेपाली भाषिकाहरूको अध्ययनमा मध्यपश्चिम र सुदूरपश्चिम विकास क्षेत्रमा बोलिने डोटेली, दार्चुलेली, जुम्ली सिँजाली, बैतेडेली, डडेलधुरेली, बझाङ्गी, दैलेखी कालिकोटे, अछामी र भेरी क्षेत्रीय भाषिकाको अध्ययन गरेको पाइन्छ । रावत (सन् २०२५) ले आधारभूत तहका खस भाषी विद्यार्थीको वाक्यगठनमा क्रियाको प्रयोगसम्बन्धी अध्ययन गरेको देखिन्छ । विद्यार्थीको अभिव्यक्ति वाक्यमा "म कक्षा १ मा पढ्दा सानो छिया ।" स्तरीय नेपालीमा "म कक्षा १ मा पढ्दा सानो थिएँ ।" त्यसैले खस भाषीको लेख्य वा कथ्य अभिव्यक्तिमा वाक्यगठन क्षमतामा भिन्नता रहेको पाइन्छ । बम (२०८०) को बैतडेली भाषाको व्याकरणात्मक अध्ययनमा वर्ण व्यवस्था, व्याकरण रूपायन, भाषिक तत्त्वको अध्ययन गरिएको छ ।

यस अनुसन्धान शोधप्रबन्धमा कालिकोट जिल्लाको रास्कोट नगरपालिकामा रहेका चारओटा सामुदायिक विद्यालयमा अध्ययन गर्ने ४०० जना विद्यार्थीबाट सम्भाव्य नमुना छनोट गरी २०० जनालाई लिखित परीक्षामा सहभागी गरिएको छ । सहभागी विद्यार्थीहरूलाई ३० पूर्णाङ्कको प्रश्नावली तयार पारी १.३० मिनेटको समय सीमामा रही लिखित परीक्षा लिइएको छ । लिङ्ग, वचन, पुरुष, आदर र कालसम्बन्धी प्रश्नको १० अङ्कभार, पत्ररचना (सामाजिक र सांस्कृतिक विषयवस्तुमा) आधारित व्यक्तिगत चिठी लेखनमा १० अङ्क र स्वतन्त्र लेखन (निबन्ध र जटिल वाक्य संरचनाको अनुच्छेद) लेखनमा १० अङ्कभार निर्धारण गरिएको छ । लिखित परीक्षाबाट आएको नतिजालाई विश्वसनीय बनाउन १० जना नेपाली विषय शिक्षकसँग संरचित अन्तर्वार्ता गरिएको छ ।

अनुसन्धानका लागि सामेल गरिएका विद्यार्थीहरूमा महिला, पुरुषका आधारमा लिङ्ग, क्षेत्र, दुरी, भूगोल, समय, पारिवारिक, आर्थिक अवस्था र अभिभावकको पेसा तथा शिक्षालाई समेत ध्यानमा राखी समावेशी सहभागिता गरिएको छ । उनीहरूबाट प्राप्त नतिजालाई स्वतन्त्र चरहरू लिङ्ग, पारिवारिक आर्थिक अवस्था, शिक्षा, पेसा, समय, दुरीका आधारमा एस.पी.एस.एस. सफ्टवेरमा प्रविष्ट गरी परिमाणात्मक विश्लेषग गरिएको छ । एस.पी.एस.एस. सफ्टवेरमा रहेका विभिन्न जनसाङ्ख्यीय विधिको प्रयोग गरी सङ्ख्या आवृत्ति, प्रतिशत, निकालिएको छ । स्वतन्त्र चरअनुसार टि-टेस्ट र आश्रित चरअनुसार टि-टेस्ट गरी नतिजा विश्लेषण गरिएको छ । विद्यार्थीको औसत लिखित क्षमता पहिचान गर्न विद्यार्थीको लिखित उत्तरपुस्तिकामा प्रश्नावलीअनुसारको प्राप्ताङ्कलाई जोडेर कुल आएको योगफललाई कुल सङ्ख्याले भाग गरेर औसत भिन्नता पहिचान गरिएको छ । यसरी प्राप्त

गरेको तथ्यलाई तथ्याङ्क शास्त्रीय विधिको मूल्यमान्यता रही परिमाणात्मक विश्लेषण गरिएको छ ।

**समस्या कथन**

मानवीय अभिव्यक्तिको माध्यम भाषा हो । भाषाका माध्यमबाट मानिसले आफ्ना भनाइ अरू समक्ष राख्ने गर्दछ । भाषिक सम्प्रेषण गर्ने सामर्थ्य मानवको हुने भएकाले भाषा मानवीय र सामाजिक वस्तु मानिएको छ । त्यसैले नेपाली समाजमा विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थी कुनै न कुनै भाषिक समुदायबाट प्रतिनिधित्व गरेका छन् । नेपाल बहुभाषिक देश हो । यहाँ १२४ प्रकारका भाषा प्रयोगमा रहेको तथ्य राष्ट्रिय जनगणना २०७८ ले उल्लेख गरेको छ । त्यसकारण माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूअर्न्तगत कालिकोट, जुम्ला, हुम्ला, दैलेख, सुर्खेत, कैलाली, मुगु, बाजुरा आदि जिल्लामा खस मातृभाषी विद्यार्थी रहेका छन् । यी जिल्लाका विद्यालयमा खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्न आवश्यक रहेको छ । विद्यार्थीको लिखित क्षमतामा कथ्य भाषाको प्रत्यक्ष वा अप्रत्यक्ष असर परेको हुन्छ । कथ्य भाषाको प्रयोगले विद्यार्थीको स्तरीय नेपाली लिखित अभिव्यक्तिमा समस्या आउने गर्छ । पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ कार्यका लागि निर्दिष्ट गरिएका उद्देश्य पूरा गर्न लिखित समस्या आउने गरेको पाइन्छ । मातृभाषाले विद्यार्थीको लिखित क्षमतामा शिक्षाको माध्यम भाषाका कारण समस्या निम्त्याउन सक्छ । यसका लागि मातृभाषा र शिक्षाको माध्यम भाषाले प्रभाव पारेको पाइन्छ । सामाजिक संरचना र भौगोलिक विविधताका कारण नेपाली भाषाको असीमित वातावरणबाट धेरै विद्यार्थीहरू वञ्चित हुनुले त्यसको प्रभाव शिक्षणमा परेको हुन्छ । सामाजिक, सांस्कृतिक धरातलका बारेमा विद्यार्थीको क्षमतामा अन्तर रहेको हुन्छ ( शर्मा, सन् २०१४, पृ.९७) । विद्यार्थीको नेपाली लिखित अभिव्यक्तिमा सामाजिक, आर्थिक, भौतिक, राजनीतिक तथा पारिवारिक कारणले समेत प्रभावित पार्नु समस्याका रूपमा रहेको छ । विद्यालय आउन विद्यार्थीलाई हिँड्नु पर्ने बाध्यता रहेको पाइन्छ । विद्यालय पुग्दै विद्यार्थीहरू शिथिल हुने र कक्षाकोठामा बस्दा आरामको अनुभूति गर्ने भएकाले कक्षाकोठाको सिकाइमा निद्रा लाग्ने व्यावहारिक समस्या रहेको देखिन्छ । कालिकोटका विद्यालय तहका बालबालिका ज्यालादारी काम गर्ने गरेको देखिन्छ । ज्यालादारी कामले गर्दा विद्यालयको नियमित पठनपाठनमा बाधा परेको पाइन्छ । राष्ट्रिय बालश्रम निवारण प्रतिवेदन (२०८२) ले “कुनै पनि बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा कामहरूमा संलग्न गराउन निषेध

गरिएको छ (पृ.२८) । बालश्रम निवारण प्रतिवेदनअनुसारको कार्य नहुनु पनि समस्या रहेको देखिन्छ ।

माध्यमिक तहका खस मातृभाषी विद्यार्थीहरूको नेपाली लिखित अभिव्यक्ति क्षमता वृद्धि गर्न कक्षाकोठाबाट मात्र सिकाइलाई निरन्तरता दिएर पुग्दैन । यसका लागि समाजले समेत प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । शिक्षण सिकाइबाट शैक्षिक उपलब्धि वृद्धि गर्न शिक्षक र विद्यार्थीले शिक्षण सिकाइमा खर्चिने समय तथा विद्यार्थीले हाँसिल गरेको सिकाइ उपलब्धिका बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ (भण्डारी, सन् २०२५, पृ.१९१) । त्यसैले विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता मूल्याङ्कन हुन आवश्यक छ । सही मूल्याङ्कन भएन भने समस्या आउने गर्छ । यसरी नै खस मातृभाषी विद्यार्थीको नेपाली भाषाको लिखित क्षमतामा समस्या हुन सक्छ । त्यसैले यसको अध्ययन गर्न माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमताको खोज अनुसन्धानलाई मुख्य समस्याको रूपमा लिइएको छ । मानवलाई अन्धकार अवस्थाबाट माथि उठाउन शिक्षाको आवश्यक पर्छ । यसका लागि कक्षाकोठामा सिकाइको अवस्था र प्रभावक तत्त्व बिचको सम्बन्धले सिकाइमा अहम् भूमिका खेलेको हुन्छ (डेल, सन् २०१२ पृ.२८१) । कक्षाकोठाको सिकाइ, घरको सिकाइ, समाजको सिकाइ, भाषिक, सांस्कृतिक, लैङ्गिक, भौगोलिक आदि कारणबाट विद्यार्थीको सिकाइ अभिव्यक्ति प्रभावित हुने भएकाले उनीहरूको सिकाइ हुने समस्या पहिचान गरी विभिन्न चरका माध्यमबाट तथ्यको विश्लेषण गरिएको छ ।

**प्राक्कल्पना**

परिमाणात्मक अनुसन्धानमा प्राक्कल्पना गरिएको हुन्छ । अनुसन्धान कार्य गर्दा पछि हुने अनुमानलाई प्राक्कल्पना भनिन्छ । अनुसन्धाताले अध्ययनका क्रममा परीक्षण गर्न गरिएको पूर्व अनुमान कथन नै प्राक्कल्पना हो (खड्का, २०७७, पृ.२४) । यस अध्ययनमा खस मातृभाषी विद्यार्थीहरूको नेपाली लिखित अभिव्यक्ति क्षमता पहिचान गर्ने भएकाले प्राक्कल्पना गरिनु आवश्यक छ । अनुसन्धानकर्ताले विभिन्न चरका आधारमा नतिजा विश्लेषण गर्ने भएकाले सम्भावित प्रश्नको उत्तरमा के कति एकरूपता र भिन्नता छ भनी अनुमान गरिएको छ । यसमा शून्य प्राक्कल्पना र वैकल्पिक प्राक्कल्पनाका माध्यमबाट अनुमान गरिएको छ । त्यसैले यस अध्ययनमा शून्य प्राक्कल्पनाका माध्यमबाट विद्यार्थीको भिन्नता र एकरूपताको जाँच गरिएको छ ।

उमेर, लिङ्ग, वर्ग, धर्म, पेसा, शिक्षा आदि स्वतन्त्र चरहरूलाई व्याकरणिक कोटि, पत्ररचना, निबन्ध लेखन जस्ता आश्रित चरका बिच टि-टेस्टको सार्थकताको तह भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा P -मान (p= ०५ प्रतिशत) सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी शून्य प्राक्कल्पनाका आधारले स्वतन्त्र र आश्रित चरमा परीक्षण गरी विद्यार्थीको भिन्नताको मान निकालिएको छ ।

परिमाणात्मक विश्लेषणबाट आएको नतिजालाई साङ्ख्यिकीय सम्बन्ध हेर्नका लागि खस मातृभाषी विद्यार्थी अध्ययन गर्ने क्षेत्रका पाँच जना नेपाली शिक्षण गर्ने शिक्षकसँग संरचित अन्तर्वार्ता गरी दोहोरो सम्बन्धको विश्लेषण गरिएको छ ।

**चरका आधारमा प्राक्कल्पना**

प्रस्तुत चरहरूमा देहायबमोजिमका प्राक्कल्पनाको अनुमान गरिएको छ :

***लिङ्ग***

प्रस्तुत शोधप्रबन्धमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा स्वतन्त्र चरका रूपमा लिङ्ग रहेको छ । कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीको लिखित भाषिक क्षमतामा लिङ्गगत भिन्नता रहन सक्ने अनुमान गरिएको छ ।

***उमेर***

अध्ययनका लागि नमुना छनोट गरिएका विद्यार्थीहरू फरक फरक उमेर समूहका छन् । तिनीहरूको लिखित भाषिक क्षमता एकैनासको नहुन सक्छ त्यसैले विद्यार्थीको उमेर अनुसारको लिखित क्षमतामा सार्थक भिन्नताको आकलन गरिएको छ ।

***समय***

विद्यार्थीहरू विद्यालयमा गएर पढ्छन् । तिनीहरूले घरदेखि विद्यालय पुग्न अलग अलग समय लगाउँछन् । त्यसैले विद्यार्थीले विद्यालय पुग्न लाग्ने समयका आधारमा लिखित क्षमताका बिच के कस्तो सम्बन्ध रहन्छ । विद्यालयमा पुग्ने समयको आधारमा विद्यार्थीको लिखित भाषिक क्षमतामा भिन्नता रहेको छ वा छैन भन्ने कौतूहलता रहेको छ । त्यसैले यस अध्ययनमा विद्यार्थीले घरदेखि विद्यालय पुग्न लाग्ने समयलाई स्वतन्त्र चरका रूपमा

लिइएको छ । तसर्थ विद्यार्थी विद्यालय पुग्न लाग्ने समयले पनि लिखित क्षमतामा भिन्नता रहन सक्ने अनुमान गरिएको छ ।

### *दुरी*

विद्यार्थी पढ्ने विद्यालय घरदेखि कोही कसैको नजिक र कसैको टाढा रहेको हुन्छ । यसलाई विद्यालयको दुरी मान्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थी नेपाली लिखित अभिव्यक्ति क्षमताको भिन्नता पहिचान गर्न विद्यार्थीको घरदेखि विद्यालयको दुरीलाई स्वतन्त्र चरको रूपमा लिइएको छ । तसर्थ घरदेखि विद्यालय पुग्ने दुरीले विद्यार्थीको लिखित क्षमतामा भिन्नता रहेको छ ।

### *पेसा*

मानिसले जीवन निर्वाह गर्नका लागि कुनै न कुनै पेसामा आबद्ध हुन्छन् । पेसाअनुसारको आम्दानी हुन्छ भने आम्दानीअनुसारको पारिवारिक व्यवस्थापन गर्छन् । त्यसैले अभिभावकको पेसा व्यवसायले बालबालिकाको भाषिक लिखित अभिव्यक्ति क्षमतामा समेत प्रभाव पारेको हुन्छ । तसर्थ खस मातृभाषी विद्यार्थीका अभिभावको पेसाले उनीहरूका बालबालिकामा लिखित अभिव्यक्ति क्षमतामा भिन्नता ल्याउन प्राक्कल्पना गरिएको छ ।

### *शिक्षा*

व्यक्तिको आफ्नै सम्पत्ति भनेको शिक्षा हो । शिक्षाको माध्यमले नै ज्ञान, बुद्धि, क्षमताको विकास भएको  हुन्छ । शिक्षा औपचारिक वा अनौपचारिक कुनै तरिकाबाट प्राप्त गर्न सकिन्छ । यहाँ केवल औपचारिक शिक्षालाई आधार मानिएको छ । साक्षरता मात्र भएका अभिभावक र माथिल्लो शैक्षिक योग्यता भएका अभिभावकका विद्यार्थीमा पनि लिखित भाषिक अभिव्यक्ति क्षमतामा भिन्नता रहने अनुमान गरिएको छ ।

### **पारिवारिको आर्थिक अवस्था**

हाम्रो गाउँ घर, छरछिमेक तथा समुदायमा आर्थिक अवस्थालाई प्रमुख आधार मानिएको पाइन्छ । पारिवारिक आर्थिक अवस्था कोही कसैको निम्न रहेको हुन्छ त कसैको मध्यम तथा उच्च हुन्छ । त्यसैले पारिवारिक आर्थिक अवस्थाका आधारमा खस मातृभाषी विद्यार्थी नेपाली लिखित क्षमतामा भिन्नता रहेको अनुमान गरिएको छ ।

**अध्ययन उद्देश्य**

प्रस्तुत शोधप्रबन्धमा निम्नानुसारका अध्ययन उद्देश्य रहेका छन् :

(क) खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता पहिचान गर्नु,

(ख) चरका आधारमा विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको तुलनात्मक विश्लेषण गर्नु,

**अनुसन्धान प्रश्न**

माथि उल्लेख गरिएका उद्देश्यहरूलाई पूर्णता दिनका लागि निम्नानुसारका अनुसन्धान प्रश्नहरू निर्माण गरिएका छन् :

(क) माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता कस्तो छ ?

(ख) लैङ्गिकता, उमेर तथा अभिभावकको शैक्षिक अवस्थाका आधारमा उक्त विद्यार्थीको लिखित अभिव्यक्तिको स्तर कस्तो छ ?

(ग) आर्थिक अवस्था, अभिभावकको पेसा, जात र विद्यालयदेखि घरको दुरीका आधारमा उक्त विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता समान छ ?

(घ) उक्त विद्यार्थीहरूको व्याकरणिक कोटिका आधारमा वाक्यगठनको स्थिति कस्तो छ ?

(ङ) उक्त विद्यार्थीहरूको पत्ररचना र स्वतन्त्र लेखन क्षमताको तुलनात्मक अवस्था के छ ?

(च) लिखित अभिव्यक्तिका बारेमा विषय शिक्षकको धारणा के रहेको छ ?

**शोधको औचित्य**

कुनै पनि अध्ययन, अनुसन्धान, खोज तथा तथ्य प्रस्तुत गर्नका लागि समस्याको पहिचान गरी समाधानका उपायको खोजी गर्न आवश्यक हुन्छ । यसका लागि अनुसन्धानका विधि, मान्यता र सिद्धान्त रही शोधप्रबन्ध तयार गरिएको हुन्छ । शोधप्रबन्धमा माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता पहिचानसँग आधारित रही अनुसन्धान गरिएको छ ।

आफूले देखे, सुनेका, अनुभव गरेका र विचारमा लागेका कुराकानीलाई लिपिबद्ध गरी लेख्नु लिखित अभिव्यक्ति हो । हरेक भाषाको लिखित अभिव्यक्ति क्षमताको सिकाइ र अध्यापनको पाठ्यक्रमलाई आधारभूत आधारमा प्राक्कल्पना गरिएको छ । लिखित अभिव्यक्ति क्षमतालाई भाषिक सिकाइ र अध्यापनलाई समग्र रूपमा हेर्नुपर्छ । यो पाठ्यक्रमले विद्यार्थी शिक्षकहरूलाई सिकाइ र अध्यापनलाई ज्ञान निर्माणको लागि काम गर्ने प्रक्रियाको रूपमा बुझ्न सहज बनाउने लक्ष्य राख्छ । यस पाठ्यक्रममा लिखित अभिव्यक्ति क्षमताको मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक दृष्टिकोणको ज्ञान निर्माणलाई सहज बनाउन उपयुक्त सिकाइ रणनीतिहरू सिकाइका विभिन्न सैद्धान्तिक संरचनाहरूको विश्लेषण गरिएको हुन्छ । पाठ्यक्रमले शिक्षण सिकाइ प्रक्रियाको जटिल प्रकृति र शिक्षण-सिकाइ प्रक्रियाका विभिन्न आयामहरू बुझ्न मद्दत गर्छ (दास र अन्य, सन् २०१६, पृ. ४) । त्यसैले विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको सिकाइ निर्धारण शिक्षण क्रियाकलापमा आधारित रहेको छ । विद्यार्थीको पारिवारिक अवस्था, सामाजिक परिवेश, घरायसी वातावरण र मातृभाषाले प्रभाव पार्ने भएकाले मनोवैज्ञानिक तवरबाट लिखित अभिव्यक्ति सान्दर्भिक बनाउन आवश्यक हुन्छ ।

प्रस्तुत शोधप्रबन्धमा माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा सामाजिक सन्दर्भको प्रभावलाई सामाजिक मूल्य, मान्यता, संस्कार संस्कृति, लिङ्ग, भूगोल, धर्म तथा पारिवारिका शैक्षिक स्थितिका दृष्टिले विश्लेषण गरिएको हुनाले यसबाट विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता निर्क्यौल गरिएको छ । यस अध्ययनले मातृभाषाको प्रभावअनुसारको सामाजिक पक्षलाई स्पष्ट पारिएको छ । त्यसैले यस अध्ययनबाट समाज र भाषिक प्रभाव तथा विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अध्ययनले विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, स्थानीय तहका जनप्रतिनिधिहरूका लागि शैक्षिक योजना बनाउन र विद्यालयका प्रधानाध्यापकका लागि शैक्षिक योजना गर्नका लागि समेत सहयोग पुगेको छ । नेपाली भाषी विद्यार्थीभन्दा अन्यभाषी विद्यार्थीको नेपाली लिखित क्षमता के कस्तो रहेको हुन्छ भन्ने जिज्ञासालाई पुष्टि गरेको छ । समग्रमा यस अध्ययनले नेपाली भाषा विषयको लिखित अभिव्यक्ति क्षमतालाई मातृभाषाले पारेको प्रत्यक्ष र परोक्ष प्रभावलाई समेत जनाएको छ । यस अध्ययनबाट समाज भाषिक प्रभावको जिज्ञासा समाधान हुनुका साथै लिङ्ग, क्षेत्र, दुरी, समय, पेसा, शिक्षा र पारिवारिक आर्थिक पक्षको आधारमा अध्ययन, अनुसन्धान गर्ने, शिक्षक, साहित्यकार, भाषाविद्, समालोचक, शोधार्थी,

एवम् सरोकारवाला पक्षलाई सैद्धान्तिक तथा प्रायोगिक रूपले समेत यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

**शोधको परिसीमा**

प्रस्तुत शोधप्रबन्ध माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतासँग केन्द्रित रहेने छ । यस कार्यका लागि निम्न परिसीमामा आधारित रहेको छ :

(क) प्रस्तुत शोधप्रबन्ध माध्यमिक तहको कक्षा १० मा अध्ययनरत खस मातृभाषी विद्यार्थीमा आधारित रहेको छ ।

(ख) कालिकोट जिल्ला रास्कोट नगरपालिकाको सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमा केन्द्रित छ ।

(ग) शैक्षिक सत्र २०८२ मा भर्ना भएका कालिकोट जिल्ला रास्कोट नगरपालिकामा रहेका ४ ओटा विद्यालयहरू श्री बडिमालिका माध्यमिक विद्यालय रास्कोट ११६ जना, श्री जनजागृति माध्यमिक विद्यालय फूकोटमा १०४ जना, श्री मोतीराम माध्यमिक विद्यालय सेराचौर, सिपखानाका ८२ जना र श्री कालासिल्ला माध्यमिक विद्यालय गोर्खालीगाउँका ९८ जना विद्यार्थी गरी जम्मा ४०० जना विद्यार्थीलाई कुल जनसङ्ख्या मानिएको छ ।

(ङ) छनोट गरिएको नमुना जनसङ्ख्यालाई योम्यान फर्मुलाको त्रुटिको मान ०.०५ को आधार गणना गरी खनाल (२०८० ले उल्लेख गरेको n=N/{1+N(n)2} (पृ.१२७) मानक अङ्कका आधारमा परिमाणात्मक नमुना छनोट गरिएको छ ।

(च) जम्मा नमुना छनोटबाट २०० जना गरिएको छ । छात्रा १११ र छात्र ८९ जनामा सीमित रहेको छ ।

(छ) छनोट गरिएको नमुना जनसङ्ख्यामा १२२ जना सोर वर्ष माथि र ७८ जना पन्ध्र वर्षमुनि उमेर समूहका रहेका छन् ।

(ज) सम्बन्धित विद्यालयमा पुगी प्रश्नावलीमार्फत लिखित परीक्षा लिई , लिङ्ग, उमेर, शिक्षा, दुरी, पारिवारिक आर्थिक अवस्था र समय आदि स्वतन्त्र चरअनुसार नेपाली लिखित भाषिक अभिव्यक्तिको विश्लेषण गरिएको छ ।

(ज) विद्यार्थीको पारिवारिक आर्थिक अवस्थाअनुसार निम्न पारिवारिक आर्थिक अवस्था भएका मध्यम आर्थिक अवस्था भएका विद्यार्थी १०१ जना र निम्न आर्थिक अवस्था भएका विद्यार्थी ९९ जनालाई नमुनाका रूपमा लिइएको छ ।

**शोधप्रबन्धको रूपरेखा**

प्रस्तुत शोधप्रबन्धको सङ्गठनात्मक स्वरूप यसप्रकार रहेको छ :

***अध्याय एक : शोधपरिचय***

यस अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, प्राक्कल्पना, उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको औचित्य, अध्ययनको परिसीमा, र शोधप्रबन्धको रूपरेखा समावेश गरिएको छ ।

***अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन***

यस अध्यायमा सैद्धान्तिक पुनरावलोकन, ऐतिहासिक पुनरावलोकन, प्रायोगिक कार्यको पुनरावलोकन, अनुसन्धान अन्तरालन समावेश गरिएको छ । मातृभाषी विद्यार्थीको सिकाइमा सैद्धान्तिक मान्यताहरूको समीक्षा गरी अध्ययनीय आधार निर्माण भएको छ ।

***अध्याय तीन : अध्ययन विधि र प्रक्रिया***

यस अध्यायमा अध्ययनको दार्शनिक आधार, अनुसन्धान ढाँचा तथा विधि, नमुना छनोट, जनसङ्ख्या, तथ्याङ्कका स्रोत र साधन, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्क विश्लेषण प्रक्रिया, नतिजाको व्याख्या र प्रामाणीकरण र गुणस्तर उपशीर्षकमा विभाजन गरी परिमाणात्मक विश्लेषण गरिएको छ ।

***अध्याय चार : खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमता***

यस अध्यायमा खस मातृभाषी विद्यार्थीको नेपाली भाषाको लिखित अभिव्यक्ति क्षमतालाई स्वतन्त्र चरअनुसार औसत, प्रतिशत र आवृत्तिको देखाइएको छ ।

***अध्याय पाँच : खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको तुलना***

यस अध्यायमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतालाई टि-टेस्टबाट प्राप्त सार्थक भिन्नता र प्राप्ति समावेश गरिएको छ । लेखन क्षमतालाई स्वतन्त्र र आश्रित चरका आधारमा तुलना गरिएको छ ।

*अध्याय छ : विश्लेषण*

यस अध्यायमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको विश्लेषण गरिएको छ । परिमाणात्मक विश्लेषणका लागि विद्यार्थी चरका आधारमा समग्रताको विश्लेषण, आश्रित र स्वतन्त्र चरबिचको तुलना गरी भिन्नताको पहिचान गर्दा अवलम्बन गरिएका मान्यतालाई प्रस्तुत गरिएको छ ।

*अध्याय सात : निष्कर्ष, सुझाव र उपयोगिता*

प्रस्तुत अध्यायमा शोधप्रबन्धको निष्कर्ष राखिएको छ । खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताका लागि अपनाइएका विधि, तौरतरिका र छलफलबाट प्राप्त सारलाई निष्कर्षको रूपमा समेटिएको छ । शोधप्रबन्ध लेखनमा आएका निष्कर्षलाई भावी शोधप्रबन्ध लेखनका सुझाव र शोधप्रबन्धको उपयोगिताका बारेका उल्लेख गरिएको छ ।

# अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन

यस अध्ययनमा खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतालाई सार्थक बनाउन सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ । पूर्वकार्यको पुनरावलोकनलाई सैद्धान्तिक र प्रयोगात्मक गरी अध्ययन गरिएको छ । सैद्धान्तिक पुनरावलोकनका लागि भाषिक अभिव्यक्ति, भाषा, लेख्य परम्परा, भाषिक भूगोल, भाषिक मान्यता, सामाजिक सिद्धान्त र मूल्यमान्यतालाई अध्ययन गरिएको छ । प्रयोगात्मक पुनरावलोकनलाई विद्यार्थीको भाषिक तत्त्व, लेखन तत्त्व, पत्ररचना, स्वतन्त्र लेखन, वाक्यगठनमा सम्बन्धित रही परिमाणात्मक चरको आधारमा विभिन्न शीर्षकमा पुनरावलोकन गरिएको छ ।

### सैद्धान्तिक पुनरावलोकन

अभिव्यक्ति भाषासँग सम्बन्धित रहेको पाइन्छ । भाषामा लिखित र कथ्य अभिव्यक्ति हुन्छ । व्यक्तिले बोलेको मौखिक पक्ष कथ्य हो भने लिपिमा लेखेको अभिव्यक्ति लिखित हो । होम्स र मेयेरहफ (२००३,) का अनुसार सामाजिक पहिचान, भाषा भिन्नता, बोलीमा लिङ्ग भिन्नताको मुद्दा रहेको हुन्छ । पुरुष र महिलाका बिचको सम्बन्धमा सामाजिक कार्य अन्तर रहन्छ । त्यसैले यसको प्रभाव समाजमा मातृभाषी विद्यार्थीको लिङ्गको आधारमा लिखित अभिव्यक्तिमा पनि हुने भएकाले लिङ्ग भेद भनिन्छ । भाषाको सिकाइमा स्वतन्त्र र आश्रित चरले प्रभाव पारेको हुन्छ । ती चरहरूले भाषाका विभिन्न रूपअनुसार बोलीचाली र लेखनमा भिन्नता ल्याउँदछ र त्यो व्यक्तिको इच्छाअनुसार भएको  हुन्छ (मिरियम, सन् २००६, पृ. २८५) । जसको सम्बन्ध समाजशास्त्रीय मान्यतामा आधारित रहेको छ । विद्यार्थीको सामाजिक, आर्थिक, शैक्षिक, जात र उमेरअनुसारको चरगत क्षमता रहन्छन् । सामाजिक वर्गले पनि सिकाइमा प्रभाव पारेको हुन्छ । श्रमिक वर्गका स्कुलले विद्यार्थी समूह एकता भाषिक सम्बन्ध रहन्छ । यिनीहरूको घर र स्कुलमा कुरा गर्ने भाषामा भिन्नता, स्कुलमा प्रयोग हुने अङ्ग्रेजी भाषा, लिखित परीक्षामा चिन्ता लाग्ने तथा ग्रेड थोरै आउने डर रहेको छ (स्पेन्सर सन्, २०१२, पृ.३७) । भाषा, समाज, वर्ग र शिक्षामा आधारित रहेर श्रमिक वर्गका विद्यार्थीको स्कुले जीवनको अध्ययन गरिएको छ । त्यसैले खस भाषी विद्यार्थी पनि अङ्ग्रेजी, नेपाली विषयको निबन्ध लेखन, पत्र रचना गर्ने कार्यमा डराउँछन् ।

बम (२०८०) का अनुसार बैतडेली भाषा, वर्ण, रूपायन, वाक्य र व्युत्पादन व्यवस्थाको वर्णनात्मक अध्ययन र बैतेडेली भाषाको व्यतिरेकी विश्लेषण आधारमा स्वर र व्यञ्जन वर्ण, भाषाको व्याकरणात्मक अध्ययन गरेका छन् । यो शोध प्रबन्ध भाषा र व्याकरणसँग सम्बन्धित भएकाले खस मातृभाषी विद्यार्थीको लिखित क्षमतासँग जोड्न सकिने छ । नेपालका भाषिकाको अध्ययन गर्दै नेपाली भाषिकाको संरचनात्मक विश्लेषण भाषामा स्थानगत भिन्नता बढी हुन्छ । यही स्थानगत भिन्नताले भाषिक भेद देखा पर्छन् । ध्वन्यात्मक, रूपात्मक र वाक्यात्मक ढाँचामा भाषिक भेद देखिन्छन् । नेपालीका भाषिकाहरूको स्वरूपलाई हेर्दा वाक्यात्मकभन्दा रूपात्मक र रूपात्मकभन्दा ध्वन्यात्मक भिन्नता बढी पाइएका छन् (निरौला, २०७२, पृ.२१९) । हालको कर्णाली र सुदूरपश्चिम प्रदेशमा रहेका बैतडी, डोटी, हुम्ला, मुगु, जुम्ला डोल्पा, सुर्खेत, सल्यान र रुकुम जिल्लामा बोलिने भाषिकामा केन्द्रित रहेको छ । निरौलाकाअनुसार स्थान र ठाउँका आधारमा भाषिक भेद रहेका छन् । आचार्य, (२०७१) कालिकोट जिल्लाको रास्कोट क्षेत्रमा गाइने मागल र झोडा गीतमा प्रयुक्त भाषाको अध्ययनमा शब्दवर्ग, शब्दस्रोत र मौलिक शब्दसम्बन्धी अध्ययन गरिएको छ । यस अध्ययनले रास्कोट सेरोफेरोलाई समेटेको छ । उपाध्याय (२०७२) का अनुसार अछामी र नेपाली भाषाको व्यतिरेकी विश्लेषण गरिएको छ । यसमा अछामी भाषिकाको वर्ण, व्युत्पादन, रूपायन र वाक्य व्यवस्था र शब्दभण्डारको वर्णनात्मक भाषिकाको व्यवस्थाहरू लिपिबद्ध गरिएको छन् । व्यतिरेकी अध्ययनबाट अछामी भाषिका र नेपाली भाषाका विभिन्न तहमा समान र भिन्न विशेषताहरू समावेश रहेका छन् । भाषाको व्यतिरेकी भएकाले खसभाषाको लिखित अभिव्यक्तिमा वाक्यगठन, व्याकरणिक तत्त्व र स्वतन्त्र लेखनमा मद्दत पुगेको छ । माथि उल्लिखित सिद्धान्तको परीधिमा रहेर खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको अध्ययन अनुसन्धान गरिएको छ ।

**प्रयोगात्मक पुनरावलोकन**

खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतासम्बन्धी विषय क्षेत्रअनुसार प्रयोगात्मक पुनरावलोकन निम्नानुसार गरिएको छ :

***वाक्य संरचना***

व्याकरणअनुसार पदको व्यवस्थित रखाइ वाक्य हो । वाक्य लिखित अभिव्यक्तिमा वर्ण, अक्षर र शब्दभन्दा ठुलो तथा अनुच्छेदभन्दा सानो एकाइ हो । वक्ताले व्यक्त गरेको सार्थक अभिव्यक्तिलाई एउटा कर्ता, एउटा कर्म र एउटा क्रिया अर्थात् उद्देश्य र विधेयसहितको उपस्थितिमा वाक्य निर्माण गरिन्छ । भाषाका कार्य र रूपहरू वाक्य संरचना व्याकरणिक, वार्णिक र सान्दर्भिक गरी तीन तहहरू हुन्छन् र यी तहका पनि आ-आफ्ना सोपान हुन्छन् । व्याकरणिक तहमा रूप, शब्द, पदावली, उपवाक्य, वाक्य, प्रकरण र सङ्कथन आउँछन् (बन्धु, २०७८, पृ.९४) । वाक्य एक किसिमको पूर्ण संरचना हो जसको स्वतन्त्र अस्तित्त्व हुन्छ । वाक्यमा एउटा मात्र उपवाक्य भएको  सरल वाक्य र दुईभन्दा बढी उपवाक्य भएको  संयुक्त तथा दुई उपवाक्य मिसिएको मिश्र वाक्य हुन्छ । यी वाक्य संरचनामा व्याकरणिक कोटि लिङ्ग, वचन, आदर, काल, पक्ष, भाव, पुरुष, वाच्य, भाव आदिको कारणले लिखित क्षमतालाई पहिचान गरिएको छ । त्यसैले वाक्यगत आधारमा विद्यार्थीको सिकाइमा असर रहेको छ । समग्र भाषिक सन्दर्भको प्रभावमा वाक्यको प्रभाव पर्ने भएकाले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा वाक्यको भूमिका रहेको छ ।

व्याकरणिक तौरतरिकाको आधारभूत मान्यताले वाक्य निर्माण भएको हुन्छ । पौडेल (२०६५) ले आधारभूत वाक्य वाक्यको जग हो । यस्तो वाक्यमा कम्तीमा एउटा उद्देश्य र एउटा विधेय रहन्छ । वाक्यको रूपान्तरणलाई वाक्यान्तरण वा वाक्य परिवर्तन पनि भनिन्छ (पृ.पृ. १८५, १८९) । आधारभूत वाक्यको रूपान्तरण लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, आदरार्थी, प्रेरणार्थी, अकरण, वाच्य आदिमा गर्न सकिने जनाएका छन् । त्यसैले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताअनुसारको वाक्यले व्याकरणिक कोटिले लेखन क्षमतालाई प्रभावित पारेको पाइन्छ ।

भाषा लिखित र मौखिक अर्थात् कथ्य हुन्छ । मान्छेले लेख्यभन्दा कथ्य भाषाको प्रयोग धेरै गरेको पाइन्छ । भाषाअनुसारका वाक्यमा विभिन्न अभिव्यक्ति संरचना हुन्छ । घिमिरे (सन् २०२३) ले मगर मातृभाषी विद्यार्थीले नेपाली भाषामा लिखित अभिव्यक्ति गर्दा अर्थात् वाक्य रचना गर्दा आदरको प्रयोगमा सबैभन्दा बढी गल्ती गर्छन् । आधाभन्दा बढी अथवा साठी प्रतिशतले एक ओटादेखि तीन ओटासम्म वाक्यमा आदरका दृष्टिले गलत सङ्गतिको प्रयोग गरेका छन् । विद्यार्थीहरूले आदरपछि वचन सङ्गतिको प्रयोगमा धेरै

गल्ती गरेका छन् । एक वचनको कर्तामा बहुवचनको क्रियापद तथा बहुवचनको कर्तामा एक वचनको क्रियापद प्रयोग गर्ने विद्यार्थीहरू चालिस प्रतिशत रहेका छन् । लिङ्ग सङ्गति, पुरुष सङ्गति, विशेषण र विशेष्य तथा नाम र सर्वनाम सङ्गतिको प्रयोगमा पनि विद्यार्थीहरूले केही मात्रामा गलत प्रयोग गरेको भनी प्रस्तुत गरिएको छ । लिङ्गका आधारमा कर्ता र क्रियापदको सङ्गतिअनुसारको गुरुङ मातृभाषी विद्यार्थीहरूले स्त्रीलिङ्गी कर्ता र अभूत कालको क्रियापदमा मिश्रित प्रयोग गर्छन । यसमा बहुल गुरुङ भाषी विद्यर्थीमध्ये एकदुई जनाको एक दुई वाक्यमा सङ्गति देखिन्छ भने अन्य प्रयोगमा सङ्गति देखिँदैन । वचनका आधारमा कर्ता र क्रियापदको सङ्गति गुरुङ मातृभाषी विद्यार्थीले दुवै वचन जनाउने कर्तासँग एउटै ओकारान्त भूतकालको क्रियापद प्रयोग गरेका छन् (खनिया, २०७१) । उद्देश्यले समापिका क्रियामार्फत स्थापना गरेको विधेय-व्यापारसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित प्रत्येक शब्दको समूहलाई वाक्य भनिन्छ । अर्कोतर्फ पूर्ण भाव प्रकट गर्ने शब्दको समूह नै वाक्य हो । वाक्यहरू काल, मनोभाव र रचनाका आधारमा प्रयोग हुने सन्दर्भको प्रभावलाई उल्लेख गरेका छन् (पोखरेल, २०६३) । यसकारण विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा वाक्य संरचनाको ठुलो सम्बन्ध रहेको पाइन्छ । वाक्यगठन गर्ने क्षमताको विकास विद्यार्थी स्वयम्ले गर्नु पर्ने देखिएको छ । वाक्य गठन गर्दा विद्यार्थीले नेपाली भाषाको व्याकरण सिद्धान्तअनुसार गर्नु पर्ने हुन्छ । व्याकरणअनुसार वाक्यको गठन गरिएन भने वाक्य सङ्गति हुँदैन ।

***पत्ररचना***

विद्यार्थीहरूको लेखन क्षमता वृद्धि गर्न विभिन्न किसिमका लिखित कार्य गर्नु जरुरी रहेको हुन्छ । यसका लागि पत्र रचना पनि एक हो । क्यामिसियोटी (सन् २०१४) ले पत्रलेखन ऐतिहासिक अध्ययनको आफैँमा एक आकर्षक विषय मानेका छन् । सुरूमा युरोपेलीहरूले भाषिक ज्ञानको प्रसारण गर्न पत्रलेखनको पाइन्छ । यस लेखनले व्यक्तिको लिखित कार्यले ठूलो योगदान दिएको भेटिन्छ । पत्रलेखनबाट सामाजिक सांस्कृतिक र शैक्षिक वास्तविकतालाई समेत झल्काएका छन् । पत्ररचनाका माध्यमबाट सार्वजनिक, व्यक्तिगत तथा सञ्चारका क्षेत्रमा ठुलो महत्त्व राखेका छ । त्यसैले सामाजिक अभियान्ता, भाषाविद्, इतिहासकार, साहित्यिक विद्वान्हरू पत्ररचनालाई विधाको रूपमा र पत्रलेखनले सामाजिक सांस्कृतिक अभ्यासका रूपमा विकास भएको छ ।

पत्र भन्नाले व्यक्तिलाई सन्देश, खबर, जानकारीका लागि लेखेर पठाउने लिखित रचना भन्ने बुझिन्छ । पत्ररचना औपचारिक र अनौपचारिक किसिमले लेख्ने गरिन्छ । कुनै पनि सरकारी निकाय, विद्यालय, प्रतिष्ठान आदिलाई औपचारिक र घर, परिवार, साथी तथा छिमेकीलाई अनौपचारिक रूपमा लेखिन्छ । यसका लागि विद्यालय तहमा विद्यार्थीलाई पत्ररचना गर्न लगाउनु आवश्य छ । जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा रहेका आठओटा विद्यालयमा अध्ययनरत विद्यार्थीले व्यापारिक चिठी लेखनमा ५१.५४ प्रतिशत विद्यार्थीहरू चिठी लेखनको विषयवस्तुगत प्रस्तुतिमा कमजोर रहेका छन् (आचार्य, सन् २०२५) । पत्ररचना गर्ने विद्यार्थीको क्षमता पचास प्रतिशतभन्दा बढी रहेको देखिन्छ । खस मातृभाषी विद्यार्थीको बाहुल्यता भएको क्षेत्रमा पत्ररचना सन्तोष रहेको पाइन्छ । त्यसैले विद्यार्थीको लेखन क्षमतालाई विकास गर्नका लागि पत्ररचनाका माध्यमबाट विद्यार्थीको लेखाइ क्षमताको विकास गरिन्छ । चिठीको परिचय, अनौपचारिक र औपचारिक बताउन सक्छन् । चिठी लेखाइ सिप वृद्धिमा एउटा अङ्ग हो । विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति छात्रा र छात्रको फरक रहेको छ (काफ्ले, २०७१) । चिठी लेखनको क्षमतामा छात्राछात्रको भिन्नता दर्साएको छ । यस भिन्नताले लिङ्गगतअनुसारको फरक क्षमता रहेको देखाउँछ । त्यसैले विद्यार्थीको लेखन क्षमताको विकासमा पत्ररचना अनिवार्य रहेको पाइन्छ । खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको लागि पनि पत्ररचनालाई लिखित क्षमता मापनको कडी बनाएको छ ।

मौलिकताका आधारमा लेखनलाई निरन्तरता दिन सकेमा विद्यार्थीको नेपाली लिखित क्षमता राम्रो हुन्छ । माध्यमिक तहका विद्यार्थीको लागि लेखाइमा मौलिकता, रचनात्मकता र भाषिक शुद्धताको विशेष महत्त्व हुन्छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन सिप अपरिहार्य पक्ष हो । यही सिपअनुसार विद्यालयमा अध्ययन गर्ने छात्रछात्राले विभिन्न माध्यमबाट आफ्नो अभिव्यक्ति प्रस्तुत गर्छन् । लिखित वा मौखिक भाषाका माध्यमबाट नै मानिसले आफ्ना विचार, अनुभव साट्ने र व्यावहारिक जीवनमा प्रयोग गर्ने गर्दछन् । त्यसैले चिठी लेखन एक सशक्त माध्यम हो जसले मानवीय अनुभव, विचार र भावनालाई साटासाट गरी व्यक्तिगत सम्बन्धलाई प्रगाढ बनाउँछ भन्ने मूल ध्येयले छात्राछात्रको चिठी लेखन क्षमताको तुलना गरिएको छ । चिठी लेखनमा छात्र ४० प्रतिशत हुँदा छात्राले ८० प्रतिशत प्राप्त गरे भने उच्च प्रतिशत अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ४० प्रतिशत हुँदा छात्राको सङ्ख्या ८० प्रतिशत रहेको छ । अति उच्च प्रतिशत अङ्क भने कसैले पनि प्राप्त गर्न

सकेका छैनन् भने छात्रा विद्यार्थीहरूको मौलिकता, रचनात्मकता र भाषिक शुद्धतामा छात्रहरूभन्दा अगाडि देखिन्छन् (खड्का, सन् २०२४)। यो अभ्यासले छात्रा र छात्रमा भएको पत्ररचनाका अन्तर भिन्नता प्रस्तुत गरिएको छ। चिठी लेखमा छात्रभन्दा छात्राको लिखित क्षमता अब्बल रहेको पाइन्छ। विद्यार्थीको लिङ्गअनुसार लिखित कार्यमा अन्तर हुन सक्ने देखिन्छ। त्यसैले माध्यमिक तहमा अध्ययन गर्ने खस मातृभाषी विद्यार्थीको लिखित क्षमता परीक्षणका लागि पत्ररचनाको अध्ययन गर्न आवश्यक रहेको छ। विद्यार्थीको लेखन क्षमता, शैली, ढाँचा आदिको पहिचान गर्न गरी उनीहरूको तार्किकताको बोध गर्ने स्वतन्त्र लेखन हो। तसर्थ पत्ररचनासम्बन्धी कार्यकलाप विद्यालय तहबाट नै विद्यार्थीलाई लेखन क्षमता विकास गर्न प्रेरित गरिनु पर्छ।

पत्रहरू कार्यालयीय, घरायसी र व्यापारिक गरी तीन प्रकारका हुन्छन्। कार्यालयीय, घरायसी र व्यापारिक पत्रहरू औपचारिक र अनौपचारिक प्रकृतिका हुन्छन् (सुवेदी, २०८१)। विद्यालयमा अध्यनरत विद्यार्थीको लिखित क्षमता वृद्धि गर्न र व्यावहारिक लेखन सिप बढाउन पत्रलेखन गर्न लगाइन्छ। पत्ररचना गर्न सकेमा लिखित अभिव्यक्तिको विकास हुन्छ। यसका लागि आफ्ना नातागोता, अभिभावक, आफन्त, छरछिमेकीलाई लेख्ने पत्रको तरिका, बेहोरा जान्न व्यक्तिगत प्रकृतिको चिठीपत्र लेखन गरिन्छ। कार्यालयको काम गर्न र सहयोग लिनका लागि विद्यार्थीलाई कार्यालयीय चिठीको प्रयोग गरिने धारणाको विकास गर्दै विभिन्न कार्यालयमा दिने निवेदनको ढाँचा, तौरतरिका सिक्न जरुरी रहेको छ। पत्रमार्फत व्यापार गर्ने क्षमता वृद्धिका लागि व्यापारीलाई लेखिने चिठीबाट अभिव्यक्ति गर्न सक्ने सिपको विकास विद्यार्थीमा गराउन आवश्यक देखिन्छ। कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीले व्यक्तिगत, कार्यालयीय र व्यापारिक चिठी लेख्न सक्नुपर्छ। यसरी तीनै प्रकारका पत्रको रचना गर्न सकेमा राम्रो मानिन्छ। विद्यार्थीले चिठी रचना गर्नुलाई व्यावहारिक लेखन पनि मान्न सकिन्छ। लिखित भाषाका माध्यमबाट व्यावहारिक जीवनका विविध पक्षबारे लेखिने लेखन व्यावहारिक लेखन हो। यो औपचारिक किसिमले लेखिने हुनाले यसले लेखनको वास्तविक पक्षलाई जोड दिन्छ। यसअन्तर्गत निबन्ध, निवेदन, चिठी, विज्ञापन, सूचना आदि पर्ने गर्दछन्। विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीले विभिन्न खालका पत्ररचना गर्ने गरेको पाइन्छ। विद्यार्थीको आन्तरिक संरचनामा मिति लेखन, विषयवस्तुको उल्लेख, सम्बोधन, संरचना र शैलीका आधारमा तयार पारेको पाइन्छ (आचार्य, सन् २०२४)। विद्यार्थीले पत्र रचना गर्दा औपचारिक तौरतरिका अपनाउनुपर्छ। चिठीका आदि, मध्य र

अन्त्य भागमा के कस्ता शब्दको हुने गर्छन् ? ती शब्दहरूको छनोट गर्न जान्नुपर्छ । तसर्थ चिठीका प्रकारअनुसारका सम्बोधन शब्द, उठान र समापनमा शिष्टाचार मिलाउने नै औपचारिकता हो । खास विषय शीर्षक दिएर त्यही शीर्षकमा आधारित भई आफ्नो मनोज्ञानले लिखित अनुभव व्यक्त गर्ने स्वतन्त्र लेखन हो (आचार्य, २०७९) । यस्तो प्रकृतिको लेखनबाट विद्यार्थी वास्तविक लेखन क्षमताको पहिचान गर्न सकिन्छ । विद्यार्थीको लिखित अभिव्यक्तिको क्षमता जाँच हुने भएकाले पत्ररचनाको महत्त्व रहेको छ ।

***स्वतन्त्र लेखन***

स्वतन्त्र लेखन विद्यार्थी आफैँले आफ्नो सक्षमतामा आधारित रहेर लेख्ने कला हो । आफ्नो मनोविज्ञानले स्वतन्त्र लेखन निर्देशित लेखनभन्दा मौलिक, काल्पनिकता, व्यक्तिगत हुन्छ (आचार्य, २०७९) । स्वतन्त्र लेखनमा विद्यार्थीको मौलिकताको प्रभाव रहन्छ । विद्यार्थी स्वयम्ले स्वतन्त्रताको अनुभूति गरेर लेख्न सक्छन् । लेखनमा काल्पनिकता र व्यक्तिगत धारणाले ठाउँ पाएको हुन्छ । त्यसैले स्वतन्त्र लेखन निर्देशित लेखनभन्दा विधा संरचना र विषयवस्तुमा अलि जटिल मानिएको छ । स्वतन्त्र लेखनअन्तर्गत कविता लेखन, कथा लेखन, समीक्षा लेखन, निबन्ध लेखन, मनोवाद, संवाद लेखन, वक्तृता लेखन आदि अभ्यास गराउन सकिन्छ । लेखन विचार अभिव्यक्तिको सशक्त माध्यम भएकाले यसका लागि विषय आवश्यक पर्ने र सिर्जनात्मक लेखन कलाका माध्यमबाट वर्णनात्मक, विवरणात्मक, व्याख्यात्मक क्षमताको विकास गर्छ । मिहाली, सन् १९९० को विचारलाई मरे र मुरे (सन् २००६) ले उल्लेख गरेको सिद्धान्तलाई मुरे र न्युटन (सन्२००८) ले स्वतन्त्र लेखन भनेको विद्यार्थीले सरल तथा छोटो तरिकाले आफ्नो विचारलाई कागजमा उतार्छन् । विद्यार्थीले लेखनका माध्यमबाट जवाफ दिनका लागि लेख्नु हो । यसबाट विद्यार्थीले आफ्नो धाराप्रवाह गर्ने दृष्टिकोणको जन्म दिई विभिन्न संरचना, विधा, परम्परामार्फत हिज्जे, व्याकरण, शब्दावली जाँच गर्ने प्रक्रिया स्वतन्त्र रचना भएको दाबी गरिएको छ । स्वतन्त्र लेखनमा लेखकको व्यक्तिगत धारणाहरूले प्राथमिकता पाएको हुन्छ । आफ्ना मनका भाव, विचार, चाहना, इच्छालाई सिलसिलाबद्ध लेखन गर्ने क्षमताको विकास हुन्छ ।

लेखन कला शिक्षण खण्डमा मनका अन्तर भावनाहरूलाई ध्वन्यात्मक सङ्केतको माध्यमलाई अभिव्यक्ति गर्दा मौखिक तथा भाषा र ध्वन्यात्मक सङ्केतलाई लिपिमा प्रयोग गर्दा लिखित भाषा तयार हुन्छ । लेखन दैनिक व्यवहारमा आवश्यक पर्ने भएकाले स्वतन्त्र लेखनमार्फत सामान्य प्रयोजन, व्यावसायिक, सिर्जनात्मक आदि प्रयोजनमा महत्त्व राख्छ

(शर्मा र पौडेल २०६७) । विद्यार्थीका लागि स्वतन्त्र लेखन विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म उपयोगी हुने भएकाले चिठी, निबन्ध, निमन्त्रणा, विज्ञापन, समवेदना, तमसुक, भरपाई, बधाई, संवाद आदि स्वतन्त्र लेखनका क्षेत्र हुन् । यी क्षेत्रमा केन्द्रित रहेर विद्यार्थीले स्वतन्त्र लेखन गर्न सक्छन् । स्वतन्त्र लेखनबाट विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको मूल्याङ्कन गरिएको छ ।

स्वतन्त्र लेखनलाई सामान्य लेखनभन्दा प्राज्ञिक लेखन गर्न सके प्रभावकारी हुन्छ । “हरेक व्यक्तिका आफ्नै अभिव्यक्ति स्वतन्त्रता हुने भएकाले आफ्ना भाव राम्ररी प्रकट गर्नु भन्ने अर्थमा मान्छेका मनमा उब्जिएका भावना सोचाइ, चाहना, उजागर गर्ने कार्य अभिव्यक्ति हो (लम्साल र खनाल, २०७८, पृ. १) ।” उनले मौखिक र लिखित अभिव्यक्ति दुई पक्ष उल्लेख गर्दै लिखित अभिव्यक्तिअन्तर्गत प्राज्ञिक, साहित्यिक र व्यावहारिक अभिव्यक्ति उल्लेख गरेका छन् । त्यसैले व्यावहारिक अभिव्यक्तिलाई लिपिबद्ध गर्दा स्वतन्त्र लेखन हुने भएकाले चिठी, टिप्पणी, निवेदन, संवाद, सारांश, सूचना, विज्ञापन भरपाई आदि सामान्य लेखन जनाएका छन् । “विषयवस्तु, घटना, सन्दर्भको प्रभाव, आदिप्रति लेखकको विचार, भाषण, अनुभूति र प्रतिक्रियाको लेख्य भाषिक अभिव्यक्ति नै लेखन हो” (घिमिरे, २०७९, पृ.१) । पत्र, सूचना, समाचार, टिप्पणी, भाषण, विज्ञापन, साहित्य, सिर्जनात्मक लेखन, अभिलेख, व्याख्या आदि स्वतन्त्र लेखन हो । विद्यार्थीलाई स्वतन्त्र लेखनका लागि निबन्ध लेखन, अनुच्छेद लेखन, मनोवाद, वक्तृता लेखन, संवाद लेखन, वादविवाद लेखन गर्न सकिन्छ । त्यसैले कुनै विषयलाई लिएर आत्मपरक वा वस्तुपरक शैलीमा लेखिएको स्वतन्त्र रचनालाई निबन्ध भनिन्छ । यो जीवनजगत्का सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, धार्मिक आदि विषयका साथै जीवनका भोगाइको अनुभवसँग पनि सम्बन्धित हुन्छ (लम्साल र खनाल, २०७८) । विद्यार्थीले स्वतन्त्र लेखन गर्दा आफूले भोगेका, अनुभव गरेका, देखेका, जानेका विषयवस्तुमा सिलसिलबद्ध मिलाएर लेख्नु स्वतन्त्र लेखन हो । स्वतन्त्र लेखनमा सामान्य विधि, मान्यताका अधीनमा रही लेख्ने गरिन्छ । यसरी लेख्दा प्राय आदि, मध्य र अन्त्यको प्रकृति ढाँचामा लेख्न लगाइन्छ ।

### भाषिक सुझ निर्माणमा संस्कृति

व्यक्तिको सुझले उसको बुझाइ, विचार, ज्ञान, क्षमता, चाहना आदिलाई जनाउँछ । त्यसैले भााषिक सुझ पनि व्यक्तिको नितान्त सामाजिक, साँस्कृतिक, पारिवारिक र परिवेशको बुझाइ हो । समाज सापेक्षा भाषिक विचार रहेको हुन्छ । समाज र भाषाको

सम्बन्ध घनिष्ठ रहेको हुन्छ । समाजमा भाषालाई विभिन्न कार्यको लागि छलफल र परिभाषित गरिएको हुनाले भाषा र ज्ञानलाई पूरकको रूपमा लिएको हुन्छ (वर्डहाउग, सन् २००६, पृ.१) त्यस्तै भाषा समाजअनुसार भिन्न भिन्न रहेको पाइन्छ । भिन्न भाषाका विभिन्न भेद हुन्छन् । ती भेदहरूबाट भाषा र समाजको निर्माण गरिएको छ । भाषालाई समाजको सामाजिक वातावरण, वस्तु, विचार, घटना, राजनीतिक व्यवस्था, भौगोलिकता, संस्कृति, नातासम्बन्ध र जन आदिले प्रभाव पारेको हुन्छ (लम्साल र अन्य, २०६९) । वास्तविक वक्ताका लागि श्रोताहरूसँगको सम्बन्धले सिकारूलाई प्रभावित पारेको हुन्छ । त्यसैले समाजमा सिकारूका लागि समाजशास्त्र र भाषाशास्त्रको पारस्पारिक सम्बन्धले सिकाइमा संस्कति प्रभाव रहन्छ (वर्डहाउग, सन् २००६) । कतिपय अवस्थामा समाजमा भाषा सिकाइले पी.जिन र क्रियोलको निर्माण भएर भाषा सिकाइमा सहजता हुने गरेको बताएका छन् । यसैगरी समाज र भाषाका सम्बन्धमा भाषा केवल सङ्केत मात्र नभएर एउटा शब्दले व्यापक अर्थ व्यक्त गर्दछ । भाषाले बाहिरको अव्यवस्थित समाजका, विचार घटना तथा संस्कृति सन्दर्भको प्रभावको प्रतिनिधित्व गर्दछ । त्यसैले वक्ताले भाषा प्रयोग गर्दा अनिवार्य रूपमा आफ्नो सामाजिक, संस्कृतिक र व्यक्तिगत पृष्ठभूमिको सङ्केत गरेको हुन्छ । त्यसकारण भाषालाई व्यक्तिको सामाजिक वर्ग, स्थिति, उत्पतिको क्षेत्र, लिङ्ग, उमेर समूहले प्रभावित पारेको हुन्छ (मिस्ट्र र अन्य, सन् २००४, पृ.६) । तसर्थ भाषामा समाजिक पक्ष जोडिएको हुन्छ । समाजमा बसोबास गर्ने जातको धार्मिक समुदाय, संस्कृति परम्परा, मूल्य र मान्यताहरू पनि फरक फरक हुने भएका भाषामा सामाजिक सन्दर्भ जोडिएको छ ।

विद्यार्थीको सिकाइमा सामाजिक भाषिक र भाषिक अनुक्रमणिका अर्थात् उच्चारण पक्षलाई समेत जनाउने भएकाले व्यक्तिको सामाजिक समूहले सिकाइमा अर्थ राखेको पाइन्छ । विद्यार्थीको सिकाइको स्तर निर्धारणमा सामाजिक, संस्कृतिक पक्षको भूमिका रहन्छ । समाजको सन्दर्भको प्रभावअनुसार सिकाइ उपलब्धि प्राप्त गर्ने गर्छन् । समाजमा भाषाले पार्ने सिकाइको प्रभावका भाषा र समाजको सम्बन्धलाई भाषाको सामाजिक कार्य, सांस्कृतिक र सामाजिक अर्थ व्यक्त गर्ने तरिका हो (होल्मेस, सन् २०१३, पृ १-९) । मानिसहरूले विभिन्न सामाजिक सन्दर्भको प्रभावहरू समुदायमा गर्ने र आफ्नो भाषामार्फत सामाजिक पहिचान व्यक्त गर्दछन् । फरक-फरक सामाजिक सन्दर्भमा बालबालिकाहरूले फरक तरिकाले बोली रहेको हुन्छन् । उनीहरूको बोलीगत भिन्नता रहन्छ । यही भिन्नताका कारणले सिकाइमा सामाजिक प्रभावका साथै मातृभाषाको प्रभाव रहेको हुन्छ । विद्यार्थीको

सिकाइमा बहुभाषिकताको सामाजिक प्रभाव परेको हुन्छ यसका लागि अधिकारी (२०८१) ले समाजमा प्रत्येकको सामाजिक, धार्मिक, सांस्कृतिक रहनसहन, आर्थिक क्रियाकलाप आदि पक्षलाई ख्याल गरी सिकाइ कार्यलाई निरन्तरता दिन सामाजिक विविधता, धार्मिक र सांस्कृतिक संरक्षणलाई बहुभाषिकतालाई प्रस्तुत गरिएको हुन्छ भनी उल्लेख गरका छन् ।

भाषा सिकाइ भनेको भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरूको सिकाइ हो । सिकारुमा कथ्य र लेख्य भाषिक सम्प्रेषण क्षमताको विकासलाई सङ्केत गर्छ । विद्यार्थीको शब्दभण्डार क्षमता, वाक्य रचना क्षमता, वर्णविन्यास क्षमता, पदवर्ग पहिचान क्षमता, पदसङ्गति मिलान क्षमता, भाषा सिकाइ उपलब्धिको समग्र स्थितिको अध्ययनबाट विद्यार्थीको पुनर्लेखन क्षमता, वर्णविन्यास क्षमता अत्यन्तै कमजोरका साथै व्याकरणिक तत्त्व पहिचान तथा प्रयोग क्षमता मध्यम रहेको छ (भट्ट, सन् २०२३) । विद्यार्थीको सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड (२०८०) ले कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीका लागि सिकाइमा उपस्थिति र कक्षा सहभागिता, सुनाइ, बोलाइ र पढाइ, सिर्जनात्मक कार्य र परियोजना कार्य तथा प्रस्तुति त्रैमासिक परीक्षा गरी जम्मा २५ अङ्कभारको व्यवस्था गरेको छ ।

काफ्ले (२०७०) को कक्षा ८ का विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणका अनौपचारिक शिक्षासँग सम्बन्धित प्राप्ति र कार्यान्वयनमा आधारित अनुसन्धान लेखमा नेपाली विषयको औसत क्षमता उपलब्धि ४९ प्रतिशत रहेको उल्लेख गरेका छन् । अवस्थी ( सन् २०२४) ले विषयवस्तुको गहिराइ, सोचको स्तर, प्रश्नको समाधान गर्ने उपायले सिकाइ हुने ठहर गरेका छन् । त्यस्तै समाज, सिकारु, विषयवस्तुलाई केन्द्रमा राखी वैधता, विश्वसनीयता, वस्तुनिष्ठता, व्यावहारिकताको आधारमा सिकाइ गर्न संज्ञानात्मक विविधतालाई प्राथमिकता दिई शिक्षण सिकाइ क्रियाकलाप, सक्रिय शिक्षण विधिको प्रयोग, समूहमा सिकाइ गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउन सुझाएका छन् ।

समाजमा भाषाअनुसारको सिकाइ रणनीति हुन्छ । भाषा सिक्ने तरिका आफू अनुकूल हुन्छन् । भाषा सिकाइको तरिकाका सम्बन्धमा हार्डन (सन् २०१३) ले सिकाइका रणनीति, सञ्चार रणनीति, सामाजिक रणनीतिलाई संज्ञानात्मक सिकाइ रणनीति र मनोक्रियात्मक सिकाइ रणनीतिलाई वर्गीकृत सिकाइ, आगमनात्मक, निगमनात्मक, प्रयोगात्मक तथा नेतृत्वदायी क्षमताको सिकाइमा जोड दिएको छ । यस आधारमा विद्यार्थीले भाषिक

सिकाइमा स्मृति कार्य, संज्ञानात्मक कार्य निगमनात्मक र आगमनात्मक विधिको प्रभाव परेको कुरालाई जनाएका छन् ।

नेपाल बहुभाषिक देश भएकाले विभिन्न किसिमका भाषिक समुदायहरू रहेका छन् । नेपालको भौगोलिक विविधताअनुसार भाषामा पनि विविधता रहेको भेटिन्छ । भाषिक विविधतामा भाषा र समुदायको सम्बन्ध अत्यन्त घनिष्ठ रहेको पाइन्छ । बान्डुरा (सन् १९९८) का अनुसार भाषा र जनसङ्ख्याका आधारमा गणना वा सर्वेक्षण गरिन्छ । समुदायमा विभिन्न व्यक्तिले विभिन्न भाषा मातृभाषाका रूपमा प्रयोग गर्छन् । ती मानिसले बोल्ने भाषाको गणना गर्नु भाषिक सर्वेक्षण हो । यिनले भाषाका विशेषतालाई मातृभाषा, प्रारम्भिक बाल्यकालको भाषा, व्यक्तिले पछि सिकेको भाषा भनेका छन् । देशमा विभिन्न समुदाय रहेका हुनाले समुदायअनुसारका मातृभाषा हुन्छन् र यिनै भाषाहरूबाट सामाजिक सांस्कृतिक मान्यताबाट दैनिक जीवन सञ्चालन गर्दछन् । लुडो (सन् १९९८) को धारणालाई हेन्डबुक सोसियो लिङ्ग्विस्टिकमा फलोरियन कुलुम्बसले उल्लेख गरेअनुसार भाषाविद्, शिक्षाविद्, मनोवैज्ञानिकहरू बोली र लिखित भाषाको लिखित क्षमता कसरी बढाउन सकिन्छ भन्ने प्रश्नको खोजीमा हुन्छन् । त्यसैले उनीहरू शिक्षामार्फत भाषा र साक्षरता सिप प्रवर्द्धन गर्न भाषालाई लिङ्ग, वर्ग र जातीयतामा सामाजिक सम्बन्ध हेरी कक्षाकोठाको अनुभवलाई विद्यार्थी लिखित भाषिक क्षमता निर्माण प्रक्रियामा सहयोग पुऱ्याउँछ । सामाजिक भाषिक क्षमताले व्यक्तिलाई दैनिक जीवनको परिस्थिति सामना गर्न, भाषिक शैली क्षमताको भिन्नता, ज्ञानमा विश्वास गर्न प्रेरित गरेको हुन्छ । सामाजिक वर्ग, उमेर लिङ्ग भाषिक स्थितिमा लिखित क्षमता हुने गर्छ ।

सुन्डेल्यान्ड (सन् २००६) ले लैङ्गिक सम्बन्धमा छात्रा र छात्र एकअर्कामा समानन्तर रहन्छन् । उनीहरू पारिवारिक र सामाजिक सम्बन्ध भाषामार्फत राख्ने गर्छन् । छात्रा र छात्रमा सांस्कृतिक, मौखिक, लैङ्गिक भिन्नता रहेको छ (पृ.५०) । त्यसैले छात्रा र छात्रमा सांस्कृतिक अन्तर रहेको छ । व्यक्तिगत, सामाजिक, राजनीतिक, आर्थिक, मनोवैज्ञानिक, सम्बन्ध र प्रतिनिधित्व, पहिचान तथा निर्माण, प्रवृत्ति र प्रयोगमा फरक रहेको छ (सुन्डेल्यान्ड, सन् २००६, पृ.४५) । त्यसैले छात्रा र छात्रले भाषा भिन्न तरिकाले प्रयोग गर्ने भएकाले भाषालाई अन्तर अनुशासनात्मक विशेषता, प्रवचन विश्लेषण, शिक्षा, साहित्य, मिडिया, मनोविज्ञान, समाजशास्त्र र समलैङ्गिक, समलिङ्गी मुद्दासँग नजिक रहेको हुन्छ । पुरुषका अभिव्यक्ति महिलाले बुझ्छन् तर कहिल्यै उच्चारण गर्दैनन् । त्यस्तै भाषाविद्ले

छात्रा र छात्र वक्ताहरूबिच व्याकरणिक भेद रहेको हुन्छ भनी मेरी हास (सन् १९४४) को मान्यतालाई इसुन्डेल्र्यान्ड (सन् २००६) ले उल्लेख गरेका छन् । तसर्थ महिला पुरुषको तुलनामा विनम्रता, नम्रता, कमोलता, गैरआग्रह, सहानुभूति र सहनशील हुने गर्छन् ।

**भाषिक विकासमा सामाजिक पक्ष**

***वर्ग***

समाजमा सामाजिक वर्ग रहेको हुन्छ । नेपाल विकासोन्मुख देश भएकाले मध्यम तथा निम्न वर्गीय समाजका मान्छेको बसाइँ नेपालमा धेरै रहेको छ । सामाजिक वर्ग र भाषाको सम्बन्ध अन्योन्याश्रित रहेको छ । सामाजिक, आर्थिक पृष्ठभूमिबाट बालबालिकाको शिक्षा, स्थानीय पहिचान र सम्बन्धको निर्माण तथा व्यवस्थापन गर्ने आधार भाषा हो (स्पेन्सर र अन्य, सन् २०१३) । सामाजिक वर्गअनुसार भाषिक भिन्नता, श्रमिक वर्गका वक्ताहरू सकारात्मक अभिव्यक्ति दिने र केही नकारात्मक अभिव्यक्ति दिने भएकाले समाजमा भाषिक भिन्नता रहेको छ । सामाजिक वर्ग, भाषा, शिक्षा, श्रमिक वर्ग, मध्यम वर्गका स्कुले बालबालिकाहरूले आफ्नै साथी समूह बनाएर भाषा बोल्छन् ।

सौपी इरावन (सन् २०१८) मान्यतालाई थोमस (सन् २००८) ले भाषा उद्देश्यहरू पूरा गर्ने सञ्चारको रूपमा उल्लेख गरेका छन् । भाषाले मानव जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले भाषा व्यक्ति र सामाजिक घटनाबिचको सञ्चारको प्रणाली हो । भाषा र समाज एकअर्कासँग जोडिएको हुन्छ । वेबर (सन् १९४६) ले जनाएअनुसार सामाजिक वर्गहरू उच्च वर्ग, मध्यम वर्ग, तल्लो वर्गमा विभाजित भएको छ । उच्च वर्ग शिक्षित हुने, मध्यम र निम्न वर्ग अरूको काम गर्ने तथा अशिक्षित हुने भएकाले सामाजिक वर्गले समाजमा भाषिक असर गर्छ । उच्च वर्गीय वक्ताले कुलीन भाषाको प्रयोग गर्ने र मध्यम तथा निम्न वर्गलाई निम्न स्तरको भाषिक शब्द प्रयोग गर्ने जनाएका छन् । सामाजिक वर्गका आधारमा सामाजिक कार्य गरिन्छन् । उच्च वर्गका मान्छे निम्न वर्गका व्यक्तिसँग सम्बन्ध विस्तार गर्न नचाहनु वर्गीय अन्तराल हो । ग्रेगरी (सन् २०१८) ले भाषा र सामाजिक वर्गका सम्बन्धमा समाजमा व्यक्तिहरूले बोल्ने तरिका र भाषाहरूमा भिन्नता र विशिष्टता हुन्छन् । मानिसका समूह हुने भएकाले महिला, पुरुषमा पनि भिन्नता रहने गर्छ । बच्चा र वयस्कमा समेत सामाजिक अन्तर रहेको पाइन्छ । सामाजिक प्रतिष्ठा, धन, शक्ति, पेसा, वर्ग आदिमा भाषिक भिन्नताहरू ध्वनि, वर्ण, व्याकरण, शब्द छनोटले सामाजिक

वर्गको विभाजन गरेको हुन्छ । सामाजिक वर्गको विषयमा सबैभन्दा प्रभावशाली विचारक कार्लमार्क्स हुन् (सन् १९०६) । उनको वर्ग र राजनीति अर्थशास्त्रको सिद्धान्तमा वर्ग र भाषाको चर्चा गरेका छन् । समाजमा सार्वजनिक शिष्टाचार, मापदण्ड, धर्म र स्थितिले भाषाको वर्गीय भिन्नता, भाषिक समुदाय वर्ग व्यवहार आदि रहेका छन् ।

***शैक्षिक स्तर***

नेपालका शैक्षिक संस्थामा शिक्षाको दोहोरो माध्यम कायम रहेको छ । संस्थागत विद्यालयमा अङ्ग्रेजी भाषालाई प्राथमिकता दिएको हुन्छ भने सामुदायिक विद्यालयमा नेपाली भाषाबाट पठनपाठन हुने गरेको छ । यही कारणले गर्दा नेपालका विद्यालयमा शैक्षिक उपलब्धिमा भिन्नता रहेको छ । त्यसैले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन (२०७९ साउनदेखि २०८० असारसम्म) ले नेपालीमा विद्यार्थीको उपलब्धि परीक्षणको इतिहास केलाउँदा सन् १९९६ देखि २००८ सम्मको अवधिमा १० ओटा परीक्षण गरेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आर्थिक वर्ष २०७९-२०८० मा कक्षा ८ का विद्यार्थीलाई नासाको प्रतिवेदनमा उल्लेख गरेअनुसार धेरैजसो विद्यार्थीहरूको सिकाइ उपलब्धिमा गणित, विज्ञान र अङ्ग्रेजीभन्दा नेपाली विषयमा औसत क्षमता बढी रहेको उल्लेख गरेको छ । उक्त प्रतिवेदनमा १२-१६ वर्षका विद्यार्थीहरूको समूहमा १३ वर्ष समूहका विद्यार्थीहरूको सिकाइ उच्च रहेको र १५ वर्षभन्दा बढीको कम रहेको छ (पृ.१८-२१) । उक्त प्रतिवेदनले घरमा प्रयोग गर्ने भाषा नेपाली भएकाभन्दा नेपाली भाषा नभएका विद्यार्थीको सिकाइ उपलब्धिमा कमी भएको, आमाबुबाको शैक्षिक योग्यता उच्च रहेका बालबालिकामा उच्च र अशिक्षित, अयोग्यता भएका अभिभावकका विद्यार्थीमा कम सिकाइ उपलब्धि रहेको छ । विद्यार्थीको भाषिक सिपअन्तर्गत लिखित क्षमताको विकास पनि पर्छ । यसका लागि विद्यार्थीलाई अब्बल बनाउन अभिभावकको भूमिका सही हुनुपर्छ । अनौपचारिक शैक्षिक संस्था, व्यक्ति, व्यक्तिगत शिक्षक वा विद्यालय बाहिरको व्यक्तिले प्रदान गर्ने निजी शिक्षा नै छाया शिक्षा हो, छाया शिक्षाको विस्तारमा सबैभन्दा बढी प्रभाव पारेको एउटा पक्ष शिक्षण पद्धति हो । प्रायः गरी नियमित कक्षाको तुलनामा, ट्युसन कक्षाहरूको आकार सानो हुने हुँदा, अन्तरक्रिया गर्न र पृष्ठपोषण प्राप्त गर्नमा यसले सजिलो बनाउँछ (सुवेदी, सन् २०१७, पृ.६) । तसर्थ अभिभावकले आफ्ना बालबालिकाका लागि सिकाइ गर्न छाया शिक्षाप्रति आकर्षण भएको पाइन्छ ।

***क्षेत्र***

विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतामा भूगोल, क्षेत्र, दुरीका हिसाबले लिखित अभिव्यक्तिमा अन्तर रहेको पाइन्छ । विद्यालय नजिक बसोबास भएका बालबालिका र टाढा बसोबास भएका विद्यार्थीमा भाषिक क्षमतामा फरक पर्न जान्छ । विद्यार्थीको लिखित क्षमताको सिकाइ उपलब्धि तथा सिकाइमा प्रभाव पार्ने तत्त्वका बारेमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन (२०८० साउनदेखि २०८१ असार मसान्तसम्म) को आधारमा आर्थिक वर्ष २०८०-२०८१ मा कक्षा ५ र १० कक्षाको सिकाइ सक्षमतालाई विभिन्न तहमा विभाजन गरी सिकाइस्तरका हिसाबले नतिजा विश्लेषण गरिएको छ । यस आधारमा कक्षा ५ मा नेपाली विषयको सिकाइ उपलब्धि ५१ प्रतिशत तथा कक्षा १० मा विषयगत राष्ट्रिय औसत क्षमता (सन् २०२३) मा ४९९ पुगेको छ । त्यसैले प्रदेशका आधारमा बागमती, लुम्बिनी, गण्डकी र कोशीमा विषयगत सिकाइ राम्रो रहेको र अन्य प्रदेशमा कमजोर रहेको दाबी गरेको पाइन्छ । त्यसै गरी गाउँपालिकाको भन्दा नगरपालिका, दलित र जनभन्दा ब्राह्मण, क्षेत्री, सरकारीभन्दा संस्थागत विद्यालयमा विषयगत सिकाइ राम्रो रहेको बताएको छ ।

विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण नीति मार्गदर्शन (सन्२०२२) ले विद्यार्थीको सिकाइको लेखाजोखा गर्न आवश्यक ठानेको हुँदा विद्यार्थीको सिकाइ उपलब्धि गर्न आवश्यक ठहराएको हो । विद्यार्थीको उपलब्धिलाई हेर्दा नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीको लिखित उपलब्धिभन्दा अन्य भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीको लिखित सिकाइ उपलब्धिस्तर कमजोर रहेको पाइयो (पृ.४४) । विद्यार्थीको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गरी शैक्षिक गुणस्तर विकास केन्द्रले सामुदायिक तथा संस्थागत विद्यालयको समेत तुलना गरेको छ ।

नेपालका विद्यार्थीको नेपाली विषयमा गभरस्यान्ट अफ नेपाल (सन्२०२०) ले गरेको अध्ययनअनुसार विद्यार्थीको सिकाइ उपलब्धिलाई ६ ओटा आधार स्तम्भहरू आधारभूतभन्दा न्युन, आधारभूत, सामान्य निपुण, मध्यम निपुण, उच्च निपुण, अतिउच्च गरी मूल्याङ्कन गरिएको छ । जसमा ४६.१ प्रतिशत विद्यार्थीहरूको सिकाइ मध्यम निपुण र ०.३ प्रतिशत विद्यार्थीमा मात्र अतिउच्च सिकाइ रहेको जनाएको छ (पृ.१२१) । त्यसैले आधारभूत सिकाइ नभएका विद्यार्थीहरू १.३ प्रतिशत रहेको तथ्य प्रस्तुत गरेको छ । विद्यार्थीको सिकाइलाई निरन्तरता दिन शिक्षाको पहुँच, समता र गुणस्तर, कार्यसम्पादन आदिको आधारमा

विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरेको छ । विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि उमेरगत, लिङ्गगत, भाषिक, आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक अवस्थाले समेत सिकाइ उपलब्धिमा उच्च र कमको प्रभाव पारेको सन्दर्भको प्रभावलाई उल्लेख गरिएको छ ।

क्षमता व्यक्तिको निजी प्रतिभा हो । क्षमता वृद्धिमा शिक्षाको भूमिका ठुलो रहेको हुन्छ । आधारभूत क्षमता निर्माण गर्न बालबालिकालाई जीवन, सिप, मूल्य र व्यक्तित्त्वको परिष्कार गर्नुपर्दछ । क्षमतालाई अर्कोतर्फ योग्यता पनि भनिएको पाइन्छ । क्षमताले विविध प्रतिभालाई समेत जनाउने भएकाले बालबालिकाहरूमा कोही लिखित क्षमताको अभिव्यक्ति गर्दछन् । कसैले मौखिक अभिव्यक्तिलाई निर्भय रूपमा प्रस्तुत गरेको हुन्छन् । क्षमता निर्माण क्षेत्रगत प्रभाव पनि रहेको भेटिन्छ । क्षमताको सम्बन्धमा :

> ‘क्षमता’ शब्दले मानिस र समुदायको रूपमा हाम्रो क्षमतालाई अभिव्यक्त गर्छ । क्षमता निर्माणको लागि एक व्यापक, एकीकृत विधिले मानव अनुभवका सबै क्षेत्रहरूमा उत्कृष्टता, विस्तार र सकारात्मक रूपान्तरणलाई पोषण दिन्छ । सामाजिक, वातावरणीय, आर्थिक, शारीरिक, मनोवैज्ञानिक, आध्यात्मिक र सांस्कृतिक क्षमताहरू निर्माण गरेर समुदायभित्रका सम्पूर्ण व्यक्तिको क्षमतालाई सम्बोधन गर्न सकिन्छ । क्षमताको परिवर्तनहरूमा व्यक्तिगत ज्ञान, व्यवहार, सिप र प्रविधिहरू समावेश हुन्छन् । व्यक्ति, समूह, सङ्गठनात्मक, समुदाय र नीति स्तरहरूमा सञ्चालनमा बहु-आयामिक र पारिस्थितिक विशिष्ट रहेको छ । सामान्यतया, क्षमता निर्माणलाई व्यक्ति, संस्था र सामुदायिक प्रणालीहरूको व्यवहार बढाउने वा परिवर्तन गर्ने प्रक्रियाको रूपमा परिभाषित गरिएको छ । जसले पूर्वनिर्धारित लक्ष्यहरू प्रभावकारी र कुशलतापूर्वक प्राप्त गर्दछ । तसर्थ अनुसन्धानकर्ता मेरिली एस. ग्रिन्डलले तीन आयामहरूमा वर्गीकृत गरे अनुसार (१) मानव संसाधन विकास, (२) सङ्गठन सुदृढीकरण, र (३) संस्थाहरूको सुधार पनि क्षमता सुधार हो (सावन्त, सन् २०१४, पृ.पृ. ९६, ९७) ।

माथिको भनाइबाट व्यक्तिको क्षमतामा निर्माणमा संस्थागत सुधारले पनि प्रभाव पारेको उल्लेख गरिएको छ । तसर्थ क्षेत्रगत सुधार भएमा मात्र बालबालिकाको क्षमता निर्माण हुने र उनीहरूको लिखित अभिव्यक्तिमा परिवर्तन आउने देखिएको छ ।

**पेसागत क्षमता**

बालबालिकाको लेखाइ अभिभावकको पेसाले समेत प्रभाव पारेको हुन्छ । सहकार्यात्मक सिकाइका माध्यमबाट अभ्यासको पहिचान गरी नयाँ अभ्यासले सफल गराउँछ । लेखन सिकाइमा उत्तम अभ्यासको अवलोकन हुने, क्रमिक कार्य गर्न उत्साह गर्ने र सामूहिक परियोजनाबाट असल अभ्यास अनुसरण हुन्छ (स्मिट, सन् २०१८, पृ.३५) । शिक्षक, नर्स, सिपाही, कर्मचारी र किसानलगायतका पेसाले बालबालिकाको लिखित अभिव्यक्ति  क्षमतामा असर गरेको हुन्छ ।  आफ्ना अभिभावको पेसा व्यवसायका कारण बालबालिकाले शिक्षाको महत्त्व ठानेका हुन्छन् । मजदुर, किसान र व्यापारीले शिक्षामा खासै वास्ता नगरेको भन्दै पाठ्यपुस्तकमा समेत शिक्षक, नर्स, सिपाही र प्रहरीका मात्र चित्र राखेकाले गर्दा अन्य पेसा गर्ने मानिसका समेत चित्र राख्न सुझाब दिएको छ । यस्ता चित्र हेरेर बालबालिकाको भित्री मनमा भाव पैदा भई हेरेर लेख्न सक्ने लिखित अभिव्यक्ति जाहेर गर्न सक्छन् ।

बालबालिकाको लेखाइमा आफ्ना अभिभावकको पेसाले सहयोग गरेको हुन्छ । जुन बालबालिकाका अभिभावक लेखपढ गरेका छन् तिनका बालबालिका नियमित विद्यालय जान्छन् । उनीहरू पनि लेख्न अभ्यस्त हुन्छन् । जसले मजदुरी, कृषि कार्य गरिरहेका छन् तिनीहरूका सन्तान बुबाको काममा सघाउँदै घरमा बस्ने गरेको पाइन्छ । कृषि कार्य र मजदुरीमा लिखित अभ्यास नगरिने र शारीरिक श्रम गर्नु पर्ने हुँदा कामधन्दामा पोख्त भएको पाइन्छ ।

भोला र डानिल (सन् २०१८) ले जाम्बियामा बौद्धिक अपाङ्ग भएका बालबालिकाका लागि युवाहरूको जिम्मेवारी तथा अभिभावकको शिक्षाको प्रभावलाई उल्लेख गरिएको छ । यसमा अपाङ्गहरूले अपाङ्ग नभएका व्यक्तिसँगको प्रतिस्पर्धा, आमाबुबाको सोचाइ, अभिभावकीय शिक्षा र ज्ञानले बालबालिकामा सकारात्मक प्रभाव पार्ने बताएका छन् । त्यस्तै अभिभावकको शैक्षिक उपलब्धि, सामाजिक सहभागिता तथा समग्र मानव कल्याणका लागि महत्त्वपूर्ण रहेको र यही ज्ञान प्रसारणबाट बालबालिकाको सिकाइमा समेत भूमिका रहने बताएका छन् । मास र मिला (सन् २०१७) ले बालबालिकाको विकासमा  घर तथा विद्यालयको  शिक्षा अति महत्त्वपूर्ण हुने भएकाले घर, समुदाय र विद्यालयको सहकार्यमा शैक्षिक अवसरले विद्यार्थीको सिकाइ वातावरणमा सामाजिक र आर्थिक पक्षहरूको सम्बन्ध रहने गर्छ । सफल आमाबुबाले बालबालिकाको शिक्षा र पालनपोषणको प्रक्रिया पेसाले

समेत प्रभाव पारेको हुन्छ । आफ्ना अभिभावकहरू कुन कुन पेसामा संलग्न छन् ती सामाजिक सिपले पारिवारिक, सामाजिक, आर्थिक, जातीय, शैक्षिक पृष्ठभूमिको मुख्य भूमिका रहन्छ ।

विभिन्न पेसाले लिखित अभिव्यक्तिमा सम्बन्ध राखेको पाइन्छ । यसका लागि शैक्षिक लेखन र व्यावसायिक सञ्चार पनि एक हो । लेखन एक  संरचित रूप हो जुन विशिष्ट परम्परा र मापदण्डहरूको पालना गर्दछ । शैक्षिक लेखन औपचारिक विषयवस्तुमा केन्द्रित रहेर प्रयोगमा आधारित विशेषता जनाई बोलचालीको लेखन अभिव्यक्ति र व्यक्तिगत बोलीको बेवास्ता गर्छ (मिश्र, सन् २०२४, पृ. ११) । लेखन अभिव्यक्तिले विद्यार्थीको सिर्जनशीलतालाई देखाएको हुन्छ । विद्यार्थीहरूलाई आफ्ना अनुभव स्पष्ट बनाउन उनीहरूले सिर्जना गरेको विगत र वर्तमानका विचारमा रही तर्कलाई दस्तावेजीकरण गर्न उपयोगी अभिव्यक्तिको माध्यम लेखन हो यसलाई सही तरिका चाहिन्छ ( ओटोलेभ र अन्य, सन् २०१६, पृ.३४७) । लेखन कला राम्रो भएको  विद्यार्थी सक्षम हुने भएकाले लेखन क्षमता वृद्धि गर्न आवश्यक रहन्छ । राम्रो लेखन भएमा पढ्न सजिलो हुन्छ । राम्रो लेखन गर्न पुनर्लेखनबाट सम्भव हुन्छ । लेखकका विचारहरूलाई शब्द, वाक्य र अनुच्छेदमा परिणत गर्नु लेखन प्रक्रियाको एउटा चरण हो (जिन्सर, सन् २०२३, पृ. ३) । यसकारण पेसागत क्षमताले समेत विद्यार्थीको लिखित क्षमतामा प्रभाव पारेको पाइन्छ । खस मातृभाषी विद्यार्थीको लिखित क्षमतालाई अध्ययन गर्न आवश्यक देखिएको छ ।

**पारिवारिक संरचना र भाषा**

विद्यार्थीको सिकाइ परिवारमा निर्भर रहन्छ । बालबालिका परिवारको अधीनमा रहने भएकाले सिकाइमा मुख्य हात पारिवारिक सदस्यको रहन्छ । त्यसैले लामिछाने (२०८१) ले विद्यार्थीको सिकाइमा विद्यालय, परिवार र समुदाय साझेदारीको प्रयोगले महत्त्वपूर्ण भूमिका खेल्न गरेको उल्लेख गरेका छन् । विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावक र परिवारलाई विद्यालयले बुझ्न र विद्यालयले परिवारलाई बुझ्न सक्नु पर्छ । अभिभावकले आफ्ना नानीबाबुको सिकाइमा सहयोग गर्न कस्तो कार्य गरेका छन् जान्नु पर्छ । परिवार र विद्यालय बिचको सञ्चार भएको  छ छनै जानकारी राख्नु राम्रो मानिएको छ । प्रत्येक विद्यालयले अभिभावकसँग वर्षको कम्तीमा तिन पटक अभिभावकसँग अन्तरक्रिया गर्नु पर्छ । आवश्यकता अनुसार परिवारलाई सहयोग गर्ने, संवाद गर्ने, फोन गर्ने र सञ्चारको समन्वय गरी जानकारी राखेमा सिकाइ गतिविधि बढ्ने बताएका छन् । विद्यालयभन्दा बढी ज्ञानको

स्रोत घर र समुदायलाई मानेकाले परिवार र समुदायको ज्ञान विद्यालयमा पुग्ने र विद्यालयमा स्वयम्सेवा गर्न प्रेरित गरिन्छ । त्यसैले घरमा सिकाइ वातावरण तयार गर्ने हो भने बालबालिकाको सिकाइ सबल र अर्थपूर्ण बन्छ । समुदायसँग सहकार्यले विद्यार्थीमा सकारात्मक प्रभाव पर्छ । शिक्षकका लागि उपयोगी, परिवारिक लाभ तथा विद्यालय र परिवारका लागि फाइदा पुग्ने भएकाले पाठ्यपुस्तकले दिने ज्ञानभन्दा परिवारले र समुदायले दिने ज्ञान वास्तविक हुने जनाएका छन् ।

परिवार नै विद्यार्थीको मुख्य आधार हो । परिवारको सहायतालेले बालबालिकाले शिक्षा ग्रहण गर्दछन् । त्यसकारण महोम्द (सन् २०२२) ले विद्यार्थीको सिकाइमा परिवार, विद्यालय र समाजले सिकाइ प्रक्रियामा बलियो र गहिरो प्रभाव पार्छ । परिवारको भूमिका बालबालिकाको वृद्धि र विकासको लागि आवश्यक छ । आमाबाबु, हजुरबा, हजुरआमा, दाजुभाइ, दिदीवहीनीले बालबालिकाको सुरक्षा र पालनपोषण गर्छन्, । घरपरिवारका सदस्य नै पहिलो शिक्षक हुन् । विद्यार्थीहरूको सामाजिक र भावनात्मक विकास उनीहरूको परिवार र आमाबाबुबाट प्रभावित हुन्छ, जसले उनीहरूको सिकाइ अनुभवहरूलाई सुदृढ र सुधार गर्दछ । पारिवारिक सामाजिक-आर्थिक, पारिवारिक रूप, परिवार र विद्यालयको सम्बन्ध, र अन्तर-परिवार सम्बन्धले बालबालिकाहरूमाको सिकाइ प्रक्रियालाई बलियो बनाउने गरेको हुन्छ । पारिवारिक संस्था र स्वरूप, पारिवारिक सामाजिक आर्थिक स्थितिको सिकाइ, पारिवारिक विद्यालय सिकाइ साझेदारी, पारिवारिक सम्बन्धको सिकाइ हुने गर्छ । महोम्द ( सन् २०२२) का अनुसार

> बालबालिकाको विकासमा परिवारको महत्त्वलाई बढाइचढाइ गर्न सकिदैन । पारिवारिक सम्बन्धले बालबालिकाको सामाजिक र भावनात्मक विकासको लागि महत्त्वपूर्ण पृष्ठभूमि बनाउँछ । अभिभावक (बालक सम्बन्धले बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासलाई बढावा दिन्छ । यो एक विशेष सम्बन्ध हो जहाँ प्रत्येक बालबालिका र अभिभावकले माया र समर्थन साझा गर्छन् । पछिल्ला दशकहरूमा, विशेषज्ञहरूले अभिभावक बालक वा परिवारका सदस्यहरू र बालबालिकाको विकास बिचको सम्बन्धमा ठूलो संख्यामा अध्ययनहरू सञ्चालन गरेका छन् । बालबालिकाको शारीरिक, सामाजिक, मानसिक र व्यवहारिक विशेषताहरूको मूल्याङ्कन गर्ने एक प्रमुख सुरक्षात्मक तत्त्व स्वस्थ अभिभावक

सम्बन्ध हो । अर्कोतर्फ, बालबालिकाको भावनात्मक र व्यावहारिक समस्याहरूको लागि जोखिम कारक नकारात्मक अभिभावक सम्बन्ध हुन सक्छ (पृ.७) ।

विभिन्न देशमा आफ्ना बालबालिकाका लागि सरकारले सिकाइको मापदण्ड बनाएको हुन्छ । सरकारी नीतिका आधारमा बालबालिकाको सिकाइ तय गरिन्छ । यसका लागि स्थानीय तहदेखि सङ्घीय सरकारको दायित्व हुन्छ । त्यसैले गभरम्यान्ट अफ भर्जिनिया (सन् २०२०) ले परिवारका आधारमा बालबालिकाको सिकाइलाई बाह्र ग्रेडमा उल्लेख गरेको छ । किशोरावस्थाका बालबालिकालाई विवाहअगाडि यौन गतिविधिबाट टाढा रहनका लागि सामाजिक, मनोवैज्ञानिक स्वास्थ्य लाभ सिकाउनु, शिक्षा बोर्डले बाल कक्षादेखि कक्षा १२ सम्म पारिवारिक जीवन शिक्षाको पाठ्यक्रम र सिकाइ स्तर बढाउन निर्देशिका निर्माण गर्नुपर्ने ठहर गरेको छ । पारिवारिक शिक्षालाई प्राथमिकतामा राखी शिक्षकलाई तालिमको व्यवस्था गर्नु आवश्यक रहेको औँल्याएको छ । प्रारम्भिक चरणमा आफूप्रति सकारात्मक भावनाको विकास, अरूलाई सम्मानको अनुभव, आफ्नो व्यवहारको प्रभाव, पारिवारिक महत्त्व र बुझाइ, परिवारका सदस्यको जिम्मेवारी, विद्यार्थीले गर्ने महसुसमा मानिस र अन्य प्राणीको सन्तान उत्पादनको अवस्थाको बोध गर्दै नवौँ कक्षाका विद्यार्थीले मानव वृद्धि र विकासको चरण, सामाजिक एकताको महत्त्व पारिवारिक जिम्मेवारी, विद्यार्थीको कामुता, व्यक्तित्वको पहिचान, समीक्षात्मक निणर्यको कार्यान्वयन, सिकाइ प्रकृति र उद्देश्य, यौन व्यववहारको नियन्त्रण तथा यौन सम्बन्धका मापदण्ड, विद्युतीय माध्यमबाट गरिने यौन दुर्व्यवहार, मानव बेचबिखन रोकथामका उपाय, जीवन चक्रअनुसारको लागु पदार्थको सेवन सम्बन्धी ज्ञान, प्रजनन क्षमता तथा प्रक्रियाको व्याख्या, आत्म क्षमता, शैक्षिक उपलब्धि रक्षा गर्दै लक्ष्य निर्धारणका आधारमा विकास गर्न पारिवारिक शिक्षाको महत्त्वलाई उल्लेख गरेको पाइन्छ ।

खस मातृभाषा नेपाली भाषाको जननी भाषा हो । यो भाषाको प्रयोग क्षेत्र कर्णाली प्रदेशका दश जिल्लाका साथै नेपाल तथा विदेशमा समेत बोल्ने गरिन्छ । विशेष गरी जुम्ला, कालिकोट, दैलेख, हुम्ला, मुगु, डोल्पा, सुर्खेत, जाजरकोट, बाजुरा, अछाम, कैलाली, बर्दिया, बाँकेमा बोलिन्छ । कर्णालीमा मूल थलो भएका बाहुन, क्षेत्री, दलित, दशनामी समुदायको बसाइँ स्थानान्तरणका कारण खस भाषाको भूगोल व्यापक रहेको छ । काठमाडौं उपत्यकामा पनि बसोबास गर्नेको सङ्ख्या दिन प्रतिदिन बढ्दो गतिमा रहेकाले खस मातृभाषी प्रयोग कर्ता बढिरहेको छ ।

खस मातृभाषी वक्ताका बालबालिकाहरूको नेपाली भाषाको प्रयोगको अवस्थालाई अध्ययन गर्दा उनीहरूको लिखित क्षमताको अध्ययन गर्न आवश्यक रहेको छ । उनीहरूको लिखित क्षमता, लेखाइँको स्तरलाई पहिचान गर्न विद्यालयमा भर्ना भएर पढ्ने खस मातृभाषी विद्यार्थीमा अनुसन्धान शोधप्रबन्ध आधारित रहेको छ ।

कर्णाली खस भाषाको उद्‌गम तथा प्रयोग थलो हो । खस कर्णालीका बालवृद्ध वनिताको मातृभाषा हो । मातृभाषाका रूपमा बोल्ने विद्यार्थीहरू विद्यालयमा नेपाली भाषालाई दोस्रो भाषासरह सिक्दछन् । पञ्चम वर्ण प्रयोग भएका शब्दहरूको श्रुतिलेखन गराउँदा लेखनमा कम अभ्यस्त र उच्चारणको प्रभाव रहेको पाइन्छ । यस्तो उच्चारणको प्रभाव लेखनका क्रममा देखिनुलाई पनि भाषिक पृष्ठभूमिको प्रभाव मान्न सकिन्छ (शाही, सन् २०२४, पृ. १५७-१५९) । खस भाषाको उत्पत्ति स्थल जुम्ला हो । जुम्लाको ठाउँअनुसार बोलीगत भिन्नता रहेको पाइन्छ । जुम्लाको सिँजामा बोलिने भाषालाई सिँजाली खस भाषा भनिएको पाइन्छ । सिँजाली भाषा खसभाषा हो । यो नेपाली भाषाको प्राचीन रूप हो । सिँजाली भाषामा रहेका वर्णहरू ३० ओटा व्यतिरेकी व्यञ्जनवर्ण, ६ ओटा स्वरवर्ण, १० ओटा द्विस्वरवर्ण रहेका छन् । क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, स्, स्, ह् व्यञ्जनवर्ण हुन् । अ, आ, इ, उ, ए ओ स्वरवर्ण हुन् । अइ, आइ, उइ, एइ, ओइ, अउ, आउ, इउ, एउ, ओउ गरी १० ओटा द्विस्वर वर्ण हुन् । स्वरवर्ण अग्र, केन्द्रीय र पश्च प्रकृतिका छन् (आचार्य, सन् २०२४, पृ.पृ. १४५-१६५) । खसभाषाको प्रयोग क्षेत्रमा खसभाषाका भाषिक भेद रहेको देखिन्छ । सिँजामा सिँजाली खसभाषाको प्रयोग हुने गरेको भेटिन्छ । यहाँ खसभाषा र सिँजाली भाषा एउटै भाषा भएको मान्न सकिन्छ । भूगोलअनुसार खस भाषाका भेद रहेका छन् ।

नेपालको संविधान २०७२ ले नेपाललाई बहुभाषी, बहुजातीय, बहुसांस्कृतिक तथा बहुधार्मिक देश उल्लेख गरेको छ । यहाँ विविध भाषाहरू मातृभाषाका रूपमा बोलिन्छन् । भाषा बोलीसँग आधारित रहेको हुन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको नेपाली अभिव्यक्ति पनि उच्चारण तथा बोलीमा केन्द्रित रहेको पाइन्छ । खस मातृभाषीको लेखाइ त्रुटिको बारेमा निम्नानुसार रहेको छ :

खस मातृभाषी विद्यार्थीका वाक्यरचनामा पदहरूको पदादि, पदमध्य तथा पदान्तमा 'आ' कार उच्चारण गर्दा 'अ' कार प्रयोग गरिएको हुन्छ । जस्तै : भारदारमा भरदार, साधना आदि रहेको छ । खस मातृभाषी विद्यार्थीले पदान्तमा 'आ' वर्णको उच्चारण

र लेखाइमा बढी त्रुटि गरेका हुन्छन् । मातृभाषी विद्यार्थीले खासगरी 'ट' वर्गीय शब्दमा 'ढ' वर्णलाई 'ड' वर्णमा परिणत गरी उच्चारण गरेको पाइन्छ । कतिपयले 'र्' को साटो सिङ्गो 'र' कतिले उल्टोपाल्टो गरेर उच्चारण गरेको हुन्छ । खस मातृभाषी विद्यार्थीहरूले 'य' वर्णलाई 'ए' उच्चारण गर्ने र 'ब' वर्ण लाई 'व' र 'व' वर्णलाई ब उच्चारण गर्ने हुनाले उच्चारण र लेखाइमा त्रुटि देखिन्छन् । भाषिक वातावरण र समय पहिलो भाषाको सिकाइले स्वतन्त्र, अनियन्त्रित र अनौपचारिक वातावरण पाउँछ भने दोस्रो भाषा सिकाइले निश्चित, नियन्त्रित र औपचारिक वातावरण पाउँछ । घर, परिवार, साथीसङ्गी र समाजको वातावरणले समेत भाषिक त्रुटिको निर्धारण गर्दछ (तिवारी, सन् २०२४) ।

भाषाका लिखिक तथा मौखिक गरी दुई किसिमका अभिव्यक्तिका माध्यम रहेको हुन्छ । अभिव्यक्ति व्यक्तिमा निहित हुन्छ । त्यसकारण खसभाषा पनि मान्छेको अभिव्यक्ति अनुसार रहने भएकाले भाषाको अभिव्यक्तिमा विविधताको रहेको पाइन्छ । ऐतिहासिक तथ्यहरूका आधारमा हेर्दा मध्य एसियामा बस्ती आबाद भएपछि एकथरी खसहरू दक्षिणपूर्व हिमाली पाखा हुँदै महाकाली नदी पार गरेर कर्णाली नदीको किनारमा गई राज्य स्थापना गरेर बसेको देखिन्छ । सो क्षेत्रमा खसहरूकै प्राधान्य भएका कारणले नै सो क्षेत्र खसान नामबाट प्रसिद्ध भएको  थियो । यस क्षेत्रमा प्राप्त अभिलेखमा संस्कृत भाषाको प्रभाव परेर लेखिएका छन् । खस विद्वान् भएका कारण आफ्नो भाषा प्रचार गर्न सफल भए । जता जता खस उता नेपाली भाषा फैलियो । नेपाली भाषाको विकास कर्णाली प्रदेशको जुम्ला जिल्लाअन्तर्गतको सिँजा क्षेत्रमा भएको  थियो (दाहाल, सन् २०१६, पृ. २५४) । खसभाषाको विकासमा खस संस्कृतिको पनि महत्त्व रहेको छ । खसान प्रदेशमा आफ्नै मोलिक संस्कृति रहेको पाइन्छ । यहाँका मानिस प्रकृति पूजा गर्ने भएकाले प्रकृतिलाई देवता मान्छन् । प्राचीन कस वा शक शब्द वैदिक ग्रन्थमा आइपुग्दा 'खश' शब्द प्रचलनमा आएको देखिन्छ । यही 'खश' शब्दलाई नेपाली जनजिभ्रोले 'खस' उच्चारण गर्दै आएको छ । यिनै खसियाहरू ब्राह्मण र राजपुतमा विभाजित भए । त्यसैले खसहरूको मौलिक पहिचान भनेको मस्टो परम्परा हो । नेपालमा जातीय पहिचानका आधारहरू थर, गोत्र, कुल, धर्म, पेसा, भूगोल आदि हुन् । खसहरूले पुज्ने थानीमण्डली र थानहरू वातावरण मैत्री, प्रकृतिपरक, जैविक विविधता र एकताका प्रतीक मानिन्छन् । तसर्थ खस भाषा र  खसान प्रदेश हालको कर्णाली प्रदेशमा बसोबास गर्ने बासिन्दा हुन् । यहाँ विविधको  उत्पति स्थल हो । भाषा, धर्म र

परम्पराको विकास खसान प्रदेशबाट भएको  पाइन्छ । त्यसैले यहाँका मानिसले बोल्ने भाषा खस हो । खस भाषाले नेपाली भाषाको लिखित अभिव्यक्ति क्षमताले विद्यार्थीको  नेपाली लेखनको अध्ययन गर्न आवश्यक रहेको छ ।

**नेपाली भाषाप्रतिको दृष्टिकोण**

नेपाल बहुभाषिक देश हो । यहाँ राष्ट्रिय जनगणना २०७८ का अनुसार १२४ ओटा भाषा बोलिन्छन् । नेपालमा बोलिने धेरै भाषाहरू गत तथा क्षेत्रीय आधारमा रहेका छन् । त्यसैले नेपाल बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलक भएकाले यहाँका मानिसहरूले विभिन्न भाषालाई आफ्नो मातृभाषा मानेका छन् । अधिकारी (सन् २०२३) ले भाषा मानवीय विचार आदान प्रदानको माध्यम मानेकी छन् । उनले पहिलो भाषाको रूपमा मातृभाषा हुने र मातृभाषा पश्चात दोस्रो भाषा सिक्ने गर्छन् । नेपालमा धर्म र भाषाको द्विपक्षीय सम्बन्ध रहेको छ । नेपालमा नेपाली भाषा दोस्रो हुनेका लागि ज्ञानार्जन, शिक्षा आर्जन, अनुसन्धान, पर्यटन, सञ्चार, विद्यालय शिक्षाको प्रयोजनका लागि अनिवार्य रहेको छ । नेपाली भाषाको सिकाइमा पहिलो भाषाको उच्चारण, वर्ण, शब्द, रूप, पदावली, वाक्य, शब्दभण्डार र लेखाइमा समेत प्रभाव पर्ने हुन्छ । नेपाली भाषाबाहेकको अन्य मातृभाषा भएका विद्यार्थीको लागि नेपाली भाषा सिकाइमा भाषिक पृष्ठभूमिको प्रभाव, कक्षाकोठामा भाषिक विविधताको महसुस, सिकारूमा सिकाइगत कठिनाइ, भाषिक सम्प्रेषणमा अन्योल, वैयक्तिक भिन्नता र एकभाषी शिक्षकलाई कक्षाकोठा व्यवस्थापनमा कठिनाइ हुने दृष्टिकोण राखिएको छ ।

नेपालमा जनजातीयता, भाषा धर्म र संस्कृतिप्रति राज्यको दृष्टिकोण हिजो र आजको जनका भाषा, धर्म र संस्कृतिको विश्लेषण गरिएको छ । नेपालको अन्तरिम संविधान २०६४ ले दिएको अधिकारको परिधिमा रहेर यसभन्दा अगाडिका शासकहरूले विभिन्न भाषाभाषी, जातलाई दमन गरेको जनाएका छन् (राई, सन् २०२३) । जनका भाषालाई भाषिक तथा धार्मिक पहिचान खोज्नेलाई दण्डित गरेको, बहुभाषी देशमा एकल भाषालाई बाध्यात्मक रूपमा सिक्न लगाएको पाइन्छ । विद्यालयमा नेपाली मातृभाषा बाहेका अन्य बालबालिबालाई भाषिक कारणले मानसिक असर परेकाले विद्यालयको तहमा सिकाइ अन्तर रहेको जनाएका छन् । त्यस्तै नेपालको भौगोलिक एकीकरण गरिए पनि एक भाषा एक नीति, एउटा धर्म र एउटा संस्कृतिको कठघरामा गरेकाले विद्यालय तहमा अध्ययन गर्ने बालबालिकाको सिकाइमा भिन्नता रहेको दाबी गरेका छन् ।

अर्थपूर्ण भाषिक एकाइलाई शब्द भनेका छन् । शब्दहरूको क्रमबाट वाक्य बन्ने भएकाले विद्यार्थीहरूले तत्सम, तद्भव, आगन्तुक र मौलिक शब्द पहिचान गरी वाक्य निर्माण गर्न कठिन हुने दृष्टिकोण राखेका छन् (सुवेदी, सन् २०२४) । यसमा पनि स्वदेशी आगन्तुक र विदेशी आगन्तुक शब्द भनी जनाउन अप्ठ्यारो मान्ने र नेवारी, तामाङ, लिम्बू, थारू, गुरुङ, मैथिली, थकाली, अङ्ग्रेजी, हिन्दी, फारसी, तिब्बती, अरबी तथा अन्य भाषाका शब्द छुट्याउन कठिन हुने जनाएका छन् । त्यसैले नेपाली भाषाको सिकाइमा खस मातृभाषी विद्यार्थीलाई समेत यस्तो समस्या आउन सक्ने भएकाले विद्यार्थीको शब्दभण्डार क्षमताको वृद्धि गर्ने खालका सिकाइ जरुरत रहेको छ । नेपालमा मातृभाषा शिक्षाको अवस्थासम्बन्धी शिक्षामा मातृभाषाको प्रयोग गर्न सकेमा बालबालिकाको सिकाइ राम्रो हुने ठहर गरेका छन् (तुम्याहाङ, २०८०) । उनले विद्यालय शिक्षाको सिकाइ सहजीकरण प्रक्रियाका लागि आधारभूत तहमा मातृभाषालाई माध्यम भाषा बनाउने ऐन भए पनि व्यवहारमा प्रयोग हुन नसकेको जनाए । नेपालको संविधानमा मातृभाषालाई विषयका रूपमा प्रयोग गरे पनि माध्यमका रूपमा प्रयोग गर्न सकेको देखिँदैन । नेपालमा मातृभाषा शिक्षा दिने भने पनि विषयगत मातृभाषा लेखन भएका छन् तर विद्यालयमा नेपाली भाषामा नै विद्यार्थीलाई सिकाइ रहेको जनाएका छन् । यसरी नेपाली भाषामा  विद्यालयमा शिक्षा प्रदान गर्नु पर्ने भएकाले शिक्षामा जात तथा भाषिक बहुल्यता भएका ठाउँमा सोही भाषामा शिक्षा दिन जनशक्तिको व्यवस्थापन गर्न नसकेकाले संविधानअनुसार मातृभाषामा शिक्षा दिइने छ भन्नु र नेपाली भाषामा नै शिक्षा प्रदान गर्नुले नेपाली मातृभाषीबाहेका विद्यार्थीमा नेपाली भाषा सिकाइ जटिल भएको जनाएका छन् ।

माध्यमिक तहका खस मातृभाषी विद्यार्थीहरूले नेपाली लिखित अभिव्यक्तिसम्बन्धी अनुसन्धान भएको देखिँदैन । विद्यार्थीमा पठन सिपको अभाव रहनु, लेखाइमा कमजोरी हुनु, वर्णविन्यासमा त्रुटि गर्नु, भाषिक शुद्धाताको अभाव हुनु, पठन तथा लेखन सिप क्षमतामा सुधारको खोजी नभएको पाइन्छ । सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षक तथा प्रधानाध्यापकले कार्य गराउनेभन्दा पनि निर्देशनात्मक अर्ती दिनु पक्षको खोजी भएको  भेटिएन । भाषा शिक्षकलाई समयमा तालिमको बन्दोबस्ती, विद्यालय र घरमा नेपाली विषयको अभ्यास कार्य गर्ने विद्यार्थी उत्सुकता, नेपाली विषयलाई सामान्य विषयका रूपमा लिने प्रवृतिको अन्वेषण गरेको पाइएन । विद्यार्थीलाई मातृभाषाले प्रभाव पार्ने उमेर, लिङ्ग, धर्म तथा सामाजिक परिवेश, अभिभावकको पेसा र शिक्षाले समेत प्रभावित गरेका कारण रहेका छन् । यसरी

भेटिएका समस्यालाई उचित समयमा व्यवस्थापन गर्नका लागि विद्यार्थीलाई परेको समस्याको खोजी गरी समाधानको उपाय खोज्ने, पठन तथा लेखन सिप विकासका लागि समय समयमा कक्षा कार्यमा जोड दिनुपर्ने, नेपाली विषयको सिकाइ उपलब्धि वृद्धि गर्न परीक्षा तथा नमुना सङ्कलन गरी विद्यार्थीको उपस्थितिमा समीक्षा गर्नुपर्ने देखिन्छ । भाषिक, धार्मिक, जातीयतामा आँच पुग्ने कार्यबाट बञ्चित गरी मनोवैज्ञानिक विकासमा जोड दिनुपर्ने, नेपाली विषयप्रतिको पढाइमा चासो राख्नु पर्ने, कक्षामा पढाइ तथा लेखाइसँग सम्बन्धी अतिरिक्त कार्य गर्न प्रेरित गर्नु पर्ने धारणा विभिन्न व्यक्तित्त्वहरूले राखेका छन् ।

**विद्यार्थीको लेखन क्षमतासम्बन्धी गरिएका अध्ययन**

आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीको वाक्यगठनमा क्रियाको प्रयोगसम्बन्धी अध्ययन गरिएको पाइन्छ । विद्यार्थीको कथ्य अभिव्यक्ति वाक्य र नेपाली स्तरीय वाक्यगठनमा सामान्य भूत जनाउने र अभ्यस्त भूत जनाउने वाक्यहरू धेरै प्रयोग गरिएको पाइन्छ । भूतकालीन क्रियापदको प्रयोग गर्ने सन्दर्भमा विद्यार्थीहरूले थियो, थिएँ, थियौँ, थिइन जस्ता क्रियापदको स्थानमा छिया, छिए, छियौँ र छिइन् को प्रयोग गर्ने र तथा क्रियापदमा हुनुपर्ने 'थ' को स्थानमा 'छ' को प्रयोग गरेको पाइएको छ (रावत, सन् २०२६, पृ. ६५) । खस मातृभाषी विद्यार्थीको लिखित वाक्यगठन क्षमतामा कथ्य भाषिक अभिव्यक्तिको प्रभाव क्रियापदमा रहेको छ । त्यसैले खस भाषिक क्षेत्रमा क्रियाको अध्ययन भए पनि लिखित अभिव्यक्ति क्षमताको अध्ययन भएको  पाइँदैन । सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूले प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गरिएको छ । अनुसन्धानमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमता राम्रो रहेको छ (शाही, २०७६, पृ. ८१) । त्यस्तै जाजरकोट जिल्लामा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको पहचानका लागि गरिएको अध्ययनले सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको छ । विद्यालयका छात्राको तुलनामा छात्रको शब्दभण्डार क्षमतामा राम्रो रहेको छ (शर्मा, २०७६) । नेपालको सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको वर्णविन्यास लेखन क्षमताअनुसार भिन्नता रहेको पाइन्छ । त्यसैले लेखनमा वर्णविन्यासको अध्ययन अनुसन्धान कार्य भए पनि खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतासम्बन्धी परिमाणात्मक अनुसन्धान भएको देखिँदैन ।

कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमले निर्देश गरेका व्याकरणका क्षेत्र केन्द्रित परीक्षणबाट प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको छ। उक्त विश्लेषणमा काल, पक्ष, भाव र अर्थ, शब्दवर्ग, कारक र विभक्ति, लेख्यचिह्न, वर्णविन्यास, शब्दभण्डार, पदसङ्गति तथा वाक्य जस्ता विशिष्ट क्षेत्रका कार्यकलापहरूको प्रयोग अवस्था परीक्षण गरिएको पाइन्छ। व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण र अनुच्छेद लेखनको तहका कार्यकलाप सञ्चालन गर्दा सामान्य अनुच्छेद र आधारभूत वाक्यको सहयोग लिनु जरुरी रहने दर्शाएको छ ( चौहान, सन् २०२२, पृ. २४)। व्याकरणिक कोटिका आधारमा वाक्य गठन गर्दा सामान्य अनुच्छेद र आधारभूत अनुच्छेद गठन गर्ने सिप खासै विद्यार्थीमा नरहेको पाइन्छ। यसका लागि विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताअनुसारको चिठी, अनुच्छेद र वाक्य गठन, स्वतन्त्र अनुच्छेदसम्बन्धी अनुसन्धान गर्न आवश्यक रहेको छ ।

वीरेन्द्रनगर नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीको व्याकरणिक क्षमताअर्न्तगत शब्दवर्ग, काल, कारक र विभक्ति र पदसङ्गतिका आधारमा अध्ययन गरिएको छ। उक्त अध्ययनमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको व्याकरणिक क्षमता केही कमजोर रहेको छ भने संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको व्याकरणिक क्षमता उच्च छ। सामुदयिक विद्यालयभन्दा संस्थागत विद्यालयको व्याकरणिक क्षमता उच्च रहेको र व्याकरणिक क्षमता केही सन्तुलित रहेको जनाएका छन् (वली, २०७७,)। विद्यार्थीको लेखन क्षमता विद्यालयको प्रकारअनुसार भिन्नता रहेको पाइन्छ। सरकारी सामुदायिक तथा निजी संस्थागत विद्यालय सरकारीभन्दा निजी विद्यालय विद्यार्थीको लेखन राम्रो रहनुले सरकारी विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रश्न उठेको पाइन्छ ।

**अनुसन्धान रिक्तता**

पूर्वकार्यको पुनरावलोकनबाट माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको क्षेत्र व्यापक रहेको छ। यसभन्दा अगाडिका अध्येताहरूले गरेका अनुसन्धान कार्यबाट अनुसन्धान रिक्तता खोजिएको छ। रावत (सन् २०२६) विद्यार्थीको कथ्य अभिव्यक्ति वाक्य र नेपाली स्तरीय वाक्यगठनमा सामान्य भूत जनाउने र भूतकालीन क्रियापदको प्रयोग गर्ने सन्दर्भमा विद्यार्थीहरूले थियो, थिएँ, थियौँ, थिइन जस्ता क्रियापदको स्थानमा छिया, छिए, छियौँ र छिइन् को प्रयोग गर्ने र तथा क्रियापदमा हुनुपर्ने 'थ' को स्थानमा 'छ' को प्रयोग गरेको पाइएको छ। शाही (२०७६) ले सुर्खेत जिल्लाका

कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको प्रश्नोत्तर लेखनमा वर्णविन्यास क्षमतामा आधारित अध्ययन गरिका छन् भने खस मातृभाषी विद्यार्थीको लिखित क्षमताका सम्बन्धमा अनुसन्धान गरिएको देखिदैन । वली ( २०७७,) ले व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण र अनुच्छेद लेखनका कार्यकलापसम्बन्धी अनुसन्धान गरिएको छन् । उनले वीरेन्द्रनगर नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीको व्याकरणिक क्षमताअर्न्तगत शब्दवर्ग, काल, कारक र विभक्ति र पदसङ्गतिका आधारमा अध्ययन गरिएको छ । रावत (सन् २०२६) ले खस भाषी विद्यार्थीको वर्णविन्यास क्षमताको परीक्षण गरिएको भए पनि खस मातृभाषी विद्यार्थीको लिखित क्षमतासम्बन्धी अनुसन्धान गरिएको पाइँदैन । शाही (सन् २०२४) ले खस मातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइमा आधारित अनुसन्धान गरेको पाइन्छ । त्यस्तै रावत (सन् २०२५) ले खस मातृभाषा शिक्षण र यसको अवस्था बारेमा अध्ययन गरेको भए पनि लिखित पत्ररचना सम्बन्धी अध्ययन गरेको पाइँदैन । अर्का अध्ययता आचार्य (२८१) ले सिँजाली खस भाषाको वर्णव्यवस्थाका बारेमा अनुसन्धान गरेको पाइन्छ भने खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताका बारेमा खासै चर्चा गरिएको छैन । शाही (२०७४) ले कालिकोट जिल्ला स्युना, सिपखाना, मुम्रा र मान्म गाविसमा रहेका चार माध्यमिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निवेदन लेखन क्षमतासम्बन्धी अध्ययन अनुसन्धान गरेको पाइन्छ । यस अनुसन्धानमा विद्यार्थीको निवेदन लेखनको औसत क्षमतालाई प्रस्तुत गरिएको भए पनि खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अनुसन्धान गरिएको पाइँदैन । शाही ( सन् २०२५) ले अछामी भाषामा वचन, लिङ्ग र क्रियाविशेषण, सङ्गति व्यवस्थालाई मध्य नजर गरी तयार पारिएको छ । त्यस्तै शाही (सन् २०१६) ले अछामी भाषामा लिङ्ग व्यवस्थासम्बन्धी अनुसन्धान गरेका छन् । उक्त अनुसन्धानमा पुलिङ्ग र स्त्रीलिङ्गका विशेषता उल्लेख गरिएको पाइन्छ । उपाध्याय ( २०७२) ले अछामी भाषिका र नेपाली भाषाको व्यतिरेकी अध्ययन गरेको पाइन्छ । उनको अनुसन्धानमा अछामी, र नेपाली भाषाको शब्द, शब्दभण्डार, वर्णव्यवस्था, अर्थसम्बन्ध आदिमा केन्द्रित रही व्यतिरेकी गरिएको छ । आचार्य (२०७१), ले कालिकोट जिल्लाको रास्कोट क्षेत्रमा गाइने मागल र झोडा गीतमा प्रयुक्त भाषाको अध्ययन गरेको छ ।

माथि उल्लेख गरिएका अनुसन्धान तथा पूर्वकार्यको पुनरावलोकनबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा माध्यमिक तहका नेपाली भाषी विद्यार्थीको अभिव्यक्ति क्षमतासम्बन्धी व्याकरण, भाषा, विधा शिक्षण, वाक्य संरचना, लिखित कार्य, प्रश्नोतर लेखन, निबन्ध लेखन,

शैक्षिक उपलब्धिको लेखाजोखा, भाषिक सामाजिक पक्षको व्यापक अध्ययन अनुसन्धान भएको पाइन्छ । त्यसैगरी विद्यार्थीको उपस्थिति, सिकाइका क्षेत्र, विद्यालयको प्रकृति, विद्यार्थीको पठनबोध अवस्था, विभिन्न विषयको उपलब्धि परीक्षण, वाक्यगठन, शब्दभण्डार, मातृभाषाको प्रभाव, वाक्यरचना र सांस्कृतिक दृष्टिकोणबाट विद्यार्थीको भाषिक अभिव्यक्तिको अध्ययन गरिएको छ भने माध्यमिक तहका विद्यार्थीको लिखित क्षमतालाई सामान्य तवरबाट विश्लेषण गरिएको भए पनि खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अनुसन्धान गरी विश्लेषण गरिएको पाइँदैन ।

नेपाली भाषा तथा अंग्रेजी भाषाको भाषिक अभिव्यक्ति क्षमताको सन्दर्भसँग केन्द्रित रहेका छन् । विभिन्न मातृभाषाका वक्ताहरूको लिखित अभिव्यक्तिमा मातृभाषाको कथ्य सङ्कथनले स्तरीय भाषिक लेखन क्षमतामा माध्यमिक तहमा अध्ययन गर्ने अन्य विद्यार्थीको खोज अनुसन्धान गरिएको छ । खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा सामाजिक पक्षहरू, भाषा, धर्म, वर्ग, मूल्यमान्यता, चालचलन, भौगोलिक दुरी, अभिभावकको पेसा, व्यवसाय र शिक्षामा केन्द्रित भएर अध्ययन अनुसन्धान गरिएको देखिँदैन ।


आधारभूत तहमा अध्ययन गर्ने खस मातृभाषी विद्यार्थीको वाक्यगठनमा क्रियासम्बन्धी अध्ययनले वाक्यगठन क्षमताको अनुसन्धान गरिए पनि खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताअन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल र पत्ररचना, स्वतन्त्र लेखन, जटिल वाक्यगठनसम्बन्धी अनुसन्धानको कमी रहेको छ । त्यसैगरी स्नातकोत्तर तहको पाठ्यक्रमअनुसारको पाठ्यांश पूरा गर्ने हेतुले गरिएका शोधकार्यमा संस्थागत विद्यालय र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको प्रश्नोत्तर लेखन, शब्दभण्डार क्षमता, व्याकरणिक कोटिअन्तर्गत काल, पक्ष, भाव, वाच्य, लिङ्ग, वचन, पुरुष, आदरको अध्ययन गरिएको छ । त्यस्तै शब्दवर्ग, कारक र विभक्ति, लेख्यचिह्न, वर्णविन्यास, पदसङ्गति तथा वाक्य जस्ता विशिष्ट क्षेत्रका कार्यकलापहरू र कोटिअनुरूप वाक्य निर्माण र अनुच्छेद लेखन, सामान्य अनुच्छेद र आधारभूत वाक्यको वर्णविन्यास क्षमतासम्बन्धी अनुसन्धान गरे पनि खस मातृभाषी विद्यार्थीको लिखित क्षमता पहिचान गर्ने प्रयोजनअनुरूप परिमाणात्मक स्वतन्त्र चरहरू लिङ्ग, क्षेत्र, दुरी, समय, शिक्षा, पेसामा आधारित अनुसन्धान गरिएको पाइँदैन । त्यसैले खस मातृभाषी विद्यार्थीको लिखित क्षमता पहिचान गर्न अनुसन्धान आवश्यकता रहेको छ । नेपाली भाषाभन्दा पनि अन्य विदेशी भाषाका अनुसन्धाताले विद्यार्थीको लिखित क्षमताको स्वतन्त्र चरहरू लिङ्ग, उमेर, पेसा, शिक्षा, वर्ग,

क्षेत्र, दुरी, समय अनुसन्धान गरेको भए पनि नेपाली भाषा र नेपालका मातृभाषाअनुसार कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अध्ययन अनुसन्धान रिक्तता रहेको छ । त्यसैले नेपाली परिवेशअनुसार खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता पूर्व अध्ययनमा नसमेटिनुलाई अनुसन्धान रिक्तताको मुख्य विषयवस्तु बनाइएको छ । विद्यार्थीको लिखित क्षमताअन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, कालअनुसारको वाक्यगठन र चिठी, निबन्ध, अनुच्छेद लेखनमा नसमेटिएको अनुसन्धान रिक्ततालाई मुख्य बनाइएको छ । त्यसैले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमताको अध्ययन अनुसन्धान रिक्तता पूरा गर्ने कार्य यस शोधप्रबन्धबाट गरिएको छ ।

**सैद्धान्तिक अवधारणा**

मिस्ट्री र अन्य (सन् २००४) एडिनवर्ग विश्वविद्यालय, स्कटल्याण्ड युकेबाट प्रकाशित पुस्तक 'समाजशास्त्रको परिचय'को आधारमा भाषा, लिङ्ग, सम्बन्ध, सामाजिक स्वरूप, वर्ग, भाषा र शक्तिको दृष्टिकोण सिद्धान्तमा आधारित रहेर भाषा र विविधता, क्षेत्रीय भिन्नता, शब्द र कार्य, शब्द र संस्कृति, निकटता, समाज भाषाविज्ञान र शिक्षा, वक्ताको सङ्केत, सामाजिक द्वन्द्व सिद्धान्तका माध्यमबाट विद्यार्थीको लिखित क्षमतालाई समेटिएको छ ।


न्युजिल्यान्डका भाषाविज्ञ मिरियम (सन् २००६) "समाजशास्त्रको परिचय" को भाषा मनोवृत्ति, भाषिक जीवन, सामाजिक वर्ग, लैङ्गिकता, सामाजिक पहिचान, भाषिक अनुसरणमा जोड दिइएको छ । रास्कोटको समाज, भूगोलमा बस्ने मानिसहरूको आर्थिक सामाजिक पक्षले माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको अवस्था र स्थितिलाई परिमाणात्मक अनुसन्धान गरिएको छ ।




(मिरियम, सन् २००६, पृ.६१)

माथिको चित्र मिरियमको सिद्धान्तमा आधारित रहेको छ । भाषिक सिकाइका लागि लिङ्ग भाषा र मष्तिष्कले धेरै जस्तो लिखित भिन्नता पार्ने भएकाले बालबालिकाको सिकाइमा समेत यो सिद्धान्तलाई अपनाइएको छ ।

नेपाली लिखित अभिव्यक्ति क्षमता अनुसार आफ्नो मौलिक भाषाअनुसार सामाजिक जीवन कायम गरिएको छ । अल्पसङ्ख्या भएका भाषालाई बहुसङ्ख्या भएको भाषाले समाजमा हस्तक्षेप गर्ने भएकाले बालबालिकाको मानसिक बुझाइमा मैले बोल्ने भाषा कमजोर र बिग्रेको भाषा हो त्यसैले अब प्रभावशाली भाषा बोल्नु पर्छ भन्ने मानसिकताको विकास भएको भेटिन्छ ।





मिरियम (सन्, २००६, पृ. १०८)

माथिको तालिकाबाट खस मातृभाषी विद्यार्थीको सामाजिक सन्दर्भका माध्यमबाट अनुसन्धान गर्न परिमाणात्मक विधि अवलम्बन गरी खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको पहिचान गरिएको छ ।

**अवधारणात्मक ढाँचा**


अनुसन्धान कार्यलाई वैध तथा स्पष्ट मार्गनिर्देशन गर्न सैद्धान्तिक तथा व्यावहारिक खाकाका रूपमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको हुन्छ । त्यसैले यस अध्ययनसँग सम्बन्धित अनुमान, विश्वास, धारणा, अपेक्षा, मान्यता, सन्दर्भ, प्रभाव, सिद्धान्त, व्यावहारिक पक्ष, सम्भाव्यता, रेसियो, चर, परीक्षण आदिलाई परिमाणात्मक विधिअनुसार

निर्देशित गर्ने प्रणाली डिप्यान्डिङ भेरिवल र इनडिप्यान्डिङ भेरिवल (क्रेसवेल, सन् २००९, पृ. ६१) का रूपमा रहेको छ । यस प्रस्तुत शोध प्रबन्धमा अनुसन्धान समस्या, उद्देश्य, अध्ययनका चरहरू, अध्ययन विधि, तथ्याङ्क सङ्कलन, विश्लेषण, छलफल र नतिजाका लागि निम्नानुसारको अवधारणा प्रस्तुत गरिएको छ




माथि उल्लिखित अवधारणाअनुसार दोस्रो भाषीहरूको सिकाइ क्षमतामा आलोचनात्मक  विश्लेषणत्मक परिकल्पनाले सिक्न आवश्यक छ वा छैन भन्ने मान्यता राखेको छ (ग्यास र सिलिन्कर, सन् २००८, पृ. ९६) । त्यसैले यस अध्ययनमा दोस्रो भाषा सिकाइको समानता र भिन्नताको मान्यतालाई अङ्गिकार गरिएको छ ।

**दोस्रो भाषाको अवधारणा**




ग्यास र सिलिन्कर (सन् २००८)

ट्रोइके (सन् २०१२) को इन्ट्रोडकिङ सेकेन्ड ल्याङ्वेज एक्युसन बुकमा दोस्रो भाषा प्राप्त र सिकाइमा समाजभाषा, मनोविज्ञान, सामाजिक अवस्था, भाषिक ज्ञान, सिकाइ र शिक्षणको प्रभावलाई देखाएको छ। पहिलो र दोस्रो भाषीबिचमा बोधगम्य हुनुपर्छ (ट्रोइके, सन् २०१२, पृ.१८८)। नेपाली भाषी विद्यार्थी र दोस्रो भाषा विद्यार्थीको लेखन क्षमतामा समाज, भाषा र व्यवहारगत त्रुटिको सम्बन्धलाई चरका आधारमा अध्ययन गरिएको छ।

## अध्याय तीन

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत शोधप्रबन्ध लेखनका लागि आवश्यक पर्ने विधि, प्रक्रियालाई प्रस्ट पार्न अपनाइएका प्राविधिक पक्षहरूको चर्चा गरिएको छ । प्रस्तुत अध्ययनमा दार्शनिक आधारअन्तर्गत सत्यशास्त्र, ज्ञानशास्त्र, मूल्यशास्त्र, अनुसन्धान ढाँचा, विधिशास्त्रलाई दर्शाएको छ । अध्ययनका लागि जनसङ्ख्या नमुना छनोट, त्रुटि नमुना, तथ्याङ्कको स्रोतलाई चिनाएको छ । तथ्याङ्क सङ्कलनका साधन, प्रश्नावली, तथ्याङ्क सङ्कलन प्रक्रिया, प्राप्ति र विश्लेषण गरिएको छ । खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता पहिचान गर्न स्वतन्त्र र आश्रित टेस्ट गर्नका लागि लिङ्ग, दुरी, शिक्षा, पेसा जस्ता चरहरूमा नतिजाको विश्लेषण गरिएको छ । विद्यार्थीको आवृत्ति, प्रतिशत, औसत मानलाई एस.पी..एस.एस. सफ्टवेरबाट नतिजा विश्लेषण गरिएको छ । स्वतन्त्र चरहरू लिङ्ग, वर्ग, पेसा, उमेर, दुरी, समय, शिक्षाअनुसारको लिखित अभिव्यक्ति क्षमताको विश्लेषण गरिएको छ । सम्भाव्य नमुना छनोटबाट जनसङ्ख्या निर्धारण, ०.५ प्रतिशत गल्तीको आधारबाट सार्थक भिन्नतालाई प्राक्कल्पनाअनुसार तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### दार्शनिक आधार

प्रस्तुत अनुसन्धान विश्वासनीय तथा वैध बनाउनका लागि दार्शनिक आधार निर्धारण गरिएको छ । परिमाणात्मक विधिअनुसारको वर्णनात्मक प्रतिमानलाई स्वीकार गरिएको छ । प्रश्नावलीका माध्यमबाट विद्यार्थीको अङ्कन गरिएको नतिजालाई तालिकाबाट विश्लेषण गरिएको छ । अनुसन्धाताले अनुसन्धान कार्य अगाडि बढाउनका लागि विधि, प्रक्रिया छनोट गर्न, तथ्याङ्क सङ्कलन र विश्लेषणको समग्र कार्य प्रणाली अवलम्बन गरी त्यसबाट प्राप्त नतिजालाई, पूर्वकार्यका निष्कर्ष, स्थापित गर्न र सैद्धान्तिक अध्ययनको लागि दार्शनिक आधार निर्माण गरिएको छ ।

#### *सत्यशास्त्र*

अनुसन्धानलाई विशिष्ट बनाउनका लागि विभिन्न क्षेत्रबाट सङ्गठित गरिएका दार्शनिकको दृष्टिकोणलाई मनन गरिएको छ । क्रेसवेल (सन् २०१२) को धारणालाई खत्री (सन् २०२०) ले “कुनै पनि विषय वा मुद्दामा आफ्नो बुझाइलाई सङ्कलन गरी विश्लेषण

गर्ने चरण र प्रक्रियालाई परिभाषित गरेको छ (पृ.१४३५) । त्यसैले अनुसन्धान सत्यतासँग सम्बन्धित हुने उल्लेख गरेका छन् । सत्यशास्त्रको मान्यताअनुसार सत्य सापेक्ष र बहुसत्यमा जोड दिएकाले विद्यार्थीको लिखित अभिव्यक्ति जहिले पनि सापेक्ष हुने भएकाले वास्तविकता, अस्तित्त्व र दाशर्निक व्यवहारको सिद्धान्तअनुरूप रहेको छ । सत्यशास्त्र दर्शनको एक शाखा हो । अनुसन्धानकर्ताका प्रश्नले विद्यार्थीको लिखित अभिव्यक्तिबाट सामाजिक वास्तविकताको खोजी गरी प्राकृतिक वस्तुनिष्ठताका आधारमा प्रमाणित गर्नु सत्यशास्त्रको मान्यता हो । त्यस्तै सकारात्मकवादले एउटा वास्तविकताको दृष्टिकोणलाई वस्तुनिष्ठता र प्राक्कल्पनाको सिद्धान्तअनुसार परीक्षण उपयुक्त माने पनि तर्क र प्रयोगलाई प्रयोगवादीहरूले मान्यता दिएका छन् ।

स्कटल्याण्ड (सन् २०१२) को सिद्धान्तलाई खत्री (सन् २०२३) ले प्राकृतिक विज्ञान प्रयोग हुने वैज्ञानिक सकारात्मकवाद हो र यसले वास्तविकता प्रदान गर्छ । त्यसैले सत्यशास्त्रले परीक्षण र प्रतीमानका आधारमा वस्तुनिष्ठतालाई ग्रहण गर्ने भएकाले अनुसन्धानमा सकारात्मकवाद अनिवार्य छ । अर्कोतर्फ उत्तर सकारात्मकवादले समेत अनुसन्धानलाई प्रमाणित गर्न वास्तविकताको आधार तयार गरिएको छ । यसले सत्यताको मान्यतामा विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता र  प्रक्रियाका उपकरणलाई स्वीकार गर्छ । टेलर र मेडिना (सन् २०११) को मान्यतालाई खत्री (सन् २०२३) ले सकारात्मकवाद र उत्तर सकारात्मकवाद दुवैलाई परम्परागत प्रतीमानले सामान्यीकरणको ज्ञान उत्पादन गर्न उपयोगी हुने ठहर गरेको छ । विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतामा मातृभाषा, सामाजिक व्यवहार, धर्म, रीति, सांस्कृतिक परम्परा, मूल्य मान्यता, बुबाआमाको कार्य, शिक्षा आदिलाई बहुल सत्यशास्त्रका रूपमा लिइएको छ ।

प्रस्तुत शोधप्रबन्धमाा खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता तथा पारिवारिक अवस्थाको विश्लेषण गर्नु रहेको छ । यहाँका विद्यार्थीको आर्थिक अभाव, सामाजिका कार्य, जीवनशैली, विद्यार्थीको वैयक्तिक अवस्था, विद्यालयको दुरी, उमेर र समयका आधारको लिखित क्षमतालाई सत्यशास्त्र मानिएको छ ।

***ज्ञानशास्त्र***

मानवमा ज्ञान तहको निर्माण हुने स्थिति भनेको व्यवहार, समाज र संस्कृति हो । समुदायमा गरिएका विविध कार्यहरूबाट ज्ञान आर्जन गर्न सकिन्छ । ज्ञान आर्जन अनुभव,

भोगाइ, लेखाइका अभिव्यक्ति तथा देखाइको भूमिका प्रमुख रहने गर्छ । ज्ञानको औचित्य प्रदान गर्न व्यक्तिको धारणा, प्रतिबिम्ब, व्यवहार तुलना गरी नयाँ अवधारणात्मक प्रतिविम्बन र मान्यता स्थापित गर्छ (अडी, सन्, २००५, पृ. १३४) । त्यसैले मानिसले सिकेका ज्ञानको स्रोत, ज्ञान प्राप्त गरेको तरिकालाई ज्ञान सिद्धान्तको मान्यताअनुसार ज्ञानको स्वरूप र वैधतासम्बन्धी अध्ययन गर्ने कार्य ज्ञानशास्त्रको हो । मानिसले अनुभव गरेका ज्ञानहरूलाई समाज सापेक्ष व्याख्या गर्नुपर्ने पक्षमा जोड दिएको हुन्छ । ज्ञानको लिखित दस्तावेज बनाउने कार्यका जोड दिन्छ । त्यसैले ज्ञानशास्त्रलाई अनुसन्धानमा महत्त्वपूर्ण रूपमा हेरिने गर्छ । अनुसन्धानमा मुख्य उद्देश्य भनेको ज्ञानको खोजी हो । त्यसैले अनुसन्धाताले ज्ञानको स्रोत कसरी प्राप्त हुन्छ त्यो पहिचान गर्न, ज्ञानको स्थापना गर्न ज्ञानशास्त्रको आवश्यक पर्छ । ज्ञानशास्त्रले सामाजिक तथा मानवीय सम्बन्ध, घनिष्टता, सहजता आदिलाई प्रमाणित गर्छ । परिमाणात्मक अनुसन्धानमा ज्ञानशास्त्रले अनुमान, विकल्प, परीक्षणअनुसारको सिद्धान्तलाई स्वीकार गर्छ । सकारात्मकतावादी ज्ञानशास्त्र न त पूर्ण व्याख्यावादी परम्परा राजनीतिसँग मिल्छ । वस्तुनिष्ठ ज्ञान, सामाजिक घटना र विज्ञानमा नयाँ सम्भावनाको खोजी गर्छ (ग्रास, २०२४, पृ. ४७) । त्यसैले ज्ञानशास्त्र अनुसार खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतालाई कक्षाकोठा, सार्वजनिक स्थान, समुदाय, पेसा व्यवसाय अनुसारको नेपाली भाषाको लिखित क्षमतामा पारेको असरलाई लेखाइ, भोगाइ, गराइ आदिको अनुभवलाई अभिव्यक्ति सुधारलाई ज्ञानको निर्माण गर्ने भएको ले खस मातृभाषी विद्यार्थीबाट प्राप्त लिखित अनुभवलाई ज्ञानशास्त्र मानिने छ । तसर्थ खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतामा सामाजिक सन्दर्भको प्रभावको अध्ययनमा विभिन्न विधिको प्रयोग गरी अनुसन्धान कार्य गर्न प्रेरित गरिएका लिखित, सिकाइ तथा अनुभव ज्ञानशास्त्र रहेको छन् ।

***मूल्यशास्त्र***

प्रस्तुत अनुसन्धान परिमाणात्मक अध्ययनको मूल्यशास्त्र कम्टे (सन् १८६५) सकारात्मकवादको सामान्य दृष्टिकोणको मान्यताअन्तर्गतको सकारात्मक सामाजिक पक्षसँग आधारित रहेको छ । "सकारात्मकवाद मूलतः दर्शन र राजनीतिबाट प्रेरित हुने भएकाले पहिले बनेको आधार र पछि बन्ने आधार प्रणालीको बौद्धिकता, क्षमता, सामाजिक सहानुभूति, सामाजिक निकटतासँग समाज विज्ञानलाई पहिलो स्थानमा राख्छ" (कम्टे, सन् १८६५, पृ. १) । त्यस्तै क्रेसवेलको रिसर्च डिजाइनअनुसारको परिमाणात्मक विधिका

आधारमा अनुसन्धान वैधता, विश्वसनीयता बनाउन परिमाणात्मक अन्वेषण, परीक्षणको नतिजाका लागि प्रश्नावली, अन्तर्वातामार्फत विभिन्न दृष्टिकोण प्रस्तुत गर्दै विश्वसनीयताका निम्ति चरहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छ। "परिमाणात्मक सिद्धान्तमा चरले व्यक्तिको विशेषता जनाउँछ। मापन वा अवलोकन गर्न चरहरूबिचको वर्गमा मापन तथा मूल्याङ्कन गर्न सकिन्छ। सामान्यतया लिङ्ग, उमेर, सामाजिक कार्य, आर्थिक स्थिति,धर्म, सामाजिक व्यवहार, राजनीति, पेसा, शिक्षा हुन् (क्रेसवेल, सन् २००९ पृ.५९)। परिमाणात्मक मान्यताअनुसारको मूल्य सापेक्षामा जोड दिन्छ। तसर्थ खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतामा सकारात्मवादका विचारहरू ठाउँअनुसार एकै नहुन सक्छन्। उनीहरूका गुण, विचार, विशेषता, मूल्यमान्यता, सिकाइ व्यवहार आदिको तालमेलमा फरक मतलाई मूल्यशास्त्र मानिएको छ।

प्रस्तुत अध्ययनबाट पाएको तथ्यलाई अनुसरण गरी माध्यमिक तहमा अध्ययन गर्ने खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता ठाउँअनुसार फरक हुन सक्ने अनुमान गर्न सकिन्छ। त्यसैले खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको माध्यमबाट विद्यार्थीको क्षमताको अन्तर भिन्नताको अध्ययन नै मूल्यशास्त्र हो।

### अनुसन्धान ढाँचा

प्रस्तुत शोधप्रबन्ध परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित छ। परिमाणात्मक अनुसन्धानको दार्शनिक आधार भनेको प्रत्यक्षवाद र उत्तरप्रत्यक्षवाद हो। प्रत्यक्षवाद वा उत्तरप्रत्यक्षवादका तत्त्वहरूलाई आधार मानेर परिमाणात्मक अनुसन्धान गरिन्छ। अनुसन्धानको समस्या पहिचान, अनुसन्धान प्रश्नहरू र प्राक्कल्पनाको निर्माण, तथ्य सङ्कलन र विश्लेषण गरिन्छ (खड्का, २०७७, पृ. ५)। बर्म्यनको (सन् २०१२ को मान्यतालाई खड्का (२०७७) ले सामाजिक यथार्थता अनुसन्धानभन्दा बाहिर हुने विश्वास तत्त्वमीमांसा, प्राकृतिक विज्ञानको अनुसन्धानबाट समाज विज्ञानको अनुन्धान गर्ने विश्वास ज्ञानमीमांसा र अनुसन्धानमा  सिद्धान्तले अनुसन्धानलाई निर्देशन गर्दछ र नियमनात्मक प्रक्रिया हो भन्ने मान्यता जाहेर गरेका छन् (पृ.५)। परिमाणात्मक अनुसन्धान ढाँचामा सर्भे र प्रयोगात्मक अनुसन्धान विधि ढाँचाको प्रयोग गरिन्छ। यस अनुसन्धानमा सर्भे ढाँचालाई अपनाइएको छ। प्रश्नावली, अन्तर्वार्ता विधिको प्रयोग गरी व्यक्तिहरूबाट जानकारी सङ्कलन गरेर गरिने अनुसन्धानलाई सर्भे भनिन्छ। यस विधिमा खास गरी प्रश्नावली तथा अन्तर्वार्ताको प्रयोग गरेर जानकारी, धारणा, सुझाव सङ्कलन गरिन्छ (खनाल, २०८०, पृ.

६५) । त्यसैले यस सिद्धान्तअनुसार खस मातृभाषी विद्यार्थीको वाक्य रचना, पत्ररचना, स्वतन्त्र लेखन, भाषिक सुझ निर्माणमा संस्कृति, भाषिक विकासमा सामाजिक पक्ष, वर्ग, क्षेत्र, शिक्षा, लिङ्ग, पेसा, , भाषा, धर्म, पारिवारिक संरचना र भाषा सामाजिक सन्दर्भ विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतालाई परिमाणात्मक ढाँचाका माध्यमबाट आएको नतिजालाई परिमाणात्मक ढाँचाबाट विश्लेषण गरिएको छ ।

**विधिशास्त्र**

अनुसन्धानलाई सुव्यवस्थित, व्यावहारिक, पारदर्शी, वैधताका साथै वैज्ञानिक आधार तयार गर्ने कार्य विधिशास्त्रले गर्छ । यस अध्ययन मा परिमाणात्मक विधिको प्रयोग गरिएको छ । “अध्ययनलाई व्यवस्थित, वैज्ञानिक र तर्कसम्मत बनाउन अपनाइएको पद्धति यस अध्ययनको विधिशास्त्र हो” (आचार्य, २०८१, पृ.६५) । त्यसैले यस अनुसन्धानलाई व्यवस्थित र तार्किक बनाउनका लागि चाहिने आधारलाई विधिशास्त्र मानिन्छ । परिमाणात्मक अनुसन्धानमा प्रश्नावली, परीक्षा, रेटिङ स्केल जस्ता साधनहरूबाट सङ्कलन गरिएका तथ्याङ्कहरू पूर्णरूपमा भए नभएको  जाँच गरिन्छ (खनाल, २०८०, पृ.२०९) । त्यसकारण परिमाणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । विद्यार्थीको सामाजिक अवस्थाका लागि विभिन्न चरका माध्यमबाट परिमाणात्मक विधिबाट आएको नतिजालाई विश्लेषण गरिएको छ । पमिाणात्मक विधिअनुसार खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमताका आधारमा सामाजिक अवस्था, शिक्षा, पेसा, उमेर, भाषाको आधारलाई व्यवस्थित बनाइएको छ । अनुसन्धान पद्धति भनेको अनुसन्धान समस्यालाई व्यवस्थित समाधान गर्ने तरिका हो । अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान समस्याको अध्ययन गर्दा अपनाइएका विभिन्न चरणहरू, निश्चित सुचाङ्कहरूको परीक्षण, औसत, मध्यक, मानक विचलन ढाँचालाई अगाल्ने विधिको प्रयोग गरिन्छ (कोठरी, सन् १९९०, पृ. ७) ले जनाएका छन् । तसर्थ विद्यार्थीको लिखित क्षमतालाई गणितीय सिद्धान्तमा रही मान, मध्यमान, औसत र परीक्षण निकालिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा सामाजिक सन्दर्भका लागि आवश्यक पर्ने परिमाणात्मक विधिको उपयोगबाट जनसङ्ख्या नमुनाको छनोट गरी तथ्याङ्क सङ्कलन गर्ने प्रक्रिया अपनाइएको छ । यसबाट आएको तथ्यलाई परिमाणात्मक विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धानमा विद्यार्थीको लिखित क्षमता परीक्षण लागि लेखन तत्त्वको पहिचान गरी आश्रित र स्वतन्त्र

चरबिचको तुलना गरिएको छ । अनुसन्धान विधि सबैभन्दा विशिष्ट पक्ष हो । विभिन्न चरका आधारले सर्वेक्षण, नमुना, जनसङ्ख्या, प्राक्कल्पना, प्रश्नावलीका माध्यमबाट नतिजा विश्लेषण गरिन्छ (क्रेसवेल, सन् २००९, पृ. १३७) ।

**जनसङ्ख्या**

प्रस्तुत अनुसन्धानका लागि कालिकोट जिल्ला रास्कोट नगरपालिकामा रहेका चारओटा सामुदायिक माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०८२ मा भर्ना भएका श्री बडिमालिका माध्यमकि विद्यालय रास्कोट, श्री जनजागृति मा.वि. फुकोट, श्री मोतीराम मा.वि. सिपखाना र श्री कालासिल्ला मा.वि. गोर्खाली गाउँका कक्षा १० मा अध्ययनरत ४०० जना विद्यार्थीलाई मुख्य जनसङ्ख्या रूपमा परिभाषित गरिएको छ । अनुसन्धाताले अनुसन्धान क्षेत्रको सबै वस्तु स्थितिकाअनुसारको तथ्याङ्क प्राप्त गर्नका लागि लिएको अनुमानित गणनालाई जनसङ्ख्या भनिन्छ (कोथारी, सन् १९९०, पृ..५५) । त्यसकारण यस शोधप्रबन्धका लागि कालिकोट जिल्लाको रास्कोट नगरपालिकामा रहेका सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीलाई जनसङ्ख्याको रूपमा परिभाषित गरिएको छ ।

***जनसङ्ख्या नमुना छनोट***

प्रस्तुत शोधप्रबन्धका लागि जनसङ्ख्या नमुना लिइएको छ । रास्कोट नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत खस मातृभाषी विद्यार्थीको जनसङ्ख्या नमुना छनोट गरिएको छ । "नमुना जनसङ्ख्याबाट झिकिएको एक सानो समूह हो जसले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्छ" (खनाल, २०८०। पृ. १२४) । त्यसैले यस अनुसन्धानका लागि प्रतिनिधमूलक जनसङ्ख्या नमुना छनोट गरिएको छ । परिमाणात्मक अनुसन्धानका लागि जनसङ्ख्या अपरिहार्य रहेको हुन्छ । कुल जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी सम्भाव्य जनसङ्ख्याका नमुना छनोट गरिएको छ । यस अनुसन्धानमा रास्कोटको सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययन गर्ने ४०० जनाको कुल जनसङ्ख्याबाट योम्यान फर्मुलाको त्रुटिको मान ०.०५ को आधारअनुसार १११ जना छात्रा र ८९ छात्र गरी जम्मा २०० जनालाई प्रतिनिधि नमुना जनसङ्ख्या निर्धारण गरिएको छ ।

### *त्रुटि नमुना*

प्रस्तुत अनुसन्धानका लागि छनोट गरिएको जनसङ्ख्यालाई आधार गरी रास्कोट नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १० का विद्यार्थीलाई "योम्यान फर्मुला n=N/{1+N(n)2} त्रुटिको मान ०.०५ को नमुना आकार गणना गरिन्छ (खनाल, २०८०, पृ.१२७) । यही विधिको अधीनमा रही त्रुटि नमुनाको मानक अङ्क आधारमा परिमाणात्मक नमुना छनोट २०० जना विद्यार्थीबाट तथ्य सङ्कलन गरिएको छ ।

$$n = \frac{n_0}{1 + \frac{n_0}{N}}$$

यहाँ सुत्रअनुसार :

**n = N / (1 + N·e²)**

हिसाब गर्दा

यहाँ

N = 400 (जनसङ्ख्या)

e = 5% = 0.05

अब हिसाब गरौँ

$e^2=(0.05)^2$

$=0.0025e^2$

$N.e^2=400\times0.0025$

$= 1N.e^2$

$= 400\times0.0025 =1$

$1+N.e^2$

$=1+1$

$=2$

$n=400/2$

$=200n$

जम्मा २०० जना

४०० जनाबाट ०.५ प्रतिशत गल्ती लिँदा त्रुटिको स्तरीकृत नमुना आकार २०० जना हुन्छ ।

खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतासम्बन्धी अनुसन्धानात्मक शोधप्रबन्ध लेखन गरिएको छ । यस शीर्षकमा आधारित रही कालिकोट जिल्ला रास्कोट नगरपालिककामा रहेका चारओटा सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने ४०० जना विद्यार्थीहरूलाई मुख्य जनसङ्ख्या निर्धारण गरी नमुना छनोट विधिबाट योगम्यान सुत्र (n=N/{1+N(n)2} ) को नमुना जनसङ्ख्या छनोटबाट २०० जनालाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त २०० जनाबाट ३० पूर्णाङ्कको प्रश्नावली तयार गरेर चिठा विधिको आधारमा छनोट गरिएका विद्यार्थीलाई लिखित परीक्षा लिइएको छ ।

कक्षा १० मा अध्ययन गर्ने चारओटा माध्यमिक विद्यालयका विद्यार्थीहरूबाट १११ जना छात्रा, ८९ जना छात्रलाई लिखित परीक्षामा सहभागी गरिएको छ । उनीहरूमध्ये १५ वर्ष मुनिका ७८ जना र १६ वर्षभन्दा माथिका १२२ जना रहेका छन् । उक्त विद्यार्थीहरूमा गैर दलित ११९ जना र दलित ८१ जना रहेका छन् । यसरी लिखित परीक्षाबाट विद्यार्थीको पत्र रचना, वाक्य गठन, निबन्ध लेखन, जटिल वाक्य संरचनाको अनुच्छेद लेखन, वाक्यमा लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसार क्रियापदको प्रयोग गरी लिखित वाक्य गठन गर्न लगाइएको छ । उनीहरूको लिखित अभिव्यक्तिमार्फत खस मातृभाषी विद्यार्थीको लिखित क्षमताको पहिचान गरिएको छ ।

***स्तरीकृत नमुना छनोट***

प्रस्तुत शोधप्रबन्धलाई प्रभावकारी बनाउन स्तरीकृत नमुना छनोट आवश्यक रहेकाले यसका लागि सम्भावनायुक्त नमुना छनोट गरिएको छ । तसर्थ योगम्यानको फर्मुला उपयोग गरी जनसङ्ख्याको आधार निर्धारण गरिएको छ । यसरी गरिएको नमुना भरपर्दो नहुन सक्ने सम्भावना रहेकाले खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता अध्ययन गर्न रास्कोट नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालय २०८२ सालमा भर्ना भएका कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीबाट धर्म, समुदाय, लिङ्ग, क्षेत्र, पेसा, वर्ग, आर्थिक अवस्था समेटिने गरी सम्भावनायुक्त नमुना छनोट गरी चिट्ठा विधिको प्रयोगबाट स्तरीकृत नमुना छनोट गरिएको छ ।

**तथ्याङ्कको स्रोत**

प्रस्तुत शोधप्रबन्ध परिमाणात्मक ढाँचामा आधारित हुने भएकाले परिमाणात्मक विधिका लागि प्रश्नावली र लिखित परीक्षाका आधारमा सामग्री सङ्कलन गरिएको छ। यसका लागि सर्भे विधिको प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरिएको छ। यसका लागि कालिकोट जिल्ला रास्कोट नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० का विद्यार्थीको नमुना छनोट गरी प्रश्नावलीको माध्यमबाट लिखित परीक्षा लिइएको छ । त्यसैले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता पहिचान गर्नका निम्ति प्राथमिक तथा द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ।

***प्राथमिक स्रोत***

प्रस्तुत शोधप्रबन्ध परिमाणात्मक विश्लेषणमा आधारित भएकाले प्रश्नावली तयार गरी विद्यार्थीबाट लिखित परीक्षामा लिइएको छ। खस मातृभाषी विद्यार्थीको सामाजिक स्थिति, भाषिक पक्ष, शैक्षिक अवस्था, पेसागत कारण, पारिवारिक आर्थिक अवस्थाको लिखित परीक्षाबाट तथ्य सङ्कलन गरिएको छ। लिखित परीक्षाबाट नखुलेका तथ्यलाई विद्यार्थीको अन्तर्वार्ता लिइएका प्राप्त तथ्यलाई प्राथमिक स्रोत सामग्री मानिएको छ।

***द्वितीय स्रोत***

प्रस्तुत अनुसन्धानका लागि प्रकाशित अनुसन्धान पुस्तक, लेख, रचना, शोधप्रबन्ध, दस्तावेज, विद्यार्थीको उपलब्धि मूल्याङ्कन प्रतिवेदन, अप्रकाशित शोध, खस मातृभाषी विद्यार्थीका लिखित अभिव्यक्ति क्षमतासम्बन्धी विचार, सांस्कृतिक मूल्य मान्यता आदि माध्यमबाट द्वितीय स्रोत सङ्कलन गरिएको छ।

**तथ्य सङ्कलनका साधन**

प्रस्तुत शोधप्रबन्ध माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा आधारित रहेको छ। यस शोधप्रबन्धमा तथ्य सङ्कलनका लागि आवश्यक उपकरणहरूलाई तथ्य सङ्कलनका साधन भनिन्छ। यो अध्ययन परिमाणात्मक विधिमा आधारित भएकाले तथ्य सङ्कलन पनि परिमाणात्मक गर्नु पर्ने हुन्छ। विशेष गरी अनुसन्धान उद्देश्यका लागि मौलिक रूपमा लिइएको तथ्याङ्कलाई तथ्य भनिन्छ। तथ्य सङ्कलन प्राथमिक, द्वितीय स्रोतबाट लिन सकिन्छ (बहोमे, सन् २०१३, पृ. ४९)। त्यसैले यस अध्ययनका लागि निम्नानुसारका तथ्य साधनको प्रयोग गरिएको छ।

***प्रश्नावली***

प्रश्नावली भनेको प्रश्नहरूको व्यवस्थित सङ्कलन हो जुन जनसङ्ख्याको नमुनाबाट उत्तर लिइन्छ (पाण्डे एण्ड पाण्डे, सन् २०१५) । परिमाणात्मक विधिका लागि विद्यार्थीको लिखित परीक्षा प्रश्नावलीबाट लिइएको छ । आश्रित र स्वतन्त्र चरको प्रयोग प्रश्नावलीबाट गरिएको छ । प्राक्कल्पनाबाट मूल्याङ्कन गर्ने नामाङ्कित, क्रमागत, आनुपातिक, अन्तराल प्रश्नहरूको प्रयोग गरिएको छ । विद्यार्थीको लिखित क्षमताबाट खस मातृभाषीको सिकाइ सामाजिक सन्दर्भका लागि निम्न प्रश्नको माध्यमबाट परीक्षण गरिएको छ ।

| **अध्ययनको आधार** | अङ्क |
|---|---|
| वाक्य संरचना (लिङ्ग, वचन, पुरुष, आदर र काल) | १० |
| पत्ररचना (क) सामाजिक विषयवस्तुको प्रयोग गरी व्यक्तिगत चिठी लेखन | ६ |
| (ख) सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन | ४ |
| स्वतन्त्र लेखन (क) निबन्ध लेखन | ६ |
| (ख) जटिल वाक्य संरचनाको अनुच्छेद लेखन | ४ |
| जम्मा | ३० |

परीक्षालाई सामाजिक, सांस्कृतिक, भाषिक, पेसागत, लैङ्गिकगत, भौगोलिक दुरी, उमेरअनुसार चरका माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । अनुसन्धानलाई वैधता बनाउन प्रश्नहरूको जवाफ मापन योग्य बनाउन र प्राक्कल्पनाबाट परीक्षणमा विश्वसनीयता दिन आश्रित र स्वतन्त्र चरबिचको सम्बन्ध निर्माण गर्छ । यसले एक वा एकभन्दा बढी चरहरूको बिच चरमा निर्भर रहन्छ (हरादन, सन् २०२०, पृ.११) । विद्यार्थीको क्षमतामा चरहरूको सम्बन्धले लिखित क्षमतामा कस्तो सम्बन्ध स्थापति गरेको छ । त्यसैले खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताका लागि प्रश्नावलीमार्फत आश्रित र स्वतन्त्र चरको विश्लेषण गरिएको छ ।

**लिखित परीक्षा**

माथिको प्रश्नावलीलाई विद्यार्थीबाट लेखन गर्न लगाई परीक्षा लिइएर अङ्कन गरी विश्लेषण गरिएको हो । जम्मा ३० पूर्णाङ्कको प्रश्नपत्रमा विद्यार्थीलाई पाठ्यक्रमको अधीनमा रही परीक्षा दिन लागाइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७८) ले माध्यमिक

तह कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीलाई कक्षागत सिकाइ उपलब्धिमा विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणत्मक,समीक्षात्मक र समालोलनात्मक अभिव्यक्ति दिन सक्ने बनाउने छ (२०७८, पृ.२८) । त्यसैले कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीका लागि निबन्ध लेखन र चिठी पत्र रचना गर्न उपयक्त रहेको छ । त्यस्तै कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीलाई व्यावहारिक लेखनमा ९ कार्यघण्टा, लिङ्ग, पुरुष, आदर, काल, पक्ष, वचन शिक्षण गर्न ९ कार्य घण्टा निर्धारण गरिनुले पनि लेखन क्षमताका लागि निबन्ध र चिठी लेखनको कठिन कार्य रहेको छैन ।

***अन्तर्वार्ता***

शोधप्रबन्धको उद्देश्य प्राप्तिका लागि सरोकारवालासँगको अन्तर्वार्ता लिइएको छ । शोधप्रबन्ध परिमाणात्मक हुने भएकाले परिमाणात्मक नतिजाका विश्लेषण गर्न संरचित अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ताका सम्बन्धमा धेरैजसो मानिसहरूले अन्तर्वार्तालाई सामान्तया संरचित अन्तर्वार्तालाई जनाउँछन् भने अन्तर्वार्ताले असंरचित अन्तर्वार्ता पनि जनाउने भएकाले सबैखाले नमुना पर्दछन् (यनी, सन् २०१५, पृ. १४१) । त्यसकारण अनुसन्धानकर्ताले अन्तर्वार्ता औपचारिक अर्थात् संरचित तरिकाले लिन सक्छन् । कहिले प्रश्नावली बनाएर लिन सकिन्छ भने खुला प्रश्नको प्रयोग गरेर पनि लिइन्छ । यस शोधप्रबन्धमा अनुसन्धातालाई आवश्यता भएमा संरचित अन्तर्वार्ताका माध्यमबाट खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता आधारित रहेर तथ्य सङ्कलन गरी परिमाणात्मक विश्लेषण गरिएको छ । विश्लेषणलाई व्यवस्थित गर्न सम्बन्धित विद्यालयमा अध्यापन गर्ने नेपाली विषय शिक्षकसँग अन्तर्वार्ता निकालिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

प्रस्तुत शोधप्रबन्ध लागि अनुसन्धान गर्नु पर्ने विषय क्षेत्रका विविध तथ्यलाई आवश्यक सूचकबाट स्रोत जुटाउने कार्य तथ्याङ्क सङ्कलन हो । त्यसैले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमतामा पारेको असरबाट विद्यार्थीमा भएको लिखित क्षमताको अनुसन्धान गर्न परिमाणात्मक विधिको उपयोग गरिएको छ । यस कार्यमा पहिलो पक्षमा परिमाणात्मक मूल्याङ्कन गर्न विद्यार्थीको लिखित क्षमतामा रही परिसीमामा तोकिएको क्षेत्रका विद्यार्थीलाई नमुना जनसङ्ख्या मानी प्रश्नावलीको माध्यमबाट परीक्षा लिइएको छ । खस मातृभाषी विद्यार्थीको समस्या पहिचान गरेर उनीहरूको क्षमतालाई विभिन्न चरका आधारमा तुलना गरिएको छ । तुलनाबाट आएको अवस्था डर स्थितिलाई समाधानका उपायको खोजी गर्न परिमाणात्मक विश्लेषण गरिएको छ ।

अनुसन्धान नतिजालाई भरपर्दो र विश्वसनीय बनाउनका लागि विद्यार्थीलाई परीक्षा लिइएको छ । परीक्षाबाट प्राप्त अङ्कलाई एस.पी..एस.एस. सफ्टवेरको सहायताले विभिन्न आश्रित तथा स्वतन्त्र चरलाई परीक्षण गरिएको छ । उक्त परीक्षण गरिएको साधनबाट हाइपोथेसिसहरूको पुनः परीक्षण गरिएको छ ।

**विश्लेषण**

प्रस्तुत शोधप्रबन्धमा प्राप्त गरिएका तथ्य तथा सूचनालाई विश्लेषण गर्नुपर्छ । तथ्य विश्लेषण प्राप्त सूचना र सङ्कलन गरिएका सामग्रीलाई व्यवस्थित विश्लेष गर्नु हो । अध्ययन उद्देश्यअनुसार उपलब्ध सामग्रीको विषयवस्तुको सान्दर्भिकताबाट वास्तविकतामा रही पर्याप्त व्याख्या हो (पाण्डे र पाण्डे, सन् २०१५, पृ.७८) ।  त्यसैले तथ्यबाट वास्तविक व्याख्या गर्नु, तथ्यको अर्थ बोध गरी विश्लेषण गर्नु र अनुसन्धानबाट प्राप्त भएको  मुल मान्यतालाई सामान्यीकरण गरी तर्क सङ्गत प्रस्तुतिलाई तथ्याङ्कको विश्लेण भनिन्छ । तसर्थ अध्ययनमा सङ्कलित सामग्रीको व्यवस्थित र वैज्ञानिक तवरले व्याख्या गर्नुपर्छ । खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमताका लागि सङ्कलन गरिएका तथ्यलाई परिमाणात्मक विधि र मान्यताका आधारमा विश्लेषण गरिएको छ । विद्यार्थीबाट प्रश्नावलीका माध्यमले लिइएको तथ्यलाई परिमाणात्मक र आएको तथ्यसँग तुलना गरी विश्लेषण गरिएको छ ।

***तथ्याङ्कको कोडिङ***

परिमाणात्मक प्रश्नावली, परीक्षाबाट लिइएका तथ्यलाई कोडिङमा रूपान्तरण गरिएको छ । कोडिङ गर्दा आश्रित चर र स्वतन्त्र चरलाई मानक कोड दिइने छ । यसरी मानक कोडलाई विभिन्न चरका आधारमा एस.पी..एस.एस. सफ्टवेरका माध्यमबाट मान निकाली खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमतालाई विश्लेषण गरिने । जसमा लिङ्ग, वर्ग, , धर्म, पेसा, शिक्षा आदिलाई प्रश्नावलीको आधारमा व्याख्या गरिएको छ ।

***टि-टेस्ट***

आश्रित चर र स्वतन्त्र चरका बिचमा नोमिनल, अडिनल, रेसियो र इन्टरवलको माध्यमबाट खस मातृभाषी विद्यार्थीको नेपाली अभिव्यक्ति क्षमतालाई मान, मध्यमान र विचलनको आधारमा विश्लेषण गरिएको छ । यस्तो प्रक्रिया दुईओटा कोडिङसम्मलाई मात्र लिइएको छ ।

## अध्याय चार

## खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता

यस अध्यायमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्तिसम्बन्धी विद्यार्थीको परिमाणात्मक नतिजालाई प्रस्तुत गरिएको छ । प्रश्नावलीका माध्यमबाट विद्यार्थीको लिखित क्षमताको मूल्याङ्कन गरिएको छ । प्रश्नावलीको विद्यार्थीले दिइएको उत्तरलाई अङ्कनमा परीक्षण गरी स्वतन्त्र र आश्रित चरका आधारले आवृत्ति, प्रतिशत र औसत क्षमता निकालिएको छ । नतिजाको विश्लेषण गर्ने अधारमा लिङ्ग, उमेर, आर्थिक अवस्था, पारिवारिक शैक्षिक स्थितिसँग तुलना गरिएको छ । विद्यार्थीले लेखेको जवाफअनुसारको पारिवारिक आर्थिक वर्गको निर्धारण गरिएको छ । तपाईं कुन वर्गमा पर्नुहुन्छ ? भन्ने प्रश्नबाट पारिवारिक वर्गको निर्धारण गरिएको छ । चरलाई सार्थक विश्लेषण गर्नका निम्ति लिङ्ग, उमेर, पारिवारिक आर्थिक अवस्था, अभिभावकको पेसा, विद्यालयको दुरी र विद्यार्थीलाई विद्यालय पुग्न लाग्ने समयलाई स्वतन्त्र चरका रूपमा लिइएको छ । स्वतन्त्र र आश्रित चरका आधारमा विद्यार्थीको लेखन क्षमतालाई पहिचान गरिएको छ ।

### स्वतन्त्र चरका आधारमा लेखन क्षमता

लिङ्गअनुसार खस मातृभाषी विद्यार्थीको लिखित क्षमतामा के कस्तो प्रभाव पारेको छ । लिङ्गअनुसारको लिखित औसत क्षमता कस्तो रहेको हुन्छ भन्ने प्रश्नले आम मान्छेलाई जिज्ञासा गरिरहेको पाइन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको स्तरीय नेपाली भाषाको लिखित पक्षलाई स्वतन्त्र चरको आधारमा लिखित क्षमता चर्चा गरिएको छ । त्यसै गरी विद्यार्थीको उमेर तथा अभिभावकको पारिवारिक आर्थिक अवस्थाले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतालाई समेत प्रस्तुत गरिएको छ । भाषा व्यक्तिगत संरचनात्मक गुण हो । छात्रा र छात्रहरूको भाषिक प्रतिनिधित्वको लागि व्याकरणीय र भाषिक अवस्थाका प्रतिनिधित्व गर्दछ । त्यसैलाई यस अध्ययनमा लिङ्ग, उमेर र पारिवारिक आर्थिक अवस्थालाई आवृत्तिका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १**

*लिङ्ग, उमेर तथा पारिवारिक आर्थिक अवस्थाअनुसारको प्रतिशत*

| | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| लिङ्ग | महिला | १११ | ५५.५ | ५५.५ |
| | पुरुष | ८९ | ४४.५ | ४४.५ |
| उमेर | १४ | २२ | ११ | ११ |
| | १५ | ५६ | २८ | २८ |
| | १६ | ७९ | ३९.५ | ३९.५ |
| | १७ | ३८ | १९ | १९ |
| | १८ | ५ | २.५ | २.५ |
| पारिवारिक अवस्था | निम्न वर्ग | ९९ | ४९.५ | ४९.५ |
| | मध्यम वर्ग | १०१ | ५०.५ | ५०.५ |

माथिको तालिकामा लिङ्ग, उमेर र पारिवारिक आर्थिक अवस्थाको आवृत्ति र प्रतिशतलाई मापन गरिएको छ । खस मातृभाषी विद्यार्थीको छात्रा र छात्रको आवृत्ति ५५.५ प्रतिशत महिला र ४४.५ प्रतिशत पुरुष विद्यार्थी रहेका छन् । उमेरका आधारमा १४ वर्ष ११ प्रतिशत, १५ वर्ष २८ प्रतिशत, १६ वर्षका ३९.५ प्रतिशत, १७ वर्षका १९ प्रतिशत र १८ वर्षका २.५ प्रतिशत उमेर समूहका विद्यार्थी रहेका छन् । पारिवारिक आर्थिक अवस्था अन्तर्गत निम्न वर्गीय विद्यार्थी ४९.५ प्रतिशत, मध्यम वर्गीय विद्यार्थीहरू ५०. ५ प्रतिशत रहेका देखिन्छन् भने उच्च वर्गीय विद्यार्थी सङ्ख्या रहेको पाइँदैन ।

**लिङ्ग र पारिवारिक आर्थिक अवस्था**

औसत भनेको सबै सङ्ख्याको योगलाई कुल सहभागी सङ्ख्याले भाग गर्दा पाइने मान हो । उक्त मानअनुसार सहभागीको औसत अङ्कलाई दर्शाएको छ । खस मातृभाषी विद्यार्थीको लिङ्ग र पारिवारिक अवस्थाअनुसारको लिखित अभिव्यक्ति क्षमतालाई

प्रश्नावलीमार्फत परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ । उक्त नतिजालाई निम्नानुसार रहेको छ ।

**तालिका २**

*लिङ्ग, उमेर र पारिवारिक आर्थिक अवस्थाअनुसार विद्यार्थीको औसत क्षमता*

| लिङ्ग | महिला | | पुरुष | |
|---|---|---|---|---|
| | वि. स. | औ. | वि. स. | औ |
| | १११ | १५.९८ | ८९ | १६ |
| पारिवारिक आर्थिक अवस्था | निम्न आर्थिक अवस्था वर्ग | | मध्यम आर्थिक अवस्था वर्ग | |
| | सं. | औ. | वि. स. | औ |
| | ९८ | १४.१२ | १०१ | १५.६८ |

माथि खस मातृभाषी विद्यार्थीको लिङ्गअनुसार लिखित क्षमतालाई हेर्दा महिला विद्यार्थीको १५.९८ औसत मान रहेको पाइन्छ भने पुरुष विद्यार्थीको औसत क्षमता १६ रहेको देखिन्छ । खस मातृभाषी विद्यार्थीमा छात्राभन्दा छात्रहरूको नेपाली लिखित क्षमता राम्रो रहेको मान्न सकिन्छ । पारिवारिक आर्थिक अवस्थाका आधारमा गरिएको औसत मापनमा निम्न आर्थिक अवस्था भएका घर परिवारका विद्यार्थीहरूको लिखित औसत क्षमता १४.१२ रहेको देखिन्छ भने मध्यम आर्थिक अवस्था भएका घर परिवारका विद्यार्थी औसत क्षमता १५.६८ रहेको पाइन्छ । त्यसैले परिवारिक आर्थिक अवस्थाका आधारमा विद्यार्थी लिखित क्षमता पहिचान गर्दा निम्न आर्थिक अवस्थाभन्दा मध्यम आर्थिक अवस्था भएका विद्यार्थीको औसत क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

**उमेरका आधारमा विद्यार्थीको औसत**

विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीको निश्चित उमेर रहेको हुन्छ । औपचारिक शिक्षा प्रणालीमा विद्यालयमा पढ्ने विद्यार्थीको उमेरलाई विभिन्न तहअनुसार फरक फरक निर्धारण गरेएको छ । विद्यार्थीको विद्यालय पढ्ने उमेरका कारण पनि लिखित अभिव्यक्ति

क्षमतामा पारेको प्रभावलाई उमेरअनुसार क्षमताको सिकाइका रूपमा लिन सकिन्छ । त्यसैले माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीको उमेरअनुसारको औसत भिन्नता रहेको छ :

**तालिका ३**

*उमेरका आधारमा विद्यार्थीको औसत क्षमता*

| उमेर (वर्ष) | विद्यार्थी सङ्ख्या | औसत क्षमता |
|---|---|---|
| १४ | २२ | १७.८७ |
| १५ | ५६ | १६.३७ |
| १६ | ७९ | १५.०५ |
| १७ | ३९ | १२.७१ |
| १८ | ५ | ८.९ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको उमेरका आधारमा विद्यार्थीको लिखित क्षमताको परीक्षण गरिएको छ । उक्त तालिकामा १४ वर्ष उमेरका विद्यार्थीको औसत क्षमता १७.८७ रहेको छ । १५ वर्ष उमेर समूहका विद्यार्थीको औसत मान १६.३७ रहेको छ । त्यसै गरी १६ वर्षका खस मातृभाषी विद्यार्थीको सबैभन्दा बढी भएकाले औसत मान १५.०५ रहेको देखिन्छ । १७ वर्षका विद्यार्थीहरूको १२.७१ छ भने सबैभन्दा न्युन औसत मान १८ वर्ष उमेर भएका विद्यार्थीको ८.९ रहेको पाइन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको उमेरकाअनुसार नेपाली लिखित अभिव्यक्ति क्षमतामा उमेरले असर गरेको देखिन्छ । माथि उल्लेख गरिएको उमेरलाई १५ वर्षभन्दा मुनि र १५ वर्षभन्दा माथि उमेर समूहलाई दुई भागमा विभाजन गरी विद्यार्थीको औसत क्षमता तपसिलबमोजम रहेको छ :

**तालिका ४**

*उमेरका आधारमा विद्यार्थीको औसत क्षमता*

| | वि. सङ्ख्या | प्रतिशत | औसत मान |
|---|---|---|---|
| पन्ध्र वर्षमुनि | ७८ | ३९.० | १६.७८ |
| सोर वर्षमाथि | १२२ | ६१.० | १४.१७ |

माथिको तालिका १४, १५, १६, १७ र १८ का विद्यार्थीलाई पन्ध्र वर्षमुनि र सोर वर्ष माथिका छात्रछात्राहरूलाई दुई समूहमा विभाजन गरी औसत क्षमताको नतिजा निकालिएको छ । उक्त नतिजाले पन्ध्र वर्षभन्दा कम उमेर भएका विद्यार्थीको राम्रो नतिजा रहेको पाइन्छ भने सोर वर्षभन्दा माथि उमेर समूहका विद्यार्थीको लिखित नतिजा कमजोर रहेको पाइन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको उमेर समूहका आधारमा नेपाली लिखित क्षमतामा औसत भिन्नता रहेको देखिन्छ ।

**अभिभावकको शैक्षिक अवस्था**

खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा पहिचान गर्न विभिन्न चरका आधार परीक्षण गरिएको छ । अभिभावकको शैक्षिक अवस्थाले विद्यार्थीको लिखित क्षमतामा के कस्तो सम्बन्ध राखेको हन्छ भन्ने कौतूहलता रहेको हुन्छ । त्यसैले अभिभावकको शैक्षिक अवस्थाअन्तर्गत आमा र बुबाको शिक्षाको स्थितिको अध्ययन गर्नु अपरिहार्य रहेको देखिन्छ । तसर्थ खस मातृभाषी विद्यार्थीको शैक्षिक अवस्थाको अनुसन्धान गरिएको छ । शिक्षित बुबाका अशिक्षित र अशिक्षित आमाका सन्तान शिक्षित हुन सक्छन् । त्यसकारण अभिभावको शैक्षिक अवस्थाको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५**

*अभिभावकको शैक्षिक अवस्थाअनुसार विद्यार्थीको औसत क्षमता*

| वर्ष | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| बुबाको शैक्षिक अवस्था | साक्षर | ११३ | ५६.५ | ५६.५ |
| | आठ पास | ३० | १५ | १५ |
| | एस.एल. सी/एसइई | १० | ५ | ५ |
| | दश जोड दुई | ३५ | १७.५ | १७.५ |
| | स्नातक | ३ | १.५ | १.५ |
| | बुबा नभएका | ९ | ४.५ | ४.५ |
| आमाको शैक्षिक अवस्था | साक्षर | १६४ | ८२ | ८२ |
| | आठ पास | १७ | ८.५ | ८.५ |
| | दश पास | ३ | १.५ | १.५ |
| | दश जोड दुई | ८ | ४ | ४ |
| | स्नाताक | ४ | २ | २ |
| | आमा नभएका | ४ | २ | २ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीका अभिभावको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ। उनीहरूका अभिभावको शैक्षिक अवस्थाको मापन गर्न ६ ओटा आधारहरू लिइएको छ। साक्षरता, आठ पास, दश पास, दश जोड दुई, स्नातक, स्नातकोत्तर र अभिभावकविहीनतालाई लिइएको छ। अध्ययनको क्षेत्र कालिकोट जिल्ला रहेकाले यस जिल्लालाई साक्षर जिल्ला घोषणा (२०८२) गरिएको हुनाले निराक्षर रहेको अवस्थालाई गणना गरिएको छैन। माथिको नतिजाअनुसार खस मातृभाषी विद्यार्थीहरूका अभिभावकको शैक्षिक योग्यताअनुसार ५६.५ प्रतिशत बुबाहरू साक्षर मात्र रहेको देखिन्छन्। कक्षा आठ पास गर्ने १५ प्रतिशत, एस.एल.सी/एसइई अर्थात् दश कक्षा पास गर्ने ५ प्रतिशत, दश जोड दुई पास गर्ने १७.५ प्रतिशत, स्नातक तह उत्तीर्ण १.५ प्रतिशत र स्नातकोत्तर तह पास गर्ने अभिभावका बालबालिका रहेको पाइँदैनन्। बाआमा गुमाएका विद्यार्थी ४.५ प्रतिशत रहेको पाइन्छ। यसर्थ बुबाको शैक्षिक स्थितिको अवस्था कमजोर रहेको मान्न

सकिन्छ । धेरै अभिभावक साक्षर (नाम मात्र) लेख्न सक्ने देखिन्छन् । साक्षर अभिभावका बालबालिकाहरूको लिखित क्षमता सामान्य रहेको देखिन्छ ।

कक्षा दशमा अध्ययन गर्ने सहभागी विद्यार्थीका आमाको शैक्षिक स्तरलाई अध्ययन गरिएको छ । उक्त अध्ययनले साक्षर आमा ८२ प्रतिशत, आठ कक्षा पास गरेका आमाहरू ८.५ प्रतिशत, एस.एल.सी/एसइई अर्थात् दश कक्षा पास गर्ने १.५, आधारभूत शैक्षिक योग्यता भएकी ४ प्रतिशत रहेका छन् । स्नातक तहको शैक्षिक योग्यता भएका आमा २ प्रतिशत छन् भने स्नातकोत्तर उपाधि शून्य रहेको छ । आमा गुमाएका विद्यार्थीहरू २ प्रतिशत रहेका छन् । यसरी हेर्दा खस मातृभाषी विद्यार्थीका आमाहरूको शैक्षिक अवस्था साक्षर मात्र रहेको छ भने थोरैले मात्र माथिल्लो तहको शैक्षिक योग्यता लिइएको पाइन्छ ।

अभिभावको शैक्षिक अवस्थाअनुसार खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता के कस्तो प्रभाव पारेको छ या छैन भन्ने उद्देश्यलाई सार्थक पार्न अभिभावकको शैक्षिक स्थिति र विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्लाई कुल सङ्ख्याले आएको मानलाई यहाँ औसत मानका रूपमा उल्लेख गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा आएको मानलाई औसत मानिएको छ । त्यसैले अभिभावकको शैक्षिक योग्यताका आधारमा खस मातृभाषी विद्यार्थीको औसत क्षमता निम्नानुसार रहेको पाइन्छ ।

**तालिका ६**

*आमाबुबाको शैक्षिक अवस्थाका आधारमा विद्यार्थीको औसत क्षमता*

| | साक्षर | | आठपास | | दस पास | | दश जोड दुई | | स्नातक | | बुबा नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | औ. | स. | औ. | स. | औ | स. | औ. | स. | औ. | स. | औ. |
| बुबा शैक्षिक योग्यता | ११३ | १२.७५ | ३० | १५.५ | १० | १८.१ | ३५ | १७.८२ | ३ | २०.६६ | ९ | १४.७७ |
| आमाका शैक्षिक योग्यता | १६४ | १६.६४ | १७ | १५.७७ | ३ | ९.१६ | ८ | २४.८८ | ४ | १७ | ४ | १६.६३ |

माथिको तालिकामा जनसङ्ख्याको नमुना छनोटबाट लिइएको नमुनाको आधारमा सहभागी खस मातृभाषी विद्यार्थीका अभिभावको शैक्षिक योग्यताअनुसार साक्षर बुबाका सन्तानहरूको नेपाली लिखित क्षमता १२.७५ औसत मान रहेको छ । आठ पास गर्ने बुबाका सन्ततिको १५.५ औसत क्षमता रहेको दखिन्छ । एस.एल.सी अर्थात् एसईइ (दश पास) गर्ने बालबालिकाको औसत क्षमता १८.१ रहेको पाइन्छ । दश जोड दुई (१२) कक्षा पास गर्ने बुबाका छोराछोरीको १७.८२ औसत क्षमता छ । जसका बुबाले स्नातक तह पास गरेका छन् उनीहरूको २०.६६ रहेको पाइन्छ । माध्यमिक तह कक्षा १० मा अध्ययन गर्ने तर बुबा गुमाएका विद्यार्थीको औसत क्षमता १४.७७ रहेको छ । माथिको गणितीय तथ्याङ्कको मान्यताले आएको औसत मानलाई नियाल्दा साक्षर बुबाका छोराछोरीको सबैभन्दा कम औसत क्षमता रहेको छ भने स्नातक पास गरेका बुबाका छोराछोरीको उच्च औसत मान २०.६६ रहेको पाइन्छ । त्यसैले अभिभावको शैक्षिक अवस्थाले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतामा फरक रहेको छ । विद्यार्थीको लिखित भाषिक क्षमतामा शैक्षिक योग्यताले समेत लिखित अभिव्यक्तिमा प्रभाव पारेको पाइन्छ ।

आमाको शैक्षिक योग्यताका आधारमा गरिएको अनुसन्धानअनुसार साक्षर आमाका छोराछोरीको लिखित औसत क्षमता १६.४ रहेको छ । आठ पास गरेका आमाका बालबालिकाको औसत क्षमता १५.७७ रहेको पाइन्छ । एस.एल.सी अर्थात् एसइई (दश पास) गरेकाको ९.१६ रहेको छ । दश जोड दुई (१२) कक्षा पास गर्ने आमाका बालबालिकाको नेपाली लिखित औसत क्षमता २४.८८ रहेको पाइन्छ । दश जोड दुई (१२) कक्षा पास गर्ने आमाका छोराछोरीको औसत क्षमता १७ रहेको छ । स्नातक पास गर्ने आमाका सन्ततिको १७ औसत क्षमता रहेको पाइन्छ भने आमा गुमाएका विद्यार्थीको लिखित औसत क्षमता १६.६३ रहेको पाइन्छ । तसर्थ माथिको औसत क्षमताको नतिजाअनुसार सबैभन्दा कम एस.एल.सी अर्थात् एसइई (दश पास) गरीकी आमाका बालबालिका रहेको देखिन्छ भने दश जोड दुई (१२) कक्षा पास गर्ने आमाका बालबालिकाहरूको नेपाली लिखित अभिवक्ति क्षता उच्च रहेको पाइन्छ । त्यसैले आमाको शैक्षिक योग्यताको आधारमा समग्रतालाई अध्ययन गर्दा साक्षरभन्दा माथिल्लो शैक्षिक योग्यता भएकी आमाका छोराछारीको नेपाली लिखित अभिव्यक्ति क्षमता राम्रो रहेको पाइन्छ । गणितीय तथ्याङ्कशास्त्रीय मान्यताले सामान्य साक्षरभन्दा शैक्षिक तह पूरा गरेका आमाका खस मातृभाषी बालबालिकाको नेपाली लिखित अभिव्यक्ति क्षमता राम्रो रहेको पाइन्छ ।

**अभिभावकको पेसा**

पेसा भनेको काम हो । जीवन निर्वाह गर्नका लागि मान्छेले कुनै न कुनै पेसा अपनाएको हुन्छ । त्यही पेसाबाट उसको पारिवारिक, सामाजिक तथा व्यावहारिक मानमर्दन रहेको पाइन्छ । पेसा भनेको काम हो । पेसा जीवनभर गरेका कामको दस्तावेजीकरण गर्ने कार्य पनि हो । व्यक्तिका लागि कार्य नेतृत्वको अवसर हो । त्यसैले पेसालाई मर्यादित गरी आफ्नो जीवन पद्धति सञ्चालन गर्न आवश्यक पर्छ । तसर्थ खस मातृभाषी विद्यार्थीका अभिभावकहरूले पनि आफ्नो योग्यता, क्षमता, अनुभव र दक्षताअनुसार पेसा व्यावसाय गरेको पाइन्छ । यही पेसा व्यावसायका आधारमा विद्यार्थीको नेपाली लिखित अभिव्यक्त क्षमताको पहिचान निम्नानुसारको तालिकामार्फत प्रस्तुत गरिएको छ :

**तालिका ७**

*अभिभावकको पेसाअनुसार विद्यार्थीको आवृत्ति र प्रतिशत*

| वर्ष | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| बुबाको पेसा | कृषि | १७० | ८५.० | ८५.० |
| | व्यापार | ५ | २.५ | २.५ |
| | राजनीति | २ | १.० | १.० |
| | शिक्षण | ८ | ४.० | ४.० |
| | अन्य | ५ | २.५ | २.५ |
| | बुबा नभएका | ९ | ४.५ | ४.५ |
| आमाको पेसा | कृषि | १७९ | ८९.५ | ८९.५ |
| | व्यापार | ८ | ४.० | ४.० |
| | राजनीति | २ | १.० | १.० |
| | शिक्षण | ३ | १.५ | १.५ |
| | स्वास्थ्यकर्मी | २ | १.० | १.० |
| | निजामती | २ | १ | |
| | आमा नभएका | ४ | २ | २ |

माथिको तलिकामा ८५ बुबा र ८९.५ प्रतिशत आमाहरू कृषि पेसामा आबद्ध रहेका छन् । व्यापार गर्ने बुबामा २.५ र आमा ४ प्रतिशत छन् । राजनीतिलाई पेसा ठान्ने बुबा १ प्रतिशत र आमा १ प्रतिशत रहेको देखिन्छ । शिक्षण पेसामा रही काम गर्ने बुबा ४ र आमा १.५ प्रतिशत पाइन्छ । अन्य पेसा भन्नाले वैदेशिक रोजगारलाई जनाइएको छ । वैदेशिक रोजगारीमा २.५ प्रतिशत, निजामती आमा २ प्रतिशत र स्वास्थ्यकर्मी आमाहरू २ प्रतिशत रहेको देखिन्छ । बुबा ४.५ प्रतिशत र आमा २ प्रतिशत बालबालिकाले गुमाएको पाइन्छ । तसर्थ खस मातृभाषी विद्यार्थीका अभिभावकको प्राय कृषि रहेको देखिन्छ । थोरै मात्र अभिभावकले कृषिबाहेको अन्य पेसामा आबद्ध भएको  पाइन्छ । माथिको आँकडाअनुसार ग्रामीण क्षेत्रमा शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मीका बालबालिकाको उपस्थिति कमजोरहेको पाइन्छ ।

**अभिभावकको पेसाअनुसारको विद्यार्थीको औसत क्षमता**

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीका अभिभावकको पेसालाई स्वतन्त्र चरका आधारमा आवृत्तिलाई मापन गरिएको छ । त्यस मापनबाट आएको गणितीय मानलाई तथ्याङ्क शास्त्रीय मान्यताअनुसार नेपाली लिखित अभिव्यक्ति क्षमताको औसत मानलाई निम्नानुसार राखिएको छ :

**तालिका ८**

*आमाबुबाको पेसा आधारमा विद्यार्थीको औसत सिकाइ क्षमता*

| | कृषि | | व्यापार | | राजनीति | | शिक्षण | | निजामती | | अन्य पेसा | | बुबा नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | औ. | स. | औ | स. | औ | स. | औ | स. | औ | स. | औ | स. | औ |
| बुबाको पेसा | १७० | १३.७८ | ५ | २४.१ | २ | १४ | ८ | २२.५ | २ | १५ | ६ | २१.६६ | ९ | १७.७७ |
| आमाको पेसा | १८० | १४.७१ | ८ | १८.८१ | २ | २४ | ३ | १६.६६ | १ | ११ | | | ४ | ११.७५ |

माथिको तालिका अभिभावकको पेसाअनुसार खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमताको औसत मानमा उल्लेख गरिएको छ । कृषिमा आबद्ध बुबाहरूका बालबालिकाको लिङ्ग, वचन, पुरुष, आदर कालका आधारमा वाक्य रचना र सामाजि विषयवस्तु, सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन तथा स्वतन्त्र लेखन क्षमताका लागि निबन्ध लेखन कार्य गर्न लगाएकाले त्यस कार्यबाट आएको प्राप्त अङ्कलाई योग गरी कुल सङ्ख्याले भाग गर्दा आएको मानलाई औसत मानको रूपमा लिइएको छ । उक्त कार्यबाट कृषिमा आबद्ध बुबाका बालबालिकाको १३.७८ औसत मान रहेको छ । व्यापार पेसा गर्नेको २४.१ रहेको छ । राजनीतिलाई पेसाको रूपमा लिने बुबाका विद्यार्थीहरू औसत १४ छ । शिक्षण पेसाकर्मीका सन्ततिको २२.५ रहेको छ । त्यसैगरी निजामती कर्मचारीका छोराछोरीहरूको औसत क्षमता १५ रहेको छ । यहाँ अन्य पेसा भन्नाले वैदेशिक रोजगार, सुचीकार, कुचीकार, झारफुक गर्नेलाई मानिएको छ र उनको औसत लिखित क्षमता २१.६६ रहेको पाइन्छ । बुबाविहीन बालबालिकाको औसत लिखित क्षमता १७.७७ रहेका पाइन्छ ।

आमाको कृषि पेसाअनुसार विद्यार्थीको औसत लिखित क्षमता १४.७१ रहेको देखिन्छ । व्यापार गर्ने आमाका सन्तानको १८.८१ औसत मान पाइन्छ । त्यसै गरी राजनीति गर्ने आमाका बालबालिकाले २४ औसत मान रहेको छ । आमा शिक्षका सन्ताल १६.६६ र निजामती आमाका सन्तान ११ औसत मान आएको छ । आमा.वि.हीन बालबालिकाको ११.७५ औसत लिखित क्षमता रहेको छ ।

माथिको औसत मानअनुसार व्यापारी घरानाका बालबालिकाको औसत क्षमता उच्च रहेको छ । त्यसपछि शिक्षक तथा अन्य पेसा गर्नेहरूको अवस्था राम्रो रहेको छ भने राजनीति गर्ने बुबाका बालबालिकाको लिखित क्षमता औसतमा राम्रो रहेको पाइँदैन । आमाको पेसाका आधारमा भने राजनीति गर्नेहरूको सबैभन्दा औसत मान उच्च रहेको रहेको पाइन्छ भने निजामती आमाका आधारमा विद्यार्थीको नतिजा औसतमा कमजोर रहेको देखिन्छ ।

**अध्ययन कोठा र घरको बनोटका आधारमा विद्यार्थीको आवृत्ति र प्रतिशत**

विद्यार्थीको पढ्ने कोठा र बस्ने घर एकै किसिमको नहुन सक्छ । कोही पक्की घरमा त कोही कच्ची घरमा बस्ने गर्छन् । कुनै विद्यार्थीको अध्ययन गर्ने कोठा अलगै हुन्छ त

कसैको भान्साकोठामा रहेको पाइन्छ । त्यसैले नेपालको भूबनोट, आर्थिक अवस्थाका आधारमा घरको निर्माण फरकफरक किसिमले गरेको पाइन्छ । विद्यार्थीको लागि बस्ने घर र पढ्ने कोठाका सही व्यवस्थापन नभएमा पनि लिखित अभिव्यक्ति क्षमताको अवस्था र स्थितिको जानकारी लिन आवश्यक रहेको देखिन्छ । त्यसैले विद्यार्थीले अध्ययन गर्ने कोठा, बस्ने ठाउँ, समाज, परिवार, वातावरण आदिले विद्यार्थीको लिखित क्षमतामा पार्ने प्रभावको अध्ययन गर्न उपयुक्त भएकाले अध्ययन कोठा र घरको बनोटअनुसार खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति अवस्था निम्नानुसार रहेको पाइन्छ :

**तालिका ९**

*अध्ययन कोठा र घरको बनोटका आधारमा विद्यार्थीको आवृत्ति र प्रतिशत*

| | वर्ष | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| अध्ययन कोठा | अलगै अध्ययन कोठा | १९४ | ९७ | ९७ |
| | भान्साकोठा | ६ | ३ | ३ |
| घरको बनोट | माटो र ढुङ्गा | १९९ | ९९.५ | ९९.५ |
| | सिमेन्ट र पक्की | १ | ०.५ | ०.५ |

माथिको तालिका खस मातृभाषी विद्यार्थी अध्ययन कोठको अवस्थाका बारेमा अध्ययन गर्दा ९७ प्रतिशत विद्यार्थी भान्साकोठाभन्दा अलगै कोठामा अध्ययन गर्ने गरेको पाइन्छ भने ३ प्रतिशत विद्यार्थीले भान्साकोठामा नै अध्ययन गरिरहेको तथ्य भेटिन्छ । तसर्थ खस मातृभाषी विद्यार्थीको अध्ययन कक्ष र भान्साकोठामा नभएको पाइन्छ । यस पक्षले परम्परागत पठन गर्ने शैलीमा परिवर्तन भएको देखिन्छ । केही खस मातृभाषी विद्यार्थी हालको अवस्थामा पनि भान्साकोठा र अध्ययन कोठा एउटै प्रयोग गरिरहेको पाइन्छ । भान्साकोठामा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या थोरै रहेको देखिन्छ । विद्यार्थीको घरको बनोटका हिसाबले ढुङ्गा माटो र गारोको प्रयोग गरी ९९.५ प्रतिशत रहेको पाइन्छ भने सिमेन्ट तथा पक्की ढलान ०.५ प्रतिशत विद्यार्थीको रहेको भेटिन्छ ।

**समयका आधारमा विद्यार्थीको आवृत्ति र औसत क्षमता**

विद्यार्थीहरूले अध्ययन गर्न घरबाट विद्यालयमा जानुपर्ने हुन्छ । कसैको विद्यालय घरभन्दा केही टाढा र कसैको नजिकै हुने भएकाले विद्यालय पुग्ने समय अलग अलग लाग्छ । घरदेखि विद्यालय पुग्न विद्यार्थीहरूको समयको गति फरक हुनु स्वभाविक ठानिन्छ । त्यसैले कोही विद्यार्थी एक दुई मिनेटमा विद्यालय पुन्छन् भने घरबाट विद्यालय टाढा रहेकाले विद्यालय पुग्न समय लगाउने गर्दछन् । यही समयको अन्तरबाट धेरै समय लाग्ने र थोरै समय लाग्ने  विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १०**

*घरदेखि विद्यालय पुग्ने समयका आधारमा विद्यार्थीको आवृत्ति र औसत क्षमता*

| | मिनेट | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| घरदेखि विद्यालय पुग्न लाग्ने समय | १ | १० | ५ | ५ |
| | २ | २ | १ | १ |
| | ३ | ६ | ३ | ३ |
| | १० | २५ | १२.५ | १२.५ |
| | १५ | ४९ | २४.५ | २४.५ |
| | १६ | २ | १ | १ |
| | १८ | ६ | ३ | ३ |
| | २० | ४२ | २१ | २१ |
| | २५ | २ | १ | १ |
| | ३० | २१ | १०.५ | १०.५ |
| | ४० | ८ | ४ | ४ |
| | ६० | २७ | १३.५ | १३.५ |

माथिको तालिकामा रास्कोट नगरपालिकामा रहेका चारओटा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको तथ्य सङ्कलनबाट प्राप्त नतिजालाई आवृत्ति र प्रतिशतमा विद्यालय पुग्ने समयमा देखाइएको छ । उक्त तालिकामा खस मातृभाषी विद्यार्थीको विद्यालय पुग्न लाग्ने समय १ मिनेटदेखि ६० मिनेट अर्थात् एक घण्टासम्म लाग्ने गरेको देखिन्छ । घरदेखि

विद्यालय पुग्न एक मिनेट लगाउने ५ प्रतिशत, दुई मिनेट पुग्ने प्रतिशत, तीन मिनेटमा विद्यालय आइपुग्ने ३ प्रतिशत, १० मिनेट लगाउने १२.५ प्रतिशत, १५ मिनेटको समयमा पुग्ने २४.५ प्रतिशत, १६ मिनेटमा विद्यालय पुग्ने १ प्रतिशत, १८ मिनेट लगाउने ३ प्रतिशत, २० मिनेट लगाउने २१ प्रतिशत, २५ मिनेट लगाउने १ प्रतिशत ३० मिनेटमा पुग्ने १०.५ प्रतिशत, ४० मिनेट लगाउने ४ प्रतिशत, र ६० मिनेट अर्थात् एक घण्टामा समय लगाएर विद्यालय आइपुग्ने विद्यार्थीको सङ्ख्या १३.५ प्रतिशत रहेको पाइन्छ । त्यसैले विद्यालयमा पुग्न लाग्ने समयअनुसार १० जना एक मिनेटमा पुग्ने गरेको पाइन्छ भने १५ मिनेटमा विद्यालय पुग्ने विद्यार्थी सबैभन्दा बढी रहेको पाइन्छ । त्यसैले विद्यायल आइपुग्ने समयका आधारले पुग्ने समय फरक रहेको छ ।

**समयको आधारमा विद्यार्थीको औसत क्षमता**

विद्यालय पुग्ने समयका आधारमा खस मातृभाषी विद्यार्थीको औसत क्षमता पहिचान गरिएको छ । विद्यार्थीले विद्यालय पुग्न लागेको समयका आधारमा उनीहरूको प्राप्त गरेको अङ्कको योगफललाई कुल सङ्ख्याले गणितीय मान्यतामा रही खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति औसत क्षमतालाई निम्न तालिककामा प्रस्तुत गरिएको छ :

**तालिका ११**

*घरदेखि विद्यालयमा पुग्ने समयका आधारमा विद्यार्थीको औसत क्षमता*

| समय (मिनेटमा) | विद्यार्थी सङ्ख्या | औसत क्षमता | समय (मिनेटमा) | विद्यार्थी सङ्ख्या | औसत क्षमता |
|---|---|---|---|---|---|
| १ | १० | १२.९३ | १८ | ६ | ९ |
| २ | २ | ११ | २० | ४२ | १५.४३ |
| ३ | ६ | १९.५ | २५ | २ | ९ |
| १० | २५ | १३.०२ | ३० | २१ | १५.७१ |
| १५ | ४९ | ३२.७१ | ४० | ८ | १४.१३ |
| १६ | २ | ८ | ६० | २७ | ९ |

माथिको तालिका विद्यालय पुग्ने समयअनुसार खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमतालाई दर्शाइएको छ । उक्त तालिकामा एक मिनेटमा विद्यालय पुग्ने विद्यार्थीको लिखित औसत क्षमता १२.९३ रहेको छ । दुई मिनेट लगाउने विद्यार्थीको औसत मान ११ रहेको पाइन्छ । त्यसैगरी तीन मिनेटमा विद्यालय पुग्ने विद्यार्थीको १९.५ रहेको देखिन्छ । १० मिनेटमा विद्यालय पुग्नेको १३.०२ औसत मान आएको छ । घरदेखि विद्यालय हिँडेर जम्मा १५ मिनेट लाग्ने विद्यार्थीको लिखित औसत क्षमता ३२.७१ रहेको पाइन्छ । त्यसैगरी १६ मिनेटको हिँडाइ गरी अध्ययन गर्न आएका विद्यार्थीहरूको औसत मान ८ प्राप्त गरेको देखिन्छ । १८ मिनेटमा विद्यालय पुग्ने विद्यार्थीहरूको औसत क्षमता ९ रहेको छ भने २० मिनेटमा जुन विद्यार्थी विद्यालय पुग्ने गरेका छन् उनको मौसत लिखित क्षमताको मान १५.४३ रहेको पाइन्छ । त्यसैगरी २५ मिनेटमा विद्यालय पुग्ने विद्यार्थीको औसत अङ्क ९ रहेको छ । विद्यार्थीले विद्यालय पुग्न आधा घण्टा अर्थात् ३० मिनेट हिँडेर आउनेहरूको औसत लिखित क्षमता १५.७१ रहेको देखिन्छ । ४० मिनेटको कष्टकर हिँडाइ हिँडेर विद्यालय पुग्ने खस मातृभाषी विद्यर्थीको नेपाली लिखित क्षमताको औसत मान १४.५ रहेको छ भने विद्यार्थी करिब एक घण्टा हिँडेर विद्यालय पुग्ने विद्यार्थीसमेत रहेको देखिन्छ । यसरी एक घण्टा लगाउने विद्यार्थीहरूको लिखित औसत क्षमता ९ रहेको पाइन्छ ।

विद्यालय पुग्न लाग्ने समयका कारण विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता क्षमता भिन्न रहेको छ ।  कम समय लाग्ने विद्यार्थीको औसत क्षमता राम्रो रहेको पाइन्छ भने विद्यालय पुग्न एक घण्टाभन्दा बढी समय लाग्ने विद्यार्थीको औसत क्षमतामा केही प्रभाव परेको देखिन्छ । त्यसैले विद्यालय आइपुग्ने समयको हिसाबले विद्यार्थीको लिखित क्षमतामा औसत भिन्नता रहेको छ । थोरै समयमा विद्यालय पुग्नेभन्दा धेरै समय लगाएर विद्यालय आउने विद्यार्थीको लेखन क्षमता कमजोर रहेको पाइन्छ । समयको औसत मापनमा विद्याय पुग्न प्रायः १५ मिनेट लाग्ने गरेको पाइन्छ र १५ मिनेटमा विद्यालय पुग्ने विद्यार्थीको सबैभन्दा राम्रो लिखित क्षमता रहेको अनुसन्धानबाट पाइन्छ ।

**दुरीका हिसाबले विद्यार्थीको आवृत्ति र औसत क्षमता**

घरदेखि विद्यालय केही टाढा रहेको हुन्छ । विद्यार्थीको घरदेखि विद्यालयको दुरीले खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको के कस्तो प्रभाव पारेको छ, त्यसको जानकारी हुन आवश्यक रहेको हुन्छ । त्यसैले खस मातृमाषी विद्यार्थीहरूको घरदेखि विद्यालयको दुरीअनुसारको नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १२**

*घरदेखि विद्यालय पुग्न लाग्ने दुरीका आधारमा विद्यार्थीको आवृत्ति, प्रतिशत र औसत क्षमता*

| दुरी (मिटरमा) | विद्यार्थी सङ्ख्या | प्रतिशत | औसत क्षमता | दुरी (मिटरमा) | विद्यार्थी सङ्ख्या | प्रतिशत | औसत क्षमता |
|---|---|---|---|---|---|---|---|
| १०० | ९ | ९ | १२.७७ | २००० | ३६ | ३६ | २१.५५ |
| ३०० | ७ | ७ | २०.५७ | २५०० | १० | १० | १५.४५ |
| ५०० | ५ | ५ | १६.५ | ३००० | २० | २० | १७.०७ |
| १००० | ३१ | ३१ | १६.४० | ४००० | ९ | ९ | १७.८५ |
| १५०० | ३७ | ३७ | १६.८६ | ५००० | १६ | १६ | १३.५ |
| १६०० | ८ | ८ | १९.७५ | ६००० | १२ | १२ | १२.२९ |

माथिको तालिकामा घरदेखि विद्यालयको दुरीको आधारमा विद्यार्थीको लिखित क्षमताको आवृत्ति, प्रतिशत र औसत क्षमता उल्लेख गरिएको छ। विद्यार्थीले अध्ययन गर्ने विद्यालय बस्ने घरबाट कति मिटरको दुरीमा रहेको छ र दुरीका कारण लिखित क्षमता कस्तो रहेको छ भनी तथ्य जानकारी तालिकाबाट प्रस्तुत गरिएको छ। यहाँ विद्यालय पुग्ने दुरीलाई मिटरमा उल्लेख गरिएको छ। घरदेखि विद्यालय १०० मिटर टाढा भएका विद्यार्थी ४.५ प्रतिशत, रहेका छन् जसको औसत मान १२.७७ देखिन्छ। ३०० मिटर टाढा भएका विद्यार्थी ३.५ प्रतिशत रहेका छन् भने तिनीहरूको २०.५७ औसत मान रहेको छ। घरदेखि ५०० मिटर टाढा रहेका विद्यार्थी २.५ प्रतिशत छन्। तिनीहरूको औसत लिखित क्षमता १६.५ रहेको पाइन्छ। घरदेखि एक किलोमिटर टाढा विद्यालय भएका विद्यार्थीहरू १५.५ प्रतिशतको लिखित क्षमताको औसत मान १६.४० रहेको पाइन्छ। त्यस्तै १५०० मिटर दुरी भएका विद्यार्थी १८.५ प्रतिशत छन् भने औसत क्षमता १९.७५ रहेको पाइन्छ। घरदेखि विद्यालय २००० मिटर हुने विद्यार्थी ५ प्रतिशत रहेका छन् जसको औसत क्षमता २१.५५ रहेको देखिन्छ। घरदेखि २५०० मिटर टाढा रहेका विद्यार्थी जम्मा ५ प्रतिशत रहेका छन्

भने तिनीहरूको औसत क्षमता १५.४५ प्रतिशत रहेको पाइन्छ । विद्यालय घरबाट ३००० मिटरको दुरी भएका विद्यार्थी १० प्रतिशत छन् भने उनको औसत मान क्षमता १७.८५ रहेको पाइन्छ । ४००० हजार मिटरको दुरीमा घर भएका विद्यार्थी ४.५ प्रतिशत छन् जसको १३.५ औसत रहेको पाइन्छ । ६००० मिटरको दुरीमा रहेका विद्यार्थीहरू ६ प्रतिशत रहेको देखिन्छ भने उनको औसत लिखित क्षमता १२.२९ रहेको पाइन्छ । सबैभन्दा कम घरदेखि विद्यालयको दुरी ६००० मिटरको रहेका विद्यार्थी नेपाली लिखित अभिव्यक्ति क्षमता कमजोर रहेको पाइन्छ भने उच्च औसत क्षमता घरदेखि १५००-२००० मिटरको दुरीमा रहेका विद्यार्थीको रहेको भेटिन्छ ।

**वाक्य निर्माणगत विद्यार्थीको क्षमता**

भाषिक अभिव्यक्तिअन्तर्गत लिखित क्षमता महत्त्वपूर्ण पक्ष हो । यसका लागि विद्यार्थीहरूले व्याकरणिक कोटिका आधारमा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, अनुसारको वाक्य गठन गर्नु पर्ने हुन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको लेखन क्षमताको अध्ययन गर्न व्याकरणिक कोटिअन्तर्गत लिङ्ग वचन, पुरुष, आदर र कालका आधारलाई लिइएको छ ।

***लिङ्ग र पुरुष***

खस मातृभाषी विद्यार्थी लिङ्गअनुसारको वाक्यको लिखित क्षमता कस्तो छ ? भन्ने हेतुले लिङ्गगत वाक्यको परीक्षण गरिएको छ । विद्यार्थीहरूको पुलिङ्ग र स्त्रीलिङ्ग अनुसारको कर्ता र क्रियाको प्रयोग क्षमतालाई लिखित अभिव्यक्तिमार्फत अध्ययन गरिएको छ । वाक्यमा छात्रालाई जनाउने आधारलाई स्त्रीलिङ्ग र छात्र  जनाउने क्रियापदलाई पुलिङ्ग भनिन्छ । सामाजिक अन्तरक्रियामा, छात्रा र छात्रको आफ्नो विषय छनौट गर्ने रुचि फरक हुन्छ । छात्रहरू कुरा गर्दा, उनीहरूले राजनीति, अर्थतन्त्र, खेलकुद, वर्तमान समाचार जस्ता विषयहरू छनोट गर्ने सम्भावना बढी हुन्छ । महिलाहरूलाई पारिवारिक मामिलाहरू जस्तै बालबालिकाको शिक्षा, लुगा, खाना पकाउने, फेसन आदिमा बढी रुचि हुन्छ । महिलाको कुराकानी घर र घरेलु गतिविधिहरूसँग सम्बन्धित छ भने छात्रहरूको कुराकानी बाहिरी संसार र आर्थिक गतिविधिहरूसँग सम्बन्धित छ । यसरी, छात्राहरू छात्रहरूभन्दा बढी कुरा गर्छन् । यसको सम्बन्ध कर्ताअनुसारको क्रियाको प्रयोगावस्थालाई आधार मानिएको छ । त्यसैगरी लिखित वाक्यमा प्रयोग हुने नेपाली भाषा व्याकरणको पुरुषहरू

प्रथम, द्वितीय र तृतीयअनुसार लिखित वाक्य गठन क्षमतालाई लिइएको छ । वाक्यमा कर्ताको स्थिति वा भूमिका जनाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । खस मातृभाषी विद्यार्थीको लिङ्ग र पुरुषको आधारमा निम्नानुसार प्रस्तुत रहेको छ :

**तालिका १३**

*लिङ्ग र पुरुष*

| | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| | शून्य | २४ | १२ | १२ |
| | अतिसामान्य | ३ | १.५ | १.५ |
| लिङ्गका आधारमा | सामान्य | ६ | ३ | ३ |
| | मध्यम | १० | ५ | ५ |
| | उच्च | १५७ | ७८.५ | ७८.५ |
| | शून्य | २० | १० | ११ |
| | अतिसामान्य | २१ | १०.५ | १०.५ |
| पुरुषका आधारमा | सामान्य | ५८ | २९ | २९ |
| | मध्यम | ३१ | १५.५ | १५.५ |
| | उच्च | ७० | ३५ | ३५ |

माथिको तालिकामा लिङ्गका आधारमा वाक्यको परिवर्तन गर्ने क्रममा खस मातृभाषी विद्यार्थीको अवस्थालाई उल्लेख गरिएको छ । लिङ्गत अवस्थामा शून्य नतिजा ल्याउने विद्यार्थीहरू १२ प्रतिशत रहेको छ । त्यैसगरी अतिसामान्य स्थिति रहेका विद्यार्थीहरू १.५ प्रतिशत रहेको छ भने सामान्य अवस्थामा ३ प्रतिशत रहेको छ । ५ प्रतिशत विद्यार्थी मध्यम खालका छन् । लिङ्गगत आधारमा उच्चतम प्राप्ताङ्क गर्ने विद्यार्थीको सङ्ख्या ७८.५ प्रतिशत रहेको छ ।

वक्ताको बोलीचाली प्रयोग हुने व्यक्ति वा पात्रलाई जनाउने भाषिक शब्द पुरुष हो । “बोल्ने पक्ष अर्थात् म पक्ष प्रथम पुरुष, वक्ताले श्रोताको रूपमा रोजेको पक्ष अर्थात् तँ, तिमी, तपाईँ द्वितीय पक्ष पुरुष हो भने बोल्ने र सुन्नेबाहेकको अन्य पक्ष तृतीय पुरुष हुन्” (पोखरेल, २०६३, पृ.८३) । यसर्थ खस मातृभाषी विद्यार्थीले लेख्दा पुरुषको प्रयोगको अवस्था के कस्तो रहेको छ । यसका लागि खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्तिभित्र पुरुषको स्थिति उल्लेख गरिएको छ । ११ प्रतिशत खस मातृभाषी विद्यार्थी पुरुषको प्रयोगमा शून्य गरेको पाइन्छ । अतिसामान्य रूपमा ११ प्रतिशत विद्यार्थीले पुरुषको प्रयोग गरेको देखिन्छ । सामान्य तवरमा २९ प्रतिशत विद्यार्थी रहेको पाइन्छन् । पुरुषको मध्यम खालको लिखित क्षमता भएका विद्यार्थी १५.५ प्रतिशत रहेका छन् भने उच्च स्थानमा लिखित क्षमता भएका विद्यार्थीहरू ३७.५ प्रतिशत रहेको पाइन्छ ।

### ***वचन, आदर र काल***

**वचन** : वचनको सम्बन्ध नामिक शब्दसँग जोडिएको हुन्छ । यसकारण वचनको सम्बन्ध सङ्ख्यावाचक नामिक शब्दसँग रहने भएकाले विद्यार्थीले लिखित अभिव्यक्ति क्षमतामा समेत प्रभाव पाइन्छ । भाषिक अभिव्यक्तिमा आदर गर्ने प्रक्रियाअनुसार सम्मान र सत्कारमूलक शब्दको स्थितिलाई अभिव्यक्तिको ढाँचालाई आदर जनाउने भएकाले आदरबमोजिम लिखित अभिव्यक्ति र काल, परिस्थित र समयसूचक क्रियापदको लिखित अभिव्यक्तिलाई कालले जनाएको पाइन्छ ।  त्यसैले खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्तिमा वचन, आदर र कालअनुसारको विद्यार्थीको अभिव्यक्ति निम्नानुसार रहेको छ :

**तालिका १४**

*वचन, आदर र काल*

| | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| | शून्य | ३२ | १६ | १६ |
| | अतिसामान्य | ३५ | १७.५ | १९.५ |
| वचनका आधारमा | सामान्य | ३९ | १९.५ | १९.५ |
| | मध्यम | २६ | १३ | १३ |
| | उच्च | ६७ | ३३.३ | ३३.३ |
| | शून्य | ३२ | १६ | १६ |
| | अतिसामान्य | ८ | ४ | ४ |
| आदरका आधारमा | सामान्य | ४१ | २०.५ | २०.५ |
| | मध्यम | ३७ | १८.५ | १८.५ |
| | उच्च | ८२ | ४१ | ४१ |
| | शून्य | ९७ | ४८.५ | ४८.५ |
| | अतिसामान्य | २ | १ | १ |
| कालका आधारमा | सामान्य | ९ | ४.५ | ४.५ |
| | मध्यम | ३ | १.५ | १.५ |
| | उच्च | ८४ | ४२ | ४२ |

माथिको तालिकामा वचन, आदर र कालसम्बन्धी खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति पक्षको अवस्थालाई सङ्ख्यात्मक रूपमा प्रस्तुत गरिएको छ। विद्यार्थीले खस मातृभाषी विद्यार्थीको लिखित अवस्थाअन्तर्गत वचनअनुसारको वाक्य परिवर्तन गर्न नजान्ने १६ प्रतिशत विद्यार्थी रहेकाले लिखित अभिव्यक्ति शून्य प्रतिशत रहेको पाइन्छ। मूल्याङ्कन गरिएका आधारमा एक वाक्य मात्र वचनअनुसार वाक्य परिवर्तन गर्ने विद्यार्थीको सङ्ख्यालाई अतिसामान्य अभिव्यक्ति रूपमा उल्लेख गरिएको छ । त्यसैले अतिसामान्य लिखित

अभिव्यक्ति गर्ने विद्यार्थीहरू १७.५ प्रतिशत रहेका छन् । सामान्य रूपमा वचनको प्रयोग गर्न सक्ने खस मातृभाषी विद्यार्थीहरू १९.५ प्रतिशत रहेको देखिन्छ । वचनको मध्यम स्थितिमा १३ प्रतिशत र उच्च स्थान प्राप्त गर्ने खस मातृभाषी विद्यार्थी ३३.३ प्रतिशत रहेको पाइन्छ ।

**आदर** : आदर भनेको सम्मान हो । आदरमा सम्मान सूचक शब्दको प्रयोग गरिएको हुन्छ । लिखित अभिव्यक्तिअनुसार वक्ताको आदरार्थी सर्वनामको सन्दर्भमा आएर आदर सूचक नाम प्रयोग हुने आधार नै आदर हो । खस मातृभाषी विद्यार्थीले नेपाली लिखित अभिव्यक्ति क्षमतामा अनुसार १६ प्रतिशत विद्यार्थीहरूको आदर प्रयोगको अवस्था शून्य रहेको देखिन्छ । अतिसामान्य आदर प्रयोग गर्नेहरू ४ प्रतिशत रहेका छन् । सामान्य रूपमा आदरअनुसार वाक्य परिवर्तन गर्न सक्ने विद्यार्थी २०.५ प्रतिशत रहेको पाइन्छ । मध्यम खालको आदर प्रयोग गर्ने विद्यार्थीहरू १८.५ प्रतिशत छन् भने आदरको सही प्रयोग गर्नेलाई उच्च स्थानमा राखिएको हुनाले ४१ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

**काल:** कालको सम्बन्ध क्रियासँग हुने भएकाले क्रियाअनुसारका काल रहेको हुन्छ । क्रियाको अवस्था, स्थिति र प्रयोगले कालको पहिचान गर्दछ । त्यसैले खस मातृभाषी विद्यार्थीको कालका आधारमा वाक्यको परिवर्तन गर्ने लिखित अभिव्यक्ति अवस्था ४८.५ प्रतिशत विद्यार्थीले शून्य नतिजा प्राप्त गरेको पाइन्छ । अतिसामान्य मात्र लेख्न सक्ने विद्यार्थी १ प्रतिशत रहेका छन् भने सामान्यत लिखित क्षमता भएका विद्यार्थी ४.५ प्रतिशत रहेको पाइन्छ भने मध्यम खालका विद्यार्थीहरूमा १.५ प्रतिशत रहेको पाइन्छ । कालअनुसारको लिखित अभिव्यक्तिबाट वाक्य परिवर्ततन गर्ने खस मातृभाषी विद्यार्थीहरूको उच्चताको स्थिति २.५ रहेको पाइन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको व्याकरणकोटिअनुसार लिखित अभिव्यक्ति क्षमता अन्तर्गत कालअनुसारको लिखित वाक्यगठन क्षमता कमजोर रहेको देखिन्छ :

**तालिका १५**

*व्याकरणिक कोटिका आधारमा विद्यार्थीको औसत क्षमता*

| | वि. सङ्ख्या | कुल योग | कुल प्राप्ताङ्क | औसत मान |
|---|---|---|---|---|
| लिंङ्ग | २०० | २०० | ३२९ | १.६४ |
| वचन | २०० | २०० | २२९.५ | १.१४ |
| पुरुष | २०० | २०० | २३८ | १.१९ |
| आदर | २०० | २०० | २४८.५ | १.२४ |
| काल | २०० | २०० | १६५ | ०.८२ |

माथिको तालिकामा विद्यार्थीको लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसार प्रत्येक प्रकारमा चारओटा वाक्य सोधिएका र एउटा प्रश्नको अङ्कभार २ निर्धारण गरी मूल्याङ्कन गरिएको छ। यसरी गरिएको मूल्याङ्कनअनुसार एक वाक्य निर्माण वा परिवर्तन गर्दा एक अङ्क प्रदान गरी पाएको कुल योगलाई विद्यार्थी सङ्ख्याअनुसार मान लिकालिएको छ। विद्यार्थीले प्राप्त गरेको कुल योगलाई कुल विद्यार्थी सङ्ख्याले भाग गर्दा आएको मानलाई औसत मान भनिन्छ। खस मातृभाषी विद्यार्थीको लिखित वाक्यगठन क्षमतालाई औसतमा रूपान्तरण  गरिएको छ। माथि उल्लिखित नतिजाअनुसार लिङ्गको औसत मान १.६४ रहेको छ। खस मातृभाषी विद्यार्थीको वचनअनुसारको लिखित क्षमता १.११ रहेको पाइन्छ भने पुरुष सङ्गति मिलाएर लेख्ने विद्यार्थीको औसत मान १.१९ रहेको देखिन्छ। विद्यार्थीको लिखित भाषिक क्षमतामा आदरको औसत मान १.२४ रहेको देखिन्छ  भने कालअनुसारको वाक्यको लिखित क्षमता ०.८२ रहेको पाइन्छ। खस मातृभाषी विद्यार्थीको लिङ्ग, वचन, आदर, पुरुषअनुसार लिखित वाक्यगठन गर्ने क्षमता राम्रो रहेको पाइन्छ भने कालअनुसारको लिखित वाक्यगठन क्षमता कमजोर रहेको देखिन्छ। त्यसैले लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसार विद्यार्थी लिखित क्षमता लिङ्गगत लेखन क्षमता उच्च रहेको पाइन्छ भने कालअनुसारको वाक्य लेखन कमजोर देखिन्छ।

### पत्ररचनामा विद्यार्थीको आवृत्ति र औसत क्षमता

कुनै पनि व्यक्तिले आफ्नो विचार वा भावनालाई पत्रमार्फत लेखेर अरूसमक्ष सूचना दिने गरी तयार पारिएको चिठीलाई पत्र भनिन्छ । पत्ररचना निश्चित ढाँचा, भाषा, शिष्टाचारको पालना गरी लेखिने कला हो । यसमा विचार, सूचना, भावना वा सन्देशलाई स्पष्ट र सभ्य रूपमा व्यक्त गर्न पत्रको प्रयोग गरिएको हुन्छ । सूचना वा खबर एक ठाउँबाट अर्कोमा लैजाने वा पठाउने लिखित अभिव्यक्ति नै पत्ररचना हो । पत्ररचनामार्फत व्यक्ति, संस्था र व्यापारका लागि सञ्चार गर्न सकिन्छ । तसर्थ यस अध्ययनमा विद्यार्थीलाई व्यक्तिगत सञ्चारका लागि सामाजिक तथा संस्कृतिको विषयवस्तु जानकारी गराउँदै घरभन्दा बाहिर बस्ने साथीलाई लेखिने पत्रको नमुना तयार गर्न लगाइएको छ । त्यही आधारबाट पत्ररचना गर्दा खस मातृभाषी विद्यार्थीको लिखित क्षमता विश्लेषण गरिएको छ ।

**तालिका १६**

*पत्ररचनाका आधारमा विद्यार्थीको आवृत्ति र औसत क्षमता*

| | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| सामाजिक विषयवस्तुमा चिठी लेखन | शून्य | ४२ | २१ | २१ |
| | अतिनिम्न | ९ | ४.५ | ४.५ |
| | निम्न | २८ | १४ | १४ |
| | सामान्य | ३५ | १७.५ | १७.५ |
| | मध्यम | ३५ | १७.५ | १७.५ |
| | उच्च | १८ | ९ | ९ |
| | अतिउच्च | ३३ | १६.५ | १६.५ |
| सांस्कृतिक विषयवस्तुमा चिठी लेखन | शून्य | ७६ | ३८ | ३८ |
| | सामान्य | ९ | ४.५ | ४.५ |
| | मध्यम | ३६ | १८ | १८ |
| | उच्च | ३९ | १९.५ | १९.५ |
| | अतिउच्च | ४० | २० | २० |

माथिको तालिकामा उल्लेख गरिएको नतिजाअनुसार खस मातृभाषी विद्यार्थीको पत्ररचनासम्बन्धी आवृत्ति, प्रतिशत र औसतको नतिजा उल्लेख गरिएको छ । सामाजिक

विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखनमा शून्य नतिजा प्राप्त गर्ने २१ प्रतिशत विद्यार्थी रहेको पाइयो । अतिनिम्न स्तरका पत्ररचना गर्ने विद्यार्थी ४.५ प्रतिशत रहेको देखिन्छ । निम्न स्तरमा १४ प्रतिशत, सामान्य अवस्थामा पत्र लेख्न सक्ने विद्यार्थी १७.५ प्रतिशत रहेको पाइन्छ । मध्यम खालको पत्ररचना गर्न सक्ने विद्यार्थी १७.५ छन् भने उच्च स्थानमा ९ प्रतिशत विद्यार्थी छन् । पत्ररचना गर्न अतिउच्च लिखित क्षमता प्राप्त गर्ने विद्यार्थी १६ प्रतिशत देखिन्छन् ।

सांस्कृतिक विषयवस्तुमा आधारित रहेर पत्ररचना गर्ने खस मातृभाषी विद्यार्थीहरू मध्ये ३८ प्रतिशतले पत्ररचना गर्न नसक्ने देखिन्छ । सामान्य लिखित पत्ररचना गर्न सक्ने ४.५ प्रतिशत रहेको पाइयो । मध्यम स्तरको पत्ररचनाको लिखित क्षमता भएका विद्यार्थीहरू १८ प्रतिशत रहेका छन् भने उच्च पत्ररचना लेख्न सक्ने खस मातृभाषी विद्यार्थी १९.५ प्रतिशत रहेका छन् । विद्यार्थीहरू सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेख्न सक्ने क्षमताका देखिन्छन् । खस मातृभाषी विद्यार्थीको सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखनको अतिउच्च क्षमता २० प्रतिशत विद्यार्थीमा रहेको पाइयो ।

खस मातृभाषी विद्यार्थीहरूको पत्ररचनासम्बन्धी लिखित अभिव्यक्ति क्षमता असाध्यै कमजोर रहेका अर्थात् लेख्न नजान्ने विद्यार्थी २१ प्रतिशत रहेको पाइयो भने अन्य विद्यार्थीले पत्ररचना गरी भाषिक अभिव्यक्ति सम्प्रेषण गर्न सक्ने अवस्था रहेको अनुसन्धानले देखाएको छ ।

**तालिका १७**

*पत्ररचनाका आधारमा विद्यार्थीको औसत क्षमता*

| | विद्यार्थी सङ्ख्या | कुल योग | कुल प्राप्ताङ्क | औसत मान |
|---|---|---|---|---|
| सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | २०० | १२०० | ६२१ | ३.१०५ |
| सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | २०० | ६०० | ३१६ | १.५८ |

माथिको तालिका पत्ररचनाका आधारमा विद्यार्थीको औसत लिखित अभिव्यक्ति क्षमता प्रस्तुत गरिएको छ । जम्मा २०० जनाको नमुना छनोटका आधारमा जनसङ्ख्या

निर्धारण गरिएकामा पत्ररचना गर्न सक्ने विद्यार्थीको कुल प्राप्ताङ्क १२०० हुनुपर्नेमा विद्यार्थीले कुल अङ्कमध्ये जम्मा ६२१ पाएका छन् । उक्त अङ्कलाई औसत मान निकाल्दा खस मातृभाषी विद्यार्थीको औसत क्षमता ३.१० रहेको देखिन्छ । उक्त औसत मान समग्र विद्यार्थीको राम्रो मान्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीहरू सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन गर्न सक्षम रहेको पाइन्छ । सांस्कृतिक विषयवस्तुको वर्णन गरी व्यक्तिगत चिठी लेख्न सक्ने विद्यार्थीको लिखित क्षमता १.५८ रहेको छ । माथिको नतिजाअनुसार सांस्कृतिक विषयवस्तुभन्दा सामाजिक विषयवस्तुमा विद्यार्थीहरूको पत्ररचना गर्न सक्ने क्षमता राम्रो रहेको मान्न सकिन्छ । वास्तवमा कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली लिखित अभिव्यक्ति क्षमतामा पत्ररचना गर्ने क्षमता राम्रो रहेको देखिन्छ ।

**स्वतन्त्र लेखनमा आवृत्ति र औसत क्षमता**

विद्यार्थीले कुनै पनि विषयवस्तुमा आधारित रहेर स्वस्फूर्त रूपमा आफ्नो धारणा लेख्नुलाई स्वतन्त्र लेखन भनिन्छ । स्वतन्त्र लेखन भनेको आफैँले कुनै एक विषयवस्तुमा रही लेख्न सक्ने सामर्थ्यको रचना मानिएको छ । यस्तो लेखनमा कुनै पनि ढाँचा दिइएको हुँदैन । स्वतन्त्र लेखनमा कुनै निश्चित ढाँचा, विषय वा नियमको परिधिमा नरही लेख्नुपर्छ । आफ्नो विचार, अनुभूति, चाहना र भावनालाई निर्धक्क लेख्ने मिल्ने स्वतन्त्र लेखाइ हो । यसमा डायरी लेखन, अनुभव लेखन, कविता लेखन, निबन्ध लेखन जस्ता कार्य पर्दछन् । यही लेखनबाट विद्यार्थीको लिखित क्षमता जाँच गरिने आधार तयार हुन्छ । खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखन क्षमता परीक्षणका लागि निबन्ध लेखन तथा संयुक्त र मिश्र वाक्यको प्रयोग गरी दुई अनुच्छेद लेखन गरिएको छ । वाक्यमा सापेक्ष संयोजक र निरपेक्ष संयोजकको जटिल वाक्यगठन गरी अनुच्छेद लेखन गर्नुलाई समेत लिइएको छ । यसरी गरिएको स्वतन्त्र लेखन कार्यबाट निम्नानुसार नतिजा प्राप्त गरिएको छ ।

**तालिका १८**

*स्वतन्त्र लेखनका आधारमा विद्यार्थीको आवृत्ति र औसत क्षमता*

| | | आवृत्ति | प्रतिशत | मान्य प्रतिशत |
|---|---|---|---|---|
| | शून्य | ४० | २० | २० |
| | अतिनिम्न | ६ | ३ | ३ |
| निबन्ध लेखन | निम्न | २९ | १४.५ | १४.५ |
| | सामान्य | २१ | १०.५ | १०.५ |
| | मध्यम | ४८ | २४ | २४ |
| | उच्च | २३ | ११.५ | ११.५ |
| | अतिउच्च | ३३ | १६.५ | १६.५ |
| | शून्य | १२३ | ६१.५ | ६१.५ |
| | सामान्य | ५ | २.५ | २.५ |
| जटिल वाक्य गठन क्षमता | मध्यम | २३ | ११.५ | ११.५ |
| | उच्च | २८ | १४ | १४ |
| | अतिउच्च | २१ | १०.५ | १०.५ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखन क्षमताको नतिजा प्रस्तुत गरिएको छ । खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखन क्षमताका लागि २० प्रतिशत विद्यार्थीहरूको शून्यताको स्थितिमा रहेको पाइन्छ । सामान्य रूपमा निबन्ध लेख्न सक्ने विद्यार्थी ३ प्रतिशत रहेको छ । मध्यम स्तरको लेखन क्षमता भएका ४८ प्रतिशत र उच्च किसिमको क्षमता १६.५ प्रतिशतमा रहेको देखिन्छ । स्वतन्त्र लेखनमा विशिष्टता प्राप्त गर्ने विद्यार्थीलाई अतिउच्च क्षमता भएका विद्यार्थीहरू १२.५ प्रतिशत रहेको पाइन्छ । त्यसैले

लेख्न सक्नेभन्दा पनि लेख्न नसक्ने विद्यार्थीको प्रतिशत अरूभन्दा बढिरहेको पाइन्छ । यही आवृत्ति र प्रतिशतका आधारमा खस मातृभाषी विद्यार्थीको औसत क्षमता निम्नानुसार रहेको छ ।

**तालिका १९**

*स्वतन्त्र लेखनका आधारमा विद्यार्थीको औसत क्षमता*

| | विद्यार्थी सङ्ख्या | कुल योग | कुल प्राप्ताङ्क | औसत मान |
|---|---|---|---|---|
| निबन्ध लेखन | २०० | १२०० | ५८९.५ | २.९३ |
| जटिल वाक्य गठन क्षमता | २०० | ६०० | २२९.५ | १.५८ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य गठन क्षमताका आधारमा अनुच्छेद लेखन गर्न लगाई परीक्षण गरी अङ्कन गरेर औसत मान निकालिएको छ । उक्त औसत मान निकाल्नका लागि ६ अङ्क निर्धारण गरिएकोमा २०० जनाको नमुना छनोटमा कुल १२०० योग आउनुपर्नेमा कुल विद्यार्थीको अङ्क जोड्दा ५८९.५ योगफल प्राप्त गरेका छन् । उक्त सङ्ख्यालाई औसतमा रूपान्तरण गर्दा उनीहरूको स्वतन्त्र निबन्ध लेखनमा लिखित औसत मान क्षमता २.९३ रहेको देखिन्छ भने जटिल वाक्य संरचनाको आधारमा स्वतन्त्र लेखनको लिखित क्षमता १.५८ रहेको पाइन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लिखित क्षमता मध्यम खालको रहेको पाइन्छ ।

## अध्याय पाँच

## लेखन तत्त्वका आधारमा विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता

लेखन भनेको आफ्नो विचार, भावना, ज्ञान र अनुभवलाई भाषा र लिपिको माध्यमबाट लेखेर अभिव्यक्ति गर्ने प्रक्रियालाई लेखन भनिन्छ । "कुनै पनि विषय वस्तुमा आधारित भएर लेख्य प्रतीकहरूको प्रयोग गरी गरिने अभिव्यक्तिलाई लिखित अभिव्यक्ति भनिन्छ" (आचार्य, २०७९, पृ.४२) । लेखन भाषाको स्थायी अभिव्यक्ति मानिन्छ । लेखेका कुरा दीर्घ कालसम्म रहने भएकाले लेखन भनेको दस्तावेजीकरण हो । आफ्ना विचार र अभिव्यक्तिलाई दस्तावेजीकरण गर्न लेखन गरिन्छ । लेखन कार्य औपचारिक र अनौपचारिक दुवै किसिमले गरिएको पाइन्छ । औपचारिक लेखन विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका अध्ययन गर्ने विद्यार्थीका लागि अनिवार्य गरिएको छ । लेखन कार्य शैक्षिक तह वद्धि, मूल्याङ्कन प्रणाली, शैक्षिक कार्यक्रमको निर्धारण गरिएको पाइन्छ । लेखन सामान्यदेखि प्राज्ञिक खालको हुन्छ । लेखन सामान्य र विशिष्ट किसिमका हुन्छन् । त्यसैले सामान्य लेखनले पनि प्राज्ञिक चरित्र समेटको हुन्छ र विशिष्ट लेखनमा विश्लेषणात्मक, छलफल, बहस र अन्तर्क्रियापश्चात निष्कर्षहरूसमेत निश्चित भएका हुन्छन् (प्रेक्षित, २०७८, पृ.५०) । तसर्थ सामान्य वा विशिष्ट लेखनका लागि लेखन तत्त्वको आवश्यक रहेको हुन्छ ।

लेखन तत्त्व भनेको लिखित अभिव्यक्तिलाई लिपिबद्ध गर्न आवश्यक रहेको हुन्छ । व्यक्तिका विचार, भावना, ज्ञान, सोच, कल्पना, अनुभूतिलाई वर्ण, अक्षर, शब्द, वाक्यका माध्यमबाट हस्तलेखन वा डिजिटल माध्यममा उतार्ने प्रक्रिया हो । त्यसैले लेखनका तत्त्वहरू, विषयवस्तु, उद्देश्य, संरचना, शैली, स्पष्टता, शुद्धता, भाव, शीर्षकले प्रभाव रहेका पाइन्छ भने यस शोधप्रबन्धमा संरचना र विषयवस्तुलाई  लेखन तत्त्व रूपमा उल्लेख गरिएको छ ।

### भाषिक संरचना

नेपाली भाषाको आफ्नै संरचना रहेको छ । कर्ता, कर्म, क्रिया अर्थात् उद्देश्य र विधेयका आधारमा वाक्य निर्माण गरिन्छ । यसका लागि वाक्यको सङ्गतिलाई समेत जोड्न आवश्यक हुन्छ । एउटा लिखित वाक्य वा लिखित अभिव्यक्तिमा वाक्यका तत्त्व समावेश भएका हुन्छन् । त्यसैले भाषिक संरचनाअनुसार यस शोधप्रबन्धमा तपसिल उपकरणलाई भाषा तत्त्व मानिएका छन् ।

***लिङ्ग***

लिखित वाक्य निर्माणमा कर्ताको कामअनुसार स्त्रीलिङ्ग र पुलिङ्ग क्रियापदको प्रयोग गर्नु पर्छ । स्त्रीलिङ्गी कर्तामा पुलिङ्गी क्रिया र पुलिङ्गी कर्तामा स्त्रीलिङ्गी क्रियाको प्रयोग गरी लिखित अभिव्यक्ति गर्दा वाक्य सङ्गति राम्रो मानिँदैन किनभने वाक्य संरचनाका हिसाबले सङ्गति नमिलेको मानिन्छ । त्यसैले लिखित अभिव्यक्तिमा लिङ्गलाई वाक्य तत्त्व मानिएको छ । कर्ताअनुसार क्रियापद र क्रियापदबमोजिम कर्ताको पदसङ्गति वाक्य तत्त्वमा हुनुपर्छ ।

***पुरुष***

लिखित अभिव्यक्तिमा पुरुषवाचक सर्वनामअनुसार वक्ता र श्रोताको सङ्गति मेल नहुँदा वाक्य नमिलेको हुन्छ । प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष ढाँचामा वाक्य गठनमा तालमेल भएन भने वाक्यमा पुरुषको प्रयोग नभएको मानिन्छ । त्यसैले नेपाली लिखित अभिव्यक्तिमा पुरुषलाई पनि वाक्यतत्त्व रूपमा लिइएको छ । वाक्यगठन गर्दा र परिवर्तन गर्दा पुरुष अनिवार्य रहेको देखिन्छ ।

***आदर***

वाक्यमा कर्ताअनुसारको क्रियापदमा सङ्गति गरी आदरबमोजिमको क्रियापदको प्रयोगलाई आदर भनिन्छ । नेपाली व्याकरणअनुसार सामान्य, मध्यम, उच्च र अतिउच्च आदरका प्रकार रहेका छन् । यी आदरमा कर्ताअनुसार आदरार्थी क्रियापदको प्रयोगलाई मिलान गर्न जरुरी हुन्छ । त्यसैले लिखित वाक्यमा आदरलाई वाक्य तत्त्व मानिएको पाइन्छ ।

***वचन***

एकवचन वाक्यमा बहुवचन क्रिया र बहुवचन वाक्यमा एकवचन क्रियापदको प्रयोग गरी लिखित वाक्य बनाउँदा वाक्य गल्ती हुन्छ । त्यसैले वचनअनुसारको क्रियापद प्रयोग गरी लिखित वाक्य लेख्दा पदसङ्गति हुने भएकाले लिखित वाक्यमा वचनलाई वाक्य तत्त्व मानिएको पाइन्छ ।

***काल***

वाक्यमा कालको सम्बन्ध क्रियापदसँग रहन्छ । क्रियाअनुसार नै कालका प्रकार रहेका हुन्छन् । भूत, वर्तमान र भविष्यत् काल नेपाली व्याकरणमा तीन प्रकारका रहेका छन् । त्यसैले कालअनुसारको क्रियापदको प्रयोग गरी वाक्य लेखन गरिन्छ । तसर्थ काललाई पनि वाक्यतत्त्व मानिएको छ ।

**सामाजिक विषयवस्तुका आधारमा पत्ररचना**

लिखित अभिव्यक्तिको अर्को महत्त्वपूर्ण पक्ष भनेको विषयवस्तुअनुसार पत्ररचना गर्नु हो । विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीलाई सामाजिक, सांस्कृतिक विषयवस्तु दिएर वाक्य निर्माण गरी पत्रको रचना गर्न सक्नुपर्छ । यस शोधप्रबन्धमा खस, मातृभाषी विद्यार्थीलाई सामाजिक र सांस्कृति विषयवस्तुमा व्यक्तिगत चिठी लेखन गर्न लगाइएको छ । त्यसैले विषयवस्तुका आधारमा पत्र रचनालाई वाक्यतत्त्व रूपमा लिइएको छ ।

***स्वतन्त्र निबन्ध लेखन***

विद्यार्थीको लिखित क्षमताको पहिचान गर्ने मुख्य आधार भनेको स्वतन्त्र लेखन हो । स्वतन्त्र लेखन गर्दा विद्यार्थीको लेख्ने क्षमताको पहिचान गरिन्छ । उनीहरूको मौलिक लेखनशैलीको अवस्था बोध गर्न स्वतन्त्र लेखन गरिएको छ । त्यसैले स्वतन्त्र लेखनमा विद्यार्थीको क्षमतालाई परीक्षण गर्न विभिन्न विषय दिएर निबन्ध र अनुच्छेद लेखन गर्न लगाइन्छ । खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनलाई यस शोधप्रबन्धमा लेखन तत्त्वका रूपमा लिइएको छ ।

***जटिल वाक्य संरचना***

विद्यार्थीले लिखित अभिव्यक्तिमा विभिन्न किसिमका वाक्य संरचना गरी लेखन गर्ने कार्यकलाप गराउन उपयुक्त मानिन्छ । यसका लागि सरल, मिश्र र संयुक्त वाक्यको ढाँचामा वाक्यगठन गरेर जटिल किसिमका अनुच्छेद लेखन क्षमता पहिचान गर्न आवश्यक रहेको देखिन्छ । त्यसैले मिश्र र संयुक्त वाक्य निर्माणमा प्रयोग हुने संयोजकबाट विद्यार्थीले अनुच्छेद लेखन गर्नु हो । त्यसैले लिखित वाक्यमा जटिल वाक्य संरचनालाई लेखन तत्त्वका रूपमा लिन सकिन्छ ।

माथि उल्लिखित वाक्यतत्त्व आधारमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता पहिचान गर्न विभिन्न चरका माध्यमबाट स्वतन्त्र र आश्रित टि-टेस्ट गरिएको छ ।

**लेखनका तत्त्वमा स्वतन्त्र समूह टि-टेस्ट**

दुई समान समूहका बिचमा के कति भिन्नता रहेको छ ? भनी परीक्षण गर्ने साङ्ख्यीय विधि स्वतन्त्र समूह टि-टेस्ट हो । यस टेस्टमा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र चरमा रहेर लिखित अभिव्यक्ति परीक्षण गरिन्छ । टि-टेस्ट (परीक्षण) एक प्रकारको तथ्याङ्कीय परीक्षण हो जसले दुई समूहहरूको साधनबिचको तुलना गर्न प्रयोग गरिन्छ । यो परीक्षण विधि सबैभन्दा व्यापक तथ्याङ्कीय परिकल्पना परीक्षणहरूमध्ये एक हो । यसले स्वतन्त्र चर र आश्रित चरको सम्भावनाको सम्भाव्यतालाई परिभाषित गर्छ ( किम, सन् २०१५, पृ. ५४०) । तसर्थ टि- परीक्षणले परिकल्पनालाई सार्थकता दिलाउने कार्य गरेको पाइन्छ । खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्न टि-टेस्टका माध्यमबाट नतिजा निकालिएको छ । टि-टेस्टले परिकल्पनाको अनुमानलाई परीक्षण गर्ने भएकाले अनुमानलाई तथ्याङ्कको चरमा आधारित परीक्षण हुन्छन् । सामान्तया नमुनाको औसत र विचलन निकाल्न प्रयोग गरिन्छ । यस परीक्षणबाट जनसङ्ख्याको औसत शून्य छ अर्थात् अन्तर र भिन्नता छ भनेर पत्ता लगाउने कार्य टि-टेस्टले गर्छ (भोण्डेग र सरोद, सन् २०१७, पृ.१७) । यही मान्यता र सिद्धान्तमा रहेर खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको विभिन्न चरका माध्यमबाट परीक्षण गरिएको छ ।

**लिङ्गका आधारमा वाक्य रचनाको टि-टेस्ट**

नेपालको विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थी एउटै लिङ्गका छैनन् । एउटा कक्षाकोठामा पढ्ने विद्यार्थीहरू महिला र पुरुष रहेका हुन्छन् । ती महिला र पुरुष विद्यार्थीको जैविक भिन्नतालाई लिङ्ग भनिन्छ । विद्यार्थीको जैविक भिन्न्ताअनुसार शारीरिक तथा यौनिक भिन्नता रहेको हुन्छ । यही विविधतालाई लिङ्ग भनिन्छ । त्यस कारण खस मातृभाषी विद्यार्थीको लिङ्ग भिन्नताअनुसार वाक्य रचना गर्न सक्ने क्षमताको भिन्नता कस्तो रहेको छ पहिचान गर्न लिङ्गका आधारमा टि-टेस्ट परीक्षण गरिएको छ ।

**तालिका १९**

*लिङ्गका आधारमा टि-टेस्ट*

| परीक्षण चर | | समानताको ` लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| लिङ्गका आधारमा | स्तरीय भिन्नता | ३.९५ | .०४८ | -१.१० | १९८ | .२७० | -.१०६ | .०९६ | -.२९६ | .०८३ |
| | भिन्नता नभएको | | | -१.१२ | १९७.० | .२६२ | -.१०६ | .०९४ | -.२९३ | .०८०१४ |
| वचनका आधारमा | स्तरीय भिन्नता | .१३८ | .७११ | -.३९० | १९८ | .६९७ | -.०४१ | .१०५ | -.२४९ | .१६७ |
| | भिन्नता नभएको | | | -.३९१ | १९०.२ | .६९६ | -.०४१ | .१०५ | -.२४९ | .१६६९५ |
| पुरुषका आधारमा | स्तरीय भिन्नता | .०२३ | .८८१ | .६३६ | १९८ | .५२५ | .०६० | .०९४ | -.१२६ | .२४६ |
| | भिन्नता नभएको | | | .६३६ | १८८.५ | .५२६ | .०६० | .०९४ | -.१२६ | .२४७ |
| आदरका आधारमा | स्तरीय भिन्नता | .०८२ | .७७५ | -.८४३ | १९८ | .४०० | -.०८७ | .१०३ | -.२९० | .११६ |
| | भिन्नता नभएको | | | -.८४० | १८५.३ | .४०२ | -.०८७ | .१०३ | -.२९१ | .११७ |
| कालका आधारमा | स्तरीय भिन्नता | १.११३ | .२९३ | -.२९७ | १९८ | .७६६ | -.०४२७७ | .१४३ | -.३२६ | .२४० |
| | भिन्नता नभएको | | | -.२९९ | १९१.८ | .७६५ | -.०४२७७ | .१४३ | -.३२४ | .२३९ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको लिङ्गका आधारमा वाक्य रचनामा आधारित स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा लिङ्ग, वचन ,पुरुष, आदर, काल र पक्षलाई

स्वतन्त्र चरको तुलनात्मक भिन्नता निकालिएको छ । जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा पी.. -मान (=.०५) वचन, वचन, पुरुष, आदर र कालको सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको लिङ्गअनुसार प्राप्ताङ्कको विचलन उस्तै रहेको पाइन्छ भने लिङ्गअनुसार केटा र केटी को पी.. -मान ( =.०५ ) पी..=.०४८ रहेकाले विद्यार्थीको समानताको लेभनमा फरक रहेको देखिन्छ । त्यसैले चरमा समान भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभन मा पी.. -मान = यहाँ लैङ्गिकताका आधारमा लिङ्ग .१०६ रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन । त्यसैले विद्यार्थीको लिङ्गबमोजिम लिखित वाक्यगठन क्षमता उस्तै रहेको पाइन्छ ।

**पारिवारिक आधारमा स्वतन्त्र टि-टेस्ट**

कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीको पारिवारिक आर्थिक अवस्था एकै किसिम नहुन सक्छ । कतिपय विद्यार्थीको पारिवारिक आर्थिक स्थिति राम्रा रहेको हुन्छ त कसैको पारिवारिक आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीको पारिवारिक आर्थिक अवस्थालाई मध्यम र निम्न पारिवारिक आर्थिक अवस्थालाई आधार मानिएको छ ।

**तालिका २०**

*पारिवारिक आर्थिक अवस्थाका आधारमा स्वतन्त्र टि-टेस्ट*

**स्वतन्त्र नमुना परीक्षण**

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सि. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| लिङ्गका आधारमा | स्तरीय भिन्नता | १.० | .३१८ | -.७४५ | १९८ | .४५७ | -.०७१ | .०९५ | -.२६० | .११७ |
| | भिन्नता नभएको | | | -.७४४ | १९६.७ | .४५७ | -.०७१ | .०९५ | -.२६० | .११७६ |
| वचनका आधारमा | स्तरीय भिन्नता | १.१ | .२८८ | -२.१५ | १९८ | .०३२ | -.२२३ | .१०४ | -.४२९ | -.०१८ |
| | भिन्नता नभएको | | | -२.१५ | १९७.८ | .०३३ | -.२२३ | .१०४ | -.४२९ | -.०१८ |
| पुरुषका आधारमा | स्तरीय भिन्नता | १.१ | .२८० | -२.९७ | १९८ | .००३ | -.२७४ | .०९२ | -.४५६ | -.०९२ |
| | भिन्नता नभएको | | | -२.९७ | १९४.५ | .००३ | -.२७४ | .०९२ | -.४५६ | -.०९२ |
| आदरका आधारमा | स्तरीय भिन्नता | ३.९ | .०४८ | -३.७१ | १९८ | .००० | -.३६८ | .०९९ | -.५६४ | -.१७२ |
| | भिन्नता नभएको | | | -३.७० | १९३.९ | .००० | -.३६८ | .०९९ | -.५६४ | -.१७२ |
| कालका आधारमा | स्तरीय भिन्नता | .५५ | .४५६ | -.७३ | १९८ | .४६२ | -.१०५ | .१४२ | -.३८६ | .१७६ |
| | भिन्नता नभएको | | | -.७३ | १९७. | .४६२ | -.१०५ | .१४२ | -.३८६ | .१७६ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पारिवारिक आर्थिक वर्गका आधारमा वाक्य रचनामा आधारित स्वतन्त्र टि-टेस्ट गरिएको छ। यसमा लिङ्ग, वचन, पुरुष, आदर, काल र पक्षलाई स्वतन्त्र चरको तुलनात्मक भिन्नता गरिएको छ। जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा पी.. -मान (=.०५) लिङ्ग, वचन, वचन, पुरुष र कालको

सार्थकता तह ५ प्रतिशत, (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको परिवारिक वर्गगत प्राप्ताङ्कको विचलनमा उस्तै रहेको पाइन्छ भने आदरमा .०४८ रहेकाले भिन्नता रहेको देखिन्छ । त्यसैले चरमा समान भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभन मा P -मान सिङ्निफिकेसन  जोडी भिन्नता पारिवारिक वर्गका आधारमा लिङ्ग .४५७ र काल ४६२ रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना  स्वीकार गरिएको पाइँदैन । पारिवारिक आर्थिक अवस्थाका आधारमा वाक्य रचना गर्दा वचन .०३२, पुरुष .००३, आदर .००० पी. -मान सि.(२ परीक्षण) पी.=को माान ५ प्रतिशत  कम भएकाले विद्यार्थीको वाक्य रचना गर्ने क्षमतामा भिन्नता रहेको देखिन्छ ।

**तालिका २१**

*उमेरका आधारमा टि-टेस्ट*

**स्वतन्त्र नमुना परीक्षण**

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| लिङ्गका आधारमा | स्तरीय भिन्नता | .९६१ | .३२८ | .४८४ | १९८ | .६२९ | .०४७ | .०९८ | -.१४६ | .२४१ |
| | भिन्नता नभएका | | | .४९४ | १७४.३० | .६२२ | .०४७ | .०९६ | -.१४२ | .२३७ |
| वचनका आधारमा | स्तरीय भिन्नता | .४७७ | .४९१ | .४९३ | १९८ | .६२३ | .०५३ | .१०७ | -.१५९ | .२६५ |
| | भिन्नता नभएका | | | .४९१ | १६१.९ | .६२४ | .०५३ | .१०८ | -.१६० | .२६६ |
| पुरुषका आधारमा | स्तरीय भिन्नता | १.८३५ | .१७७ | २.६६९ | १९८ | .००८ | .२५३ | .०९४ | .०६६ | .४४० |
| | भिन्नता नभएका | | | २.७३९ | १७७.९ | .००७ | .२५३ | .०९२ | .०७० | .४३५ |
| आदरका आधारमा | स्तरीय भिन्नता | १.३५० | .२४७ | १.८८२ | १९८ | .०६१ | .१९६ | .१०४ | -.००९ | .४०२ |
| | भिन्नता नभएका | | | १.९०३ | १७०.१ | .०५९ | .१९६ | .१०३ | -.००७ | .४०० |
| कालका आधारमा | स्तरीय भिन्नता | .०५३ | .८१८ | -.४३४ | १९८ | .६६५ | -.०६३ | .१४६ | -.३५२ | .२२५ |
| | भिन्नता नभएका | | | -.४३५ | १६५.१ | .६६४ | -.०६३ | .१४६ | -.३५२ | .२२४ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको उमेरका आधारमा वाक्य रचनामा आधारित स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा लिङ्ग, वचन, पुरुष, आदर, काल र पक्षलाई स्वतन्त्र चरअनुसार तुलनात्मक भिन्नता पहिचान गरिएको छ । जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा पी.. -मान (=.०५ ) लिङ्ग, वचन, पुरुष, आदर र कालको सार्थकता तह ५ प्रतिशत, (.०५ ) भन्दा बढी भएकाले विद्यार्थीको उमेरगत प्राप्ताङ्कको विचलनमा उस्तै रहेको पाइन्छ । त्यसैले चरमा समान भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभन मा P -मान सिङ्निफिकेसन उमेरका आधारमा लिङ्ग .६२९ वचन .६२३, काल .६६५, रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन । यहाँ विद्यार्थीको उमेरलाई पन्ध्र वर्षमुनि र पन्ध्र वर्षमाथिकाको आधारमा भिन्नता परीक्षण गरिएको छ । विद्यार्थीको पुरुष .००८ आदर .०६१ रहेको हुँदा पी.. -मान (=.०५) सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा कम रहेको पाइन्छ । त्यसैले पुरुष र आदरमा विद्यार्थीको मानक विचलन फरक रहेको पाइन्छ । यहाँ उमेरअनुसार पुरुष र आदरको प्रयोग गरी वाक्य रचना गर्ने पन्ध्र वर्षभन्दा कम उमेर र पन्ध्र वर्षभन्दा बढी उमेर भएका विद्यार्थीमा सार्थक भिन्नता रहेको देखिन्छ ।

**पत्ररचनासम्बन्धी टि-टेस्ट**

विद्यार्थीले पत्रमार्फत आफ्नो खबर आदान प्रदान गर्न सक्ने लिखित रचनालाई पत्र भनिन्छ । पत्रमा औपचारिक लिखित अभिव्यक्तिको रहेको हुन्छ । एक ठाउँबाट अर्को र एक व्यक्तिबाट अर्को व्यक्तिलाई सन्देश पठाउने साधनको रूपमा पत्रलाई लिइन्छ । पत्ररचनाका विभिन्न प्रकार रहेका हुन्छन् । पत्रको रचना व्यक्तिगत, व्यापारिक, कार्यालयीय प्रयोजनका लागि प्रयोग गरिएको पाइन्छ । पत्ररचनाले व्यक्ति, समाज र सेवा क्षेत्रमा समेत प्रभाव पारेको हुन्छ । त्यसैले विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीका लागि पत्ररचना गर्नु अति आवश्यक रहेको छ । तसर्थ पत्रको रचना गर्दा शिष्ट, सभ्य र सरल भाषाको प्रयोग गर्नु उपयुक्त मानिएको छ ।

पत्ररचना व्याकरणिक लेखनभन्दा भाषिक लेखन राम्रो मानिन्छ । पत्र दैनिक प्रयोगमा आवश्यक पर्ने भएकाले विद्यार्थीले सिक्नु जरुरी रहेको हुन्छ । यसका लागि विद्यालय तहदेख नै पत्ररचना गर्न सिकाउनुपर्छ । पत्रका विविध विषयवस्तु रहेका हुन्छन् । कोही कसैलाई

कार्यालमा, दैनिक व्यवहार आदिका लागि महत्त्वपूर्ण रहेका छ । यहाँ खस मातृभाषी विद्यार्थीको क्षमता अभिवृद्धिबाट लिन सकिन्छ । कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरूलाई विभिन्न विषवस्तुमा आधारित रहेर पत्र रचना गरेको पाइन्छ । यहाँ व्यक्तिगत प्रयोजनार्थ सामाजिक, सांस्कृतिक, मूल्य मान्यतासमेत जोडिने भएकाले लेखन कला आफैँमा स्वतन्त्र कला हो । लेखन कलालाई व्यावहारिक लेखनसँग जोडिएको हुन्छ । त्यसैले यस्ता लेखनमा चिठी, निमणन्त्रणा, सूचना, विज्ञापन, समवेदना र बधाई पत्र, सम्मानपत्र, प्रसंशापत्र आदि लेखन पर्दछन् । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन क्षमता राम्रो हुनुपर्छ । व्यावहारिक लेखन क्षमता राम्रो भएमा विद्यार्थीहरूको दैनिक लेखन क्षमतामा सुधार भई आफूले गर्ने कार्यमा कुशलता प्राप्त गर्न सक्षम हुन्छन् । यही सक्षमतालाई वृद्धि गर्न चिठ्ठा लेखन क्षमतामा सामाजिक र सांस्कृतिक विषयवस्तुलाई समेटेर चिठी लेख्न सक्ने क्षमताको परीक्षण यस शोधप्रबन्धमा गरिएको पाइन्छ ।

**तालिका २२**

*लिङ्गअनुसार खस मातृभाषी विद्यार्थीको पत्ररचनासम्बन्धी टि-टेस्ट*

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्व.स्त | सि. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | स्तरीय भिन्नता | ५ | .५० | २.१६ | १९८ | .०३१ | .६२९ | .२९० | .०५६ | १.२० |
| | भिन्नता नभएका | | | २.१५ | १८३.३ | .०३३ | .६२९ | .२९२ | .०५२ | १.२० |
| सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | स्तरीय भिन्नता | .०३४ | .८५३ | १.१९ | १९८ | .२३५ | .२६९ | .२२६ | -.१७६ | .७१ |
| | भिन्नता नभएका | | | १.१९ | १८८.५ | .२३५ | .२६९ | .२२६ | -.१७६ | .७१ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पत्ररचनामा आधारित लिङ्गगत स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनलाई स्वतन्त्र चरको आधारमा तुलनात्मक भिन्नता पत्ता लगाउन परीक्षण गरिएको छ । जसमा भिन्नताहरूको समानताको लेभल परीक्षण गदा पी.. -मान (=.०५) सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनको सार्थकता तह ५ प्रतिशत, (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको पत्ररचना गर्ने लिङ्गअनुसारको प्राप्ताङ्कको विचलनमा उस्तै रहेको पाइन्छ । अर्कोतर्फ चरमा समान भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभन मा पी..-मान सिङ्निफिकेसन यहाँ पत्ररचनाका आधारमा सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठीमा .२३५ रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन । यहाँ विद्यार्थीको लिङ्गगत आधारमा लिखित अभिव्यक्तिमा भिन्नता छात्रा र छात्रमा रहेको देखिँदैन । सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन .०३१ रहेको हुँदा पी.. -मान (=.०५) सार्थकता तह ५ प्रतिशत, (=.०५) भन्दा कम रहेको पाइन्छ । त्यसैले सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा विद्यार्थीको मानक विचलन फरक रहेको पाइन्छ । यहाँ सांस्कृतिक विषयवस्तुमा चिठी लेखनलाई छात्रा र छात्र विद्यार्थीमा सार्थक भिन्नता रहेको देखिन्छ ।

**तालिका २३**

*पारिवारिक आर्थिक अवस्थाका आधारमा खस मातृभाषी विद्यार्थीको पत्ररचना टि-टेस्ट*

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | dfyl |
| सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | स्तरीय भिन्नता | .०७६ | .७८३ | -४.४५ | १९८ | .००० | -१.२४ | .२७८ | -१.७८९ | -.६९० |
| | भिन्नता नभएका | | | -४.४५ | १९७.८६ | .००० | -१.२४ | .२७८ | -१.७९० | -.६९० |
| सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | स्तरीय भिन्नता | .६२९ | .४२९ | -२.९१ | १९८ | .००४ | -.६४४ | .२२० | -१.०७९ | -.२०८ |
| | भिन्नता नभएका | | | -२.९२ | १९६.७३ | .००४ | -.६४४ | .२२० | -१.०७९ | -.२०९ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पारिवारिक आर्थिक अवस्थाअनुसार स्वतन्त्र टि-टेस्ट गरिएको छ। यसमा सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनलाई स्वतन्त्र चरको आधारमा तुलनात्मक भिन्नता पत्ता लगाउन परीक्षण गरिएको हो। जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा पी.. -मान (=.०५ ) सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन सार्थकता तह ५ प्रतिशत, (=.०५) भन्दा कम रहेको पाइन्छ। सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनको सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको पारिवारिक वर्गअनुसारको प्राप्ताङ्कको विचलनमा उस्तै रहेको पाइन्छ। अर्कोतर्फ चरमा समान

भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभन मा पी..-मान सिङ्निफिकेसन पारिवारिक वर्गको आधारमा सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन .००० रहेको छ भने सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन .००४ रहेको हुँदा पी.. -मान (=.०५) सार्थकता तह ५ प्रतिशत, (=.०५) भन्दा कम रहेको पाइन्छ । त्यसैले सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा विद्यार्थीको मानक विचलन फरक रहेको पाइन्छ । यहाँ सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनलाई मध्यम वर्गीय र निम्न वर्गीय विद्यार्थीमा सार्थक भिन्नता रहेको देखिन्छ ।

**तालिका २४**

*उमेरका आधारमा खस मातृभाषी विद्यार्थीको पत्ररचना टि-टेस्ट*

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | स्तरीय भिन्नता | .००० | .९८२ | २.११२ | १९८ | .०३६ | .६२५ | .२९६ | .०४१ | १.२१० |
| | भिन्नता नभएका | | | २.११६ | १६५.२९ | .०३६ | .६२५ | .२९५ | .०४१ | १.२०९ |
| सांस्कृतिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन | स्तरीय भिन्नता | .००० | .९९० | .१२६ | १९८ | .९०० | .०२९ | .२३१ | -.४२६ | .४८४ |
| | भिन्नता नभएका | | | .१२५ | १६३.९९ | .९०० | .०२९ | .२३१ | -.४२७ | .४८५ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पत्ररचनामा आधारित उमेरगत स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत लेखनलाई स्वतन्त्र चरको आधारमा तुलनात्मक भिन्नता पत्ता लगाउन परीक्षण गरिएको हो । जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा पी. -मान (=.०५) सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत लेखनको सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा कम भएकाले विद्यार्थीको उमेरगतअनुसारको प्राप्ताङ्कको विचलनमा फरक रहेको पाइन्छ । उमेरले विद्यार्थीको लिखित क्षमता भिन्नता रहेको देखिन्छ । एउटै उमेर समूहमा पनि लेख्ने क्षमता फरक रहनुले समानता र भिन्नता हुने विश्वास गरिन्छ । अर्कोतर्फ चरमा समान भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । P -मान सिङ्निफिकेसन सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत लेखन .९०० रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन । उमेरको आधारमा सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन .०३६ सार्थकता तह ५ प्रतिशतभन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छ । तसर्थ खस मातृभाषी विद्यार्थीको उमेरअनुसार लिखित अभिव्यक्ति क्षमतामा भिन्नता र समानता रहेको पाइन्छ ।

**तालिका २५**

*लिङ्गको आधारमा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनसम्बन्धी टि-टेस्ट*

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | dfly |
| निबन्ध लेखन | स्तरीय भिन्नता | .२३६ | .६२८ | १.३३ | १९८ | .१८५ | .३८९ | .२९२ | -.१८७ | .९६६ |
| | भिन्नता नभएका | | | १.३३ | १९२.१ | .१८२ | .३८९ | .२९१ | -.१८४ | .९६३ |
| जटिल वाक्य संरचना | स्तरीय भिन्नता | २.०३० | .१५६ | .९९५ | १९८ | .३२१ | .२११ | .२१२ | -.२०८ | .६३१ |
| | भिन्नता नभएका | | | १.०० | १९२.२ | .३१९ | .२११ | .२११ | -.२०५ | .६२९ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनमा आधारित लिङ्गगत स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखनलाई स्वतन्त्र चरको आधारमा तुलनात्मक भिन्नता पत्ता लगाउन परीक्षण गरिएको हो । जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा P -मान (=.०५) स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखनको सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको लिङ्गगतअनुसारको प्राप्ताङ्कको विचलनमा उस्तै रहेको पाइन्छ । अर्कोतर्फ चरमा समान भिन्नता के कस्तो रहेको छ ? यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभनमा पी.. -मान सिडनिफिकेसन लिङ्गको आधारमा स्वतन्त्र लेखन .१८५ स्वतन्त्र निबन्ध लेखन .३२१

रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन । यहाँ विद्यार्थीको लिङ्गगतका आधारमा भिन्नता छात्रा र छात्र विद्यार्थीको प्राप्ताङ्क परीक्षण गरिएको छ । छात्रा र छात्र विद्यार्थीको स्वतन्त्र लेखन क्षमता एकै किसिमको रहेको पाइन्छ ।

**तालिका २६**

*पारिवारिक आर्थिक अवस्थाका आधारमा विद्यार्थीको स्वतन्त्र लेखनसम्बन्धी टि-टेस्ट*

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सी. | प. | स्वतन्त्रताको स्तर | सी. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| निबन्ध लेखन | स्तरीय भिन्नता | .९५२ | .३३० | -३.८९ | १९८ | .००० | -१.०९६ | .२८१ | -१.६५२ | -.५४१ |
| | भिन्नता नभएका | | | -३.८९ | १९७.४ | .००० | -१.०९६ | .२८१ | -१.६५२ | -.५४१ |
| जटिल वाक्य संरचना | स्तरीय भिन्नता | ८.७६४ | .००३ | -१.२६ | १९८ | .२०६ | -.२६८ | .२११ | -.६८४ | .१४८ |
| | भिन्नता नभएका | | | -१.२७ | १९२.७ | .२०५ | -.२६८ | .२१० | -.६८३ | .१४७ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनमा आधारित पारिवारिक आर्थिक अवस्थाका आधारमा स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचनालाई स्वतन्त्र चरको आधारमा तुलनात्मक भिन्नता पत्ता लगाउन परीक्षण गरिएको हो । भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा P -मान (=.०५) स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखनको सार्थकता तह ५ प्रतिशत (=.०५ ) भन्दा बढी भएकाले विद्यार्थीको पारिवारिक आर्थिक अवस्थाअनुसार प्राप्ताङ्कको

विचलनमा उस्तै रहेको पाइन्छ । अर्कोतर्फ चरमा समान भिन्नता के कस्तो रहेको छ यसको मान्यतामा रहेर टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ । यहाँ टि-टेस्ट समानताको लेभन मा पी.. -मान Sig. (2-tailed) जटिल वाक्य संरचना .२०१ रहेको हुँदा पी.. -मान (=.०५) सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी रहेको पाइन्छ । त्यसैले स्वतन्त्र अनुच्छेद लेखनमा विद्यार्थीको मानक विचलन फरक रहेको पाइँदैन । अर्कोतफ पारिवारिक आर्थिक अवस्थाका आधारमा स्वतन्त्र निबन्ध लेखन .०४० रहेकाले जुन सार्थकता तह ५ प्रतिशत भन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छ । तसर्थ पारिवारिक आर्थिक अवस्थाकाअनुसार मध्यम र निम्न वर्गको खस मातृभाषीले नेपाली लिखित अभिव्यक्ति क्षमतामा सार्थक भिन्नता रहेको देखिन्छ ।

**तालिका ३०**

*उमेरका आधारमा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनसम्बन्धी टि-टेस्ट*

| | | समानताको लागि लेभन टेस्ट | | औसत (मध्यक) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फलन | सि. | प. | स्व. स्त. | सि. (२) | मध्यक भिन्नता | स्तरीय भिन्नता | ९५ प्रतिशत सार्थकता तह | |
| | | | | | | | | | तल | माथि |
| स्वतन्त्र निबन्ध लेखन | स्तरीय भिन्नता | .४७७ | .४९० | १.६६ | १९८ | .०९८ | .४९४ | .२९७ | -.०९२ | १.०८० |
| | भिन्नता नभएका | | | १.६५ | १६०.१ | .१०१ | .४९४ | .२९९ | -.०९७ | १.०८ |
| जटिल वाक्य संरचना | स्तरीय भिन्नता | १.७३४ | .१८९ | १.३२ | १९८ | .१८८ | .२८५ | .२१६ | -.१४१ | .७१२ |
| | भिन्नता नभएका | | | १.३० | १५८.६ | .१९३ | .२८५ | .२१८ | -.१४६ | .७१७ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनमा आधारित उमेरअनुसार स्वतन्त्र टि-टेस्ट गरिएको छ । यसमा स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखनलाई स्वतन्त्र चरको आधारमा तुलनात्मक भिन्नता पत्ता लगाउन परीक्षण गरिएको हो । जसमा भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा P -मान (=.०५)

स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखनको सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको उमेरअनुसारको प्राप्ताङ्कको विचलनमा उस्तै रहेको पाइन्छ। चरमा समान भिन्नता के कस्तो रहेको छ भन्ने मान्यतामा रहेर गरिएको टि-टेस्टको नतिजा विश्लेषण गरिएको छ। यहाँ टि-टेस्ट समानताको लेभन मा P -मान सिङ्निफिकेसन हाँ उमेरका आधारमा स्वतन्त्र लेखन .०९८ स्वतन्त्र निबन्ध लेखन १८८ रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन। उमेरअनुसार विद्यार्थीको लिखित क्षमता खासै भिन्न्ता नरेको देखिन्छ। तसर्थ १५ वर्षभन्दा तलका र १६ वर्षभन्दा माथि उमेर भएका विद्यार्थी बिचको खासै अन्तर रहेको पाइँदैन। त्यसैले पन्ध्र वर्षभन्दा मुनि र सोर वर्ष माथि उमेर समूह विद्यार्थीको लिखित क्षमतामा खासै परिवर्तन भएको पाइँदैन ।

खस मातृभाषी विद्यार्थीका लिखित अभिव्यक्ति क्षमता पहिचानसम्बन्धी स्वतन्त्र चरहरू, लिङ्ग, उमेर, दुरी, समय, पारिवारिक आर्थिक अवस्था, अभिभावको पेसा, शिक्षाअनुसार टि-टेस्ट परीक्षणमा केही भिन्नता र समानता रहेको पाइन्छ। यसभन्दा अगाडि गरिएका पूर्व अनुसन्धाताका अनुसन्धान, अध्ययन तथा अनुसन्धान प्रतिवेदनभन्दा केही फरकपन आएको पाइन्छ। नेपाली अनुसन्धाताका अनुसन्धानमा समय र दुरीअनुसार लिखित अभिव्यक्ति क्षमतामा विद्यार्थीको भिन्नताको स्वीकार यस शोधप्रबन्धले गरेको छ।

**आश्रित नमुना टि-टेस्ट**

आश्रित नमुना टि-टेस्ट लाई पी.रेड टि-टेस्ट पनि भनिन्छ। यस टेस्टमा जोडी भिन्नताको परीक्षण गरिने भएकाले दुईओटा समूह बनाएर तुलना गरिएको पाइन्छ। दुई समूहको तुलनात्मक भिन्नताले आश्रित चरलाई विश्लेषण गरेको पाइन्छ। त्यसैले आश्रित चरका आधारमा लिङ्ग, पारिवारिक वर्ग र उमेरअनुसारको खस मातृभाषी विद्यार्थी नेपाली लिखित अभिव्यक्ति क्षमताको आश्रित चरहरूमा जोडी तुलनात्मक भिन्नताको परीक्षण गरिएको छ। एउटै अवस्थाका दुवैतर्फको जोडी परीक्षणको सम्भाव्यता निकाल्ने कार्य आश्रित परीक्षणले गरेको हुन्छ। आश्रित टि-टेस्टमा सिङ्निफिकेसन लेभनमा औसत र पी.भ्यालुले परीक्षणको नतिजालाई जनाएको छ। त्यसैले खस मातृभाषी विद्यार्थी नेपाली लिखित अभिव्यक्ति क्षमतामा जोडी तुलनात्मक भिन्नता परीक्षण गरिएको छ।

खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्तिलाई विभिन्न सम्भाव्यताअनुसारको प्राक्कल्पना गरिएको छन् । ती प्राक्कल्पनालाई स्वतन्त्र र आश्रित चरका माध्यमबाट साङ्ख्यिकीय परीक्षण एस.पी.एस.एस. सफ्टवेरको प्रयोगबाट नतिजा विश्लेषण गरिएको छ :

**तालिका २७**

*लिङ्गका आधारमा लिङ्गअनुसार वाक्य परिवर्तनमा आश्रित टि-टेस्ट*

| | | जोडी भिन्नता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यक | स्तरीय भिन्नता | स्तरीय भिन्नता त्रुटि | ९५ प्रतिशत सार्थकता तह | | औसत | स्तरीय भिन्नता | जोडी परीक्षण |
| | | | | | तल | माथि | | | |
| पी.एर १ | लिङ्गका आधारमा लिङ्ग | ०.१९५ | ०.७८२ | ०.०५५ | ०.०८५ | ०.३०४ | ३.५ | १९९ | ० |
| पी.एर २ | वचनका आधारमा लिङ्ग | -०.४०६ | ०.८६१ | ०.०६० | -०.५२६६९ | -०.२८६ | -६.७ | १९९ | ० |
| पी.एर ३ | पुरुषका आधारमा लिङ्ग | -०.२०७५ | ०.८४६ | ०.०५९ | -०.३२५५५ | -०.०८९ | -३.५ | १९९ | ० |
| पी.एर ४ | आदरका आधार लिङ्ग | -०.२१२ | ०.८४९ | ०.०६० | -०.३३१ | -०.०९४ | -३.५ | १९९ | ० |
| पी.एर ५ | कालका आधारमा लिङ्ग | -०.५६ | १.०७४ | ०.०७५९८ | -०.७०९ | -०.४१ | -७.४ | १९९ | ० |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको लिङ्ग, वचन, पुरुष, आदर र कालगत वाक्य निर्माणमा आश्रित टि-टेस्ट गरिएको छ । माथि उल्लिखित नतिजालाई अवलोकन गर्दा पी.. मान लिङ्गगत सङ्गतिमा लिङ्गको .००१, वचनअनुसारको वाक्गठनमा लिङ्ग .०००, पुरुषमा लिङ्ग.००१, आदर .००१, काल .०००, भएकाले Sig.

(2-tailed) को सार्थकता तह (पी..) = .०५ प्रतिशतभन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गर्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीहरू लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसार रहेको आश्रित चरहरूले लिङ्गका आधारमा विद्यार्थीको वाक्य गठन गर्ने क्षमतामा भिन्नता रहेको पाइन्छ ।

**तालिका २८**

*पारिवारिक आर्थिक अवस्थाका आधारमा आश्रित टि-टेस्ट*

| | | जोडी भिन्नता परीक्षण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जोडी भिन्नता | | | | | | | |
| | | मध्यक | स्तरीय भिन्नता | स्तरीय भिन्नता त्रुटि | ९५ प्रतिशत सार्थकता तह | | औसत | स्तरीय भिन्नता | जोडी परीक्षण |
| | | | | | तल | माथि | | | |
| पी.एर १ | लिङ्गका आधारमा पारिवारिका आर्थिक | ०.२ | ०.८०८ | ०.०६ | ०.०७ | ०.३ | ३ | १९९ | ० |
| पी.एर २ | वचनका आधारमा पारिवारिका आर्थिक | -० | ०.८४९ | ०.०६ | -०.५ | -० | -७ | १९९ | ० |
| पी.एर ३ | पुरुषका आधारमा पारिवारिका आर्थिक | -० | ०.७६८ | ०.०५ | -०.३ | -० | -४ | १९९ | ० |
| पी.एर ४ | आदरका आधार पारिवारिका आर्थिक | -० | ०.७८४ | ०.०६ | -०.३ | -० | -४ | १९९ | ० |
| पी.एर ५ | कालका आधारमा पारिवारिका आर्थिक | -१ | १.१२२ | ०.०८ | -०.७ | -० | -७ | १९९ | ० |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पारिवारिक वर्गको अवस्थाका आधारमा लिङ्ग, वचन, पुरुष, आदर र कालगत वाक्य निर्माणमा आश्रित टि-टेस्ट गरिएको छ । माथि उल्लिखित पारिवारिक वर्गको नमुनालाई अवलोकन गर्दा P -मान लिङ्ग .००२, वचनगत .०००, पुरुषगत ०००, आदरगत ०००, कालगत ०००, भएकाले Sig. (2-

tailed) को सार्थकता तह (पी..) =.०५ प्रतिशतभन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गर्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीहरू लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसारको वाक्य निर्माण गर्दा पारिवारिक वर्गका हिसाबले आश्रित चरअनुसार भिन्नता रहेको पाइन्छ ।

**तालिका ३४**

*लिङ्गका आधारमा पत्ररचनासम्बन्धी आश्रित टि-टेस्ट*

| | | जोडी भिन्नता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यक | स्तरीय भिन्नता | स्तरीय भिन्नता त्रुटि | ९५ प्रतिशत सार्थकता तह | | औसत | स्तरीय भिन्नता | जोडी परीक्षण |
| | | | | | तल | माथि | | | |
| पी.एर १ | सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखनमा लिङ्ग | १.५४५ | २.१९३ | .१५५ | १.२३० | १.८५० | ९.९६० | १९९ | .००० |
| पी.एर २ | सांस्कृति विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखनमा लिङ्ग | .३४५ | १.७०६ | .१२० | .१०७ | .५८२ | २.८६० | १९९ | .००५ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पत्ररचनाका आधारमा सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा लिङ्गगत आधारमा आश्रित टि-टेस्ट गरिएको छ । माथि उल्लिखित सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत लेखनको नमुनालाई अवलोकन गर्दा P -मान सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन .००० र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन .००५ भएकाले Sig. (2-tailed) को सार्थकता तह (पी..) = ०५ प्रतिशतभन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गर्न सकिन्छ । त्यसैले

खस मातृभाषी विद्यार्थीहरूको सामाजिक र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन क्षमतामा लिङ्गत भिन्नता रहेको पाइन्छ ।

**तालिका ३७**

*पारिवारिक आर्थिक अवस्थाका आधारमा पत्ररचनासम्बन्धी आश्रित टि-टेस्ट*

| | | जोडी भिन्नता परीक्षण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जोडी भिन्नता | | | | | औसत | स्तरीय भिन्नता | जोडी परीक्षण |
| | | मध्यक | स्तरीय भिन्नता | स्तरीय भिन्नता त्रुटि | ९५ प्रतिशत सार्थकता तह तल | माथि | | | |
| पी.एर ८ | स्वतन्त्र निबन्ध लेखनमा पारिवारिक आर्थिक अवस्था | १.७ | १.९०८ | ०.१३ | १.४७ | २ | १३ | १९९ | ० |
| पी.एर ९ | जटिल वाक्य संरचनामा पारिवारिक आर्थिक अवस्था | -० | १.५५२ | ०.११ | -०.५ | -० | -३ | १९९ | ० |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको पत्ररचनाका आधारमा सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा आश्रित टि-टेस्ट गरिएको छ । माथि उल्लिखित सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनको नमुनालाई अवलोकन गर्दा पी.. -मान सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन .००० र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत लेखन ०.००० भएकाले Sig. (2-tailed) को सार्थकता तह (a) = .०५% भन्दा कम भएकाले खस मातृभाषी विद्यार्थीको पारिवारिक आर्थिक अवस्थाअनुसार शून्य परिकल्पना स्वीकार गर्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीहरूको सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन क्षमतामा पारिवारिक आर्थिक अवस्थामा निम्न र मध्ययम आय भएका विद्यार्थीको लिखित अभिव्यक्तिगत भिन्नता रहेको पाइन्छ ।

**तालिका ३८**

*लिङ्गगत रूपमा स्वतन्त्र लेखनका आधारमा आश्रित टि-टेस्ट*

| | | जोडी भिन्नता परीक्षण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जोडी भिन्नता | | | | | | | |
| | | मध्यक | स्तरीय भिन्नता | स्तरीय भिन्नता त्रुटि | ९५ प्रतिशत सार्थकता तह तल | माथि | औसत | स्तरीय भिन्नता | जोडी परीक्षण |
| पी.एर १ | स्वतन्त्र निबन्ध लेखन लिङ्ग | १.७१५ | २.१६५ | .१५३ | १.४१३ | २.०१६ | ११.२० | १९९ | .००० |
| पी.एर २ | जटिल वाक्य संरचना लिङ्ग | -.३५० | १.६०९ | .११३ | -.५७४ | -.१२५ | -३.०७ | १९९ | .००२ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनका आधारमा लैङ्गिकतामा रही स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखन परीक्षणका लागि आश्रित टि-टेस्ट गरिएको छ । उल्लिखित स्वतन्त्र लेखनको नमुनालाई अवलोकन गर्दा P -मान स्वतन्त्र निबन्ध लेखन .००० भएकाले Sig. (2-tailed) को सार्थकता तह (पी..) = .०५ प्रतिशतभन्दा कम भएकाले खस मातृभाषी विद्यार्थीको लिङ्गगत रूपमा शून्य परिकल्पना स्वीकार गर्न सकिन्छ । त्यसैले खस मातृभाषी विद्यार्थीहरूको स्वतन्त्र लेखन क्षमतामा लैङ्गिक भिन्नता रहेको पाइन्छ । खस मातृभाषी विद्यार्थीहरूले जटिल वाक्य संरचना गर्दा P -मान जटिल वाक्य संरचना .०००२ भएकाले Sig. (2-tailed) को सार्थकता तह (पी..) = .०५ प्रतिशतभन्दा कम भएकाले शून्य परिकल्पनाका आधारले खस मातृभाषी विद्यार्थीमा जटिल वाक्य संरचना गर्ने क्षमतामा लैङ्गिक भिन्नता रहेको पाइन्छ ।

**तालिका ३९**

*पारिवारिक आर्थिक अवस्था रूपमा स्वतन्त्र लेखनका आधारमा आश्रित टि-टेस्ट*

| | | जोडी भिन्नता परीक्षण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जोडी भिन्नता | | | | | | | |
| | | मध्यक | स्तरीय भिन्नता | स्तरीय भिन्नता त्रुटि | ९५ प्रतिशत सार्थकता तह तल | माथि | औसत | स्तरीय भिन्नता | जोडी परीक्षण |
| पी.एर ८ | स्वतन्त्र निबन्ध लेखनमा पारिवारिक आर्थिक अवस्था | १.७४ | १.९०८ | ०.१३४ | १.४७३ | २ | १२.८ | १९९ | ० |
| पी.एर ९ | जटिल वाक्य संरचनामा पारिवारिक आर्थिक अवस्था | -०.३२ | १.५५२ | ०.१०९ | -०.५३ | -०.०९ | -२.८७ | १९९ | ०.०१ |

माथिको तालिकामा खस मातृभाषी विद्यार्थीको स्वतन्त्र लेखनका आधारमा पारिवारिक वर्गको अवस्थामा रही स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखन परीक्षणका लागि आश्रित टि-टेस्ट गरिएको छ। माथि उल्लिखित स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखनको नमुनालाई अवलोकन गर्दा पी..-मान स्वतन्त्र लेखन .० र स्वतन्त्र निबन्ध लेखन ०.००१ भएकाले Sig. (2-tailed) को सार्थकता तह (पी..) = .०५% भन्दा कम भएकाले खस मातृभाषी विद्यार्थीको पारिवारिक वर्गगत रूपमा शून्य परिकल्पना स्वीकार गर्न सकिन्छ। त्यसैले खस मातृभाषी विद्यार्थीहरूको स्वतन्त्र निबन्ध लेखन र जटिल वाक्य संरचना लेखन क्षमतामा पारिवारिक वर्गगत भिन्नता रहेको पाइन्छ।

**लिखित अभिव्यक्ति क्षमताबारे शिक्षकको धारणा**

खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतालाई विभिन्न चरका आधारमा विश्लेषण गरिएको छ। शिक्षकको धारणाका आधारमा गरिएको विश्लेषणमा विद्यार्थीको लिङ्ग, उमेर, पारिवारिक आर्थिक अवस्था, विद्यालयको दुरी, विद्यालय पुग्न लाग्ने समय, स्वतन्त्र लेखन, पत्ररचनाअनुसारको विद्यार्थीको औसत क्षमता निकालिएको छ। विद्यार्थीको

औसत क्षमताअनुसार आएको परिणामलाई सम्बन्धित क्षेत्रमा अध्यापन गर्ने नेपाली विषयका शिक्षकसँगको संरचित अन्तर्वार्ताबाट लिखित अभिव्यक्ति क्षमताको अन्तर्सम्बन्धको विश्लेषण गरिएको छ ।

लिङ्गगत आधारमा महिला र पुरुष विद्यार्थीको लेखन क्षमतामा महिला विद्यार्थीभन्दा पुरुष विद्यार्थीको राम्रो आएको छ । उक्त औसत मानमा महिला विद्यार्थीको लेखन क्षमता पुरुष विद्यार्थीको भन्दा कम हुनुको कारण खोजी गर्दा सहभागी शिक्षक एक भन्छन् "विद्यालयका कक्षाकोठामा पुरुष विद्यार्थीभन्दा केही अब्बल देखिए पनि छात्राहरू घरायसी काम गर्ने र छात्र विद्यार्थी घरायसी काम नगरी बस्ने भएकाले घरको कामको चिन्ता छात्राले गरिरहने गर्दछिन् । त्यसैले छात्राभन्दा छात्र विद्यार्थीमा लेखन क्षमता भिन्नता भएको हुन सक्छ ।" सहभागी दुई शिक्षकको भन्छन् "गाउँघरमा छात्राहरूलाई अभिभावकले पढाइमा जोड नदिने र छात्रलाई मात्र बढी प्राथमिकता दिने गरेको हुन्छ । बिहान र साँझको समयमा खाना पकाउन लगाउने, आफू काममा जानालेने छोरी मान्छेलाई सबै घरधन्दा गर्न लगाउने भएकाले समयमा गृहकार्य गर्न नपाउने, कक्षाकार्यमा अग्रसर हुन डराउने भएकाले पनि छात्रभन्दा छात्रामा केही कमी भएको हो ।" त्यसैले महिला विद्यार्थीको दाँजोमा पुरुष विद्यार्थीलाई घरमा पढ्ने अवसर हुने, छात्रालाई पढ्ने अवसर भए पनि घरको, समाजको केही अल्जनले पनि समय नपाएको हो । सहभागी तीन शिक्षक भन्छन् "मानौँ केटी कक्षामा प्रथम होलिन् तर पनि सङ्ख्यात्मक रूपमा कुरा गर्ने हो भने केटाहरू नै जान्ने हुन्छन् ।" सामान्यतया कक्षामा छात्राहरूको लेखन क्षमता राम्रो देखिए पनि छात्रहरू प्रतिस्पर्धामा नआए पनि औसतमा छात्रहरूको क्षमता राम्रो रहेको हुन्छ ।

पारिवारिक आर्थिक अवस्थाका आधारमा गरिएको विश्लेषणमा निम्न आर्थिक अवस्था भएकाभन्दा मध्यम खालको पारिवारिक, आर्थिक अवस्था राम्रो भएका घरपरिवारका बालबालिकाको औसत क्षमता बढी रहेको छ । यस कार्यमा निम्न पारिवारिक आर्थिक अवस्था भएका बालबालिकाहरू पनि जेहेनदार हुन्छन् । उनीहरू पनि मध्यम पारिवारिक आर्थिक अवस्था भएका विद्यार्थीको भन्दा पनि राम्रो रहेको कतै पाइन्छ । यस अनुसन्धान कार्य आएको नतिजाले निम्न आर्थिक अवस्था भएकाको लिखित क्षमता कम रहेको छ । यसका लागि सहभागी दुई शिक्षकाअनुसार "कालिकोट जिल्लामा धेरै अभिभावको आर्थिक अवस्था कमजोर रहेको छ । बिहान खाना खाए साँझ के खाने भन्ने चिन्ता रहेका परिवारका

बालबालिकामा मानसिक रूपमा आफू कमजोर रहेको महसुस गर्छन् ।" बालबालिकामा परिवारको आर्थिक अवस्थाले समेत असर गरेको हुने रहेछ । आफ्ना अभिभावकको समस्यामा चिन्तित हुने, पढ्न, लेख्न मन नलगाउने, आफ्नो आवश्यकता पूरा गर्न आफैँ काममा जानुपर्ने भएकाले निम्न पारिवारिक आर्थिक अवस्था भएका विद्यार्थीको लेखन क्षमता कमजोर हुन सक्छ । सहभागी तीन शिक्षक भन्छन् : "कक्षामा कतिपय विद्यार्थीसँग कापी, कलम किन्ने पैसा पनि छैन । साथीहरू मोटामोटा कापी किनेर ल्याउँछन् । पारिवारिक आर्थिक अवस्था कम भएका विद्यार्थीहरूमा केही कमी रहेको हुन्छ । शैक्षिक सामग्रीको अभाव हुन्छ । आफूलाई चाहिने सामान किन्न मुस्किल छ । यस्ता यस्ता सामग्रीहरू मध्यम आर्थिक अवस्था भएका विद्यार्थीहरू प्राप्त गर्दछन् । त्यसैले पारिवारिक आर्थिक अवस्था निम्न भएका विद्यार्थीको औसत क्षमता फरक हुनु स्वाभाविक हो ।"

उमेरअनुसार विद्यार्थीको लिखित क्षमतामा भिन्नता रहेको छ । १५ वर्षभन्दा मुनि र १६ वर्ष माथि विद्यार्थीको लिखित क्षमतामा अन्तर रहेको छ । पन्ध्र वर्षभन्दा कम उमेर भएका विद्यार्थीको लिखित क्षमता राम्रो रहेको छ भने सोर वर्षभन्दा बढी उमेर भएका विद्यार्थी लिखित क्षमता कमजोर रहेको छ । सहभागी तीन शिक्षक भन्छन् : "बालबालिकाको उमेरअनुसार सिक्ने क्षमता फरक रहने गर्छ । बालबालिका किशोरावस्था हुने भएकाले अरूलाई जिस्क्याउने, घमण्ड गर्ने, पढ्न र लेख्न मन नलगाउने भएकाले १६ वर्षभन्दा माथिका विद्यार्थीको लिखित क्षमतामा अन्तर रहेको हुन्छ । १५ वर्षमुनिका बालबालिकाहरू पठन तथा लेखन कार्यमा लागिरहन्छन् ।" विद्यार्थीको उमेरअनुसार लेखन क्षमताको भिन्नता रहेको छ ।

अभिभावकको शिक्षाअनुसार लिखित क्षमतामा भिन्नता रहेको छ । साक्षर अभिभावकका बालबालिकाभन्दा शिक्षित अभिभावकका बालबालिकाको लेखन क्षमता राम्रो रहेको छ । साक्षरभन्दा शिक्षित अभिभावकका बालबालिकामा लेखन राम्रो हुनुको कारण के हो भनी नेपाली भाषा शिक्षण गर्ने शिक्षकको राय लिएको छ । यसमा सहभागी शिक्षक दुई भन्छन् : "साक्षर मात्र भएका अभिभावकहरू आफ्ना बालबालिकालाई घरमा मौखिक रूपमा लेख पढ भन्ने तर बालबालिकाले भने मेरो बुबाआमाले केही जानेका छैनन् । अभिभावकका अगाडि देखाउनका लागि किताब कापी समाते जस्तै गर्ने तर मन लगाएर पढ्दैन् ।" त्यसैले बालबालिकामा आफूभन्दा जान्ने अभिभावक नभएको महसुस गर्ने भएकाले घरमा समय

नदिएका हुन् । त्यस्तै शिक्षत अभिभावक “आफ्ना बालबालिकालाई घरमा निगरानी गर्ने, कापी, किताब हेर्ने, दिउँसो विद्यालय पढे, लेखेको कुरालाई सोध्ने भएकाले उनीहरू सोही तरिकाको कार्य गर्दछन् । घरमा अभिभावकले पनि हेर्ने भएकाले जानी नजानी लेखन कार्य गर्छन् ।” तसर्थ साक्षर र शिक्षित अभिभावकमा बालबालिकाको लेखाइ र पढाइमा समय दिने र नदिने भएकाले लिखित क्षमतामा भिन्नता रहेको हो । सहभागी शिक्षक चार भन्छन् : “शिक्षित अभिभावक विद्यालयमा गएर शिक्षकलाई आफ्ना बालबालिकाको बारेमा सोधपुछ गर्ने गर्छन् भने साक्षर अभिभावक घरमा काम गर्ने, ज्याला मजदुरीमा जाने भएकाले विद्यालयमा आफ्ना बालबालिकाको जानकारी राख्दैनन् ।” जुन अभिभावक विद्यालय तथा शिक्षकको सम्पर्कमा रहने गर्दछन् तिनीहरूका बालबालिकाको लेखन क्षमता राम्रो हुने र जसले विद्यालय र शिक्षकको सम्पर्कमा नरही आफ्ना बालबालिकाको जानकारी लिइएका हुदैनन् उनीहरूको लिखित क्षमतामा सुधार नभएको देखिन्छ ।

अभिभावकको पेसाअनुसारको भिन्नताले विद्यार्थीको लेखन क्षमतामा औसत फरक मान आएको छ । कृषि पेसामा आबद्ध अभिभावकका बालबालिकाहरूको लेखन क्षमता शिक्षण, निजामती, व्यापार, वैदेशिक रोजगार गर्नेको भन्दा केही थोरै रहेको छ । यस्तो नतिजा आएकाले नेपाली विषयका शिक्षकसँग गरिएको संरचित अन्तर्वार्तामा सहभागी शिक्षक दुई भन्छन् :

> कृषि पेसा गर्ने आमाबुबाहरू कृषक भएकाले उनीहरू आफ्ना बालबालिकालाई कृषि कार्य गर्न लगाउँछन् । उनीहरूको लेख्ने र पढ्ने समय कमी हुन्छ । विद्यालयबाट दिइएको गृहकार्य गर्न पाउँदैनन् । अभिभावकसँग घरधन्दा गर्दछन् भने कृषिबाहेक अन्य पेसा गर्ने अभिभावक आफ्ना बालबालिकालाई घरमा पढ्ने लेख्ने समय मिलाई दिन्छन् । शैक्षिक सामग्रीको बन्दोबस्त गरिदिन्छन् । त्यसैले कृषि पेसा गर्ने अभिभावकभन्दा अन्य पेसा गर्ने अभिभावकका बालबालिकामा लेखन क्षमता फरक हुनु स्वाभाविक हो ।

माथिको भनाइ र अभिभावकको पेसाअनुसार गरिएको विश्लेषण मिल्दोजुल्दो भएकाले खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमतामा अभिभावकको पेसाअनुसार भिन्नता रहेको छ ।

घरदेखि विद्यालय पुग्न लाग्ने समयका आधारमा विद्यार्थीको लिखित क्षमताको विश्लेषण गर्दा विद्यार्थी घरबाट विद्यालय पुग्न एक मिनेटदेखि ६० मिनेटसम्मको समय लाग्ने गरेको देखियो । विद्यार्थी विद्यालय पुग्न जति थोरै समय लाग्छ औसत क्षमता राम्रो र जति धेरै समय लाग्यो उत्ती कमजोर क्षमता रहेको छ । त्यसैले समयानुसार विद्यार्थीको लेखन क्षमता फरक पर्ने अनुमान गरिएको छ । विद्यार्थीको समयानुसार आएको भिन्नतालाई साङ्ख्यिकीय सम्बन्धका बारे सहभागी शिक्षक तीन भन्छन् ।

> विद्यार्थीको घरदेखि विद्यालय टाढा छ भने हिँडेर जाँदा बढी समय लाग्छ । म कसरी हिँडुलाँ, म कतिवेला विद्यालय पुगुलाँ । विद्यालय पुग्न मलाई एक घण्टा लाग्छ जस्ता प्रश्न गर्छ र चिन्तित हुन्छ । चिन्ता मान्दामान्दै उसले पढाइ र लेखाइ अभ्यास गर्न पाउँदैन । त्यसैले विद्यार्थी विद्यालय पुग्दा लाग्ने समयानुसार लेखनमा भिन्नता रहन्छ ।

विद्यार्थीको लिखित क्षमतामा गरिएको गणितीय विश्लेषण र शिक्षकको भनाइमा एकरूपता रहेको छ । गणितीय मान र शिक्षकको संरचित अन्तर्वार्ताले पनि समयका आधारमा विद्यार्थीको लेखन क्षमतामा भिन्नता रहको जनाएको छ । त्यसैले खस मातृभाषी विद्यार्थीको लिखित क्षमतामा समयका आधारले भिन्नता रहेको छ । त्यस्तै विद्यार्थीको घरदेखि विद्यालयको दुरीअनुसार नजिक भएका विद्यालय भएकाभन्दा टाढा विद्यालय भएका विद्यार्थीको लेखन क्षमता कमजोर रहेको छ । सहभागी चार शिक्षककाअनुसार “विद्यार्थीको घरबाट विद्यालय टाढा हुँदा विद्यार्थी बिहान चाँडो जानुपर्ने र साँझ घरमा ढिलो पुग्छ । नजिकको विद्यार्थीले पढ्ने लेख्ने समय पर्याप्त पाउने र टाढाकाले मानसिक चिन्ता लिनुपर्ने भएकाले दुरीका आधारमा भिन्नता रहेको छ ।” त्यसैले विद्यार्थीको विद्यालयअनुसारको दुरी भिन्नताले लेखन क्षमतामा फरक रहेको छ । सहभागी शिक्षक पाँच भन्छन् : “कतिपय विद्यार्थीको बसाइँ टाढा भए पनि उनीहरूको लेखन क्षमता राम्रो हुन सक्छ तर अन्य विद्यार्थीको कमजोर भएकाले औसतमा कमी हुन्छ ।” तसर्थ खस मातृभाषी विद्यार्थीको लेखन क्षमतामा कुनै एक जनाको बसाइँ टाढा भएर पनि लेखन राम्रो होला तर अन्य विद्यार्थीको लेखन क्षमता कमजोर भएकाले औसत मानमा औसत कमजोर देखिएको हुन्छ ।

व्याकरणिक कोटिका आधारमा विद्यार्थीको औसत क्षमतामा भिन्नता रहेको छ । विद्यार्थीले लिङ्ग, वचन, आदर, पुरुष र कालअनुसारको जनसाङ्ख्यिकीय भिन्नता रहेको छ ।

लिङ्ग, वचन, आदर र पुरुषअनुसारको वाक्यगठनमा औसत क्षमता राम्रो रहेको छ भने कालअनुसार वाक्य परिवर्तनमा विद्यार्थीको कमजोर रहेको छ । कोटिगत आधारमा वाक्यगठनमा विद्यार्थी औत क्षमताका बारेमा सहभागी शिक्षक तीन भन्छन् :

> विद्यार्थीले लिङ्ग, वचन, आदर, पुरुषअनुसार वाक्य परिवर्तन गर्न सक्छन् । मेरो विचारमा विद्यार्थीले कालका आधारमा वाक्यपरिवर्तन गर्दा कालका पक्षको संरचनाअनुसारको व्याकरणिक सिद्धान्त जानेनन् । वाक्यनिर्माण गर्दा त्रुटि गरे कालका प्रकारअनुसारका क्रियापदको प्रयोग गर्न नजानेर काल र पक्षका वाक्य परिवर्तन गर्न सकेनन् । त्यसैले कालगत वाक्यगठनमा विद्यार्थीको औसत क्षमतामा कमजोरी भएको हो ।

काल र कालका पक्षअनुसारको भाषिक संरचनाको अन्जान भएर वाक्यगठनमा भिन्नता आएको हो । नेपाली व्याकरणअनुसार वाक्य परिवर्तन गर्ने अभ्यास गर्न सकेमा विद्यार्थीको लेखन क्षमता वृद्धि गर्न सकिन्छ ।

स्वतन्त्र नमुना परीक्षणअनुसार विद्यार्थीको समानताको लेभन टेस्ट र औसत परीक्षण गरिएको छ । विद्यार्थीको स्वतन्त्रताको स्तर मध्यक भिन्नता स्तरीय भिन्नता पहिचान गर्दा व्याकरणिक कोटि लिङ्ग, वचन, आदर, पुरुष र कालअनुसारको वाक्यगठन क्षमतामा भिन्नता रहेको छ । त्यसैले कक्षा दशमा नेपाली विषय शिक्षण गर्ने सहभागी शिक्षक पाँच भन्छन् : "विद्यार्थीको औसत क्षमता एकै नासको हुँदैन् । उनीहरूको सक्रियता, नियमितता, पारिवारिक अवस्था, व्यक्तिगत आचरण, शैक्षिक सामग्रीको प्रयोग आदिले भिन्नता ल्याउँछ । त्यसैले विद्यार्थीमा पनि व्याकरणिक भिन्नता रहन्छ । " त्यसकारण विद्यार्थीको स्वतन्त्र परीक्षणमा आएको गणितीय मापनमा भिन्नता आउनु र सहभागी पाँचको भनाइसँग मिल्नुले पनि विद्यार्थीअनुसारको भिन्नता रहेको छ । त्यस्तै सहभागी शिक्षक चार भन्छन् : "स्वतन्त्र परीक्षण दुई समूहबिचको टेस्ट हो । यसमा समूहगत भिन्नता रहन्छ । लेखनलाई अङ्कन गरी परीक्षण गरिएको हुँदा कतिपय अवस्थामा राम्रो गर्ने विद्यार्थीको पनि नराम्रो अङ्क आएको हुन्छ । त्यही टेस्टको नतिजालाई विश्लेषण गर्दा भिन्नता आउँछ ।" साङ्ख्यिकीय परीक्षणमा सङ्ख्यमा नतिजा दिँदा केही कतै अङ्कको अन्तर रहन्छ । उक्त अङ्कले नतिजामा भिन्नता ल्याउने भएकाले विद्यार्थीहरूले समान अङ्क ल्याउँदैनन् र परीक्षणमा

भिन्नता आएको हुन्छ । त्यसैले स्वतन्त्र चरका आधारमा गरिएको परीक्षणमा विद्यार्थीको समानताको लेभन भिन्नता हुन्छ ।

विद्यार्थीको पत्ररचना, स्वतन्त्र लेखन तथा जटिल वाक्यगठन क्षमतामा भिन्नता रहेको छ । विद्यार्थीलाई विभिन्न चरका आधारमा टि-टेस्ट गर्दा उमेर, लिङ्ग, दुरी, समय, पारिवारिक आर्थिक अवस्था, अभिभावकको पेसा, शिक्षाअनुसार भिन्नता रहेको छ । यसका बारेमा भिन्नता हुनुको कारण के हुन सक्छन् भनी सम्बन्धित तहमा शिक्षण गर्ने शिक्षकको राय लिइएको छ । उनीहरू रायअनुसार सहभागी शिक्षक एक भन्छन् :

> विद्यार्थीको लेख्न सक्ने क्षमता फरक हुन्छ । कोही विद्यार्थीले पत्ररचना सही गर्छन् भने कसैले स्वतन्त्र निबन्ध लेख्न जान्दछन् । जसले विद्यालयमा ध्यान दिएर, मन लगाएर सिक्छन् भने उनीहरूको लेखन क्षमता राम्रो हुन्छ । घरमा पनि समय दिएर गृहकार्य गर्नेको लेखन राम्रो नै हुन्छ । विद्यालयमा आयो, साथीहरूसँग खेल्यो । शिक्षकले कक्षाकोठाम गरेको सिकाइ सहजीकरणमा ध्यान दिएन, जिस्कियो, हल्यो, हिँड्यो, लेख्न अल्छी गऱ्यो भने त्यस्ता विद्यार्थीको लेखन क्षमता कमजोर हुन्छ ।

माथिको भनाइ जस्तै कक्षाकोठामा ध्यान नदिने, घरमा मिहिनेत नगर्ने विद्यार्थीको लेखन क्षमता कमजोर रहेको छ । लेखन कार्य दियो । दिइएको कार्यलाई अङ्कन गर्दा विद्यार्थीको लेखनशैलीअनुसारको अङ्कमा भिन्नता आउने भयो । उक्त अङ्कलाई औसतमा मापन गर्दा औसत भिन्नता आउँछ । खस मातृभाषी विद्यार्थीको पनि लिखित क्षमताको अध्ययन गर्दा अङ्कलाई औसतमा परीक्षण गर्दा लेखन क्षमतामा भिन्नता रहेको छ । त्यसैले परिमाणात्मक विश्लेषणमा साङ्ख्यिकीय अन्तर्सम्बन्ध रहेको छ ।

# अध्याय छ

# विश्लेषण

खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता पहिचान गर्नका लागि विद्यार्थीको लिङ्ग, जात, उमेर, पारिवारिक, आर्थिक अवस्था, अभिभावकको पेसा, अभिभावकको शिक्षा, विद्यालय पुग्ने समय र घरदेखि विद्यालयको दुरीका आधारमा प्राप्त गरेको अङ्कलाई विभिन्न चरअनुसार तुलना गरिएको छ । तुलना गरी आएको औसत अङ्कको अन्तरलाई भिन्नता मानिएको छ ।

परिमाणात्मक अनुसन्धान विधिमा प्राक्कल्पना गरिएको हुन्छ । प्राक्कल्पना भनेको पूर्व अनुमान हो । अनुसन्धान कार्यमा अध्यताले प्राक्कल्पना गरेको हुन्छ । त्यसैले यस शोधप्रबन्धमा गरिएको प्राक्कल्पनामा विद्यार्थीको लिङ्गअनुसारको लिखित अभिव्यक्ति क्षमतामा भिन्नताको अनुमान गरिएकामा सोहीअनुसारको भिन्नता रहेको छ । गत रूपमा विद्यार्थीको लिखित अभिव्यक्तिमा भिन्नताको प्राक्कल्पना गरेकामा भिन्नता भेटिएको छ । खस मातृभाषी विद्यार्थीको समय, दुरी, पारिवारिक आर्थिक अवस्था, अभिभावकको शिक्षा र पेसामा प्राक्कल्पना गर्दा लिखित क्षमताको भिन्नता रहने सक्ने पूर्वानुमान गरिएकोमा सोहीबमोजिमका भिन्नता रहेको छ ।

## सार्थक भिन्नता पहिचानमा टि-टेस्ट

खस मातृभाषी विद्यार्थीको लेखन क्षमतालाई गणितीय मापनमा आधारित रही पाएको प्राप्ताङ्कको टि-टेस्ट गरिएको छ । टि-टेस्टको प्रयोग गणितीय तथ्याङ्क विश्लेषण गर्न विभिन्न चरहरूको आधारमा औसत मान, मध्यक, रीतलाई पुष्टि गर्न प्रयोग गरिने तथ्याङ्क शास्त्रीय विधि हो । यस परीक्षणबाट जनसङ्ख्याको औसत शून्य छ अर्थात् अन्तर र भिन्नता छ भनेर पत्ता लगाउने कार्य टि-टेस्टले गर्छ (भोण्डेग र सरोद, सन् २०१७) । उत्तरपुस्तिकाको परीक्षण गर्दा नतिजा अङ्क राखिएको छ । गणितीय सङ्ख्यालाई चर र चर बिचको भिन्नता पत्ता लगाउन टि-टेस्ट गरिन्छ । टि-टेस्ट गर्दा स्वतन्त्र चर तथा आश्रित चरका परीक्षण गरी औसत भिन्नता खोजिएको हुन्छ । आश्रित नमुना टि-टेस्टमा एउटै नमुना समूहबाट दुवै औसत मानहरू लिइएका हुन्छन् । प्रत्येक केसको जोडीमा चरहरू

हुन्छन् (खड्का २०७७) । दुई चरका औसतमा मान समान छ कि छैन वा भिन्नता रहेको छ, तथा रहेको छैन टि-टेस्टबाट पत्ता लगाइन्छ । टि-टेस्टबाट नतिजाको औपचारिक रूपमा शून्य परिकल्पना परीक्षण गरिन्छ । यो शून्य परिकल्पना परीक्षण गर्ने मानक प्रक्रिया खोजी गरिएको परीक्षण टि-परीक्षण हो । खस मातृभाषी विद्यार्थीको लिखित क्षमताको भिन्नता खोजी गर्न P -मान (=.०५ ) सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा बढी वा कम कस्तो रहेको छ भनी परीक्षण गरिएको छ । चरका बिचमा भिन्नताहरूको एक नमुना टि-परीक्षण प्रयोग गरेर यी भिन्नताहरूको औसत शून्य छ भनी शून्य परिकल्पना परीक्षण गरिन्छ (ओहलर्ट, सन् २०१०) । स्वतन्त्र नमुना परीक्षणले दुई माध्यमहरूको तुलना गर्दछ । यसले एउटा मोडेल मान्दछ जहाँ विश्लेषणमा चरहरू स्वतन्त्र र निर्भर चरहरूमा विभाजित हुन्छन् । स्वतन्त्र चरको प्रभावको कारणले निर्भर चरको औसत स्कोरमा भिन्नता पाइन्छ या पाइँदैन परीक्षण गर्छ । यसरी स्वतन्त्र नमुना परीक्षण निर्भरताको विश्लेषण हो । यो सबैभन्दा व्यापक रूपमा प्रयोग हुने साङ्ख्यिकीय परीक्षणहरूमध्ये एक हो । टि-टेस्ट भनेको एक वा दुई सामान्य रूपमा वितरित जनसङ्ख्याको औसतको परिकल्पना परीक्षण हो ।

टि परीक्षणलाई विद्यार्थीको टि परीक्षण पनि भनिन्छ । यो एक तथ्याङ्कीय विश्लेषण प्रविधि हो । यो परीक्षण दुई स्वतन्त्र नमुना माध्यमहरूबिच भिन्नता छ कि छैन भनेर परीक्षण गर्न प्रयोग गरिन्छ । दुई नमुना माध्यमहरूमा कुनै भिन्नता छैन भने भिन्नता शून्यको नजिक हुन्छ । त्यसकारण, त्यस्ता अवस्थाहरूमा भिन्नतालाई शून्य बराबर भन्न सकिन्छ कि भनेर प्रमाणित गर्न अतिरिक्त तथ्याङ्कीय परीक्षण आवश्यक छ (किम, सन् २००६) । यो परीक्षण एक साङ्ख्यिकीय प्रकारको हो जुन दुई समूहहरूको साधनहरूको तुलना गर्न प्रयोग गरिन्छ । टि-टेस्ट सबैभन्दा व्यापक रूपमा प्रयोग हुने साङ्ख्यिकीय परिकल्पना परीक्षणहरूमध्ये एक हो । यसले सम्भाव्यता चरहरूको सम्भाव्यता वितरणलाई परिभाषित गर्दछ । गणितीय मानमा कस्तो भिन्नता रहेको छ प्रमाणित गर्न परीक्षण गरिएको छ ।

**चरका आधारमा विद्यार्थी लिखित अभिव्यक्ति क्षमता**

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू स्त्रीलिङ्ग र पुलिङ्ग अर्थात् महिला र पुरुष गरी दुई लिङ्गका हुन्छन् । शोधप्रबन्धमा गरिएको प्राक्कल्पनामा विद्यार्थीको लिङ्गअनुसारको

लिखित अभिव्यक्ति क्षमतामा भिन्नताको अनुमान गरिएको छ । त्यही पूर्वानुमानअनुसार खस मातृभाषी विद्यार्थीहरूमा महिला विद्यार्थीभन्दा पुरुष विद्यार्थीको औसत लिखित क्षमता राम्रो रहेको पाइन्छ । त्यसैले समुदायमा छात्रा र छात्रहरूबिचको सम्बन्ध निर्धारण सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्थाहरूसँग संरचनात्मक पहिचान गरिएको हुन्छ । जुन भाषा र लिङ्गको व्यक्तिको आत्म-भावनामा महिला वा पुरुष हुनुको जागरूकता समावेश गर्छ । छात्रा र छात्रको वार्ता गर्ने तरिकाहरूको बुझाइ महत्त्वपूर्ण हुन्छ (हिलिन्जर, सन् २००१) । त्यसैले लिङ्गअनुसार लिखित अभिव्यक्तिमा भिन्नता रहेको छ । यहाँ खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमता पहिचानसम्बन्धी गरिएको अध्ययनमा छात्रा र छात्रको लिखित क्षमतामा भिन्नता रहेको छ ।

अभिभावकको शैक्षिक अवस्थाका आधारमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतामा साक्षर बुबाभन्दा आठ कक्षा पास गरेका अभिभावका छोराछोरीको क्षमता राम्रो रहेको छ । साक्षरभन्दा शिक्षित अभिभावक भए भावी पुस्ताका बालबालिका शिक्षित हुन्छन् (अवान, सन् २०१५,) । साक्षर अभिभावकभन्दा, शिक्षित अभिभावक र अझै माथिल्लो शैक्षिक उपाधि भएका अभिभावकका बालबालिकामा लिखित क्षमता अब्बल रहेको छ । साक्षर अभिभावकका बालबालिकाभन्दा शिक्षित अर्थात् उपल्लो शैक्षिक योग्यता भएका बुबा र आमाका छोराछोरीको लिखित अभिव्यक्ति राम्रो रहेको छ । आमाको शैक्षिक अवस्थाका आधारमा खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको पूर्व अनुमानमा भिन्नताको हुने अनुमान गरिएको छ । विद्यार्थीमा गरिएको तुलनाअनुसार आठ कक्षा र एस.एल.सी. पास गरेकोभन्दा साक्षर आमाका छोराछोरीको क्षमता राम्रो रहेको छ भने स्नातक पास गरेको आमाका बालबालिकामा सबैभन्दा राम्रो लिखित अभिव्यक्ति क्षमता रहेको छ । तसर्थ शिक्षितभन्दा अशिक्षित अभिभावकका बालबालिकाहरूको लिखित अभिव्यक्ति कमजोर रहेको हुन्छ । यसका बारेमा गरिएको अध्ययनको नतिजाले पनि साक्षर अभिभावककोभन्दा शिक्षित अभिभावकका बालबालिकामा लिखित क्षमता राम्रो रहेको छ ।

बालिबालिकाको लिखित अभिव्यक्ति क्षमतामा अभिभावको पेसाले भिन्नता ल्याउने प्राक्कल्पना गरिएकामा सोहीबमोजिम भिन्नता आएको छ । सिकाइ सन्दर्भ, उद्देश्य, दक्षताबाट रोजगारी बन्नुलाई पेसा मानिन्छ । जीवनको भोगाइ पेसाले सहजता हुने भएकाले

सहज जीवन निर्वाहमा जोड दिन्छ ( फ्रेटवेल, सन् २००१) । पेसाले जीवन धान्न सजिलो गर्दछ । अभिभावकको पेसा व्यवसायले बालबालिकाको लिखित क्षमतामा प्रभाव पारेको हुन्छ । कृषि पेसा भएकाको भन्दा अन्य रोजगारी तथा पेसा अपनाएका अभिभावकहरूका बालबालिकाको लिखित अभिव्यक्ति क्षमता राम्रो रहेको छ ।

आधारभूत वाक्यको रूपान्तरण लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, आदर, करण र अकरण आदिमा गर्न सकिन्छ ( पौडेल, २०६५) । विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता व्याकरण कोटिअनुसार लिङ्गगत अभिव्यक्तिमा लिखित पक्ष अतिउच्च रहेको छ । पुरुष, वचन, आदरअनुसार विद्यार्थीले उच्च नतिजा प्राप्त गरेका छन् भने कालअनुसारको वाक्य गठनमा शून्य नतिजा ल्याउने विद्यार्थी सङ्ख्या अधिक रहेको छ ।

खस मातृभाषी विद्यार्थीहरूको लिङ्ग, वचन, पुरुष, आदरको औसत लिखित क्षमता राम्रो रहेको छ भने कालसम्बन्धी विद्यार्थीको लिखित क्षमता अति कमजोर रहेको छ । नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । त्यसैले यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ (अधिकारी २०६१, पृ. ७९) । विद्यार्थीको लिङ्ग, वचन, आदर, पुरुष जस्ता व्याकरणात्मक कोटिका आधारमा लिखित वाक्य निर्माण गर्ने विद्यार्थीको क्षमता राम्रो रहेको छ ।

लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसार नेपाली भाषाका वाक्य परिवर्तनलाई आधार मानिएको छ । लिङ्ग, उमेर, अभिभावकको पेसा र शिक्षाका साथै समय तथा दुरीको स्वतन्त्र चरअनुसार विद्यार्थीको लिखित क्षमतामा भिन्नता रहेको छ । वचनबमोजिमको स्वतन्त्र चरमा लिखित क्षमता राम्रो नतिजा रहेको छ ।

वचनअनुसारका वाक्य निर्माण गर्ने क्षमता विद्यार्थीमा हुन आवश्यक छ । एकवचनका वाक्यलाई बहुवचन र बहुवचनका वाक्यलाई एकवचनका क्रियापद प्रयोग गरी वचन परिवर्तन गर्नुलाई वचन रूपान्तरण भनिन्छ । मानवीय प्रसङ्गमा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ । आदर मूलतः श्रोता (द्वितीय पुरुष) र अन्य सन्दर्भ तृतीय पुरुषमा व्यक्त हुन्छ (अधिकारी, २०६१) । बोल्ने पक्ष वा श्रोताको रोजाइमा रहेको पुरुषवाचक सर्वनामको प्रयोगलाई पुरुष भनिन्छ । अर्थात् प्रथम पक्ष, दोस्रो पक्ष वा तेस्रो पक्षको अभिमत

जाहेर गर्ने तौरतरिका र ढाँचाको शैलीलाई पुरुष भनिन्छ । पुरुषअनुसारको वाक्य गठनमा विद्यार्थीहरूको लिखित क्षमतामा लिङ्ग, वर्ग र पेशाअनुसार भिन्नता रहेको छ ।

**पत्ररचना तथा स्वतन्त्र लेखन**

दैनिक जनजीवन सञ्चालनका विषयवस्तुसँग सम्बन्धित लेखनलाई व्यावहारिक लेखन भनिन्छ । व्यावहारिक लेखनअर्न्तगत चिठी, पत्र, निवेदन शुभकामना, बधाई, प्रतिवेदन तमसुक आदि पर्दछन् ( खनाल, २०७९) । खस मातृभाषी विद्यार्थीहरूको पत्ररचनासम्बन्धी लिखित क्षमतामा सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन क्षमता शून्य स्थान प्राप्त गर्ने २१ प्रतिशत रहेको छ भने सामान्य किसिमको लिखित क्षमता रहेका १७.५ प्रतिशत छ । त्यसैगरी पत्ररचना गर्न सक्ने खस मातृभाषी विद्यार्थीको औसत क्षमता १६.५ रहेको छ । पत्ररचना व्यावहारिक लेखनअन्तर्गत पर्दछ । व्यावहारिक लेखन मान्छेका लागि दैनिक जीवनमा अति नै आवश्यक पर्छ । विद्यार्थीहरूले व्यावहारिक लेखन गर्ने क्षमताको विकास गर्न आवश्यक हुन्छ । खस मातृभाषी विद्यार्थीको पत्ररचना गर्न सक्ने विद्यार्थीको सङ्ख्या बढी रहेको छ । सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा भिन्नता रहेको पाइँदैन भने सांस्कृतिक विषयवस्तुको आधारमा व्यक्तिगत चिठी लेखनमा अन्तर रहेको छ । व्यावहारिक लेखनका विभिन्न प्रकारमध्ये पत्र रचनालाई समावेश गरिएको छ । व्यावहार सञ्चालनका लागि व्यावहारिक लेखनको आवश्यकता पर्छ (आचार्य, सन् २०२५) । कक्षा दशमा अध्ययन गर्ने खस मातृभाषी विद्यार्थीहरूको व्यक्तिगत चिठी लेखन क्षमताको लागि सामाजिक विषयवस्तु र सांस्कृतिक विषयवस्तुमा रही व्यक्तिगत चिठी लेखनलाई पत्ररचना भनिएको छ ।

# अध्याय सात

## निष्कर्ष र उपादेयता

कालिकोट जिल्लाको रास्कोट नगरपालिकाका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीलाई मूल जनसङ्ख्या मानी नमुनाका छनोट विधिको प्रयोगबाट २०० जना विद्यार्थीको प्रश्नावलीमार्फत लिखित परीक्षा सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलन गरिएको तथ्यलाई परिमाणात्मक विधिमा रही विभिन्न स्वतन्त्र र आश्रित चरका आधारले विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त तथ्यबाट आएको नतिजालाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ ।

अनुसन्धानलाई सार्थक पार्नका लागि समाजभाषिक सिद्धान्तमा रहेर भाषाको अवस्था, स्थिति, जनसङ्ख्या, सञ्चार, शिक्षा, संस्कृति, धार्मिक मान्यता, पारिवारिक पृष्ठभूमिका आधारमा भाषिक समुदायबाट चरहरू निर्माण गरिएका छन् भाषाशास्त्री मिस्ट्री र अन्य (२००४) को समाजशास्त्रीय मान्यतामा परिमाणात्मक चरअनुसार खस मातृभाषी विद्यार्थीको लिखित क्षमताको विश्लेषण गरिएको छ । परिमाणात्मक विधि अवलम्बन गरिएको हुनाले विद्यार्थीको क्षमता परीक्षणका लागि स्वतन्त्र चर र आश्रित चरका बिचमा लिङ्ग, वचन, पुरुष, आदर र काल तथा पत्ररचना र स्वतन्त्र लेखनका माध्यमबाट खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमता पहिचान र तुलना गरिएको छ ।

अनुसन्धान कार्यका लागि छनोट गरिएको विद्यार्थीहरूमा छात्रा ५५.५ प्रतिशत र छात्रको ४४.५ प्रतिशत सहभागिता रहेको छ ।  सहभागी विद्यार्थीहरूमा छात्रा विद्यार्थीको १५.९८ औसत मान रहेको छ भने छात्र विद्यार्थीको औसत क्षमता १६ रहेको छ । १५ वर्ष उमेरका विद्यार्थीको औसत क्षमता १६.३७  रहेको छ भने १६ वर्षभन्दा माथिका खस मातृभाषी विद्यार्थीको औसत मान १५.०५ रहेको हुनाले विद्यार्थीको उमेरअनुसार भिन्नता रहेको छ । त्यसैले उमेरअनुसार विद्यार्थीको लिखित क्षमता छात्रछात्रामा फरक रहेको छ ।

पारिवारिक वर्गअनुसार निम्न वर्गीय विद्यार्थी ४९.५ प्रतिशत, मध्यम वर्गीय विद्यार्थीहरू ५०.५ प्रतिशत रहेका छन् भने उच्च वर्गीय विद्यार्थी सङ्ख्या रहेको पाइँदैन । प्राक्कल्पनाबमोजिम निम्न आर्थिक अवस्था भएका विद्यार्थीहरूको लिखित औसत क्षमता १४.१२ रहेको छ भने मध्यम आर्थिक अवस्था भएका विद्यार्थीको लिखित औसत क्षमता १५.६८ रहेको छ । त्यसैले परिवारिक आर्थिक अवस्थाका आधारले विद्यार्थीको निम्न र

मध्यम पारिवारिक स्थितिमा लिखित क्षमता भिन्नता रहेको पाइन्छ । विद्यार्थीको पारिवारिक शिक्षाका कारण लिखित क्षमतामा भिन्नताको अनुमान गरिएको हुनाले साक्षर अभिभावकका बालबालिकाको लिखित क्षमता कमजोर रहेको र शिक्षित अभिभावकका बालबालिकाको लिखित क्षमता अब्बल रहेको छ ।

व्यापार व्यवसाय गर्ने अभिभावकको बालबालिकाको लिखित औसत क्षमता सन्तोषजनक रहेको छ । राजनीति, शिक्षण पेसामा आबद्ध हुने अभिभावकहरूका मध्यम खालको पाइएको छ भने कृषि पेसा गर्ने अभिभावकका बालबालिकाको लिखित क्षमता कमजोर रहेको । त्यस्तै, विद्यार्थीले विद्यालय पुग्न लाग्ने समयको मापनका आधारले बढी समय लगाउनेको लिखित क्षमता र दश मिनेटभन्दा कम समय लाग्ने विद्यार्थी लिखित क्षमता उस्ताउस्तै रहेको छ ।

घरदेखि विद्यालय दुरी नजिक टाढा हुने भएकाले अध्ययन गर्न छनोट गरिएका विद्यार्थीहरूको घरदेखि विद्यालय पुग्न एक मिनेटदेखि ६ किलोमिटरसम्मको दुरीमा रहेको छ । दुरी जति जति टाढा हुँदै जान्छ विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको औसत क्षमता पनि कमी हुँदै गएको छ । घरबाट विद्यालयको दुरी घट्दो गतिमा हुँदा विद्यार्थीको औसत क्षमता बढ्दो छ भने दुरी बढ्दो गतिमा हुँदा औसत क्षमता घट्दो रहेको छ ।

लिङ्गगत आधारमा उच्चतम प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७८.५ प्रतिशत रहेको छ । निबन्ध लेखन क्षमता मध्यम खालको रहेको छ । सङ्ख्यालाई औसतमा रूपान्तरण गर्दा उनीहरूको स्वतन्त्र लिखित औसत मान २.९३ रहेको देखिन्छ भने जटिल वाक्य संरचनाको आधारमा स्वतन्त्र लेखनको लिखित क्षमता १.५८ रहेको छ । निबन्ध लेखनभन्दा अनुच्छेद लेखनमा कमजोर रहेको पाइन्छ ।

लिखित अभिव्यक्तिको सार्थक भिन्नताका परीक्षण गर्दा जातलाई स्वतन्त्र चरका रूपमा राखिएको छ । विद्यार्थीको लिखित क्षमतामा भिन्नता रहेको छ । लिखित क्षमता लिङ्ग अनुसार टि-टेस्ट गरिएको छ । यसमा पुलिङ्ग र स्त्रीलिङ्गबिचको लिखित क्षमताको समानता र भिन्नता कस्तो छ ? परीक्षण गरिएको छ । भिन्नताहरूको समानताको लेभन परीक्षण गर्दा  वचन, पुरुष, आदर र कालको सार्थकता ५ प्रतिशत =.०५ भन्दा बढी भएकाले विद्यार्थीको लिङ्गको अनुसार प्राप्ताङ्कको विचलन उस्तै रहेको पाइन्छ ।

खस मातृभाषी विद्यार्थीको पारिवारिक आर्थिक अवस्थाको आधारमा लिखित क्षमताको परीक्षण गर्दा टि-टेस्ट समानताको लेभनमा P -मान सिङ्निफिकेसन पारिवारिक वर्गका आधारमा लिङ्ग .४५७ र काल .४६२ रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको पाइँदैन । पारिवारिक आर्थिक अवस्थाका आधारमा वाक्य रचना गर्दा वचन, पुरुष, आदर पी. -मान सङ्केत (२-पुच्छर) p= को मान ५ प्रतिशत कम भएकाले विद्यार्थीका वाक्य रचना गर्ने क्षमतामा भिन्नता रहेको देखिन्छ ।

विद्यार्थीको उमेरअनुसार समानता र भिन्नताको लेभन परीक्षण गर्दा लिङ्ग, वचन, पुरुष, आदर, काललाई उमेर स्वतन्त्र चरको सार्थकता तह ५ प्रतिशत (=.०५) भन्दा कम रहेको छ । त्यसैले पुरुष र आदरमा विद्यार्थीको मानक विचलन फरक रहेको छ । यहाँ उमेरअनुसार पुरुष र आदरको प्रयोग गरी वाक्य रचना गर्ने पन्ध्र वर्षभन्दा कम उमेर र सोर वर्षभन्दा बढी उमेर भएका विद्यार्थीमा सार्थक भिन्नता रहेको छ ।

लिखित अभिव्यक्तिको अर्को माध्यम पत्ररचना हो । पत्ररचना लिङ्गअनुसारको क्षमता परीक्षण गर्दै छात्रा र छात्र विद्यार्थीहरूको सामाजिक विषयवस्तुका आधारमा व्यक्तिगत चिठी लेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनको सार्थकता तह .०५ प्रतिशत (=.०५) भन्दा बढी भएकाले विद्यार्थीको पत्ररचनामा प्राप्ताङ्कको विचलनमा उस्तै रहेको छ । सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा सार्थकता तह .०५ प्रतिशतभन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छैन । सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन भिन्नता रहेको छ । त्यसैले सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनमा विद्यार्थीको मानक विचलन फरक रहेको पाइन्छ । यहाँ सांस्कृतिक विषयवस्तुमा चिठी लेखनलाई छात्रा र छात्र विद्यार्थीमा सार्थक भिन्नता रहेको छ ।

टि-टेस्ट समानताको लेभन लिङ्गको आधारमा स्वतन्त्र निबन्ध लेखनको सार्थकता तह ५ प्रतिशत भन्दा बढी भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छ । छात्रा र छात्र विद्यार्थीको स्वतन्त्र लेखन क्षमता एकै किसिमको रहेको छ । त्यसैले स्वतन्त्र लेखनमा विद्यार्थीको मानक विचलन फरक रहेको छ । जटिल वाक्य संरचनामा पी. -मान (=.०५) सार्थकता तहभन्दा बढी रहेको छ । पारिवारिक आर्थिक अवस्थाका आधारमा स्वतन्त्र निबन्ध लेखन .०४० रहेकाले जुन सार्थकता तह ५ प्रतिशतभन्दा कम भएकाले शून्य परिकल्पना

स्वीकार गरिएको छ । उमेरका आधारमा स्वतन्त्र निबन्ध लेखन सार्थकता तह ५ प्रतिशत भन्दा बढी भएकाले शून्य परिकल्पना  स्वीकार गरिएको छैन ।

आश्रित नमुना टि-टेस्टअनुसार लिङ्ग वचन पुरुष, आदर कालको सार्थकता तह .०५) भन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गरेको छ । त्यसैले खस मातृभाषी विद्यार्थीहरू लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसारको वाक्य निर्माण गर्दा लिङ्गत हिसाबले भिन्नता रहेको छ । जातका आधारमा विद्यार्थीको आश्रित टि-टेस्ट गर्दा मान लिङ्ग, वचन, पुरुष, आदर भएकाले सार्थकता तह .०५ भन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छ । खस मातृभाषी विद्यार्थीहरू लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसारको वाक्यनिर्माणमा सार्थक भिन्नता रहेको छ । पारिवारिक वर्गको नमुनालाई अवलोकन गर्दा लिङ्ग, वचनगत, पुरुषगत, आदरगत, कालगत सार्थकता कम भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छ । सामाजिक विषयवस्तुमा व्यक्तिगत चिठीलेखन र सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखनको सार्थकता तह (p) =.०५) भन्दा कम भएकाले शून्य परिकल्पना स्वीकार गरिएको छ ।

विद्यार्थीको लिखित क्षमतामा आएको भिन्नताका बारेमा नेपाली विषय शिक्षकको धारणाअनुसार छात्राहरू घरायसी काम गर्ने र छात्र विद्यार्थी घरायसी काम नगरी बस्ने भएकाले घरको कामको चिन्ता छात्राले गर्ने भएकाले कमजोर रहेका छन् । बिहान खाना खाए साँझ के खाने भन्ने चिन्ता रहेका परिवारका बालबालिकामा मानसिक रूपमा आफू कमजोर रहेको महसुस गर्छन् । त्यसैले मध्यम पारिवारिक आर्थिक अवस्था भएका भन्दा पारिवारिक आर्थिक अवस्था निम्न भएका विद्यार्थीको औसत क्षमता फरक हुनु स्वाभाविक ठानेका छन् । साक्षर अभिभावक भन्दा शिक्षित अभिभावकका बालबालिकामा निगरानी गर्ने भएकाले अब्बल छन् ।  कृषिक अभिभावकसँग घरधन्दा गर्दछन् भने कृषिबाहेक अन्य पेसा गर्ने अभिभावक आफ्ना बालबालिकालाई घरमा पढ्ने लेख्ने समय मिलाई दिएकाले भिन्नता रहेको छ । विद्यार्थीको लेख्न सक्ने क्षमता फक फरक हुने भएकले पत्ररचना, स्वतन्त्र लेखन, जटिल वाक्यगठनमा अन्तर रहेको छ । घरमा गर्ने कामले समेत विद्यार्थीको लेखन क्षमतामा भिन्नता ल्याउँछ ।

तसर्थ खस मातृभाषी विद्यार्थी नेपाली लिखित अभिव्यक्ति क्षमताको पहिचान गर्दा विद्यार्थीको जात, लिङ्ग उमेर, पारिवारिक आर्थिक अवस्था, घरबाट विद्यालय पुग्ने समय, घरदेखि विद्यालयको दुरी र अभिभावकको पेसा व्यवसायले पनि लिखित अभिव्यक्ति क्षमतामा भिन्नता ल्याएको छ । उनीहरूले लिङ्ग, वचन, पुरुष, आदर र कालअनुसारको वाक्यगठन गर्दा र पत्ररचना, स्वतन्त्र लेखन तथा जटिल वाक्य गठन गर्दासमेत सार्थक भिन्नता र औसत क्षमतामा भिन्नता रहेको छ । तसर्थ खस मातृभाषी विद्यार्थीका नेपाली लिखित अभिव्यक्ति क्षमतामा लिङ्ग, उमेर, अभिभावकको पेसा, शिक्षा, विद्यालयको दुरी, विद्यालय पुग्ने समयअनुसार भिन्नता रहेको छ ।

**उपादेयता**

प्रस्तुत शोधप्रबन्धमा खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमताको पहिचान गरी विश्लेषण तथा गणितीय मान्यतामा रही तुलनात्मक विश्लेषण गर्ने प्रयत्न गरिएको छ । लिखित क्षमताका सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई प्रस्ट्याइएको छ । कक्षा १० मा अध्ययन गर्ने खस मातृभाषी विद्यार्थीको नेपाली लिखित क्षमतालाई स्वतन्त्र चरहरू लिङ्ग, उमेर, दुरी, समय, अभिभावकको शिक्षा, पेसा विद्यार्थीको औसत क्षमता, प्रतिशत, मध्यमानअनुसार विश्लेषण गरिएको छ । आश्रित चरहरू लिखित पक्षसँग सम्बन्धित वाक्यगठन, पत्ररचना, निबन्ध लेखन, अनुच्छेद लेखनसँग गणितीय तुलना गरिएको छ ।

**विद्यार्थीको लिखित कार्यमा निगरानी**

यस शोधप्रबन्धले खस मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको विकासका लागि विद्यार्थीलाई पूर्व तयारी गर्न अभिप्रेरित गराएको छ । विद्यार्थीलाई कक्षाकोठामा विषयगत तथा पाठ्यक्रमले तोकेका कार्य गराउने र लिखित क्षमताको ख्याल नगर्ने शिक्षकका लागि अभ्यासमा केन्द्रित कार्य योजना निर्माण गरी लेखन क्षमता वृद्धि गर्ने योजना बनाउन प्रस्ट पारेको छ । विद्यार्थीको, उमेर, लिङ्ग, अभिभावकको शिक्षा, पेसा, विद्यालयको दुरी र विद्यालय पुग्ने समयलाई समेत शिक्षण सिकाइ र कार्यकलापमा जोड्न सकिन्छ । नेपाली मातृभाषी विद्यार्थीभन्दा अन्य मातृभाषी विद्यार्थीको लागि नेपाली लिखित क्षमता विकास गर्नका लागि योजना निर्माण गर्न यो शोधप्रबन्ध उपयोगी छ ।

## सुझाव

विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता मध्यम खालको छ । नेपाली भाषाको वाक्यगठनमा लिङ्ग, वचन, आदर, पुरुषको प्रयोग राम्रो भए पनि कालअनुसार वाक्यगठन, परिवर्तनमा समस्या रहेको छ । विद्यार्थीहरूको लेखन क्षमतालाई स्वतन्त्र चरका आधारमा टि-टेस्ट गर्दा लिङ्ग, उमेर, दुरी, समय, पारिवारिक आर्थिक अवस्था, अभिभावकको पेसा र शिक्षाले लेखनमा भिन्नता रहेको छ । स्वतन्त्र लेखन, चिठी लेखन, जटिल वाक्य संरचनाअनुसारको अनुच्छेद लेखन मध्यम खालको रहेकाले विद्यार्थीलाई थप अभ्यासको आवश्यकता रहेको छ ।

छात्रभन्दा छात्राको लेखन क्षमता कमजोर रहनु, १५ वर्ष उमेर समूहभन्दा, १६ वर्षमाथि, मध्यम पारिवारिक अवस्थाभन्दा निम्न पारिवारिक आर्थिक अवस्था, घरदेखि विद्यायल नजिक र टाढा समय लाग्ने विद्यार्थीको लेखन क्षमतामा भिन्नता रहेको छ । विद्यालय प्रशासन, विषयगत शिक्षक, शिक्षासँग सरोकार राख्ने निकायले निश्चित कार्यविधि बनाएर विद्यार्थीमा रहेको भिन्नतालाई न्युनीकरण गर्न उपयुक्त उपायको खोजी गर्नुपर्ने देखिन्छ । आश्रित चरअनुसारको विद्यार्थीको लेखन क्षमतामा लिङ्ग, वचन, पुरुष, आदर, काल, स्वतन्त्र लेखन, निबन्ध लेखन, पत्ररचना, जटिल वाक्यगठनमा भिन्नता रहेकाले भिन्नता हटाएर समानता ल्याउन आवश्यक रहेको छ ।

समग्रमा विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता वृद्धि गर्न विद्यार्थीलाई लेखन अभ्यास, लेख्ने तौरतरिका, सक्रिय सहभागिता, मनोवैज्ञानिक परामर्श, अभिभावकसँग समन्वय, विद्यालय प्रशासन र कक्षा शिक्षकको निगरानी, परियोजमूलक कार्य, लेखन सम्बन्धी प्रतियोगितामूलक कार्यक्रम, पुरस्कार, प्रोत्साहन गरी लिखित क्षमता विकास गर्न सुझाव दिइएको छ ।

# सन्दर्भ सामग्री

## नेपाली


अधिकारी, भगवती (२०८१), बहुभाषिकतामा सामाजिक प्रभाव, *प्राज्ञिक विमर्श* वर्ष ६ अङ्क ११ ।

अधिकारी, भारती (सन् २०२३), दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण, *एजुकेसनल जर्नल,* भोलुम २ । file:///C:/Users/DELL/ Downloads/ 18_Bharati_Adhikari_173-179.

अवस्थी, रमेशप्रसाद (सन् २०२४), कक्षाकोठाको र परीक्षाबिच अन्तर्सम्बन्ध, *एजुकेसन रिभ्यु जर्नल,* भोलुम, १, DOI: https://doi.org/10.3126/erj.v1i1.83125,

आचार्य, ओमप्रकाश (२०८१), सिँजाली खस भाषाको वर्णव्यवस्था, *शब्दसाधना* वर्ष ७, अङ्क १ । file:///C:/Users/DELL/Downloads/145-165

आचार्य, ओमप्रकाश (सन् २०२४), माध्यमिक तहका विद्यार्थीको शुभकामना पत्र लेखन क्षमता, *जर्नल अफ रिसर्च इन एजुकेसन,* भोलुम १, १६१-१७८ । DOI:10.3126/jore.v1i1.78742

आचार्य, ओमप्रकाश (सन्२०२५), माध्यमिक तहका विद्यार्थीको चिठी लेखन क्षमता, *द एकाडेमी अन इन्टरडिसिपेलनरी जर्नल,* भोलुम ५ (१), DOI: https://doi.org/ 10.3126/ta.v5i1.77384 पृ.२४८-२६१ ।

आचार्य, कुश्मिला (२०७९), *माध्यमिक तहमा लेखन कला अभिव्यक्तिका कार्यकलापको उपयोग,* शिक्षाशास्त्र सौरभ अङ्क २२, DOI: https://doi.org/10.3126/sss.v22i1.51575

आचार्य, देवीराम (सन्२०२४), सिकाइस्तर सुधारः विद्यालय शिक्षामा परीक्षासम्बन्धी अभ्यास र समस्या, *एजुकेसन रिभ्यु जर्नल,* भोलुम, १ । DOI: https://doi.org/10.3126/erj.v1i1.83126 पृ. ५७-६६

आचार्य, नगेन्द्रप्रसाद (२०७१), *कालिकोट जिल्लाको रास्कोट क्षेत्रमा गाइने मागल र झोडा गीतमा प्रयुक्त भाषाको अध्ययन,* (स्नातकोत्तर शोधप्रबन्ध) त्रि.वि.सुर्खेत क्याम्पस (शिक्षा) नेपाली भाषा विभाग ।

आचार्य, रमानन्द (२०८२), *खसिया आखर,* कर्णाली प्रदेश सरकार ।

आचार्य, लक्ष्मीप्रसाद *(२०८१), नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), ग्राजुयट स्कुल अफ एजुकेशन, शिक्षाशास्त्र सङ्काय ।

उपाध्याय, खगेन्द्रप्रसाद (२०७२), *अछामी भाषिका र नेपाली भाषाको व्यतिरेकी अध्ययन,* नेपाली शिक्षा, विद्यावारिधि उपाधिका लागि, प्रस्तुत शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय ।

खड्का, जीवन (२०७७), *परिमाणात्मक अनुसन्धान तथ्याङ्क विश्लेषण तथा SPSS को प्रयोग,* सिम्पोनी पब्लिकेसन प्रा.लि. ।

खड्का, मालती (सन् २०२४), माध्यमिक तहका विद्यार्थीहरूको चिठी लेखनमा मौलिकता, रचनात्मकता र भाषिक शुद्धता, *जर्नल अफ एजुकेसन रिसर्च शिक्षा सौरभ,* भोलुम २४, DOI: https://doi.org/10.3126/sss.v24i1.75387 पृ.१६९-१७८ ।

काफ्ले, भोजराज शर्मा (२०७०), कक्षा ८ का विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणका अनौपचारिक शिक्षासँग सम्बन्धित प्राप्ति र कार्यान्वयन, *साक्षरता विशेषाङ्क, शैक्षिक गुणस्तर परीक्षण,* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

काफ्ले, सुदर्शन (२०७१), *रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर तहको शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ,शिक्षाशास्त्र सङ्काय ।

खत्री, अञ्जु (२०७४), *विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका,* अप्रकाशित शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ।

खत्री, कृष्ण कुमार (सन् २०२०), रिसर्च पाराडाइम : ए पी.लोसोफी अफ एजुकेसनल रिसर्च, *इन्टरनेसनल जर्नल अफ इङ्लिस लिटेचर एण्ड सोसियल साइन्स,* भोलुम ५ अङ्क ५ ।

खत्री, दिपेन्द्रकुमार (सन् २०२३), रिसर्च पाराडाइम इन इङ्लिस एजुकेसन : अ बिरिफ ओभरभ्यु, रिसर्च म्यानेज्म्यान्ट सेल, *सुर्खेत मल्टिपल क्याम्पस,* भोलुम २ ।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

खनियाँ, बुद्धराज (२०७१), *दोस्रो भाषाका रूपमा गुरुङ मातृभाषा विद्यार्थीको नेपाली सिकाइ,* त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ।

घिमिरे, दिनेशप्रसाद (२०७९), *प्राज्ञिक लेखन : प्रक्रिया र प्रयोग,* इनटेलेक्चयुलल्ज बुक प्यालेस ।

घिमिरे, विष्णु (सन् २०२३), मगर मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा प्रयोग गर्ने सङ्गतिको विश्लेषण, *जर्नल अफएडभान्स इन एकाडेमिक रिसर्च,* भोलुम १२ नम्बर १ ।

घिमिरे, सुमन्त (सन् २०२३), नेपालको सन्दर्भमा वर्णव्यवस्थाको समाजशास्त्रीय विश्लेषण, त्रिभुवन विश्वविद्यालय जर्नल, त्रिभुवन विश्वविद्यालय, भोलुम ३८(१), पृ.२१२-२२१ । DOI: https://doi.org/10.3126/tju{.v38i01.56219

चौहान, ईश्वर (सन्२०२२), नेपाली व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन*, द एजुकेटर जर्नल,* वर्ष ११ अंक १, https://doi.org/ 10.3126 /tej.v11i1.54443.

ज्ञवाली, रामप्रसाद (२०६८) (दोस्रो सं), *उच्च माध्यमिक नेपाली व्याकारण,* भुँडीपुराण प्रकाशन ।

ढकाल, नीलकण्ठ (२०७८) नेपालमा अनौपचारिक शिक्षा : विगत, वर्तमान र भविष्य, *शैक्षिक स्मारिका* , शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

ढकाल, पुष्पराज (२०७४), *विद्यालय सुशासन : अवधारणा र अभ्यास, शिक्षा,* पाठ्यक्रम विकास केन्द्र ।

ढुङ्गाना, चन्द्रमणि (२०८१), *नेपालमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणलीमा उम्मेद्वारीको अवस्था : प्रतिनिधसभा सदस्य निर्वाचन २०७४ र २०७९ को अध्ययन,* त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभाग, शिक्षाशास्त्र सङ्काय, राजनीतिशास्त्र शिक्षा विभाग ।

तिवारी, प्रकाश (सन्२०२४), खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेको त्रुटि विश्लेषण, *ए.एम.सी जर्नल,* भोलुम ५, नम्बर १ । DOI: https://doi.org/10.3126/amcj.v5i1.75974.

तुम्याहाङ, अमर (२०८०), *नेपालमा मातृभाषा शिक्षाको अवस्था, भाषालोक (अनुसन्धानमूलक पत्रिका),* भाषा आयोग ।

त्रिपाठी, वासुदेव, र अन्य *(*२०७२), *नेपाली बृहत् शब्दकोश (सातौं संस्क.*(सम्पा.काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, दानबहादुर (सन् २०२४), खसको ऐतिहासिक पृष्ठाधारमा बगाले थापाको मस्टो परम्परा, *प्रज्ञा सारथी,* भोलुम २२, DOI: https://doi.org/10.3126/ps.v22i1.64843 पृ. ६६-७३

दास एन.के र अन्य (सन् २०१६), *लर्निङ एण्ड टिचङ;* इन्दिरा गान्धी नेस्नल योपन युनिभर्सिटी ।

निरौला, यज्ञेश्वर (२०७२), *नेपालका भाषिकाहरूको अध्ययन, विद्यावारिधि उपाधिका शोधप्रबन्ध,* त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ।

नेपाल सरकार (२०२८), *शिक्षा ऐन २०२८, शिक्षा,* विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०७२), *कार्यसम्पादन परीक्षण प्रतिवेदन -२०७२ (निकाय तथा विद्यालय),* नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

नेपाल सरकार (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास ।

नेपाल सरकार (२०७६) *राष्ट्रिय शिक्षानीति,* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०७७), *विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, शिक्षा,* विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०७७), *विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०७७) *सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण २०७५-२०७६ समष्टिगत प्रतिवेदन,* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

नेपाल सरकार (२०७७), *सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण २०७५/७६, नेपाल सरकार शिक्षा,* विज्ञान तथा प्रविधि मन्त्रलाय शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

नेपाल सरकार (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८, (कक्षा ९-१०),* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी ।

नेपाल सरकार (२०७९) *अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भको प्रभाव सामग्री,* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार *(२०८०) विद्यार्थीको सिकाइका लागि आन्तिरिक मूल्याङ्कन मापदण्ड २०८० (कक्षा ९-१२),* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार (२०८०) *अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका,* नेपाल सरकार ।

नेपाल सरकार (२०८०) *शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन (२०७९ साउनदेखि २०८० असार मसान्तसम्म),* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

नेपाल सरकार (२०८०), *सामुदायिक विद्यालय सुदृढीकरण अभिभावक विश्वास र सहभागिता-२०८० अध्ययन प्रतिवेदन, शिक्षा,* विज्ञान तथा प्रविधि मन्त्रालय योजना तथा अनुगमन महाशाखा जनशक्ति विकास योजना तथा समन्वय शाखा ।

नेपाल सरकार (२०८१) *शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन (२०८० साउनदेखि २०८१ असार मसान्तसम्म),* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

नेपाल सरकार (२०८१), *वार्षिक बुलेटिन,* शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

पोखरेल, बालकृष्ण (२०६३), *नेपाली व्याकरण शारदा (भाग -१),* न्यू गोविन्द प्रिन्टिङग प्रेस ।

पौडेल, नेत्रप्रसाद (२०६५), *सामान्य र प्रायोगिक भाषाविज्ञान (सातौँ सं.),* पैरवी प्रकाशन

पौडेल, लेखनाथ (२०८०), *नेपालका विद्यालयमा बालकेन्द्रित सिकाइ व्यवस्थापनको समीक्षा, शैक्षिक स्मारिका,* शैक्षिक गुणस्तर विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अङ्क २, file:///C:/Users/DELL/Downloads/ पृ. ८-२० ।

प्रेक्षित, जगत्प्रसाद (२०७८), प्राज्ञिक लेखनमा विज्ञ समीक्षाको महत्त्व, *हिस्टोरिकल जर्नल,* भोलुम १३, पृ.४८-५६)

बन्जारा, सरिता (सन् २०२४), नेपाली विषयमा सिकाइ उपलब्धि कम हुनुका कारणहरूको अध्ययन, *चैतन्य रिसर्च जर्नल,* भुलोम ३, DOI: https://doi.org/10.3126/ crj.v3i1. 76528 **,** पृ.८२ -८९

बन्धु, चूडामणि (२०७२). *अनुसन्धान तथा प्रतिवेदन लेखन (प्र.सं.).*, रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७८) *भाषाविज्ञानका सम्प्रदाय (पाँचौं सं),* एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बम, सुरेन्द्र (२०८०), *बैतेडेली भाषाको व्याकरणात्मक अध्ययन,* नेपाली शिक्षा, (विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ग्राजुएट स्कुल अफ एजुकेसन, शिक्षाशास्त्र सङ्काय ।

भट्ट, महेश (सन् २०२३), कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षण, *द एजुकेटर जर्नल,* वर्ष ११ अङ्क १ । https://doi.org/10.3126/tej. v11i1.54446

भण्डारी, द्वारिकाप्रसाद (सन्२०२५), *आन्तरिक मूल्याङ्कनले सिकाइ उपलब्धिमा पारेको प्रभाव,* बी.एम.सी रिसर्च जर्नल, भोलुम ४, नम्बर १ ।

भुसाल, केशव (सन्२०२३), नेपाली भाषा शिक्षणका समस्या र समाधानका उपाय, *स्पन्दन प्री. रिभाइड जर्नल,* वर्ष १३, भोलुम १३ । DOI:https://doi.org/ 10.3126/spandan.v13i1.75511, पृ.४२-४९ ।

राई, राजकुमार (२०८०), नेपालमा जनजातीयता, भाषा, धर्म र संस्कृतिप्रति राज्यको दृष्टिकोण हिजो र आज, *बौद्धिक अभियान,* वर्ष ८ अङ्क १, DOI: https:// doi.org/ 10.3126/bdkan.v8i01.57801, पृ.१३३-१४४ ।

रावत, रणबहादुर (सन् २०२५), खस मातृभाषामा शिक्षण र यसको अवस्था, *द मेघा जर्नल,* भोलुम ४(१), ९५-१०५ । DOI : https://doi.org/10.3126/tmj.v4i1.87446 .

रावत, रणबहादुर (सन् २०२६), आधारभूत तहका खस भाषी विद्यार्थीहरूको वाक्यगठनमा क्रियाको प्रयोग, *इनोभ्यटिभ रिसर्च जर्नल,* भुलोम ४(२), 2: DOI: https://doi .org/10 .3126/irj.v4i2.91133 .

रावत, रणबहादुर ( सन् २०२६), खस भाषी विद्यार्थीको वर्णविन्यास क्षमताको परीक्षण, *प्रज्ञा विमर्श,* भोलुम ८ (१५), ९५-१०४ । DOI:10.3126/pb.v8i15.93208

रेग्मी, भिमनारायण, *(२०८०), भाषालोक अनुसन्धानात्मक पत्रिका,* भाषा आयोग ।

लम्साल, जयप्रसाद (२०७१), *शिक्षक शिक्षा,* पृ. ८४-९० http://103.140.1.64/cehrd/elibrary/pages/download.php?direct=1&noaŒach=true&ref=36&ext=pdf&k=

लम्साल, रामचन्द्र र अन्य (२०६९), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* शुभकामना प्रकाशन ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७८), *प्राज्ञिक तथा सिर्जनात्मक लेखन र सम्पादन,* सनलाइट पब्लिकेसन ।

लामिछाने, मेदिनबहादुर *(२०८१), शैक्षिक स्मारिका, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,* शिक्षा तथा मानव स्रोत विकास केन्द्र, वर्ष ७, पूर्णाङ्क ११, http://103.140. 1.64/cehrd /elibrary /pages/view.php?ref=20&k, पृ.२३१-२४१

वली, यामबहादुर (२०७७), *कक्षा सातका विद्यार्थीको व्याकरणिक क्षमता* ( स्नातकोत्तर शोधप्रबन्ध), शिक्षाशास्त्र केन्द्रीय क्याम्पस शिक्षाशासत्र सङ्काय, मध्यपश्चिम विश्वविद्यालय ।

शर्मा, अमृता (२०७६), *कक्षा आठमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमता,* स्नातकोत्तर शोधप्रबन्ध), शिक्षाशास्त्र केन्द्रीय क्याम्पस शिक्षाशास्त्र सङ्काय, मध्यपश्चिम विश्वविद्यालय ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७) *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शाही, खड्कबहादुर (सन् २०२४), खस मातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइ, *इनोभ्याटिभ रिसर्च जर्नल,* भुलोम ३ । DOI: https://doi.org/10.3126/irj.v3i2.79491.

शाही, धर्मराज (२०७६), कक्षा आठमा अध्ययनरत विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता (स्नातकोत्तर शोधप्रबन्ध), शिक्षाशास्त्र केन्द्रीय क्याम्पस शिक्षाशासत्र सङ्काय, मध्यपश्चिम विश्वविद्यालय ।

शाही, मानिमान (२०७४), कक्षा नौमा अध्ययनरत विद्यार्थीको निवेदन लेखन क्षमता, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, मध्यपश्चिमान्चल विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस ।

शाही, हर्कबहादुर (सन् २०२५), अछामी भाषामा वचन, लिङ्ग र क्रियाविशेषणबिच सङ्गति व्यवस्था, सुर्खेत जर्नल, भोलुम ३(१), ११०-१२० । DOI:https://doi. org/10 . 3126/surkhetj. v3i1. 84742 .

शाही, हर्कबहादुर (सन् २०२५), अछामी भाषामा लिङ्ग व्यवस्था, त्रिभुवन विश्वविद्यालय जर्नल, भोलुम एक्सएक्सएक्स (२), २४५-२६० ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र वार्षिक बुलेटिन (२०८१) *पढाइ तथा गणितीय सिप परीक्षण गरी विद्यार्थीको सिकाइ उपलब्धिलाई विश्लेषण गरेको छ* यसका लागि क ३, ५, ८ र १०, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

साह, भोलाप्रसाद र शेर्पा दावा (सन्२०२१), सार्वजानिक विद्यालयका शिक्षकहरूप्रति विद्यालय व्यवस्थापन समिति र विद्यार्थीको व्यवहार अध्ययन, *सिद्धज्योति इन्टरडिसिप्लेनरी जर्नल,* भोलुम २ ।

सुबेदी, खिमराज (सन्२०१७), छायाँ शिक्षाको विश्वव्यापी परिदृश्य र नेपालको विदाद्यालयीय शिक्षामा यसका आयामहरू, *प्राज्ञ मञ्च,* ३० ।

सुबेदी, चन्द्रकुमार (सन्२०२४), नेपाली भाषामा आगन्तुक शब्दको प्रयोग, *चैतन्य रिसर्च जर्नल,* भोलुम, ३, file:///C:/Users/DELL/Downloads/70-81, पृ.७० -८०

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०६१), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, (सातौं सं), साझा प्रकाशन ।

## अङ्ग्रेजी


Awan, A. G., (2015). Impact of Educated Mother on Academic Achievement of her Children: *A Case Study of District Lodhran- Pakistan,* An International Peer-reviewed Journal, Vol.12

Bandura, A.(2001), Social Cognitive Theory of Mass Communication, *Theoretical Integratoin And Research synthesis Essy mediapsychology*, *3,* 265–299.

Bhome, Shraddha And Other (2013), *Research Methodology*, Himalaya Pubishing House.

Camicioi, G.D. L. (2014), *LeeŒers and leŒer writing in early morden culture : An Introduction*, journal of Early Modern studies, Firenze University press.

Carmen L., L. M., and P. S. (2006). *The Routledge companion to sociolinguistics*, Includes bibliographical references and index.

Clark, A. E. A.**,** C. D' and B. M. (2019), *Childhood Circumstances and Young Adulthood, Outcomes: The Role of Mothers' Financial Problems*, Centre pourl a recherche economiqueet ses applicatioms, British Cohort Study (BCS) and the National Child Development Study (NCDS):

Comte, A. (1865). *A General View of Positivism*, Cambridge University, www.cambridge.org.

Creswell, J.W. (2009). *Research design: Qualitative, quantitative, and mixed methods approaches*, University of nebraska- Lincoln. , Cambridge University, www.cambridge.org.

Denise, K. and Jonathan, K.(2015). *Learning theories 101: application to everyday teaching and scholarship Medical Education, College of Medicine, University of Central Florida, Orlando, Florida,* oi:10.1152/advan.00132.2015.

Florian, Kulmas (1998). *The Handbook of Sociolinguistics*, Blackwell References Online.

Frangky, S. (2017), *The teenegers' characteristics in gender wriŒin text by discourse analysis at batam,* Universitas Putera Batam, hŒp://journals.ums.ac.id/index.php/KLS • Volume 2, Nomor 1,

Fretwe, D.H. (2001). *A Framework for Defining and Assessing Occupational and Training Standards in Developing Countries Information Series No. 386*, European Union-European Training Foundation Human Development Network Education Department,Human Development Sector Unit.

Government of Nepal (2020), *Main report, National Assessment of Student Achievement in Mathematics*, Science, English and Nepali for Grade 10, Science, English and Nepali).https://www.ero.gov.np/

Gregory, R. G. (2018), *Language and Social Class*, https://www.cambridge.org /core Universiteit Leiden /LUMC, on

Haradhan, M. (AD.2020), *Quantitative Research: A Successful. Investigation in Natural and Social Sciences*, Journal of Economic Development, Environment and People, Volume 9, Issue 4.

Hardan, A. A. (AD. 2013). *Language Learning Strategies: A general overview,* Social and Behavioral Sciences 106, university of Andar.

Hellinger, M. (2001). *Gender Across Languages, The linguistic representation of women and men*, Hadumod Busmann, University of Munich

Holmes, J. (2013), *An Introduction to Sociolinguistics, Fourth edition*, Routledge Tayior and Francis Group.

Holmes, J.and Meyerhoff, M (2003), *The Handbook of Language and Gender*, Blackwell Publishing L.td, Library of Congress Cataloging-in-Publication Data

Istrofor, Emil and N.D. (2017). *Students' Financial Literacy and Parental Income,* International Journal of Innovative Business Strategies (IJIBS), Volume 3, Issue 2, University "Eqrem Cabej

Janet Holmes and Miriam Meyerhoff (2003), *The Handbook of Language and Gender,* Blackwell Publishing Ltd, Library of Congress Cataloging-in-Publication Data

Kacper Grass (2024), The Three Logics of Qualitative Research: Epistemology, Ontology, and Methodology in Political Science, *American Journal of Qualitative Research , Vol. 8 No. 1, pp. 42-56 https://doi.org/10.29333/ajqr/14083 ©AJQR.hŒp://www.ajqr.org.*

Kayani, A. I., M. M. Q., S. K. (2019*). AŒitude Of eduated and uneducated mothers towards the need towards the need of their special neads children,* Academic Research International Vol. 10(3). http://www.savap.org.pk/journals/ARInt./

Kim, Tae Kyun (2006). T test as a parametric statistic, *Korean Journal of Anesthesiology.*

Kothari, C.R. (AD.1990). *Methodology methods and Techniques (second Revised Edition),* New Age International publishers .

Lungo, G.D. and C.,O (2014) Letters and Literature on Early modern culture on introduction, Journal of early modern studies, University of florence, p. 17, 35. DOI: https://doi.org/10.13128/JEMS-2279-7149-14163

Mahmud, p.and E., A. (2022). *The Role of Family and Family Contracts, in the Learning Process of Children (ed.),* Wytman Journal of Education, Volume 6, issue 1, 1-9 *https://doi.org/ 10.52296/vje.2022.144.*

Masa D., and Mila Bunijevac (2017). Parental Involvement as a Important Factor for Successful Education, *c e p s Journal,* Vol.7, No3. www.pedocs.dep.137-153.

Maria (2020), Writing Experession, Dyslexia Training resources , p. 1-56, Multisensory teaching of basic language skills. 2011 (3rd ed.) Birsch, J. R. Paul H Brooks publishing company. Chapter 13: composition: evidence based instruction.

Mesthrie, R. or other (2004), *Introducing Sociolinguistics,* Edinburgh University Press, 22 George Square, Edinburgh.

Miriam, M. (2006), *Interacting Sociolinguistics*, Routledge Tyler and Francis Group.London.

Mishra, K. C. (2024), *Introduction to Academic Writing,* Rajiv Gandhi, University,

Muhajirah (2020), Basics of Learning Theory (Behaviorism, Cognitivism, Consectetivism and Huanism), *International Journal of Asian Education,* Vol. 1, No. 1 Alauddin State Islamic University.

Murray and Newton (2008). *Making Use of Freewriting as a Teaching Method,* Tracy Costoli Department of Language and Linguistics University of Access.

Oehlert, G.W. (2010). *A First Course in Design and Analysis of Experiments,* University of Minnesota

Ortoleva, G., Bétrancourt, M., & BilleŒ, S. (2016), Writing for Professional Development, (Studies in Writing, Vol. 32). DOI: 10.1163/9789004264830

Pandey, P. And Pandey, M. M. (2015) *Resarch methodology : Tools And Techniques*, Bridge Center.

Robert, Audi (2005), *Epistemology, A contemporary introduction to the theory of knowledge*, Taylor & Francis e-Library, New York, www.eBookstore.tandf.co.uk.

Ryuko, K. (2010). *Cross-cultural Perspectives on Writing: Contrastive Rhetoric,* Library of Congress Cataloging in Publication Data.

Salman ,S. S. (2019-2020). *T - Test, College Of Pharmacy.*

Saul, M. (2025), *Vygotsky's Theory of CognitiveDevelopment*, simplypsychology.org/vygotsky.html .

Saupi, S. I. (2018). *Power of Social Class and Its Impact to Language Use,* International Journal of Multicultural and Multireligious Understanding (IJMMU) Vol. 5, No. 6. Department of English Graduate, Mataram University,http:// dx.doi.org/ 10.18415 /ijmmu.v5i6.550.

Sawant, V. V. (2014), Capacity Building and New Education Policy (NEP), Journal of Emerging Technologies and Innovative Research (JETIR) www.jetir.org, Volume 11, Issue 12.

Sarah Spencer, (2012), Language, social class and education: listening to adolescents', *Human Communication Sciences, University of Sheffield, Sheffield, UKVol*. 27, No. 2, 129–143, http://dx.doi.org/10.1080/09500782.2012.760585.

Schmidt IR, K. (AD 2018), *University-Industry Collaborative Projects: Analysis and Proposal of Management Practices,* Revista de Gestão e Projetos - GeP, Vol. 9, N. 1.

Spencer, S. and other (2013). *Language, social class and education: listening to adolescents,* perceptions, *Language and Education*,

Sunderland, J. (AD. 2006), *Language and Gender An advanced resource book,* Rooutledge Taylor And Francis Grop .

*Susan M. Gass and Larry Selinker (*2008), Second Language Acquisition, *Routledge is an imprint of the Taylor & Francis Group,*

T. Banu, R. (2013), *Language learning theory : An Overview,* Shanlax International Journal of Education, Vol. 2, No. 1.

Troike, Muriel Saville (2012), Introducing Second Language Acquisition, Cambridge University Press, www.cambridge.org/9781107648234.

Viola, M. And D., N. (2018*).* *Influence of Parental Education on Career Development of Youths with Intellectual Disabilities in Selected Skills Training Institutions in Zambia.* International Journal of Humanities Social Sciences and Education (IJHSSE), Volume 5, Issue 12.

Virginia, K. and M. G. (2022), *Bandura's Social Learning Theory and Its Importance in the Organizational Psychology Context,* Psychology Research, Vol. 12, No. 6, . 129–143, hŒp://dx.doi.org/10. 1080/0950078 2.2012.760585.

Wardhaugh, R. (2006), *An Introduction to Sociolinguistics Fifth Edition,* Blackwell Publishing, visit our website: www.blackwellpublishing.com.

Weaver, M. (1946), *Class Study Part*, Free Press New York.

Xia, X. (2013). Gender Differences in Using Language, *Theory and Practice in Language Studies,* Vol. 3, No. 8, pp. 1485-1489,

Yin, Robert K. (2015), *Qualitative Research from Start to Finish,* The Guilford Press.

Zinsser, W. (2023*), Professlonal Wirting The command and general staff college writing Guide* , Communications Skills Working Group Chair*,* https://armyuniversity.edu/cgsc/cgsc.

## परिशिष्ट १

## प्रश्नावली

माध्यमिक तहका खस मातृभाषी विद्यार्थीको नेपाली लिखित अभिव्यक्ति क्षमता दशर्नाचार्य उपाधिका लागि तपसिलका प्रश्नको उत्तर दिएर सहयोग गरिदिन हुन विद्यार्थी भाइबहिनीलाई हार्दिक अनुरोध गर्दछु :

**दिइएका विवरण अनिर्वाय लेख्नुहोस् :**

विद्यालयको नामः मिति :

विद्यार्थीको नामः कक्षा :

लिङ्ग उमेर :

पारिवारिक वर्ग : बुबाको शैक्षिक योग्यता

आमाको शैक्षिक योग्यता : बुबाको पेसा :

आमाको पेसा धर्म :

विद्यालय आइपुग्ने समय : घरबाट विद्यालयको दुरी

घरको बनोट पढ्ने कोठा

क्रमाङ्क बुबाआमाको मृत्यु भएको भए उल्लेख गर्ने

**१ दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) लिङ्गका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** २

(अ) आमा चिया बगानमा काम गर्छिन् ।

(आ) फुपाजुले नयाँ मोटर किन्नुभयो ।

(इ) दिदीले सगरमाथा आरोहण गरिन् ।

(ई) भिनाजुले जुम्लाको स्याउ खाए ।

**(ख) दिइएको अनुच्छेद पढी एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा वाक्य परिवर्तन गर्नुहोस् :** २

मेरा भाइहरू विद्यालयमा पढ्छन् । भतिजो पनि भाइहरूसँग विद्यालय जान्छ । बहिनीले भाइलाई हेरचाह गर्छिन् । बहिनी आपसमा मिलेर पढ्छिन् ।

**(ग) दिइएको कोष्ठकका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(अ) म पोखरामा घुम्न जान्छु । ( तृतीय पुरुष)

(आ) तिमीहरू कक्षा १० मा पढ्छौ । (प्रथम पुरुष)

(इ) उनले गतवर्ष एम.बी.बी.एस पास गरे । (द्वितीय पुरुष)

(ई) तिनीहरू नयाँदिल्लीमा बस्ने गर्थे । (प्रथम पुरुष)

(उ) तँ कविता वाचन गर् । (मध्यम आदर)

(ऊ) तपाईँले उपन्यास लेख्नुभएको छ । ( निम्नादर)

(ऋ) तिमीले करेसाबारीमा काम गरेका छौ । (उच्च आदर)

(ए) तपाईँले पशुपतिनाथ मन्दिरको दर्शन गर्नुभएको छ । (अनादर)

**(घ) दिइएको अनुच्छेदलाई अपूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् :** २

तिमी बिहानै उठ्छौ । तिमी व्यायाम गर्छौ । तिमी बहिनीलाई गृहकार्य गराउँछौ । तिमीहरू रमाई-रमाई पढ्न जान्छौ ।

**२. दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) आफ्नो गाउँ ठाउँको सामाजिक मूल्य मान्यता, नातागत आदर तथा सत्कारको चर्चा गरी काठमाडौँमा बस्ने तपाईँको साथी अनोज तामाङलाई चिठी लेख्नुहोस् । ६

(ख) कर्णाली प्रदेशमा गरिने मष्टो पूजा संस्कृतिको चर्चा गर्दै मधेसमा बस्ने तपाईँको साथीलाई चिठी लेख्नुहोस् : ४

**३. दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) "म र मेरो गाउँ" शीर्षकमा २५० शब्द नघटाई निबन्ध लेख्नुहोस् । ६

(ख) सरल तथा संयुक्त वाक्यको प्रयोग गरी "मेरो भविष्य" शीर्षकमा २०० शब्द नघटाई जटिल वाक्य संरचनाअनुसारका अनुच्छेद लेख्नुहोस् । ४

# परिशिष्ट २

## प्रश्नावली परीक्षणको अङ्कन मापदण्ड

(क) वाक्य संरचनाअन्तर्गत लिङ्ग, वचन, आदर, पुरुष, कालका वाक्य परिवर्तन गर्दा सही उत्तरको ०.५ अङ्क प्रदान गरिएको छ ।

(ख) सामाजिक विषयवस्तुको प्रयोग गरी व्यक्तिगत चिठी लेखन गर्दा सही उत्तरमा निम्नानुसारको अङ्क प्रदान गरिएको छ :

- सम्बोधन १ अङ्क
- विषयवस्तुको प्रस्तुतिमा ३ अङ्क
- भाषिक शुद्धता १ अङ्क
- समापनमा १ अङ्क

(ग) सांस्कृतिक विषयवस्तुमा व्यक्तिगत चिठी लेखन गर्दा सही उत्तरमा निम्नानुसारको अङ्क प्रदान गरिएको छ :

- सम्बोधन १ अङ्क
- विषयवस्तुको प्रस्तुतिमा २ अङ्क
- भाषिक शुद्धतामा १ अङ्क

(घ) निबन्ध लेखन गर्दा सही उत्तरमा निम्नानुसारको अङ्क प्रदान गरिएको छ :

- विषयवस्तुको परिचय बापत १ अङ्क
- विषयवस्तुको प्रस्तुतिमा ३ अङ्क
- भाषिक शुद्धता १ अङ्क
- समापन १ अङ्क

(ङ) जटिल वाक्य संरचनाको अनुच्छेद लेखन गर्दा सही उत्तरमा निम्नानुसारको अङ्क प्रदान गरिएको छ :

- विषयवस्तुको परिचय बापत १ अङ्क
- विषयवस्तुको प्रस्तुतिमा संयोजकको प्रयोग गरेमा २ अङ्क
- भाषिक शुद्धता १ अङ्क

## परिशिष्ट ३

## संरचित अन्तर्वार्ता सूची

| क.स. | प्रश्नहरू | उत्तरदाता |
|---|---|---|
| १. | तपाइँ कति कक्षामा पढ्नुहुन्छ ? | विद्यार्थी |
| २. | विद्यालय पुग्न कति समय लाग्छ ? | विद्यार्थी |
| ३. | घरदेखि विद्यालयको दुरी कति छ ? | विद्यार्थी |
| ४. | तपाइँको घरको कमाइले परिवारलाई खाना लाउन कति महिनालाई पुग्छ ? | विद्यार्थी |
| ५ | तपाइँको पारिवारिक आर्थिक अवस्था निम्न, मध्यम वा उच्च के छ ? | विद्यार्थी |
| ६ | तपाइँको जात थर के हो ? | विद्यार्थी |
| ७ | तपाइँ दलित वा गैरदलितअन्तर्गत कुनमा पर्नुहुन्छ ? | विद्यार्थी |
| ८ | तपाइँलाई पत्ररचना गर्न आउँछ त ? | विद्यार्थी |
| ९ | तपाइँहरू ३० पूर्णाकको परीक्षा १.३० मिनेटसम्म लेख्न तयार हुनुहुन्छ ? | विद्यार्थी |
| १० | खस मातृभाषी विद्यार्थीमा छात्रभन्दा छात्राको औसत क्षमता थोरै रहेको हुँदा तपाइलाई के लाग्छ ? | शिक्षक |
| ११ | स्वतन्त्र चरहरू उमेर, लिङ्ग, अभिभावकको पेसा र शिक्षाअनुसार लेखन क्षमतामा भिन्नता रहनुमा तपाइको धारणा के छ ? | शिक्षक |
| १२ | व्याकरण कोटि लिङ्ग, वचन, आदर, पुरुषभन्दा कालका आधार विद्यार्थीको क्षमता थोरै हुनुको कारण के हो ? | शिक्षक |